राष्ट्रिय सूचना आयोग

National Information Commission

# वार्षिक प्रतिवेदन

## २०७८-२०७९

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

राष्ट्रिय सूचना आयोग
National Information Commission

# वार्षिक प्रतिवेदन
## २०७८/०७९

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

# राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७८/७९

| | |
|---|---|
| प्रकाशक | : राष्ट्रिय सूचना आयोग<br>काठमाडौँ, नेपाल । |
| फोन नं. | : ४४६४४१२/४४९६५४४ |
| फ्याक्स नं. | : ४४९६५४५ |
| इमेल | : info@nic.gov.np |
| वेबसाइट | : www.nic.gov.np |
| हेल्प लाइन | : ४४९६५४४ |
| अडियो नोटिस | : १६१८०७०७८२४२६ |
| प्रकाशन मिति | : २०७९ |
| प्रति | : |
| मुद्रक | : गंगा प्रिन्टर्स, ९८५१०१६३३७ |

# आयोगका वर्तमान पदाधिकारी



**प्रमुख सूचना आयुक्त**
श्री महेन्द्र मान गुरूङ्ग



**सूचना आयुक्त**
श्री कमला ओली थापा



**सूचना आयुक्त**
श्री रत्नप्रसाद मैनाली



**सचिव**
श्री दिवस आचार्य

# विषय : चौधौं वार्षिक प्रतिवेदन

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । संविधानमा व्यवस्था गरिएको नागरिकको मौलिक हकको कार्यान्वयनका लागि जारी गरिएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनेर सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारलाई कानूनद्वारा नै प्रत्याभूत गरिएको छ ।

सोही ऐनको दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था छ । कानुन अनुरूप गठित राष्ट्रिय सूचना आयोगले ऐनको दफा २० उपदफा १ बमोजिम सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकार कार्यान्वयन एवम् सूचनाको हकको सम्बर्द्धन र प्रबर्द्धनका क्रममा आर्थिक वर्ष २०७८/०७९ मा सम्पन्न गरेका मुख्य-मुख्य कार्यहरु समावेश गरी यो बार्षिक प्रतिवेदन तयार गरेको छ ।

आर्थिक वर्ष २०७८/०७९ मा राष्ट्रिय सूचना आयोगद्वारा सम्पादित कामकारवाही समेटिएको प्रस्तुत वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसदमा छलफलका लागि प्रस्तुत गर्ने तथा सर्वसाधारणको जानकारीका लागि सार्वजनिकरूपमा प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था अनुरूप कानूनले सुम्पिएको जिम्मेवारीलाई मन, वचन र कर्मद्वारा इमान्दारीपूर्वक क्रियाशील रही पूरा गर्ने क्रममा भए/गरेका कार्यहरु प्रतिवेदनमा समेटिएको छ ।

प्रतिवेदनलाई सात वटा परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा आयोगको परिचय र दोस्रो परिच्छेदमा सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था समावेश गरिएको छ । तेस्रो परिच्छेदमा आयोगमा परेका पुनरावेदन तथा तिनको फछ्र्यौटको विवरण समावेश गरिएको छ भने चौथो परिच्छेदमा आयोगबाट यस आर्थिक वर्षमा भएका महत्वपूर्ण आदेश तथा सजाय समावेश गरिएको छ । पाँचौ परिच्छेदमा आयोगबाट सञ्चालित वित्तीय तथा भौतिक प्रगतिको विवरण समावेश गरिएको छ भने छैठौँ परिच्छेदमा आयोगबाट सम्पन्न भएका प्रमुख कार्यहरु समेटिएको छ । सातौँ परिच्छेदमा आयोगको बैठकबाट भएका निर्णयहरूको विवरण र आठौँ परिच्छेदमा आयोगका सुझावहरूको विवरण समावेश गरिएको छ । बाह्र अनुसूची र दुई परिशिष्ट समावेश गरी तयार पारिएको यो वार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि आयोगको वेबसाइट www.nic.gov.np मा पनि राखिएको छ ।

संविधानमा व्यवस्था गरिएको मौलिक हकको सदुपयोग गर्ने नागरिक, सूचनाको हकको प्रचलन र प्रबर्द्धनमा विभिन्न प्रकारले योगदान पुऱ्याउने अभियन्ता तथा प्रतिवेदन तयार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने आयोगमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूप्रति आयोग आभार व्यक्त गर्दछ ।

| | | |
|---|---|---|
| **(रत्नप्रसाद मैनाली)** | **(कमला ओली थापा)** | **(महेन्द्र मान गुरुङ्ग)** |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

# सङ्क्षेपीकरण

| | | |
|---|---|---|
| उ.म.न.पा. | : | उपमहानगरपालिका |
| उ.मा.वि. | : | उच्च माद्यमिक विद्यालय |
| का.म.न.पा. | : | काठमाडौँ महानगरपालिका |
| को.ले.नि.का. | : | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| गा.पा. | : | गाउँपालिका |
| जि.प्र.का. | : | जिल्ला प्रशासन कार्यालय |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.बैंक | : | नेपाल राष्ट्र वैंक |
| ब.उ.शी.नं. | : | बजेट उपशीर्षक नम्बर |
| म.ले.प. | : | महालेखा परीक्षक |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रा.प.अनं. | : | राजपत्र अनङ्कित |
| रा.प.अनं.प्र. | : | राजपत्र अनङ्कित प्रथम |
| रा.प.तृ. | : | राजपत्राङ्कित तृतीय |
| रा.प.द्वि. | : | राजपत्राङ्कित द्वितीय |
| सा.प्र. | : | सामान्य प्रशासन |

# विषय सूची


**परिच्छेद- १**

राष्ट्रिय सूचना आयोगको परिचय १
१.१ संवैधानिक व्यवस्था १
१.२ कानूनी व्यवस्था २
१.३ राष्ट्रिय सूचना आयोगको गठन २
१.४ राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार ३
१.५ राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार ३
१.६ अधिकार प्रत्यायोजन ३
१.७ आयोगको कार्यालय र कर्मचारीसम्बन्धी व्यवस्था ४
१.८ आयोगको वार्षिक प्रतिवेदन ४

**परिच्छेद- २**

सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था ५
२.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्था ५
२.२ सूचना माग गर्ने प्रक्रिया र पुनरावेदन ६
२.३ आयोगबाट गरिने निर्णय प्रक्रिया ८
२.४ सूचनाको संरक्षण ८

**परिच्छेद- ३**

पुनरावेदन र फछ्र्यौटको अवस्था ९
३.१ निवेदन, उजुरी तथा पुनरावेदनको विवरण ९
३.२ क्षेत्रगत पुनरावेदनको विवरण १०
३.३ प्रदेशगत पुनरावेदनको अवस्था ११

**परिच्छेद- ४**

आयोगबाट भएका आदेश तथा सजाय १२
४.१ आयोगबाट भएका केही महत्वपूर्ण आदेश १२
४.२ सूचना नदिए बापत सजाय १६

**परिच्छेद- ५**

वित्तीय तथा भौतिक प्रगति १८
५.१ विनियोजित बजेट र खर्चको विवरण १८
५.२ विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण १९

५.३ प्रशासनिक र कार्यक्रम खर्च ३०
५.४ आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण ३१

**परिच्छेद- ६**

आयोगबाट सम्पन्न भएका प्रबर्द्धनात्मक कार्य ३२
६.१ पृष्ठभूमि ३२
६.२ अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम ३३
६.३ सूचनाको हकसम्बन्धी दिवस ३८
६.४ पुरस्कार तथा सम्मान ४०
६.५ प्रकाशन तथा प्रचारप्रसार ४०
६.६ सूचनाको हकको कार्यान्वयन परीक्षण ४१
६.७ सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदा ४२
६.८ सूचनाको हकको कार्यान्वयनबारेको अनुसन्धान/अध्ययन प्रतिवेदन ४३

**परिच्छेद- ७**

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगका सुझाव ४४

**अनुसूची-१**

राष्ट्रिय सूचना आयोगको संगठन संरचना ४६

**अनुसूची-२**

नागरिक बडापत्र ४८

**अनुसूची-३**

आयोगमा आर्थिक वर्ष २०७८।७९ मा कार्यरत पदाधिकारी र कर्मचारीहरूको विवरण ४९

**अनुसूची- ४**

आर्थिक वर्ष २०७८/७९ आयोगको बैठकबाट भएका निर्णय ५१

**अनुसूची- ५**

आर्थिक वर्ष २०७८/७९ मा पुनरावेदनउपर भएका कारबाहीको विवरण ६५

**अनुसूची- ६**

राष्ट्रिय सूचना आयोगबाट भएका महत्वपूर्ण आदेश ६६

**अनुसूची- ७**

राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको विवरण १०३

**अनुसूची- ८**

आर्थिक वर्ष २०७८/७९ मा जिल्लास्थित कार्यालय प्रमुखहरूसँग सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको तालिका अन्य कार्यक्रम १०४

**अनुसूची- ९**

१५ औं राष्ट्रिय सूचना दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाबाट व्यक्त शुभकामना सन्देश १०५

**अनुसूची- १०**

१५ औं राष्ट्रिय सूचना दिवस र आयोगको प्रतिबद्धता १०६

**अनुसूची- ११**

सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाको राष्ट्रिय सूचना आयोगको १५ औं स्थापना दिवसको अवसरमा शुभकामना सन्देश १०७

**अनुसूची- १२**

राष्ट्रिय सूचना आयोगको १५ औं स्थापना दिवसका अवसरमा प्रतिवद्धता १०८

**अनुसूची- १३**

विगतका वार्षिक प्रतिवेदनमा दिइएका सुझाव १०९

**परिशिष्ट १**

आर्थिक वर्ष ०७८/७९ मा आयोगमा परेको पुनरावेदनउपर भएको कारवाहीको संक्षिप्त विवरण १४७

# कार्यकारी सारांश

राष्ट्रिय सूचना आयोगले आर्थिक वर्ष २०७८/७९ मा आयोगमा दर्ता भएका १०८३ पुनरावेदनहरूमध्ये १०७७ पुनरावेदन अर्थात् ९९.४ प्रतिशत पुनरावेदन फछ्र्यौट गरेको छ । आयोगमा परेका १०८३ वटा उजुरी तथा पुनरावेदनलाई दश वर्गमा वर्गीकरण गरी विश्लेषण गर्दा स्थानीय तहहरूसँग सम्बन्धित उजुरीहरु ७८.५ प्रतिशत रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित १०.३ प्रतिशत, कानून तथा न्याय प्रशासनसँग १.०१ प्रतिशत, सूचना तथा सञ्चारसँग ०.२ प्रतिशत, शिक्षा, स्वास्थ्य तथा खेलकूदसँग सम्बन्धित ३.८७ प्रतिशत, खानेपानी, विद्युत, निर्माण तथा यातायातसँग सम्बन्धित ०.६४ प्रतिशत, संस्थान तथा प्राधिकरणसँग सम्बन्धित १.६६ प्रतिशत, जग्गा, मालपोत, भूमि, वन तथा कृषिसँग सम्बन्धित ०.८३ प्रतिशत, प्रशासनसँग सम्बन्धित ०.४६ प्रतिशत, अन्य (गैरसरकारी संस्था तथा अन्य संस्था) सँग सम्बन्धित उजुरीहरु २.३० प्रतिशत रहेको छ ।

आर्थिक वर्षको अवधिमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकायका नाममा ८ वटा आदेश भएका छन् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ बमोजिम सार्वजनिक खरिदलाई पारदर्शी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तह, सार्वजनिक खरिद अनुगमन कार्यालय, कालिमाटी र बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपतिका नाममा आयोगबाट आदेश भएको थियो । त्यस्तै तराई, मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलले गरेको आन्दोलनको क्रममा भएको घटनाको छानवीन गर्न गठित लाल आयोगको प्रतिवेदन, ३३ किलो सुनसम्बन्धी छानवीन समितिको प्रतिवेदन लगायतका विषयहरूसँग सम्बन्धित सूचना सूचना मागकर्तालाई उपलब्ध गराउन आयोगले आदेश गरेको थियो । त्यसैगरी सूचना मागकर्तालाई सूचना दिन इन्कार गर्ने ४ वटा सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम आयोगबाट कारबाही भएको थियो ।

सूचना माग गर्नु र प्राप्त गर्नु नागरिकको संविधान प्रदत्त नैसर्गिक अधिकार हो । त्यस्तो हकको प्रचलनका साथै प्रबर्द्धन गर्ने कानूनी दायित्व आयोगको रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय सूचना आयोगबाट काठमाडौं लगायत विभिन्न जिल्ला स्थित कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि तथा सञ्चारकर्मीको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । यसका साथै गण्डकी र लुम्बिनी प्रदेशमा खुला शासन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । आयोगबाट संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका विभिन्न सरकारी तथा गैरसरकारी सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयनको अवस्था तथा समस्याको बारेमा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत भएको छ ।

लोकतन्त्रको संस्थागत विकासका निम्ति राज्यका कामकारबाही र सार्वजनिक सरोकारको सूचनामा नागरिकको सहज पहुँच हुनु पर्दछ । नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्छ । सही सूचनाको प्रवाहद्वारा नै शासन व्यवस्थाप्रति नागरिकको सहभागिता बढ्न गई शासन व्यवस्थाले वैधता प्राप्त गर्दछ । संविधान र कानूनले सूचना प्रवाह गर्न बाध्य गरिने छैन भनेको बाहेक नागरिकले माग गरेका व्यक्तिगत तथा सार्वजनिक सरोकारका विषय तथा सार्वजनिक निकायले स्वतः सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक गर्न आयोगबाट आदेश भइरहेका छन् । सार्वजनिक निकायका प्रमुखलाई संविधान र कानूनको परिधिभित्र रहन तथा नागरिक अधिकारको सम्मान गर्न आयोगले पटक-पटक सचेत गराइरहेको अवस्था छ ।

यही आर्थिक वर्षमा आयोगले गरेको अन्तर्क्रियात्मक अभिमुखीकरण कार्यक्रमबाट १८४ जना महिला र ११०७ जना पुरुष गरी जम्मा १२९१ जना नागरिकले सूचनाको हकसम्बन्धी कानूनी तथा व्यवहारिक ज्ञान हासिल गरेका छन् । जसमा विभिन्न निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि, सूचनाको हकका अभियन्ता र सञ्चारकर्मीसमेत संलग्न छन् ।

सूचना र समाचार सम्प्रेषण गर्दा सञ्चारमाध्यमको भूमिका स्वतन्त्र र निष्पक्ष हुनु पर्दछ । नागरिक चेतना बृद्धि गर्नका लागि राष्ट्रिय सूचना आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखापत्र संस्थानसँगको सहकार्यमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएका छन् । आयोगसँगको सहकार्यमा नेपाल टेलिभिजनमार्फत प्रशारण हुने "सूचनाको हक मौलिक हक" तथा गोरखापत्रमा विभिन्न समयमा प्रकाशित नागरिक चेतनामूलक सामग्री सूचनाको हकको प्रचलन र प्रबर्द्धनमा प्रभावकारी भएको आयोगले अनुभव गरेको छ । आयोगले आफ्ना क्रियाकलापहरूलाई सर्वसाधारण नागरिक तथा सार्वजनिक निकायमा पुऱ्याउने उद्देश्यबाट "सूचना मेरो अधिकार" नामक बुलेटिन त्रैमासिकरूपमा नेपाली र अंग्रेजी भाषामा प्रकाशन गर्नुका साथै सूचनाको हकका विज्ञहरूको लेख रचना समेटिएको आ. टी. आई. जर्नल पनि प्रत्येक वर्ष नियमित प्रकाशन गर्दै आएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा भएको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नियमावलीको आवश्यकता महशुस गरी आयोगले सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदा तयार गर्ने कार्य गरेको छ । यसका साथै सूचनाको हकको कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगबाट भएका आदेशको कार्यान्वयनको अवस्था कस्तो छ भन्ने विषयमा पनि यो वर्ष 'नमूना' अनुसन्धान कार्य आयोगबाट सम्पन्न भएको छ । बजेटको सीमितताले एउटा मात्र जिल्लामा केन्द्रित भएर गरिएको सो अनुसन्धानले आयोगको आदेशको कार्यान्वयनको अवस्थाबारे एउटा यथार्थ चित्रण गरेको छ । यसले अध्ययन/अनुसन्धानलाई देशव्यापी रूपमा गर्न सके सुशासन र पारदर्शिता कायम गर्न सूचनाको हकको महत्वलाई अझ व्यापकता दिन सकिने देखिन्छ ।

नियमित कार्यक्रमकै निरन्तरतामा यो वर्ष आयोगले संसदको विकास तथा प्रविधि समितिका सदस्यहरु तथा उच्च अदालत पाटनका न्यायाधीशहरूसँग अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न गरेको छ । कोभिड-१९ का कारण विगतका वर्षमा गर्न नसकिएका ती कार्यक्रमबाट सूचनाको हकका क्षेत्रमा नीतिगत, कानूनी र व्यवहारिक कार्यान्वयनका विषयमा आयोगलाई राम्रो पृष्ठपोषण भएको छ ।

अन्त्यमा आयोगले देशको संघीय संरचना अनुरूप आगामी दिनमा आफ्ना कार्यक्रम र कामकारबाहीलाई यथाशक्य प्रदेश तथा स्थानीय तहमा लक्षित गर्नु पर्ने महशुस गरेको छ । सूचनाको हकसम्बन्धी नियम, कानून पनि समय सापेक्ष संशोधन र परिमार्जन गर्नुपर्ने महशुस भएको छ । आयोगको कार्यक्षेत्र विस्तार गर्न वित्तीय स्रोत साधन पर्याप्त विनियोजन गर्नुको साथै बजेट व्यवस्थामा स्वायत्तताको अभाव खट्किएको छ । आयोगको आफ्नै वेबसाइट www.nic.gov.np मार्फत आफ्ना सबै क्रियाकलाप प्रवाह हुने गरेको छ ।

## परिच्छेद- १

# राष्ट्रिय सूचना आयोगको परिचय

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अपनाएको मुलुक हो । नेपालको संविधानको प्रस्तावनामा समृद्ध राष्ट्र निर्माण गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान जारी भएको उल्लेख गरिएको छ । संविधानबमोजिम नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ ।

संविधानको धारा २७ मा सूचनाको हकअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । नागरिकलाई सूचनाको हकको प्रत्याभूत गरिएकोले संविधानको यस धाराको कार्यान्वयनका लागि तत्कालीन व्यवस्थापिका- संसद्बाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित भई २०६४ श्रावण ५ गते प्रमाणीकरण भएको हो । यो ऐन २०६४ भदौ ३ गतेदेखि लागू भएको हो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भएको दिनलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाइन्छ । नेपालको संविधान, २०७२ को धारा २७ मा नागरिकको सूचनाको हकको व्यवस्था गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यबस्था गरेको छ । यस अनुसार आयोगले प्रत्येक आर्थिक वर्षमा आफूले सम्पादन गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय-संसद्मा प्रस्तुत गर्नुपर्ने कानूनी व्यवस्था ऐनको दफा २५ मा रहेको छ । यसबमोजिम आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका सम्बन्धमा भए गरेका कामहरूको कार्य सम्पादन एवम् गतिविधिका सम्बन्धमा प्रस्तुत चौधौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

### १.१ संवैधानिक व्यवस्था

नेपालमा सूचनाको हकलाई सर्वप्रथम ऐतिहासिक जनआन्दोलनपश्चात् जारी भएको तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रत्याभूत गरिएको थियो । सो संविधानको भाग- ३, मौलिक हकअन्तर्गत धारा १६ मा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था र सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर यस धारामा लेखिएको कुनै कुराले कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको थियो । तत्पश्चात् जारी भएका दुवै वटा संविधानमा सूचनाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग-३, मौलिक हकअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने व्यवस्था र सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको थियो ।

वर्तमान नेपालको संविधानको भाग- ३ मौलिक हकअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख गरिएको छ । सोही धाराको प्रतिबन्धात्मक व्यवस्थामा तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने उल्लेख गरिएको छ ।

यसैगरी धारा २८ मा गोपनियताको हकसम्बन्धमा व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भनी उल्लेख गरिएको छ ।

## १.२ कानूनी व्यवस्था

वर्तमान नेपालको संविधानको धारा २७ मा व्यवस्था गरिएको सूचनाको हकअन्तर्गत नागरिकको आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई कानूनद्वारा व्यवस्थित गर्नुका साथै राज्यका काम कारवाहीलाई लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज तुल्याउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले तत्कालीन व्यवस्थापिका-संसद्ले सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गरी २०६४ साल श्रावण ५ गते प्रमाणीकरण गरेको हो । सो ऐन प्रमाणीकरण भएको ३० औँ दिनमा प्रारम्भ हुने व्यवस्थाबमोजिम २०६४ भाद्र ३ गतेदेखि कार्यान्वयनमा आएको हो । सोही ऐनको दफा ३ ले प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था सुनिश्चित गरेको छ । यसरी संवैधानिक र कानूनीरूपमा राज्यको काम, कारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरूप खुला, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नू/गराउनू सार्वजनिक निकायहरूको दायित्व हो भनी व्याख्या गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागू गरेको छ । यस नियमावलीमा २०६८ चैत्र १३ गते पहिलो संशोधन, २०७० साल श्रावण २८ गते दोस्रो संशोधन र २०७७ साल मंसिर १९ मा तेस्रो संशोधन गरिएको छ ।

## १.३ राष्ट्रिय सूचना आयोगको गठन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि कम्तिमा एकजना महिलासमेत समावेश हुने गरी एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त भएको तीन सदस्यीय स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था छ । व्यवस्थापिका-संसद्का सभामुखको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष सदस्य रहेको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र आयुक्तहरूको नियुक्ति गर्छ ।

सोही व्यवस्था अनुसार २०६५ साल वैशाख २२ गते पहिलो पटक गठित राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा श्री विनय कुमार कसजु र सूचना आयुक्तहरूमा क्रमशः श्री श्रीआचार्य र श्री सविता भण्डारी बराल नियुक्त हुनुभयो । प्रमुख सूचना आयुक्त विनयकुमार कसजुको कार्यकाल उमेर हदको कारण २०६९ श्रावण ३ गते समाप्त भयो । त्यसपछि सूचना आयुक्त श्री श्रीआचार्यले कार्यवाहक प्रमुख सूचना आयुक्तको कार्यभार सम्हाल्नुभयो । २०७० जेठ २४ गते कार्यवाहक प्रमुख सूचना आयुक्त श्री श्रीआचार्य र सूचना आयुक्त श्री सविता भण्डारी बरालको कार्यकाल पदावधिका कारण समाप्त भयो । तत्पश्चात् करिब १७ महिना आयोग पदाधिकारीविहीन हुँदा कार्यालयका तर्फबाट रिक्त पदाधिकारीहरूको भूमिका निर्वाह गरियो ।

दोस्रो कार्यकालको रूपमा २०७१ पुस २४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार प्रमुख सूचना आयुक्तमा श्री कृष्णहरि बाँस्कोटा र सूचना आयुक्तहरूमा श्री किरणकुमार पोखरेल र श्री यशोदादेवी तिम्सिना नियुक्त भएर २०७१ पौष ३० गते पद बहाली गर्नु भयो । आयोगको दोस्रो कार्यकालका पदाधिकारीको पदावधि २०७६ पुष २३ गते समाप्त भई अवकाश हुनु भयो ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ मंसिर २३ गतेको निर्णयानुसार मिति २०७६ पुष २४ गतेबाट प्रमुख सूचना आयुक्तमा श्री महेन्द्र मान गुरूङ्ग र सूचना आयुक्तद्वयमा श्री कमला ओली थापा र श्री रत्नप्रसाद मैनालीले पद बहाली गर्नु भयो । आयोगका पदाधिकारीको कार्यकाल ५ वर्षको हुने कानूनी व्यवस्था छ । राष्ट्रिय सूचना आयोगको संगठन तालिका अनुसूची-१ मा राखिएको छ ।

## १.४ राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद ३ को दफा १९ मा राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकिएको छः

१.४.१ सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको

अध्ययन तथा अवलोकन गर्ने ।

१.४.२ त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

१.४.३ नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

१.४.४ समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

१.४.५ यस ऐनबमोजिमको दायित्व पालना गर्न/गराउन सम्वन्धित पक्षलाई आदेश दिने ।

१.४.६ नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्वन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

१.४.७ सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने उपयुक्त आदेश दिने ।

## १.५ राष्ट्रिय सूचना आयोगको थप काम, कर्तव्य र अधिकार

१.५.१ नेपाली नागरिकले सार्वजनिक निकायसँग सूचना माग गर्दा मागेको सूचना नपाएमा वा पाएको सूचनाउपर चित्त नबुझेमा निजले आयोगसमक्ष पुनरावेदन दिन सक्छन् । आयोगले सो पुनरावेदनमाथि कारवाही गरी सूचना दिनु भन्ने आदेश जारी गर्न सक्छ ।

१.५.२ सरकारी निकायमा रहेका सूचनाको वर्गीकरण गर्न बनेको समितिले वर्गीकरण गरेको सूचनाउपर चित्त नबुझी त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी पुनरावलोकनको लागि निवेदन पर्न सक्छ । यस्ता निवेदनउपर आयोगले छानबिन गरी त्यस्तो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिन सक्छ ।

१.५.३ सूचना नदिने, दिन इन्कार गर्ने, आंशिक रूपमा सूचना दिने वा गलत सूचना दिने वा समयमा सूचना नदिने सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई जरिवाना गर्न र विभागीय कारवाहीका लागि आयोगले सम्बन्धित पदाधिकारीसमक्ष लेखी पठाउन सक्छ ।

१.५.४ सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा दिएको वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानिनोक्सानी पर्न गएमा आयोगले सम्बन्धित निकाय वा पदाधिकारीबाट क्षतिपूर्ति भराई दिन सक्छ ।

१.५.५ सूचना प्रवाह गर्ने क्रममा कुनै निकाय वा पदाधिकारीले बढी दस्तुर लिने अवस्था सिर्जना भएमा नागरिकले आयोगमा उजुरी गर्न सक्ने र आयोगले दस्तुर पुनरावलोकनको आदेश दिन सक्छ ।

१.५.६ आयोगले सूचनादाताको संरक्षण गर्छ र निजलाई कुनै क्षति पुऱ्याइएको भए क्षतिपूर्तिसमेत दिलाउँछ ।

१.५.७ कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचनालाई दुरूपयोग गरेमा आयोगले जरिवाना गर्न सक्छ ।

१.५.८ आयोगले आफूले वर्षभरि गरेको कामकारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् संघीय संसद्मा प्रस्तुत गर्छ । यसका साथै सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमासमेत प्रकाशन गर्छ ।

राष्ट्रिय सूचना आयोगको नागरिक बडापत्र अनुसूची-२ मा राखिएको छ ।

## १.६ अधिकार प्रत्यायोजन

राष्ट्रिय सूचना आयोगले आफूलाई प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्ने अधिकारबाहेक अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त, सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने कुरा ऐनको दफा २० मा उल्लेखित छ । यस अनुसार आयोगले २०७७ मंसिर ११ को बैठकबाट ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई निम्नानुसार ३ बुँदे अधिकार प्रत्यायोजन गरेको छः

क) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली,

२०६५ को नियम ३ बमोजिम प्रत्येक तीन/तीन महिनामा स्वतः प्रकाशन ९एचय(ब्अतष्खभ म्ष्कअयिकगचभ० नियमित प्रकाशन गर्न तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरूलाई (सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क)) सरकारी कार्यालय, स्थानीय तह र सार्वजनिक निकायहरूलाई आदेश दिने ।

ख) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४ क बमोजिम तहाँ जिल्लाका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायमा सूचना अधिकारी तोक्न र तहाँ पदाधिकारीको नाम, सम्पर्क र फोटोसहित विवरण फ्लेक्स वोर्ड (Flex Board) लगायतका उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्न आदेश दिने ।

ग) सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ ख (४) मा सार्वजनिक निकायमा परेको सूचनाको मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विषयलाई पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने व्यबस्था भएबमोजिम तहाँ जिल्लाका उल्लेखित सबै सरकारी कार्यालय, स्थानीय तह तथा सार्वजनिक निकायहरूमा पर्ने निवेदन र सोबमोजिम सूचना उपलब्ध गराइएको वा इन्कार गरिएको विवरणको छुट्टै अभिलेख राख्न आदेश दिने ।

## १.७ आयोगको कार्यालय र कर्मचारीसम्बन्धी व्यवस्था

राष्ट्रिय सूचना आयोगको केन्द्रीय कार्यालय काठमाडौँमा रहेको छ । यस आयोगले आवश्यकता अनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ । सूचनाको हकसम्बन्धी क्रियाकलाप अझ प्रभावकारी रूपमा सञ्चालन गर्न राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सातै प्रदेशमा प्रादेशिक सूचना आयोग गठन गर्नुपर्ने सुझाव दिएको छ । साथै, प्रादेशिक सूचना आयोगको स्थापना नहुञ्जेल आयोगको प्रदेशस्तरमा वा जिल्लास्तरमा सम्पर्क कार्यालय स्थापना गर्न पनि नेपाल सरकारसमक्ष सुझाव प्रस्तुत भएको छ । आयोगलाई आवश्यक कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्नेछ भन्ने व्यवस्था भएबमोजिम निजामति सेवाका कर्मचारी उपलब्ध गराउने गरेको छ ।

यस्ता कर्मचारीहरूमध्ये प्रशासकीय प्रमुखका रूपमा निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था भएकोमा नेपाल सरकारको मिति २०७७/०७/२० को निर्णयानुसार रा.प प्रथम श्रेणीको सह–सचिव आयोगको सचिवको रूपमा रहने व्यवस्था गरेको र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २० को उपनियम २ मा रहेको व्यवस्थालाई नेपाल सरकारको मिति २०७७/०७/२० को निर्णयानुसार संशोधन गरी आयोगको सचिव रा. प. प्रथम श्रेणीको कर्मचारी सचिवको रूपमा रहने व्यवस्था गरेको छ । आयोगमा कार्यरत पदाधिकारी तथा कर्मचारीको विवरण अनुसूची–३ मा रहेको छ ।

आयोगको सचिवालयमा ३ वटा शाखाहरु क्रमशः प्रशासन शाखा, योजना तथा प्रबर्द्धन शाखा र पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा रहेका छन् । कूल दरबन्दी ३७ जना रहेकोमा अधिकृत स्तरका १३ जना र सहायक स्तरका ७ जना र श्रेणीविहीन १६ जनाको दरबन्दी रहेको छ । आयोगको कार्यसम्पादन गर्न आवश्यक पर्ने खर्चको व्यवस्था नेपाल सरकारले गर्दछ ।

## १.८ आयोगको वार्षिक प्रतिवेदन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २५ बमोजिम आयोगले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय संसद्समक्ष प्रस्तुत गर्नुपर्छ । यही व्यवस्था अनुसार आयोगले स्थापनाकालदेखि नै प्रतिवेदन प्रस्तुत गर्दै आएको छ । सोही ऐनको दफा २५ को उपदफा (२) बमोजिम यसरी प्रस्तुत गरिएको प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि आयोगको वेबसाइट www.nic.gov.np मार्फत् पनि सार्वजनिक रूपमा प्रकाशित गर्ने गरिएको छ ।

आयोगले विगतका आर्थिक वर्ष २०६५/०६६, २०६६/०६७, २०६७/०६८, २०६८/०६९, २०६९/०७०, २०७०/०७१, २०७१/०७२, २०७२/०७३, २०७३/०७४, २०७४/०७५, २०७५/०७६, २०७६/०७७ र २०७७/७८ मा गरी १३ वटा प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका संसदमा प्रस्तुत गर्नका लागि पेश गरिसकेको छ । यो आयोगको चौधौँ प्रतिवेदन हो ।

## परिच्छेद- २

# सूचनाको हकसम्बन्धी ऐन, नियम तथा कानूनी व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ३ को मौलिक हकअन्तर्गत धारा ३ को वैयक्तिक स्वतन्त्रता अन्तर्गत उपधारा (६) र नेपालको संविधान, २०१९ को धारा ११ को समानताको हकअन्तर्गत उपधारा (६) मा कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारणसहितको सूचना, यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन भनी मौलिक हकअन्तर्गत स्वतन्त्रताको हकमा केही विषयलाई समावेश गरिएको थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा पहिलो पटक सूचनाको हकसम्बन्धी छुट्टै धाराको व्यवस्था गरी प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी उल्लेख गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ मा पनि यसका केही प्रावधानहरु थिए । वर्तमान नेपालको संविधान, २०७२ को धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरी प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी व्यवस्था गरिएको छ । संवैधानिक व्यवस्थालाई आधार मानी पहिलो पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्थाबाट नेपालमा सूचना आयोग गठन भई सूचनाको हक कार्यान्वयनमा आएको हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बनाई लागू गरेको छ । यस नियमावलीमा २०६८ चैत्र १३ गते पहिलो, २०७० श्रावण २८ गते दोस्रो संशोधन र २०७७ साल मंसिर १९ मा तेस्रो संशोधन गरिएको छ । संविधान र ऐन-नियममा व्यवस्थित नागरिकको सूचनाको हकलाई प्रचलन गर्न/गराउन राष्ट्रिय सूचना आयोगले आफ्नो आन्तरिक कार्यविधिलाई चुस्त र दुरूस्त पार्ने क्रममा राष्ट्रिय सूचना आयोगको बैठक व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७२, पुनरावेदनको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७८, उजुरीको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७७ तथा निवेदनको कारवाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०७२ बनाई कार्यान्वयन भइरहेका छन् ।

यसैगरी राष्ट्रिय सूचना आयोगमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता, २०७२; सरकारी निकायले स्वतः प्रकाशन (Proactive Disclosure) गर्नुपर्नेसम्बन्धी निर्देशिका, २०७१; राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालनसम्बन्धी निर्देशिका, २०७५; इजलास सञ्चालन तथा पेसी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७६, सूचनाको हक कार्यन्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६ र राष्ट्रिय सूचना आयोगका पदाधिकारीको आचारसंहिता, २०७६ जारी भई कार्यान्वयन भइरहेका छन् ।

### २.१ सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्थाः

**सूचना माग गर्न सकिने निकाय र विषयः**

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको विषयमा नेपाली नागरिकले सूचना माग गर्न पाउँछ । सार्वजनिक निकाय भन्नाले सूचनाको हकसम्बन्धी ऐनको दफा २ को खण्ड (क) अनुसार,

(१) संविधानअन्तर्गतका निकाय,
(२) ऐनद्वारा स्थापित निकाय,
(३) नेपाल सरकारद्वारा गठित निकाय,
(४) प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारद्वारा गठित निकाय,
(५) स्थानीय तह वा त्यसका कार्यालयहरु,

(६) कानूनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था वा प्रतिष्ठान,
(७) प्रचलित कानूनबमोजिम दर्ता भएका राजनितिक दल तथा संगठन,
(८) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,
(९) नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,
(१०) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरु,
(११) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त संगठित संस्था,
(१२) प्रदेश सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,
(१३) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदेश सरकारबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ र संस्थाहरु,
(१४) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था रहेका छन् ।

सार्वजनिक महत्वको विषय भन्नाले सोही ऐनको दफा २ को खण्ड (ग) अनुसार सार्वजनिक सरोकारको विषय समावेश भएको छ ।

## २.२ सूचना माग गर्ने प्रक्रिया र पुनरावेदनः

१. ऐनको दफा ७ बमोजिम सूचना माग गर्ने मागकर्ताले आफूले चाहेको सार्वजनिक सरोकारको सूचना कारणसहित माग गर्न सक्दछ । निवेदनमा कुन सूचना मागिएको हो भन्ने कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ । सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्द्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ ।

२. तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ । कुनै व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ । सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य नै खुला, पारदर्शी, जिम्मेवार र जवाफदेही शासन व्यवस्थाको स्थापना गर्नु रहेकोले सूचना माग गर्दा मौखिक, टेलिफोन, इमेल वा अन्य माध्यमबाट माग्न सकिन्छ । सूचना माग गर्दा कुनै दस्तुर लाग्दैन । वारेशद्वारा पनि सूचना माग्न सकिन्छ ।

३. सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरुपमा नै उपलब्ध गराउनु पर्नेछ । कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मनासिव समय उपलब्ध गराउनेछ ।

४. सूचना माग गर्दा बुझाउनु पर्ने दस्तुरको सम्बन्धमा ऐनको दफा ८ तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम प्रचलित कानूनमा छुट्टै व्यवस्था गरेकोमा सोहीबमोजिमको दस्तुर र त्यस्तो दस्तुरको व्यवस्था नगरेकोमा देहायबमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकायसमक्ष बुझाउनु पर्नेछः
   (क) सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाइ र एघार दशमलव सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ पाँच रुपैयाँ,
   (ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रतिपृष्ठ दश रुपैयाँ,
   (ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रतिडिस्केट, सीडीबापत पचास रुपैयाँ,

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम/कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैयाँ । तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकनबापत दस्तुर लाग्ने छैन ।

५. माथि जुनसुकै कुरा लेखिएको भएता पनि सामान्य आकारको (आठ दशमलब तीन इञ्च चौडाइ र एघार दशमलब सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको त्योभन्दा बढी दश पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले निःशुल्क उपलब्ध गराउनु पर्नेछ । कुनै सूचना तयार गर्दा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ । सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुरबापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ । सूचनाबापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ भनिएता पनि हालसम्म पुनरावलोकन गरिएको छैन ।

६. ऐनको दफा ९ बमोजिम सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिकरूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयका कार्यालय प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।

७. उजुरी प्राप्त भएपछि उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ । सूचना अधिकारीले जानी जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न सक्नेछ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ५ (क) बमोजिम ७ दिनभित्र सूचना उपलब्ध गराउन आदेश दिन सक्दछ । जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

८. कार्यालय प्रमुखसमक्ष उजुरी दिंदा निवेदकको उजुरीउपर सात दिनभित्र कुनै कारवाही नभएमा वा सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ऐनको दफा १० बमोजिम त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष देहायबमोजिमको विवरण उल्लेख गरी स्वयम् आफै कार्यालयमा उपस्थित भई लिखित निवेदन दिन, वारेशमार्फत्, ईमेल वा अनलाइनमार्फत्, हुलाक वा जिल्ला प्रशासन कार्यालयमार्फत् पुनरावेदन दिन सक्नेछ ।

क. पुनरावेदकको नाम, थर, वतन र सम्पर्क नम्बर सम्भव भए इमेल ठेगाना ।
ख. वारिस भए निजको नाम, थर, वतन र सम्पर्क नम्बर ।
ग. विपक्षीको नाम, थर, वतन सम्भव भए सम्पर्क नम्बर ।
घ. आफूले माग गरेको सूचनाको स्पष्ट विवरण ।
ङ. सूचना रहेको सार्वजनिक निकायमा पुनरावेदक सूचना माग गर्न गएको स्पष्ट विवरण ।
च. सूचना रहेको सार्वजनिक निकायको कुन पदाधिकारी वा शाखा र उपशाखामा सूचना छ, सम्भव भए खुलाउने ।

९. पुनरावेदकले पुनरावेदन गर्दा देहायबमोजिको कागजात पेश गर्नुपर्दछः

१. नेपालको नागरिक प्रमाणित गर्ने कुनै प्रमाण ।
२. सूचना अधिकारीसमक्ष सूचना माग गरेको निवेदनको प्रतिलिपि ।
३. कार्यालय प्रमुखसमक्ष उजुरी गरेको प्रमाणको प्रतिलिपि ।

४. हुलाकमार्फत् सूचना माग गरिएको रहेछ भने हुलाकको छाप लागेको रसिद वा डकुमेन्ट ।

५. वारिस राखेमा सम्बन्धित व्यक्तिले सहीछाप गरेको वारिसनामा वा मञ्जुरीनामा कागज ।

## २.३ आयोगबाट गरिने निर्णय प्रक्रियाः

प्रक्रिया पूरा गरी प्राप्त हुन आएका पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षीप्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ । पुनरावेदनको कारबाही र किनारा गर्दा देहायबमोजिमको आदेश गर्न सकिनेछः

(क) पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिनाशुल्क सूचना उपलब्ध गराउनू भनी सम्बन्धित सार्वजनिक निकायको प्रमुख र सूचना अधिकारीको नाममा आदेश गर्न ।

(ख) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ग) प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना बिनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रूपैयाँको दरले निजलाई जरिवाना गर्न ।

(घ) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न ।

आयोगले दर्ता भएको पुनरावेदनउपर ६० (साठ्ठी) दिनभित्र निर्णय गर्नेछ । आयोगले पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदकको माग दाबी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्याङ्कनका आधारमा गर्नेछ ।

यस आर्थिक वर्षमा आयोगको ११ वटा बैठक बसेको थियो र बैठकबाट भएका निर्णयहरु अनुसूची-४ मा राखिएको छ ।

## २.४ सूचनाको संरक्षणः

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्री आदेशसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्नु सार्वजनिक निकायको दायित्व हो । सार्वजनिक निकायले सम्भव भएसम्म सूचनाको हकसम्वन्धी ऐन, २०६४ लागू हुनुभन्दा कम्तिमा बीस वर्षसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नु/गराउनु पर्ने व्यवस्था ऐ. ऐनको दफा ५ मा गरेको छ भने प्रत्येक ३/३ महिनामा सूचना अद्यावधिक गरी प्रकाशनसमेत गरी आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ । सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन । यस्ता प्रकृतिका सूचनाहरु बढीमा तीस वर्षको अवधिसम्म मात्र गोप्य राख्न सकिनेछः

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने ।

## परिच्छेद- ३

# पुनरावेदन र फछ्र्यौटको अवस्था

## ३.१ निवेदन, उजुरी तथा पुनरावेदनको विवरण

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा भएको कानूनी व्यवस्थाबमोजिम नागरिकले सार्वजनिक निकायमा सूचना माग गर्दा प्राप्त सूचना वा निर्णयउपर चित्त नबुझेमा वा सूचना प्राप्त नभएको कारणबाट आयोगमा दिएका निवेदन उजुरी तथा पुनरावेदनको अवस्था निम्न तालिका नं. १ मा प्रस्तुत गरिएको छ । प्रस्तुत तालिका अनुसार प्रत्येक वर्ष उजुरी तथा पुनरावेदनको सङ्ख्या बृद्धि हुँदै गरेको अवस्थाले सूचना माग गर्ने प्रवृत्तिमा परिवर्तन भएको बुझिन्छ । आयोगले प्राप्त निवेदन, उजुरी तथा पुनरावेदनहरूउपर तोकिएको समय भित्रै कार्य सम्पन्न हुने गरी काम गरिरहेको छ । पुनरावेदन उपर आयोगबाट भएका कारबाहीको विवरण अनुसूची-५ मा राखिएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा १०८३ वटा पुनरावेदन प्राप्त भएका थिए । जसउपर आयोगबाट ९१ वटा इजलाश सञ्चालन भई ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने १०७८ वटा आदेश भए भने ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने १०७८ वटा नै आदेश भए । त्यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम किन कारबाही नगर्ने भनी चेतावनीसहितको आदेश ८ वटा भए भने सोही दफाबमोजिमको कारबाहीको आदेश ३ वटा भए । त्यसै गरी दफा १९ बमोजिमको आदेश २ वटा भयो भने दफा २९ बमोजिमको आदेश १ वटा भयो । पुनरावेदकले सूचना पाएकोले/जानकारी दिएकोले २९६ वटा पुनरावेदन खारेज गर्नू भनी आदेश भएको थियो । यस अवधिमा ऐनबमोजिम प्रक्रिया नपुगेको वा ऐनको अवधिभित्र नपरेको पुनरावेदनउपर आयोगका सचिवबाट दरपीठ गर्नू भन्ने १३ वटा आदेश भए भने सचिवद्वारा दरपीठ गरिएको आदेशउपर पुनरावलोकनको लागि १ वटा आदेश भएको थियो । विभिन्न पुनरावेदनका सम्बन्धमा २७४० वटा पत्राचार भएका थिए । आयोगबाट आर्थिक वर्ष २०७८/७९ मा पुनरावेदनउपर भएका आदेशहरूको विवरण अनुसूची-६ मा राखिएको छ ।

तालिका नं. १ को विवरण आयोगमा प्राप्त भएका उजुरी, निवेदन र पुनरावेदनको मात्र अवस्था हो । प्रस्तुत विवरणमा सार्वजनिक निकायहरूमा सूचना माग भएको, सूचना प्राप्त गरेको, सूचना दिन इन्कार गरिएको विवरण सङ्कलन गर्न सकिएको अवस्था छैन । सबै सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न र सूचनाको माग भएको विवरण अभिलेखबद्ध गर्ने गर्न जरूरी छ । साथै, सूचना प्रविधिको प्रयोगमार्फत एकीकृत तथ्याङ्क सङ्कलन र विश्लेषणमा ध्यान दिनु पर्ने आवश्यकता देखिएको छ ।


**तालिका नं. १: पुनरावेदन, उजुरी र निवेदनको अवस्था**

| आर्थिक वर्ष | पुनरावेदन, उजुरी तथा निवेदनको सङ्ख्या | फछ्र्यौट | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|
| २०६५/०६६ | १२ | ११ | ९१.६७ |
| २०६६/०६७ | ३९ | २९ | ७४.३६ |
| २०६७/०६८ | ४७ | २२ | ४६.८१ |
| २०६८/०६९ | १३६ | ९० | ६६.१८ |
| २०६९/०७० | २६० | १९९ | ७६.५५ |
| २०७०/०७१ | ४७० | ४०९ | ८७.०२ |
| २०७१/०७२ | ७७७ | ७६५ | ९८.४५ |
| २०७२/०७३ | ६७८ | ६७४ | ९९.४१ |

| आर्थिक वर्ष | पुनरावेदन, उजुरी तथा निवेदनको सङ्ख्या | फछ्र्यौट | फछ्र्यौट प्रतिशत |
|---|---|---|---|
| २०७३/०७४ | ६७२ | ६७० | ९९.७९ |
| २०७४/०७५ | ११७६ | ११७५ | ९९.९९ |
| २०७५/०७६ | ११४४ | ११४४ | १०० |
| २०७६/०७७ | १०१३ | १०१३ | १०० |
| २०७७/०७८ | ७५३* | ७४२ | ९८.५ |
| २०७८/७९ | १०८३* | १०७७ | ९९.४ |

* पुनरावेदन मात्रको सङ्ख्या

**चार्ट नं. १ पुनरावेदन, उजुरी र निवेदनको अवस्था**




## ३.२ क्षेत्रगत पुनरावेदनको विवरण


आर्थिक वर्ष २०७८/७९ मा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा आयोगमा पर्न आएका १०८३ पुनरावेदनहरूको क्षेत्रगत स्थिति देहाय अनुसार रहेको छ । यस अनुसार स्थानीय तहको पुनरावेदन सङ्ख्या सबैभन्दा बढी अर्थात् ७८.५८ प्रतिशत रहेको छ । अर्को क्षेत्र बैंक तथा वित्तीय संस्थासम्बन्धी पुनरावेदनको प्रतिशत १०.३४ रहेको छ भने शिक्षा, स्वास्थ्य तथा खेलकूद क्षेत्रमा ३.८७ प्रतिशत पुनरावेदन परेको पाइन्छ ।

**तालिका नं. २ क्षेत्रगत पुनरावेदनको विवरण**

| क्र. सं. | क्षेत्र | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ | प्रतिशत |
|---|---|---|---|---|
| १ | स्थानीय तह | ५४६ | ८५१ | ७८.५८ |
| २ | बैंक तथा वित्तीय संस्था | ३२ | ११२ | १०.३४ |
| ३ | सूचना तथा सञ्चार प्रविधि | ६ | ३ | ०.२ |
| ४ | कानून, न्याय तथा प्रशासन | ३१ | ११ | १.०१ |
| ५ | शिक्षा, स्वास्थ्य तथा खेलकूद | ५६ | ४२ | ३.८७ |
| ६ | खानेपानी, विद्युत, निर्माण तथा यातायात | २० | ७ | ०.६ |
| ७ | संस्थान तथा प्राधिकरण | ७ | १८ | १.६६ |
| ८ | जग्गा, मालपोत, भूमी, वन तथा कृषि | १३ | ९ | ०.८ |
| ९ | प्रशासन | ११ | ५ | ०.४ |
| १० | अन्य (गैरसरकारी संस्था, अन्य संस्था) | ३१ | २५ | .०२ |
| | जम्मा | ७५३ | १०८३ | १०० |

आयोगमा पर्न आएका १०८३ पुनरावेदनहरूको क्षेत्रगत विवरणलाई निम्न रेखाचित्रबाट पनि प्रस्तुत गरिएको छ ।

**रेखाचित्र नं. १ क्षेत्रगत पुनरावेदनको स्थिति**




स्थानीय तहसँग सम्बन्धित सूचनाहरु प्राप्त नगरेको कारणबाट पुनरावेदन पर्नुबाट सूचनाको मागको सङ्ख्या पनि स्थानीय तहमा बढी हुनु पर्ने अनुमान आयोगले गरेको छ । स्वाभाविकरूपमा नागरिकसँग बढी नजिक रहेर कार्य सम्पादन हुने स्थानीय तहका कृयाकलापमा नागरिकको चासो रहनु पर्दछ । पुनरावेदन बढी पर्नुमा स्थानीय तहमा बढी सूचना माग भएको कारणबाट वा सूचना दिन उदासिनता भएको कारणबाट हो भन्ने पनि अनुमान गर्न सकिन्छ । तथ्यगत रूपमा कारण पत्ता लगाउन छुट्टै अध्ययनको आवश्यकता पर्दछ ।

## ३.३ प्रदेशगत पुनरावेदनको अवस्था

**तालिका नं. ३ प्रदेशगत पुनरावेदनको विवरण**

| प्रदेश | महिला | पुरुष | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| प्रदेश १ | १३९ | १२ | १ | १५२ | १४.०३ |
| मधेश | १६१ | ७१ | १ | २३३ | २१.५२ |
| बागमती | १३३ | १३७ | ८ | २७८ | २५.६७ |
| गण्डकी | १०७ | १२ | ० | ११९ | ११ |
| लुम्बिनी | १०१ | ६ | २ | १०९ | १० |
| कर्णाली | ८० | ३ | १ | ८४ | ७.७६ |
| सुदूरपश्चिम | १०१ | ६ | १ | १०८ | १० |
| जम्मा | ८२२ | २४७ | १४ | १०८३ | १०० |

सूचनाको हकको प्रयोग गरी सूचना मागको अवस्थालाई प्रदेशगत रूपमा मूल्याकंन गर्दा बागमती प्रदेशमा र मधेश प्रदेशमा अन्य प्रदेशको तुलनामा बढी सङ्ख्यामा सूचना माग भएको देखियो । यसरी सूचना माग गर्नेहरूको सङ्ख्यामा महिलाको तर्फबाट माग भएको सूचनाको सङ्ख्या बढी भएको देखिन्छ । सबै प्रदेशहरूमा सूचनाको हक प्रयोगमा आएको पाइयो । सूचना पाउन नसकि सबैभन्दा बढी पुनरावेदन गर्ने प्रदेशका रूपमा बागमती प्रदेश रहेको छ भने सबैभन्दा कम पुनरावेदन परेको प्रदेशमा सुदूरपश्चिम प्रदेश रहेको । भौगोलिक रूपमा टाढा भएका कारणबाट पुनरावेदन कम परेको वा सूचना माग नै कम भएको वा माग भएका सूचनाहरु पाउने गरेको कारणबाट पनि कम पुनरावेदन परेको हुन सक्छ । यसका लागि छुट्टै अध्ययन गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद- ४

# आयोगबाट भएका आदेश तथा सजाय

## ४.१ आयोगबाट भएका केही महत्वपूर्ण आदेश

नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई प्रदान गरेको सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न तथा सार्वजनिक निकायहरूलाई पारदर्शी हुन तथा नागरिकप्रति जिम्मेवार हुन राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले दिएको अधिकार प्रयोग गरी समय समयमा समसामयिक विषयमा आदेश दिने गरेको छ । आदेशको विस्तृत विवरण अनुसूची- ७ मा राखिएको छ । यस आर्थिक वर्षमा आयोगले दिएको महत्वपूर्ण आदेशहरु यस भागमा प्रस्तुत गरिएको छ ।

४.१.१ भोजपुर जिल्ला, निवासी विद्या राईले आत्महत्यासम्बन्धी जिल्लागत विवरण प्रहरी प्रधान कार्यालयमा माग गर्दा प्राप्त नभएपछि आयोगमा पुनरावेदन गरेको र आत्महत्यासम्बन्धी तथ्याङ्कको महत्वलाई ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम प्रहरी प्रधान कार्यालयका महानिरीक्षकका नाममा देहायबमोजिम गर्न गराउन यो आदेश गरिएको छः

१. आत्महत्यासम्बन्धी तथ्याङ्क राख्दा नेपालको संविधानको धारा ४२ मा उल्लेख भएका समूह तथा उमेर समूह, पेशागत, शैक्षिकस्तर, वैवाहिक अवस्था, पारिवारिक अवस्था जस्ता विषयहरूको पनि विवरण राख्ने र राख्न लगाउने ।
२. बुँदा १ बमोजिमको तथ्याङ्क एकीकृत रूपमा प्रहरी प्रधान कार्यालयमा सङ्कलन गरी प्रत्येक वर्ष सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा ४ बमोजिम गरिने स्वतः प्रकाशनमा त्यस्तो विवरण संक्षिप्तरूपमा समावेश गरी सार्वजनिक गर्ने गराउने ।

४.१.२ राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ङ) बमोजिम "यस ऐनबमोजिमको दायित्व पालना गराउन सम्बन्धित पक्षलाई आदेश दिने" अधिकार क्षेत्रभित्र रही विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरका कार्यालय प्रमुखका नाममा निम्नानुसारको आदेश जारी गरिएको छः

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आर्थिक वर्षका आधारमा प्रत्येक ३।३ महिनामा तहाँ निकायबाट सम्पादित काम सो अबधि व्यतित भएको १५ दिनभित्र अनिवार्य रूपमा नियमित ढंगले सार्वजनिक गर्नू ।
२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र नियमावली, २०६५ को नियम २४क बमोजिम सूचना अधिकारी तोकी निजको सम्पर्क नम्बर र फोटोसहितको बिवरण फ्लेक्स बोर्ड वा अन्य उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्नू ।
३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (३) बमोजिम सूचना शाखा वा सूचना केन्द्र जस्ता निकाय/संयन्त्र खडा गर्ने पहल गर्नुका साथै सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्ने व्यवस्था गर्नू ।
४. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ अनुसार आफ्ना कर्मचारीलाई सूचनाको हकमा तालिम दिने र आफ्ना निकायसँग सम्बन्धित सूचनामा नागरिकको पहुँच सरल र सहज तुल्याउन विभिन्न राष्ट्रिय भाषा र आमसञ्चारका माध्यमको उपयोग गर्ने ध्येयका साथ विद्युतीय सञ्चार प्रणाली लागू गर्नू र विद्युतीय अभिलेख प्रणाली स्थापना गर्नू ।
५. त्यस निकायबाट जारी गरिने कानून, नीति, बार्षिक कार्य योजना, दीर्घकालीन सोच जस्ता दस्तावेजहरु तयार गर्दा नागरिकको सूचनाको हकको प्रभावकारी प्रचलनको सुनिश्चितता गर्नू ।

४.१.३ सूचना मागकर्ताले यस आयोगमा सार्वजनिक निकायमा सूचना माग गर्दा नपाएपछि पुनरावेदन गरेको विषय ३३ किलो सुनसम्बन्धी अनुसन्धान गर्न नेपाल सरकारले संगठित अपराधसम्बन्धी ऐन, २०७० को दफा १२ को प्रावधान बमोजिम गठित विशेष अनुसन्धान टोलीले आफ्नो अनुसन्धान गरी नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदनसँग सम्बन्धित रहेको छ । स्वभाविक रूपमा यस्ता अपराध नियन्त्रण तथा रोकथामका लागि गरिएका

यस प्रकारका अनुसन्धान प्रतिवेदन सबैका लागि मार्गदर्शक हुन सक्दछन् । विपक्षीले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) (क) (ख) र (घ) बमोजिम हाललाई सूचना उपलब्ध गराउन नसकिने भनी जिकीर लिएको पाइन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (क) मा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, (ख) मा अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने र (घ) मा विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने उल्लेख भएको पाइन्छ । सूचना मागकर्ताले माग गरेको सूचनाको प्रकृति अध्ययन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (क) र (घ) आकर्षित हुने अवस्था देखिँदैन । न त यस सूचनाले नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पुऱ्याउँछ, न त विभिन्न जातजाति वा सम्प्रदाय बिचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने देखिन्छ । यो सूचना अपराध अनुसन्धानसँग मात्र सम्बन्धित देखिन्छ । यस्तो अवस्थामा विपक्षीले उल्लेख गरेका उपदफा (३ को खण्ड (क) र (घ) का सम्बन्धमा थप बोलिरहन पर्ने देखिएन । जहाँसम्म उपदफा (३) को खण्ड (ख) को व्यवस्थालाई अध्ययन गर्ने हो भने अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने भन्ने विषय छ, कुनै पनि अपराधको अनुसन्धान हुँदै गरेको अवस्थामा मात्र लागू हुने अवस्था देखिन्छ । त्यसै विषयलाई ध्यानमा राखी यस आयोगले प्रस्तुत पुनरावेदनमा हालसम्म आदेश दिएको थिएन । तर हाल आएर प्रतिवेदनमा आधारित रहेर मुद्दाको अनुसन्धान तहकिकात सम्पन्न गरी अभियोजनसमेत भई जिल्ला अदालतबाट फैसलासमेत भइसकेको अवस्थामा उपदफा (३) को खण्ड (ख) पनि आकर्षित रही रहन सक्ने अवस्था देखिँदैन । यही कानूनी व्यवस्थालाई टेकी सूचना मागकर्तालाई प्रतिवेदन नदिई राखी रहन मिल्ने देखिएन । यसलाई सार्वजनिक गर्दा अध्ययन अनुसन्धानबाट प्राप्त सूझाव तथा निष्कर्षहरूउपर स्वस्थ बहस चलाई यस्ता अपराध हुन नदिन नीतिगत व्यवस्था गर्ने तर्फ लाग्न उपयुक्त हुने देखिन्छ ।

सूचना मागकर्ताले माग गरेको प्रतिवेदन सूचना मागकर्तालाई उलब्ध गराउँदा वा सार्वजनिक गर्दा अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने कुनै तथ्यगत प्रमाण तथा आधारसमेत विपक्षीले प्रस्तुत गरेको अवस्था छैन । बरू यसबाट भविष्यमा यस्तै प्रकारका अपराध नहुने अवस्था सिर्जना गर्न सघाउ पुग्ने देखिन्छ । साथै यसरी गठन गरिएको अनुसन्धान टोलीले दिएको प्रतिवेदन सार्वजनिक गर्न कुनै कानूनले बाधा पर्ने नभई यसबाट यस्ता अपराध नियन्त्रण तथा रोकथाम गर्न सार्वजनिक निकायले गरेको कार्यको सकरात्मक प्रभाव पर्ने देखिन्छ । उक्त निवेदन गोप्य राखी रहँदा प्रतिवेदन मात्र नभई नेपाल सरकारप्रति नै विभिन्न आशंका उब्जिने अवस्था कायम रही रहन्छ । तसर्थ सूचना मागकर्ताले माग गरेको सूचना उपलब्ध गराउनु पर्ने यस आयोगको ठहर रहेको छ । यो आदेश साथै राखी सूचना मागकर्ताले मागेको सूचना ३० दिनभित्र दिनू भनी गृह मन्त्रालय, सिंहदरबारका कार्यालय प्रमुखलाई मिति २०७८।०९।०५ मा आदेश गरेको छ ।

४.१.४ तराई, मधेश तथा थरूहट क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिँसा, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्यतथ्य छानवीन गर्न गठीत उच्चस्तरीय छानवीन आयोगको प्रतिवेदन उपलब्ध गराउन माग भएको पुनरावेदनको सन्दर्भमा जाँचबुझ आयोग ऐन, २०२६ को दफा ८ को प्रतिबन्धात्मक व्यवस्थामा "तर नेपालको सार्वभौमसत्ता, अखण्डता वा सामरिक महत्वका वा सार्वजनिक शान्ति सुव्यवस्थामा वा विभिन्न जात जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्धमा प्रतिकूल असर पार्ने तथा मित्र राष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने कुरा बाहेक प्रतिवेदनका कुरा सार्वजनिक जानकारीका लागि प्रकाशन गरिनेछ" भन्ने व्यवस्था रहेको र विपक्षीले प्रस्तुत प्रतिवेदन सार्वजनिक गर्दा त्यस्तो प्रतिकूल असर पार्ने दलिल वा तथ्यगत प्रमाण पेश नगरेको अवस्थामा यस्ता प्रतिवेदनहरु सार्वजनिक गर्न कानूनी बाधा रहेको अवस्था देखिएन । यस दायित्वबाट सार्वजनिक निकाय विमुख हुन मिल्ने देखिँदैन । यस्ता प्रतिवेदन सार्वजनिक गर्दा गराउँदा यदि त्यस प्रतिवेदनमा वैयक्तिक गोपनियता उल्लङ्घन हुने विषय छ भन्ने सार्वजनिक निकायलाई लाग्दछ भने त्यसको पुष्ट्याँईसहित गोपनियता भङ्ग हुने विषय बाहेक प्रतिवेदन सार्वजनिक गर्न सकिने नै हुन्छ भन्ने कानूनको मनसाय रहेको देखिन्छ ।

संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमको बुँदा २.५ को उपबुँदा ४ मा लाल आयोगको प्रतिवेदन सार्वजनिक

गर्ने भनी प्रतिबद्धता व्यक्त भएको छ । यसबाट वर्तमान सरकार लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न तयार छ भन्ने देखिन्छ । यस अवस्थामा प्रस्तुत प्रतिवेदन सूचना मागकर्तालाई उपलब्ध गराउन बाधा रहेको देखिँदैन । प्रस्तुत प्रतिवेदन सार्वजनिक चासोको विषय रहेको र यस्ता प्रतिवेदन गोप्य राख्नु भन्दा सार्वजनिक गर्दा वा चासो राख्ने नागरिकलाई उपलब्ध गराउँदा पारदर्शी कायम हुने र कुनै घटनाका सम्बन्धमा छानवीन भएका विषय सबै नागरिकको पहुँचमा पुग्ने हुन्छ । यस्ता प्रतिवेदनमा उल्लेख भएका विषयउपर छलफल गर्ने, राय बनाउने विषय विवेकयुक्त नेपाली नागरिकका हातमा दिन उपयुक्त र न्यायोचित हुन्छ । यसबाट कुनै नोक्सानी हुने अवस्था देखिँदैन । प्रतिवेदन उपलब्ध गराउँदा हुन सक्ने कुनै पनि प्रतिक्रियाउपर आवश्यक र कानूनी उपचार गर्ने क्षमता नेपाल सरकार वा सार्वजनिक निकायले राख्दछ भन्ने विश्वास पनि गर्नु पर्ने हुन्छ । तसर्थ सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तपसिलको सूचना ६० दिनभित्र उपलब्ध गराउनू भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कार्यालय प्रमुख, मुख्य सचिवका नाममा मिति २०७८।११।०५ मा आदेश जारी गरेको छ ।

४.१.५ सूचना मागकर्ताले विपक्षी सार्वजनिक निकायमा माग गरेका विषयहरु सूचनाको हकसम्बन्धी कानून तथा अन्य प्रचलित कानूनबमोजिम पनि गोप्य राखी रहनु पर्ने विषय होइन । सार्वजनिक निकायमा रही बैठकमा सहभागी भएर गरिएका निर्णयहरूको प्रतिलिपि सार्वजनिक निकायले आफै पनि सार्वजनिक गर्नुपर्ने विषय भित्र पर्दछ । कुनै पनि हिसाबबाट गोप्य रहनु पर्ने विषय हुन सक्दैन । माग भएका विषयले कुनै व्यापारिक गोपनियता भङ्ग गर्ने पनि होइन । सार्वजनिक निकायमा कर्मचारीको बढुवामा भएका निर्णयहरु स्वाभाविक रूपमा पारदर्शि हुन आवश्यक छ । यसबाट मात्र निस्पक्षता कायम गर्न सम्भव हुन्छ ।

विपक्षी सार्वजनिक निकायले पुनरावेदकले उल्लेखित विषयमा उजुरी गर्ने छुट्टै प्रक्रिया छन् त्यही माध्यम नअपनाई सूचनाको हक अन्तर्गत सूचना माग गर्नु गलत भएको भनाईप्रति सहमत हुन सकिने अवस्था छैन । नेपालको संविधान तथा कानूनले दिएको अधिकार प्रयोग गर्न नेपाली नागरिक स्वतन्त्र र अधिकार सम्पन्न छन् । साथै सार्वजनिक निकायका कार्मचारीले माग्न पर्ने विषय नभएको भनाईप्रति कर्मचारी पनि नेपाली नागरिक भएकोले सूचनाको हकसम्बन्धी ऐन अन्तर्गत रही सूचना माग्न र पाउन कुनै प्रतिबन्ध लाग्ने अवस्था देखिँदैन ।

कम्पनीको सञ्चालक समितिबाट भएका निर्णयहरु अध्ययन वा अवलोकनको विषय बन्न सक्दैन भन्नु नै नेपालको प्रचलित कानूनको व्यवस्थाप्रति अनभिज्ञता प्रकट गरेको देखिन्छ । प्रचलित कानूनबमोजिम माग्न पाउने विषयलाई कुन उद्देश्यबाट मागिएको भन्नेसँग जोडिरहनु पर्ने देखिँदैन । दुरूपयोग भएको अवस्थामा सार्वजनिक निकायले उजुरी गर्न पाउने व्यवस्था सूचनाको हकसम्बन्धी कानूनले गरेको छ । उजुरी गर्न पाइन्छ नै ।

जहाँसम्म विपक्षी चिलिमे जलविद्युत कम्पनी लि. सार्वजनिक निकाय होइन भन्ने विषय छ, यसमा विपक्षीले पेश गरेको जिकीर र प्रचलित कानूनको अध्ययन तथा विश्लेषण गर्दा उक्त कम्पनीमा नेपाल सरकारको अधिकांश स्वामित्व रहेको नेपाल विद्युत प्राधिकरणको अधिकांश स्वामित्व रहेको कम्पनी भएको हुँदा सार्वजनिक निकाय भएकोमा कुनै शंका गर्न पर्ने अवस्था देखिँदैन । साथै थोक बिक्रेता भएकोले सेवाप्रदायक होइन भनिएको रहेछ, कम्पनीले उत्पादन गरेको वस्तु तथा सेवा सार्वजनिक उपयोगका लागि भएकोले स्वाभाविक रूपमा सार्वजनिक चासोको विषय रहेको आयोगको ठहर रहेको छ ।

उल्लेखित कारणहरूले गर्दा सूचना मागकर्ताले माग गरेको सूचना दिन नपर्ने विषयभित्र पर्ने देखिएन । तसर्थ सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तपसिलको सूचना ७ (सात) दिनभित्र उपलब्ध गराउनू भनी चिलिमे जलविद्युत कम्पनी लि., धुम्बारही, काठमाडौंको कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ ।

४.१.६ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै स्थानीय तहका नाउँमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय कालिमाटी, काठमाडौं, उपकुलपति कार्यालय, बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आदेश भएको ।

१. सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरुदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने ।
२. सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रुपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।
३. सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रुपमा समावेश गर्ने ।
४. भौतिक निर्माणसम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रुपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्य मुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।
५. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदसम्बन्धी कानूनमा सार्वजनिक खरिदसम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्ने तथा बुँदा नं. १, २ र ३ बमोजिम भए नभएको अनुगमन गर्न निर्देशन दिने ।

४.१.७ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) र खण्ड (ङ) बमोजिम निर्वाचन आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाका नाममा आदेश भएको ।

- मतदाता शिक्षालाई थप प्रभावकारी र व्यापक बनाउन अधिकतम मतदाता समक्ष पुग्ने व्यवस्था मिलाउनू,
- मतदान के का लागि, मतदानको महत्व, मतदान प्रक्रिया वारेमा व्यापक प्रचार प्रसार गर्नु गराउनु । यसरी प्रचार प्रसार गर्दा बहुसंख्यक जनसङ्ख्याले बोल्ने मातृभाषामासमेत गर्नु गराउनू,
- निर्वाचनसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका, कार्यविधि, आचारसंहिताका आधारभूत कुराहरु मतदाता र सम्बन्धित पक्षहरुलाई समयमै सुसूचित गर्नु गराउनू,
- निर्वाचनमा राजनीतिक दलहरुले बनाएका उम्मेदवारहरुको पृष्ठभूमि, उनीहरुलाई उम्मेदवार बनाउनुको कारणसहितको विवरण राजनीतिक दलहरुले समयमा नै जनतालाई सुसूचित गर्नु लगाउनू,
- लैङ्गिकता र समावेशीकरणको सिद्धान्तका आधारमा निर्वाचनमा उम्मेदवार बनाउँदा राजनीतिक दलहरुले के कति हदसम्म यस सिद्धान्तलाई अवलम्बन गरेका छन् भन्ने कुरा जनतामा सुसूचित गराउन लगाउनू,
- सहज र भयरहित मतदान गर्न गरिएको निर्वाचन व्यवस्थापन र सुरक्षाको प्रत्याभूतिका सम्बन्धमा मतदातालाई आस्वस्त हुनेगरी सुसूचित गर्नु गराउनू,
- सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, तथा मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्तिहरुमा निर्वाचनसम्बन्धी सम्पूर्ण सूचना पुग्ने सुनिश्चितता गर्नू,
- निर्वाचनमा स्वच्छता कायम राख्न र निर्वाचनमा हुने अनुत्पादक खर्चलाई नियन्त्रण गरी निर्वाचनलाई मर्यादित बनाउन राजनीतिक दलहरुले सङ्कलन गरेको आर्थिक कोषको स्रोत र खर्चका विवरणहरु सही सत्य र यथार्थ जनतालाई समयमै सूचित गर्न लगाउनू,
- नेपालको संविधानले व्यवस्था गरेको नेपाली नागरिकको सूचनाको हकमाथि निर्वाचनका क्रममा कुनै पनि तवरबाट अतिक्रमण नहुने व्यवस्था मिलाउनू,
- मतदान गर्नु अघि मतदान गर्ने नागरिकलले मतदाता सूचीमा आफ्नो नाम भए/नभएको एकीन गर्नका लागि निर्वाचन आयोगको वेबसाईटमा मतदाता नामावली अद्यावधिक गर्नू,
- निर्वाचनसम्बन्धी सामग्रीहरुको बन्दोबस्त, मानव स्रोतको व्यवस्थापन, आर्थिक अनुशासन, आचारसंहिताको पालना र उल्लङ्घनका घटना, निर्वाचन पर्यवेक्षकको व्यवस्थापन लगायतका निर्वाचनसँग सम्बन्धित विविध पक्षको सही सूचना समयमै जनता समक्ष प्रवाह गर्नु गराउनू,

- निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल नियमित रूपमा अद्यावधिक गर्नु गराउनू,
- मिथ्या, भ्रमपूर्ण, गलत सूचना नियन्त्रण गर्न नेपाल सरकार तथा नियामक निकायहरु सँग समन्वय गर्नु गराउनू,
- सबै मतदातासँग आयोगको वेबसाइटमा पहुँच नहुन सक्छ । तसर्थ, निर्वाचनमा भाग लिएका प्रत्येक राजनीतिक दल वा तिनका प्रतिनिधिहरूलाई प्रत्येक बुथमा सम्बन्धित क्षेत्रमा मतदाताको विवरण संलग्न मतदाता नामावलीको एकप्रति संलग्न कपी निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनु,
- निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रदान गरेको सूचना माग्ने र पाउने हकप्रति सचेत रहने व्यवस्था मिलाउनू ।

४.१.८ पुनरावेदक मोरङ्ग जिल्ला, दर्वेशा गा. वि. स.-६ हाल धनकुटा न. पा.-६ निवासी सरिता भण्डारीको मिति २०७८।० ९।१८ मा आयोगमा दर्ता गरेको सूचनादाताको संरक्षण गरी पाऊँ भन्ने २०६४ को दफा २९ को उपदफा (४) बमोजिमको उजुरीका सम्बन्धमा उल्लेखित विपक्षीलाई आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (५) बमोजिम विपक्षीका नाममा यो आदेश जारी गरिएको छ । सोही दफाको उपदफा (५) बमोजिमको कारबाही अगाडि बढाउन उजुरी पत्रको प्रतिलिपि साथै राखी विपक्षीलाई प्रस्तुत आदेशमा तोकिएको म्यादभित्र लिखित जवाफ पठाउन आदेश गरिएको छ ।

## ४.२ सूचना नदिए बापत सजाय

नेपालको संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकले सार्वजनिक निकायमा सूचना माग गर्दा सूचना नपाएको कारणबाट राष्ट्रिय सूचना आयोगमा उजुरी परेको अवस्थामा छानवीन गर्दा प्रमाणित भएको अवस्थामा आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गर्ने गरेको छ । यस आर्थिक वर्षसम्म जम्मा ३३ जना सार्वजनिक निकायका प्रमुख तथा सूचना अधिकारीलाई कारबाही भएको छ । यस आर्थिक वर्षमा ४ वटा सार्वजनिक निकायका प्रमुख तथा सूचना अधिकारीलाई कारबाही भएको छ । आर्थिक वर्ष २०७५/७६ सम्म १२ वर्षमा १८ जनालाई कारबाही भएकोमा गएका ३ आर्थिक वर्षमा १५ जनालाई कारबाही भएको छ । आयोगबाट हालसम्म भएका कारबाहीको विवरण अनुसूची-८ मा राखिएको छ । यसबाट सार्वजनिक निकायलाई नागरिकप्रति थप जिम्मेवार हुन र सूचनाको हकको कार्यान्वयन गर्न प्रेरित गरेको आयोगले विश्वास गरेको छ । यस आर्थिक वर्षमा भएका कारबाहीको छोटकरी विवरण तपसिलमा प्रस्तुत गरिएको छ ।

४.२.१ सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न. पा.-१० निवासी आदित्य दाहालले पद्यकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७७।०९।२३ मा पुनरावेदन गरेको । यसरी सूचना माग गर्दा, पुनरावेदनपश्चात् आयोगबाट पटक पटक सूचना उपलब्ध गराउन आदेश दिँदासमेत सूचनाको हकसम्बन्धी कानूनबमोजिम मनासिब कारणबिना सूचना दिन अटेर गरेको देखिन्छ । विद्यार्थीलाई शिक्षामार्फत् संवैधानिक तथा कानूनी व्यवस्थाको जानकारी गराई त्यस्तो व्यवस्थाको पालना गर्न गराउन प्रेरित गर्नु पर्ने शैक्षिक संस्थाका प्रमुखबाट कानून विपरित सूचना दिन इन्कार गर्नु स्वीकार्य हुन सक्दैन । सूचना मागकर्ताले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्रको विषयभित्र पर्ने विषय पनि होइन । सजाय गर्न नपर्ने कुनै कारण वा प्रमाण भए पेश गर्नु भनी कानूनबमोजिम सफाइको मौका दिँदासमेत कानूनबमोजिम जवाफ दिन वा सूचना दिने तत्परता नदेखिएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम पद्यकन्या बहुमुखी क्याम्पस, बागबजारका कार्यालय प्रमुख प्रा. धनप्रसाद पण्डितलाई रू १५,०००।- (पन्ध्र हजार) जरिवाना र निजलाई विभागीय कारबाही गरी जानकारी दिन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिको नाममा आदेश भएको छ ।

४.२.२ झापा जिल्ला, बाह्रदशी गा. पा.-६ हाल काठमाडौं निवासी बल बहादुर प्रधानले पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारी समक्ष सूचना माग गरेकोमा सूचना

उपलब्ध नगरएकोले उपलब्ध गराई पाऊँ भनी आयोग समक्ष मिति २०७८।०३।२४ मा पुनरावेदन गरेको । यस आयोगबाट भएका आदेशहरूका बाबजुद सूचना उपलब्ध नगराई उल्टै पुनरावेदकलाई कारबाही कारबाही गर्न स्पष्टीकरण सोधिएको देखिएको हुँदा विपक्षी सार्वजनिक निकाय पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख कार्यकारी निर्देशक डा. घनश्याम खतिवडालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा १ बमोजिम रू. १५,०००।– जरिवाना गरेको छ ।

४.२.३ मोरङ जिल्ला, सुन्दर हरैचा -१० निवासी हेमचन्द्र घिमिरेले धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले कार्यालय प्रमुख समक्ष सूचना माग गरी मिति २०७६।०३।११ मा पुनरावेदन दिएको । प्रस्तुत पुनरावेदनका सम्बन्धमा यस आयोगबाट विपक्षी धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीको नाममा पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७६।०३।२५ मा आदेश भएको । सूचना उपलब्ध नगराएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम काराबही किन नगर्ने भनी मिति २०७८।०३।१० मा आदेश भएको । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैर जिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको बिकल्प आयोगसँग रहेन । यसर्थ, नागरिकको संविधान प्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गर्ने धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रू. १०,००० (दश हजार मात्र) जरिवाना भएको छ ।

४.२.४ रौतहट जिल्ला, राजपुर न. पा.-१ निवासी एक्रामुल हकले राजपुर नगरपालिकाको कार्यालय, रौतहट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले यस आयोग समक्ष मिति २०७७।१०।२१ मा पुनरावेदन दिएको । प्रस्तुत विषयमा सूचना मागकर्ताले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्र पर्ने विषय नभएको हुँदा सूचना माग गर्दा नै तत्काल उपलब्ध गराउनु पर्ने देखिन्छ । सूचना मागकर्तालाई राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन गर्न आउनु पर्ने अवस्था सिर्जना गराउन आवश्यक देखिँदैन । साथै आयोग समक्ष पुनरावेदन प्राप्त भए पश्चात आयोगबाट विपक्षी राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुखका नाममा पटक पटक लिखित जवाफ माग गर्दा तथा सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना मागकर्ता नागरिकका तर्फबाट माग भएको सूचना उपलब्ध गराउने प्रयास भएको देखिँदैन । यसबाट सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिना नै संवैधानिक तथा कानूनी रूपमा नागरिकलाई प्राप्त अधिकारको वेवास्ता गरेको, कानून पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भई कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज कार्यालय प्रमुख बैंजु ठाकुरलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैर जिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको बिकल्प आयोगसँग रहेन । यसर्थ, नागरिकको संविधान प्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गर्ने राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख बैंजु ठाकुरलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रू. १०,००० (दश हजार रूपैयाँ मात्र) जरिवाना गरिएको छ ।

## परिच्छेद- ५

# वित्तीय तथा भौतिक प्रगति

## ५.१ विनियोजित बजेट र खर्चको विवरण

आर्थिक वर्ष २०७८/७९ मा भएको विनियोजित बजेटमध्ये चालूतर्फ ८८.४४ प्रतिशत र पूँजीगततर्फ ९६.४० प्रतिशत रहेको थियो । समग्रमा वित्तीय प्रगति ८८.७० प्रतिशत रहेको थियो भने भौतिक प्रगति ९२ प्रतिशत रहेको थियो । विस्तृत विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छः

**तालिका नं. ४: आर्थिक वर्ष २०७८/७९ को विनियोजित बजेट र खर्चको विवरण**

**पुजिगततर्फ**

| बजेट शीर्षक | बार्षिक बजेट | असार महिनासम्मको खर्च | बाँकी |
|---|---|---|---|
| मेशिनरी औजार | ७५०००० | ७४३९१२ | ६०८८ |
| फर्निचर तथा फिक्चर्स | ८५०००० | ७९८४८५ | ५१५१५ |
| जम्मा | १६००००० | १५४२३९७ | ५७६०३ |

**चालुतर्फ**

| बजेट शीर्षक | बार्षिक बजेट | असार महिनासम्मको खर्च | बाँकी |
|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | ११०२०००० | १०२८४४८४।३० | ७३५५१५।७० |
| पारिश्रमिक पदाधिकारी | २८८७००० | २८८२८८४ | ४११६ |
| पोशाक | २००००० | १७०००० | ३०००० |
| औषधी उपचार खर्च | २००००० | १५९००० | ४१००० |
| महंगी भत्ता | ५००००० | ४०५३३३ | ९४६६७ |
| कर्मचारीको बैक भत्ता | २००००० | ९४५०० | १०५५०० |
| अन्य भत्ता | २००००० | २५८०० | १७४२०० |
| पदाधिकारी बैठक भत्ता | २००००० | १०६५०० | ९३५०० |
| योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | १००००० | ० | १००००० |
| योगदानमा आधारित विमाकोष खर्च | १००००० | ८१६०० | १८४०० |
| पानी तथा विजुली | ६००००० | १७९०५० | ४२०९५० |
| सञ्चार महसुल | ८५०००० | ४५१७७० | ३९८२३० |
| इन्धन (पदाधिकारी) | ६२५००० | ५८४३९८ | ४०६०२ |
| इन्धन (कार्यालय प्रयोजन) | ७००००० | ६२७१३५।९९ | ७२८६४।०१ |
| सवारी साधन मर्मत खर्च | २८००००० | २७४२७३३ | ५७२६७ |
| विमा तथा नविकरण खर्च | ५००००० | ३०९७०० | १९०३०० |
| मसलन्द तथा कार्यालय सामग्री | १३००००० | १२९७९७५ | २०२५ |
| पुस्तक तथा सामग्री खर्च | १००००० | ८५५०० | १७५०० |
| इन्धन अन्य प्रयोजन | २००००० | ५३१७६ | १४६८२४ |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | ३००००० | ८४०८६ | २१५९१४ |
| सेवा र परामर्श खर्च | ३००००० | १४६९०० | १५३१०० |

| बजेट शीर्षक | बार्षिक बजेट | असार महिनासम्मको खर्च | बाँकी |
|---|---|---|---|
| करार सेवा शुल्क | ५५५९३००० | ५५३२२४० | ६०७६० |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठिसम्बन्धी खर्च | २४००००० | २३९५०९० | ४९१० |
| कार्यक्रम खर्च | ४६००००० | ३३५५९८५ | १२४४०१५ |
| विविध कार्यक्रम खर्च | ६१००००० | ५३१९१२७ | ७८०८७३ |
| अनुगमन | ८५०००० | ७०७३१५ | १४२६८५ |
| विविध खर्च | ५००००० | ४५८३९६ | ४१६०४ |
| घरभाडा | ४७००००० | ४४७००९६ | २२९९०४ |
| कूल जम्मा | ४८६२५००० | ४३००७७७४.२९ | ५६१७२२५.७१ |

## ५.२ विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण


विभिन्न विगत नौ आर्थिक वर्षहरूमा भएको विनियोजित बजेट, खर्च रकम र सोको प्रतिशत निम्न तालिका नं. १२ मा प्रस्तुत गरिएको छः

**तालिका नं. ५: विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण**

| सि नं. | आर्थिक वर्ष | विनियोजित बजेट (रु हजारमा) | खर्च बजेट (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७८।७९ | ५०२२५ | ४४५५० | ८८.७० |
| २ | २०७७।७८ | ५२२३३ | ४३३१७ | ८२.९३ |
| ३ | २०७६।७७ | ६२३४१ | ३९०३० | ६२.६१ |
| ४ | २०७५।७६ | ५०३९९ | ४१०७२ | ८१.५ |
| ५ | २०७४।७५ | ५२०४५ | ४७८०० | ९१.९ |
| ६ | २०७३।७४ | ३९२०१ | ३८१२२ | ९७.३ |
| ७ | २०७२।७३ | ३१३३३ | २८४४० | ९०.८ |
| ८ | २०७१।७२ | २३४६४ | १८७५७ | ८० |
| ९ | २०७०।७१ | २२८९३ | १८६९९ | ८१.७ |
| १० | २०६९।७० | १५५८९ | १५४५३ | ९९.२ |

**चार्ट नं. २ विगत दश वर्षको विनियोजित बजेट र खर्चको विवरण**

आयोगको लागि विनियोजित बजेटको अवस्थालाई अध्ययन गर्दा आर्थिक वर्ष २०७६/७७ पश्चात् प्रत्येक वर्ष विनियोजन



रकम घट्दै गईरहेको पाइन्छ । यसबाट सूचनाको हकको संरक्षण, सम्बर्द्धन तथा प्रचलन गर्न गराउन बाधा पुगिरहेको छ । पर्याप्त रूपमा कार्यक्रमहरु सञ्चालन गर्न नसकिँदा सूचनाको हकका बारेमा नागरिक तहसम्म पुग्न नसकिएको अवस्था रहेको छ ।


## ५.३ प्रशासनिक र कार्यक्रम खर्च

तालिकामा आयोगका लागि नेपाल सरकारबाट प्रशासनिक खर्चका लागि र कार्यक्रमका खर्चका लागि विनियोजन भएको रकमको आर्थिक वर्षगत रूपमा प्रस्तुत गरिएको छ । तालिकाबाट स्पष्ट देखिने विषय भनेको जसरी कूल विनियोजन बजेट घटिरहेको छ, त्योभन्दा तीब्र रूपमा सूचनाको हकको प्रबर्द्धनका लागि सम्पन्न गर्नुपर्ने कार्यक्रमका लागि आवश्यक पर्ने आधारभूत खर्चमा कमी आईरहेको, जसबाट सूचनाको हकसम्बन्धी कानूनले आयोगलाई प्रदान गरेको सूचनाको हकको प्रबर्द्धन, सम्बर्द्धन र प्रचलन गर्ने गराउने सन्दर्भमा सुम्पिएको जिम्मेवारी पूरा गर्न पर्याप्त स्रोत साधनको अभाव भइरहेको छ भन्ने स्पष्ट हुन्छ । आर्थिक वर्ष २०७५/७६ मा कूल बजेटको ३८.४८ प्रतिशत कार्यक्रम खर्च विनियोजन भएकोमा आर्थिक वर्ष २०७८/७९ मा आउँदा २६.०८ प्रतिशत मात्र कार्यक्रम खर्च विनियोजन भएबाट आयोगमा पर्याप्त बजेट विनियोजन हुनु पर्ने आवश्यकता देखिएको छ ।

**तालिका नं. ६ विगत ६ वर्षको विनियोजित प्रशासनिक र कार्यक्रम खर्चको विवरण** (रू. हजारमा)

| क्र. सं. | आर्थिक वर्ष | प्रशासनिक | प्रतिशत | कार्यक्रम | प्रतिशत | कूल |
|---|---|---|---|---|---|---|
| १ | ०७३/७४ | ४११६५ | ७३.४६ | १४८७६ | २६.५४ | ५६०४१ |
| २ | ०७४/७५ | ३६३७७ | ६३.६१ | २०८०७ | ३६.३९ | ५७१८४ |
| ३ | ०७५/७६ | ३१००५ | ६१.५२ | १९३९४ | ३८.४८ | ५०३९९ |
| ४ | ०७६/७७ | ४५८४१ | ७३.५२ | १६५०० | २६.४७ | ६२३४१ |
| ५ | ०७७/७८ | ३६५८३ | ७०.०४ | १५६५० | २९.९६ | ५२२३३ |
| ६ | ०७८/७९ | ३७१२५ | ७३.९२ | १३१०० | २६.०८ | ५०२२५ |

**चार्ट नं. ३ विगत ६ वर्षको विनियोजित प्रशासनिक र कार्यक्रम खर्चको विवरण**



## ५.४ आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण

आर्थिक वर्ष २०७८/७९ मा आयोगका पदाधिकारीहरूले सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (१०), नियम (११), नियम (१२), नियम (१३), नियम (१४), नियम (१५) र बेलाबेलामा नेपाल सरकारले निर्णय गरी तोकेबमोजिम लिएको तलब, भत्ता, घरभाडा, मर्मत खर्च, टेलिफोन, धारा र बिजुली बापतको खर्च, उपचार खर्च र दैनिक भ्रमण भत्ताको विवरण निम्न तालिका नं. १३ मा दिइएको छ ।

**तालिका नं. ७: आर्थिक वर्ष २०७८/०७९ मा आयोगका पदाधिकारीहरूले लिएको भुक्तानीको विवरण**

| नाम | तलब चाडपर्व समेत | बैठक भत्ता | धरमर्मत वा भाडा | टेलिफोन, धारा, बिजुली | उपचार खर्च | दैनिक भ्रमण भत्ता | कूल जम्मा | इन्धन लिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| महेन्द्रमान गुरुङ्ग | ९९६५५६ | २४००० | १८००० | १८००० | ७०१८० | १९९००८ | १३२५७४४ | ९६० | * |
| कमला ओली थापा | ९४३१६४ | २४००० | १४४०० | १८००० | ६६४२० | ४४३७५ | १११३३५९ | ९६० | |
| रत्नप्रसाद मैनाली | ९४३१६४ | २४००० | १४४०० | १८००० | ६६४२० | ४४३७५ | १११३३५९ | ९६० | |

* सूचनाको हकसम्बन्धी १३ औँ अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिँदा रू. १४७९१६।- भ्रमण खर्च ।

## परिच्छेद- ६

# आयोगबाट सम्पन्न भएका प्रबर्द्धनात्मक कार्य

## ६.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ । संविधानले व्यवस्था गरेको सोही प्रावधानलाई सम्मान गर्दै सरकार तथा मातहतका सार्वजनिक निकायलाई खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही बनाउन नेपालको संविधान, २०७२ को भाग ३ मा भएको मौलिक हक र कर्तव्यअन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको हकलाई संवैधानिक रुपमा व्यवस्था गरिएको छ ।

राज्यका कामकारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्बेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउनुका साथै संविधानमा व्यवस्था भएको सूचनाको हकसम्बन्धी प्रावधानलाई कार्यान्वयन गर्न व्यवस्थापिका संसद्बाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी गरिएको थियो ।

सोही ऐनमा संवैधानिक रुपमा नागरिकलाई प्रत्याभूत गरिएको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने प्रयोजनका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरिएको छ । राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि विविध कार्यहरु सम्पादन भएका छन् । यस परिच्छेदमा आयोगले आर्थिक वर्ष २०७८/०७९ मा सूचनाको हकको प्रचलन गर्न गराउन गरेका कार्यहरूलाई अन्तरक्रिया तथा प्रशिक्षण शीर्षकमा, सूचना दिवस, अन्तर्राष्ट्रिय सूचना दिवस र स्थापना दिवसलाई दिवस शीर्षकमा, सूचनाको हकको प्रयोगलाई प्रोत्साहन गर्न गरिएको कार्यलाई पुरस्कार तथा सम्मान शीर्षकमा र प्रचारप्रसारका लागि गरिएका कार्यहरूलाई प्रकाशन तथा प्रचारप्रसार शीर्षकमा राखि ४ भागमा प्रस्तुत गरिएको छ ।

**उद्देश्यः**

- सूचनाको हकसम्बन्धी जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र आमनागरिकमा सचेतना फैलाउने ।
- सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूलाई संविधानप्रदत्त नागरिकको सूचनाको हकको सम्मान गर्न उत्प्रेरित गर्ने ।
- सार्वजनिक निकायहरूलाई तीन/तीन महिनामा आ-आफ्नो निकायबाट सम्पादन भएका कार्यको विवरण सार्वजनिक गर्न प्रोत्साहित गर्ने ।
- सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गर्न आदेश दिने र तोकिएका सूचना अधिकारीलाई तालिम र अभिमुखीकरण कार्यक्रमहरुमार्फत् सूचना प्रवाहलाई सरल र सहज बनाउन सक्षम बनाउने ।
- सार्वजनिक निकायमा सूचना माग भएको विवरण छुट्टै अभिलेखमा राख्ने पद्धति विकास गरी एकरुपता अपनाउन प्रेरित गर्ने ।
- कानूनले तोकेकै अवधिभित्र माग भएको सूचना दिन जिम्मेवार पदाधिकारीहरूलाई उत्प्रेरित गर्ने र नागरिकले पाउनु पर्ने सूचना नपाएमा उजूरी वा पुनरावेदन गर्ने निकायको बारेमा जानकारी दिने ।
- ऐनमा व्यवस्था भएको सूचनाको वर्गीकरण गरी दिनु पर्ने/नपर्ने सूचनाको जानकारी प्रदान गर्ने ।

- सूचनाको हकसम्बन्धी ऐन नियमको व्यवस्था र विश्वव्यापी प्रचलनबारे जानकारीमूलक सन्देश प्रवाह गर्ने गराउने ।
- सार्वजनिक निकायलाई सुशासनयुक्त र पारदर्शी बनाउने हेतु नागरिकलाई सूचना माग गर्न प्रेरित गर्ने ।

## ६.२ अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ को उपदफा (१) मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भनिएको छ । यसरी आयोगलाई सूचनाको हकको सम्बर्द्धन गर्ने पनि जिम्मेवारी प्राप्त भएबमोजिम आयोगले विभिन्न अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ । बजेटको सीमितताले गर्दा पर्याप्त मात्रामा कार्यक्रम सञ्चालन गर्न नसकिएता पनि सञ्चालन भएका कार्यक्रमहरूले सहभागीहरूलाई सूचनाको हक कार्यान्वयनमा प्रोत्साहित गरेको आयोगको ठहर रहेको छ ।

यस आर्थिक वर्षमा २७ वटा कार्यक्रममार्फत महिला १८४ र पुरूष ११०७ गरी जम्मा १२९१ जना कार्यालय प्रमुख, सूचना अधिकारी, जनप्रतिनिधि, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी तथा आमनागरिकलाई अभिमुखीकरण गरिएको थियो ।

### ६.२.१ थाहा नगरपालिकामा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी समुदाय र समूहसाग अन्तरक्रिया कार्यक्रम

२०७८ साल असोज १८ गते थाहा नगरपालिका, मकवानपुरमा सूचनाको हक कार्यान्वयनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आयोगका सूचना आयुक्त श्री कमला ओलीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता थाहा नगरपालिकाका मेयर लवशेर विष्टले गर्नु भएको थियो । कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, विभिन्न पेसा, व्यवसायमा क्रियाशील व्यक्ति, पत्रकार, अभियन्ता तथा विभिन्न समूहहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा आयोगका सूचना आयुक्त श्री कमला ओली थापाले सही, सत्य र तथ्यपूर्ण सूचना प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक निकायलाई कञ्जुस्याइँ नगर्न आग्रह गर्दै सूचना मागकर्ता र सूचनादाताबीचको सम्बन्ध सुदृढ रहनुपर्ने कुरामा जोड दिनुभयो । आयोगका सचिव श्री भागीरथ पाण्डेयले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने थाहा नगरपालिकाका मेयर श्री लवशेर विष्टले सूचनाको हक कार्यान्वयनमा थाहा नगरपालिका अगाडि रहेको र सधैं यो विषयलाई अग्रपङ्क्तिमा राखेर काम गरिरहेको बताउनु भयो । थाहा नगरपालिकाका उपमेयर श्री खड्ग बागोपालीले पनि मन्तव्य राख्नु भएको कार्यक्रममा सहभागीलाई आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले स्वागत गर्नु भएको थियो । सहभागीका तर्फबाट राखिएका जिज्ञासाको जवाफ सूचना आयुक्त श्री कमला ओलीले दिनुभएको थियो । सो कार्यक्रममा ७ जना महिला र ५९ पुरूषसहित जम्मा ६६ जनाको सहभागिता रहेको थियो ।

### ६.२.२ प्युठान जिल्लामा सूचनाको हकसम्बन्धी कार्यक्रम

राष्ट्रिय सूचना आयोगको आयोजनामा जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी लगायत सूचनाका हकका अभियन्ताहरूसँग मिति २०७८ मंसिर २ गते प्युठान जिल्ला सदरमुकाममा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा जिल्ला समन्वय समिति प्युठानका प्रमुख श्री केशब राज आर्चाय प्रमुख अतिथिका रूपमा आमन्त्रित हुनुहुन्थ्यो ।

कार्यक्रममा मन्तव्य राख्दै जिल्ला प्रशासन कार्यालय प्यूठानका प्रमुख जिल्ला अधिकारी श्री खिमराज भुसालले सूचनाको हकलाई कार्यान्वयन गर्ने र प्रत्येक सूचनाहरु सरोकारवालाहरूसँग पुर्‍याउने विषयमा काम गरिरहेको बताउँदै सूचनाहरु सकेसम्म छिटोछरितो र सर्वसुलभ ढङ्गबाट आमनागरिकको तहसम्म पुर्‍याउनु जिल्ला प्रशासन कार्यालय प्यूठान क्रियाशील रहेको बताउनु भयो ।

जिल्ला समन्वय समिति प्रमुख श्री केशब राज आर्चायले सूचनाको हकसम्बन्धी कानूनको अध्ययन सबैले गर्नु पर्ने, सूचना अधिकारीले शाखा प्रमुख, कार्यालय प्रमुखसँग समन्वय गरेर माग गरिएका सूचना उपलब्ध गराउनु

पर्ने तथा सूचना अधिकारीलाई सेवासुविधा दिनु पर्नेमा जोड दिनु भयो ।

प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिंदै सूचनाको हकसम्बन्धी व्यवस्थाको उचित अभ्यासले सुशासन ल्याउन मद्दत पुग्ने भएकोले माग पक्षद्वारा माग गरिएका सूचना दिन आनाकानी नगर्न, सूचना व्यवस्थित गरेर अभिलेख राख्न, स्वतः प्रकाशन अनिवार्य गर्न निर्देशन दिनु भयो । सो कार्यक्रममा २ जना महिला र ८७ पुरूषसहित जम्मा ८९ जनाको सहभागिता रहेको थियो ।

### ६.२.३ सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीसँग भेट

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय श्री त्रिलोचन भट्टसँग राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा २०७८ मंसिर ५ गते भेट गर्नु भयो । उक्त भेटका अवसरमा मुख्यमन्त्री श्री भट्टले सूचनाको हकको महत्वबारे आफू धेरथोर जानकार भएको बताउँदै स्वाभाविक रूपमा सूचना दिने वातावरण बनाउन सूचना मागकर्तालाई बिनाझन्झट सूचना उपलब्ध गराइदिने तथा सम्पूर्ण सार्वजनिक निकायहरूलाई स्वतः प्रकाशन गर्न लगाउने प्रतिबद्धता व्यक्त गर्नु भयो । नागरिकलाई बलियो बनाउने विषयमा प्रदेश सरकार सधैं लागिरहने प्रतिबद्धतासहित सूचनाको उपयोग गर्ने गराउनेतर्फ र सूचनाको हकसम्बन्धी कानून समयानुकूल बनाउन सुझाव दिनुभयो । सूचनाको हकलाई प्रयोगमा ल्याउनका लागि बजेट व्यवस्था गर्न प्रदेश सरकार तयार रहेको बताउनु भएका मुख्यमन्त्री भट्टलाई प्रमुख आयुक्त गुरूङ्गले सूचनाको हक कार्यान्वयनका लागि प्रदेश सरकारको प्रतिबद्धता आवश्यक रहेको उल्लेख गर्दै सहयोग र समन्वयका लागि अनुरोध गर्नुभयो ।

### ६.२.४ सुदूरपश्चिम प्रदेश प्रमुखसँग छलफल

सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय श्री देवराज जोशीसँग राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले प्रदेश प्रमुखको निवासमा मिति २०७८ मंसिर ५ गते भेट गर्नु भयो । प्रदेश प्रमुख जोशीले नागरिकलाई बलियो एवम् समृद्ध बनाउने संवैधानिक तथा कानूनी व्यवस्थाप्रति आk्नो प्रतिबद्धता रहेको र कार्यान्वयनका लागि आवश्यक सहयोग रहने विश्वास दिलाउनु भयो । उक्त अवसरमा प्रमुख आयुक्त गुरूङ्गले सूचनाको हकको संवैधानिक तथा कानून व्यवस्था, यसको आवश्यकता, कार्यान्वयनको अवस्था र अपेक्षाका वारेमा जानकारी गराउनु भयो । साथै प्रमुख आयुक्त गुरूङ्गले आयोगले सम्पादन गरिरहेको कार्य र प्रदेश नेतृत्वबाट अपेक्षित सहयोग र प्रतिबद्धताका बारेमा अवगत गराउनु भएको थियो ।

### ६.२.५ सुदूरपश्चिम प्रदेश मन्त्रालयहरूका सचिवहरूसँग छलफल

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्ग सुदुरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७८ मंसिर ५ मा आयोजित प्रदेश सरकारका मन्त्रालयका सचिवहरूसँगको अन्तरक्रियामा सहभागी हुनुभयो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख आयुक्त गुरूङ्गले सूचना अधिकारी तोक्ने तथा स्वतः प्रकाशन गर्ने विषयमा मन्त्रालयका वेबसाइट अद्यावधिक नभएको हुँदा अद्यावधिक गर्ने, स्वतः प्रकाशन नियमित रूपमा गर्ने, सूचना माग भएको, उपलब्ध गराएको विवरण राख्न, सूचना दिने वातावरण बनाउन निर्देशन दिनु भयो । सूचना जुनसुकै विषयमा माग्न पाउने नागरिकको मौलिक हकमा शङ्का वा अवरोध नगर्न र सूचना अधिकारीलाई सक्षम बनाउन छुट्टै बजेट व्यवस्था गर्न अनुरोध पनि प्रमुख आयुक्त गुरूङ्गले गर्नु भयो । उक्त अवसरमा प्रमुख सचिव श्री मधुसुदन बुर्लाकोटीले वेबसाइट अपडेट गरी जानकारी दिन, सूचना उपलब्ध गराउन सबै सचिवहरूलाई निर्देशन दिनु भयो । छलफलको क्रममा सबै मन्त्रालयका सचिवहरूको उपस्थिति रहेको थियो । सबैले आआफ्नो मन्त्रालयको अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो ।

### ६.२.६ महोत्तरी जिल्लामा सूचनाको हकसम्बन्धी कार्यक्रम

राष्ट्रिय सूचना आयोगको आयोजनामा महोत्तरी जिल्लास्थित सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी, कर्मचारीहरूसँग २०७८ मंसिर १३ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको प्रमुख अतिथि

जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख श्री सुरेशकुमार सिंह रहनु भएको थियो ।

सूचना आयुक्त मैनालीले जिल्लास्थित कार्यालयका प्रमुख र सूचना अधिकारीको आधारभूत दायित्व विषयमा विस्तृत प्रस्तुतीकरण गर्दै सूचनाको हक संवैधानिक र कानूनी रूपमा व्यवस्था भएको नागरिक अधिकार भएको बताउनु भयो । सूचना माग गरेको, आंशिक सूचना उपलब्ध गराएको, दिन इन्कार गरेको र उजुरी गरेकोजस्ता विषय समेट्ने गरी छुट्टै रजिष्टर राख्ने व्यवस्था मिलाउन जिल्लाका कार्यालय प्रमुखहरूलाई निर्देशन दिंदै यसबारेमा मासिक रूपमा प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउन, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्न र सूचना प्रवाहलाई सहजीकरण गर्न, जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरूबाट सम्पादन भएका सूचनाको हकसम्बन्धी कार्यक्रमबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउन सूचना आयुक्त मैनालीले आग्रह गर्नु भयो ।

जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख श्री सुरेशकुमार सिंहले सूचनाको हक लोकतन्त्रको गहना भएको बताउँदै कुशासन र भ्रष्टाचारको दुष्चक्रबाट मुक्त हुन यो महत्वपूर्ण रहेको बताउनुभयो । सूचनाको हकबाट सरोकारवाला निकायले के गर्दै छन् भन्ने जानकारी नागरिकले पाउने हुँदा यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लैजाउनु पर्ने, अझ स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, समुदाय र समूहहरूसम्म सूचनाको हकका बारेका कार्यक्रम पुऱ्याउन सके सुशासन कायम गर्न मद्दत पुग्ने धारणा राख्नुभयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकको कार्यान्वयनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै सूचना मागकर्ताले मागेको सूचना सम्भव भए तत्काल र नभए १५ दिनभित्र दिनु पर्ने तर जीउज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टाभित्र उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्थाबारे उल्लेख गर्नुभयो । महोत्तरीका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव दाहाल र सहायक प्रमुख जिल्ला अधिकारी श्री उपेन्द्र न्यौपानेले सूचनाको हकका बारे मन्तव्य राख्नु भएको सहभागीलाई आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले स्वागत गर्नु भएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ महोत्तरीका सभापति श्री कमलेश मण्डल, श्री ध्रुवकुमार झा, श्री राकेश चौधरी, श्री लक्ष्मीनिया ठाकुर, श्री गणेश मिश्रलगायतका सहभागीबाट राखिएको जिज्ञासाको जवाफ सूचना आयुक्त रत्नप्रसाद मैनालीले दिनुभएको थियो । आयोगका कानुन अधिकृत श्री सन्जिप कुमार अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा ९३ जना पुरूषको मात्र सहभागिता रहेको थियो ।

### ६.२.७ सप्तरी जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगबाट सप्तरी जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी, कर्मचारीहरूसँग २०७८ मंसिर १५ गते सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो । आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादव रहनु भएको थियो ।

कार्यक्रममा सूचना माग गर्ने नागरिकसँग मैत्रीपूर्ण व्यवहार गर्न जिल्लाका कार्यालय प्रमुख र सूचना अधिकारीहरूलाई आग्रह गर्दै सूचना माग गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलिन, निवेदनमा तोक लगाउने व्यवस्था नगर्न तथा हुलाक, इमेल र फ्याक्सबाट पनि सूचना माग गर्न सकिने भएकोले सोही अनुसार गर्न आयुक्त मैनालीले निर्देशन दिनु भयो ।

कार्यक्रमका प्रमुख अतिथि तथा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख श्री प्रभाकर यादवले सूचनाको हक कार्यान्वयनका लागि विद्यमान ऐनमा भएको व्यवस्थाबाटै सूचना उपलब्ध गराएमा पारदर्शिता र सुशासन कायम गर्न मद्दत पुग्ने हुनाले सूचना छिटोछरितो र भरपर्दो तरिकाले उपलब्ध गराउनुपर्नेमा जोड दिनु भयो । सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतमले सूचना माग गर्ने नागरिकको अधिकारलाई संविधान तथा कानूनले प्रत्याभूत गरेको र यसको कार्यान्वयनका लागि प्रत्येक कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको अनिवार्य दायित्व रहेकोले जिल्लास्थित सबै सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचना अधिकारी तोक्न निर्देशन दिंदै सूचना मागकर्तालाई बिनाझन्झट सूचना उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकको कार्यान्वयनका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको

थियो भने आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले कार्यक्रमका सहभागीलाई स्वागत गर्नु भएको थियो । श्री एकराज भट्टराई, श्री चन्दन यादव, श्री कैलाश माझी, श्री राजु मिश्र, श्री हेकशङ्कर सिंह, श्री मनोजकुमार यादवलगायतका सूचनाको हकका अभियन्ता र कार्यालय प्रमुख तथा सूचना अधिकारीहरूले सप्तरी जिल्लामा सूचना माग गर्दा र सूचना प्रदान गर्दाका जटिलताबारे जिज्ञासा राख्नु भएको थियो । आयोगका कानुन अधिकृत श्री सन्जिप कुमार अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा २० जना महिला र ११६ जना पुरूषसहित १३६ जनाको सहभागिता रहेको थियो ।

### ६.२.८ धनगढीमाई नगरपालिकामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगबाट २०७८ मंसिर १६ गते धनगढीमाई नगरपालिका सिरहाका स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी समुदाय र सरोकारवालाहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा धनगढीमाई नगरपालिकाका प्रमुख श्री हरिनारायण चौधरी प्रमुख अतिथि र उपप्रमुख श्री सुरकुमारी श्रेष्ठ अतिथि रहनु भएको थियो । कार्यक्रममा सूचना आयुक्त मैनालीले सूचनाको हक संवैधानिक र कानूनी रूपमा व्यवस्था भएको नागरिक अधिकार भएकोले यसको कार्यान्वयन गर्नु कानुनी दायित्व रहेकोमा जोड दिनुभयो । स्थानीय सरकारको नागरिकसँग जीवन्त सम्बन्ध हुने भएकोले स्थानीय तहका जनप्रतिनिधि, कार्यालय प्रमुख र सूचना अधिकारी नागरिक अधिकारप्रति सबैभन्दा उत्तरदायी हुन आवश्यक रहेकोले सूचनाको हकका बारेमा नागरिक चेतना बृद्धि गर्न कार्यक्रम सफल हुने विश्वास आयुक्त मैनालीले व्यक्त गर्नु भयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकको प्रयोग गरी दिने उजुरी, निवेदन र पुनरावेदनको प्रक्रियाबारे विस्तृत प्रकाश पार्नुभएको कार्यक्रमका सहभागीलाई आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले स्वागत गर्नु भएको थियो ।

कार्यक्रममा सुरजकुमार यादव (७ नम्बर वडा सदस्य), वीरबहादुर खुलाल (११ नम्बर वडा सदस्य), सावित्रा साह (सूचना अधिकारी), कृष्णकुमार यादव (४ नम्बर वडा सचिव), जीवनारायण यादव, राजु श्रेष्ठ, आशिश विश्वकर्मा (सञ्चारकर्मी), नितु सिंह, रमेश साह, लगायतका सहभागीले सूचनाको हकको प्रयोग र प्रचलनका बारेमा जिज्ञासा राख्नुभएको थियो । सहभागीहरूबाट राखिएका जिज्ञासाहरूको जवाफसहित कार्यक्रमको अध्यक्षतासमेत गर्नुभएका सूचना आयुक्त रत्नप्रसाद मैनालीले कार्यक्रम समापन गर्नुभएको थियो । आयोगका कानुन अधिकृत श्री सन्जिप कुमार अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा २६ महिला र ७५ पुरूषसहित १०१ जनाको सहभागिता रहेको थियो ।

### ६.२.९ सूचनाको हकको कार्यान्वयनमा युवा तथा खेलकुद मन्त्रालयको सक्रियता

युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा मन्त्रालय र मातहतका निकायमा सूचनाको हक कार्यान्वयनसम्बन्धी गोष्ठी २०७८ मंसिर २६ गते सम्पन्न भयो । युवा तथा खेलकुद मन्त्रालयको हलमा आयोजित सो कार्यक्रम मन्त्रालयका सचिव डा. दामोदर रेग्मीको अध्यक्षता र राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । मन्त्रालयका उपसचिव श्री यमेन्द्र उपाध्यायको स्वागत मन्तव्यसहित सुरू भएको कार्यक्रममा सूचना आयुक्त रत्नप्रसाद मैनाली र युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सूचनाको हकको प्रयोग र प्रचलनका बारेमा कार्यपत्रसहित मन्तव्य राख्नु भएको थियो ।

सूचनाको हकको कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयले देखाएको सक्रियताको प्रशंसा गर्दै अन्य मन्त्रालय र सार्वजनिक निकायले पनि युवा तथा खेलकुद मन्त्रालयले जस्तै सक्रियता देखाए सुशासन प्रबर्द्धनमा सहयोग पुग्ने विश्वास सूचना आयुक्त मैनालीले व्यक्त गर्नुभयो । आधारभूत कानुनी दायित्व पनि पूरा गर्न नसके नागरिकलाई कानुन पालना गर भन्ने नैतिक अधिकार नहुने उल्लेख गर्दै कानुन कार्यान्वयन गर्ने निकायमा रहेका जिम्मेवार राष्ट्रसेवकहरूले सुशासन र पादर्शिता कायम राख्न पूरा गर्नुपर्ने न्यूनतम् कानुनी प्रावधानको सम्मान गर्न पनि कानुनले व्यवस्था गरेको सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन ३/३ महिनामा नियमित प्रकाशन गर्न आयुक्त मैनालीले आग्रह गर्नुभयो । आयोगका क्रियाकलाप तथा सूचनाको हकको प्रयोगमा अन्तर्राष्ट्रियस्तरमा भएका असल अभ्यासबारे चर्चा गर्दै सूचना आयुक्त मैनालीले सहभागीबाट राखिएका

जिज्ञासाको जवाफ दिनु भएको थियो ।

प्रस्तुतीकरणसहित आफ्नो मन्तव्य राख्ने क्रममा मन्त्रालयका सचिव डा. रेग्मीले सूचना अधिकारी र राष्ट्रिय सूचना आयोगबीच जीवन्त समन्वय आवश्यक रहेकोमा जोड दिंदै सूचनाहरु नियमितरुपमा अद्यावधिक गर्न नसके सूचना पाटी राख्नुको कुनै अर्थ नरहेकोले मातहतका निकायलाई सूचना पाटी अद्यावधिक गर्न निर्देशन दिनुभयो । युवा तथा खेलकुद मन्त्रालयले प्रत्येक वर्ष सूचनाको हकको बारेमा अन्तर्क्रियात्मक कार्यक्रम गर्ने गरेको बताउँदै सचिव डा. रेग्मीले जसले सूचना माग गर्नुपर्ने हो उसलाई सूचनाको हकसम्बन्धी कानुनी प्रावधानबारे जानकारी नभएकोले यस्तो परिपाटीको अन्त्य हुनुपर्ने तथा सूचनाको हकलाई दुरुपयोग गर्नेलाई कार्वाही हुनुपर्ने बताउनु भयो । कार्यक्रममा मन्त्रालयका सहसचिवहरु डा. कमलप्रसाद पोखरेल, विष्णुराज ढकाल, राष्ट्रिय युवा परिषद्, राष्ट्रिय खेलकुद परिषद्, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, नेपाल स्काउटका प्रतिनिधिलगायत मन्त्रालयका कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा भएको प्रस्तुतीकरण आफूहरुका लागि उपयोगी भएको बताउँदै सहभागीहरुबाट सूचनाको हकको कार्यान्वयनमा प्रतिबद्धता व्यक्त भएको थियो ।

### ६.२.१० कैलाली जिल्लामा सूचनाको हकसम्बन्धी कार्यक्रम

राष्ट्रिय सूचना आयोगले कैलाली जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, आमसञ्चारकर्मी, कर्मचारीहरुसँग २०७८ मंसिर २७ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्‍यो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री कमला ओली थापाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा धनगढी नगरपालिकाका कार्यवाहक प्रमुख श्री माधव राना प्रमुख अतिथि रहनु भएको थियो ।

सूचना आयुक्त थापाले सही सत्य र तथ्य सूचना प्रवाह गर्ने सन्दर्भमा कन्जुस्याइँ नगर्न सार्वजनिक निकायलाई आग्रह गर्दै सूचना मागकर्ता र सूचनादाताबीचको सम्बन्ध सुदृढ रहनुपर्नेमा जोड दिनुभयो । सूचनाको हक संवैधानिक र कानुनी रुपमा व्यवस्था गरिएको नागरिक अधिकार भएकोले सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलिन, निवेदनमा तोक लगाउने व्यवस्था नगर्न आग्रह गर्नु भयो ।

कार्यक्रमका प्रमुख अतिथि धनगढी नगरपालिकाका कार्यवाहक प्रमुख रानाले सूचना मागकर्ताले माग गरेको सूचना छिटोछरितो र भरपर्दो तरिकाले उपलब्ध गराउन स्थानीय तहहरुमा सूचना अधिकारी तोकिएको बताउनु भयो । कार्यक्रममा कैलाली जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री हिरालाल चौधरीले सूचना आयोगले धनगढी जिल्लामा कार्यक्रम आयोजना गर्न छनौट गरेकोमा धन्यवाद दिंदै जिल्लास्थित कार्यालयका प्रमुख र सूचना अधिकारीहरुलाई सूचना दिन कार्यक्रमबाट प्रेरणा मिल्ने धारणा व्यक्त गर्नुभयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचना प्रवाह गर्न कञ्जुस्याइँ नगर्न आग्रह गर्दै कार्यपत्र प्रस्तुत गर्नु भएको कार्यक्रममा सहभागीलाई आयोगका उपसचिव श्री विश्वबन्धु पौडेल स्वागत गर्नुभएको थियो । सहभागी श्री वीरेन्द्र भट्टले सूचना माग गर्ने नागरिकप्रति सूचना अधिकारी र कार्यालय प्रमुखहरुले राम्रो व्यवहार गर्ने नगरेको तथा सूचना दिनै नचाहने प्रवृत्ति रहेको बताउँदै धनगढी उपमहानगरपालिकाले नै सूचना माग गरिएको निवेदन फिर्ता गरेको बताउनु भयो । सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल नेपाल सुदुरपश्चिमका श्री प्रेम ढुङ्गानाले कानुनले सूचना दिनुपर्छ भने पनि सरकारी निकायका प्रमुखले सूचना दिन इन्कार गर्ने गरेको बताउँदै नागरिकले कर तिरेको पैसा कहाँ खर्च भयो भनेर जान्न खोज्दा त्यस्तो सूचना दिन इन्कार गर्ने प्रवृत्तिले सुशासन र पारदर्शीता कायम हुन नसक्ने बताउनु भयो । कार्यक्रममा ११ जना महिला र ८५ जना पुरुषसहित ९६ जनाको सहभागिता रहेको थियो ।

### ६.२.११ सूचनाको हकमा महिला सशक्तीकरण कार्यक्रम

सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकले दिगो विकास, समृद्धि र सुशासन चाहेको उल्लेख गर्दै सूचनाको हक अधिकारमात्र नभई कर्तव्य पनि भएको बताउनु भएको छ । राष्ट्रिय सूचना आयोगद्वारा सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयमा काठमाडौंमा आयोजित राष्ट्रिय विचार गोष्ठीलाई सम्बोधन गर्दै माननीय मन्त्रीज्यूले भन्नुभयो, 'अशिक्षा, गरिबी र पछौटेपनले गर्दा नेपालमा महिलाहरु पछि परेका छन् ।' महिलाहरु पछि पर्नुका कारणहरुको खोजी र निराकरणका उपायहरु पहिल्याउनु

पर्नेमा जोड दिंदै मन्त्री कार्कीले महिला उत्थानका लागि विशेष समर्पण र त्यागको जरूरी भएकोले समाजको वास्तविकता बुझेर महिलाको उत्थानमा लाग्नु पर्ने बताउनु भयो । माननीय मन्त्रीज्यूले भन्नुभयो, 'जबसम्म गरिबी र अशिक्षा रहन्छ, तबसम्म महिलाहरूलाई माथि उठाउन नसकिने भएकोले यी तमाम चुनौतीहरूको सामना गरेरमात्र अवसर सिर्जना गर्न सकिन्छ ।'

पुस १२ गते आयोजित सो कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले गर्नुभएको भएको थियो भने नेपाल सरकारका प्रवक्ता, सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्की प्रमुख अतिथि रहनु भएको थियो । राष्ट्रिय महिला आयोगका अध्यक्ष श्री कमला पराजुली अतिथि रहनुभएको सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्तद्वय श्री कमला ओली थापा र श्री रत्नप्रसाद मैनाली, बरिष्ठ सञ्चारकर्मी बबिता बस्नेत, यूएन वुमनका कार्यक्रमप्रमुख श्री सन्तोष आचार्यको सहभागिता रहेको थियो । आयोगका सचिव श्री भागिरथ पाण्डेले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन शाखा अधिकृत श्री डिल्लीराम भट्टले गर्नुभएको थियो ।

कार्यक्रमा सूचना आयुक्त श्री कमला ओली थापाले सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा सूचनाको हकको आवश्यकता, सूचनाको हकमा अन्तर्राष्ट्रिय अभ्यास, नेपालको संवैधानिक इतिहासमा सूचनाको हकको व्यवस्था, यसको कानुनी व्यवस्था, सूचनाको हकसम्बन्धी विश्वव्यापी सिद्धान्त, ग्लोवल आर.टी.आई. रेटिङमा नेपालको स्थान, International Conference of Information commissioners (ICIC) मा महिला सहभागिता, सूचनाको हकमा महिला सहभागिताको सम्बन्धमा राष्ट्रिय सूचना आयोगवाट भएका कार्यहरु र सूचनाको हकमा महिला सहभागिताको आवश्यकताका साथै सूचनाको हकमा महिला सहभागिताका चुनौतीहरु र अवसरहरूका बारेमासमेत सूचना आयुक्त थापाले प्रष्ट पार्नु भएको थियो । कार्यपत्रउपर युएन वुमनका कार्यक्रम प्रमुख सन्तोष आचार्य, बबिता बस्नेत टिप्पणी गर्नु भएको थियो भने सहभागीहरूबाट कार्यपत्र र सूचनाको हकका विषयमा जिज्ञासा राखिएको थियो ।

प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा विभिन्न सरकारी निकायका प्रतिनिधिहरु, नेपाल बार एशोसियशन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो । सो कार्यक्रममा २० जना महिला र ८३ पुरूषसहित जम्मा १०३ जनाको सहभागिता रहेको थियो ।

### ६.२.१२ लुम्बिनी प्रदेशका मुख्यमन्त्रीसँग छलफल

सूचनाको हकको कार्यान्वयनमा प्रदेश सरकारको सक्रियताका लागि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री कुलप्रसाद केसीसँग २०७८ माघ १६ गते भेट गरी महत्वपूर्ण छलफल गर्नु भयो । बुटवलस्थित लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको सो भेटमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त मैनालीले सूचनाको हकसम्बन्धी कानुनी प्रावधान, यसको महत्व, अन्तर्राष्ट्रियस्तरमा भएका असल अभ्यास तथा सूचनाको हकको कार्यान्वयनमा राष्ट्रिय सूचना आयोगबाट भएका कार्यहरूबारे लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री केसीलाई जानकारी गराउने कार्य भयो ।

सो क्रममा नागरिकको बिशिष्ट संवैधानिक हकका रूपमा स्थापित हक सूचनाको हकको कार्यान्वयनलाई अझै सहज बनाउन आवश्यक बजेट र सहयोगको अपेक्षा आयोगले लुम्बिनी प्रदेश सरकारबाट गरेको बताउनु भयो । देश संघीयता कार्यान्वयनमा गइसकेको अवस्थामा प्रादेशिक सूचना आयोग गठन गर्न राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सुझाव दिएको स्मरण गर्दै सूचना आयुक्त मैनालीले प्रदेशस्तरमा सूचनाको हकसम्बन्धी कानुन बनाउन, प्रादेशिक सूचना आयोग गठन गर्न अथवा प्रदेश मुख्यमन्त्री कार्यालय मातहत राष्ट्रिय सूचना आयोगको शाखा वा सम्पर्क कार्यालय स्थापनाका लागि आवश्यक पहलका लागि माननीय मुख्यमन्त्रीको ध्यानाकर्षण गराउनु भयो ।

सूचनाको हकको सम्मान गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको जनाउँदै मुख्यमन्त्री केसीले सूचनाको हकको कार्यान्वयनका लागि आफूले यथाशक्य पहल गर्ने बताउनु भयो । प्रादेशिक सूचना आयोग गठन गर्दा व्यवस्थापकीय हिसावले कति सम्भव छ भन्ने विषयमा आफूले प्रदेशका माननीय मन्त्रीहरु तथा सरोकारवालाहरूसँग गम्भीर

छलफल गरी छिट्टै निष्कर्षमा पुग्ने बताउँदै माननीय मुख्यमन्त्री श्री कुलप्रसाद केसीले सूचनाको हकको प्रबर्द्धनका लागि आवश्यक बजेट र सूचना आयोगको सम्पर्क वा शाखा कार्यालय स्थापनाका लागि तत्काल पहल गर्ने बताउनु भयो । सूचनाको हकको कार्यान्वयनमा देखाएको प्रतिबद्धताका लागि मुख्यमन्त्री माननीय श्री कुलप्रसाद केसीलाई सूचना आयुक्त मैनालीले धन्यवाद ज्ञापन गर्नुभयो ।

### ६.२.१३ रुकुम पूर्व जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगको वार्षिक कार्यक्रमअन्तर्गत रूकुम पूर्व जिल्लामा २०७८ फागुन ९ गते जिल्लास्थित जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मीलगायतको उत्साहपूर्ण सहभागितामा सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो । सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रूकुम पूर्व जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख श्री गजेन्द्रबहादुर ओली प्रमुख अतिथि रहनु भएको थियो ।

कार्यक्रममा सूचना आयुक्त मैनालीले सूचनाको हकको विषयमा भएका संवैधानिक र कानूनी व्यवस्था तथा त्यसको कार्यान्वयनमा सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी र सूचना मागकर्ता नागरिकको दायित्वका विषयमा केन्द्रित रहेर प्रस्तुतीकरण गर्नु भएको थियो ।

सञ्चारकर्मी श्री सर्जना कार्कीले सञ्चालन गर्नुभएको कार्यक्रममा आयोगका सचिव श्री भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयनका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने आयोगका उपसचिव श्री विश्ववन्धु पौडेलले स्वागत मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति रूकुम पूर्वकी उपप्रमुख श्री भीमकुमारी पुन, पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष श्री ओमप्रकाश घर्ती, भुमे गाउँपालिकाका अध्यक्ष श्री रामसुर बुढा, सिस्ने गाउँपालिकाका अध्यक्ष श्री कुमारी बराल गौतम र उपाध्यक्ष श्री गोबर्द्धन बुढा, प्रमुख जिल्ला अधिकारी श्री कृष्ण खड्का र नेपाल पत्रकार महासंघ रूकुम पूर्वका अध्यक्ष श्री लक्ष्मण के.सी. अतिथिका रूपमा आमन्त्रित हुनुहुन्थ्यो । कार्यक्रममा श्री विक्रम परियार, श्री दिपक आचार्य, श्री रबिन वि.क. लगायतका सहभागीबाट सूचनाको हकको प्रयोग र प्रचलन तथा आयोगको भूमिकाबारे जिज्ञासा राखिएको थियो ।

### ६.२.१४ रुकुम पश्चिम जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगको वार्षिक कार्यक्रमअन्तर्गत रूकुम पश्चिम जिल्लामा २०७८ फागुन १० गते जिल्लास्थित जनप्रतिनिधि, कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मीलगायतको उत्साहपूर्ण सहभागितामा सूचनाको हकसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो । सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मुसिकोट नगरपालिकाका नगर प्रमुख श्री देवीलाल गौतम प्रमुख अतिथि रहनु भएको थियो ।

कार्यक्रममा सूचना आयुक्त मैनालीले सूचनाको हकको विषयमा भएका संवैधानिक र कानूनी व्यवस्था तथा त्यसको कार्यान्वयनमा सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी र सूचना मागकर्ता नागरिकको दायित्वका विषयमा केन्द्रित रहेर प्रस्तुतीकरण गर्नु भएको थियो ।

सञ्चारकर्मी श्री दीपेन्द्र महतले सञ्चालन गर्नुभएको कार्यक्रममा आयोगका सचिव श्री भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयनका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने आयोगका उपसचिव श्री विश्ववन्धु पौडेलले स्वागत मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माका प्रेसविज्ञ श्री गोविन्द रोका 'सचिन', प्रमुख जिल्ला अधिकारी श्री परमानन्द घिमिरे, रूकुम पश्चिम जिल्ला जिल्ला समन्वय समितिकी उपप्रमुख श्री इन्दिरा वि.एम., नेपाल पत्रकार महासंघ रूकुम पश्चिमका अध्यक्ष श्री लक्ष्मण के.सी., नेपाल पत्रकार महासंघ सल्यानका अध्यक्ष श्री नवीन पौडेल, नेपाल पत्रकार महासंघ रूकुम पश्चिमका पूर्व अध्यक्ष श्री गणेश वि.क. 'चिन्तन' अतिथिका रूपमा आमन्त्रित हुनुहुन्थ्यो ।

कार्यक्रममा श्री भूपालसिं विष्ट (प्रमुख प्रशासकीय अधिकृत, सानीभेरी गापा), श्री रूद्रप्रसाद पन्थी (न्यायाधीवक्ता,

जिल्ला अदालत), श्री राजेन्द्र वि.सी. (कार्यालय प्रमुख जिल्ला हुलाक कार्यालय), जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक तथा सूचना अधिकरी श्री डेकेन्द्र शर्मा, नेल बार रूकुम पश्चिमका अध्यक्ष गणेश हमालगायतले सूचनाको हकको कार्यान्वयन र आयोगका भूमिकाका विषयमा जिज्ञासा राख्नु भएको थियो । सूचना आयुक्त मैनालीले सहभागीको जिज्ञासाको जवाफ दिनु भएको थियो ।

### ६.२.१५ माई नगरपालिकामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

राष्ट्रिय सूचना आयोगको आयोजनामा मिति २०७८ फागुन २२ गते इलाम जिल्लास्थित माई नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीहरूका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले अध्यक्षता गर्नुभएको कार्यक्रमको नगरपालिकाका मेयर श्री दिपक प्रसाद थेवेले उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा आफ्नो मन्तव्य राख्दै मेयर थेवेले सूचनाको हक लोकतन्त्रको मेरूदण्ड भएको विचार व्यक्त गर्दै नगरपालिका सूचनाको हकप्रति प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले लोकतान्त्रिक पद्धति स्थापनापश्चात् मात्र सूचनाको हकले संविधानमा प्रवेश पाएको र जनआन्दोलनपश्चात्को संविधान सभाका जनप्रतिनिधिहरूले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हकसम्बन्धी कानुनको आवश्यकता महसुस गरी कानुन ल्याएको बताउनुभयो । विश्वका १२९ भन्दा बढी देशमा सूचनाको हकसम्बन्धी कानुन बनेको, सुशासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि आवश्यक भएको सन्दर्भका कारण यो कानुन आएको हुँदा सबै जिम्मेवार नागरिकले यसको प्रबर्द्धन एवम् सम्बर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो ।

नागरिकले सबै प्रकारका सूचना माग गर्न पाउने, सार्वजनिक निकायले दिन मिल्ने/नमिल्ने सूचना कानुन हेरी निर्णय गर्नुपर्ने बताउँदै सूचना माग गर्नुलाई दुःख दिने नियत भन्न उपयुक्त नहुने धारणा व्यक्त गर्नुभयो । (कार्यक्रममा सहभागीहरूबाट राखिएका जिज्ञाशाहरूको पनि प्रमुख आयुक्त गुरूङ्गले जवाफ दिनु भएको थियो ।) सो कार्यक्रममा १० जना महिला र ८२ पुरूषसहित जम्मा ९२ जनाको सहभागिता रहेको थियो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका बारेमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमबाट अपेक्षा गरेका विषयमा केन्द्रित रही कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले खर्चको विवरण जो सुकैले माग्दा दिन पर्ने कि नपर्ने ? जे पनि माग्न पाइने हो कि होइन ? कति समय अगाडिसम्मको सूचना दिनु पर्ने हो ? सूचना माग गर्दा पत्रकारले के उद्देश्य उल्लेख गर्ने हो ? विद्युतीय माध्यमबाट सूचना उपलब्ध गराउँदा शुल्क नलाग्ने वा कम लाग्ने हुनपर्ने माग आएको सन्दर्भमा के गर्ने ? दुरूपयोग हुने आशङ्का हुँदा के गर्ने ? युट्युव र फेसबुकमा जथाभावी लेख्नेलाई के गर्ने ? सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने ? लगायतका जिज्ञाशासहित सुझाव पनि राख्नु भएको थियो ।

माई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश अधिकारीले सञ्चालन गर्नु भएको कार्यक्रममा आयोगका उपसचिव श्री कपिलप्रसाद उपाध्यायले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो ।

### ६.२.१६ पाँचथर जिल्लामा जिल्लास्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

राष्ट्रिय सूचना आयोगको आयोजनामा २०७८ फागुन २३ गते पाँचथर जिल्लाको फिदिममा जिल्लास्थित सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता तथा सञ्चारकर्मीका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन पाँचथर जिल्ला समन्वय समितिका प्रमुख श्री विष्णु प्रसाद सापकोटाले गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि जिसस प्रमुख सापकोटाले सूचनाको हक लोकतन्त्रको महत्वपूर्ण हक भएको विचार

बताउनु हुँदै आफ्नो र जिल्ला समन्वय समितिको सूचनाको हकप्रति प्रतिबद्धता व्यक्त गर्नुभयो । सूचनाको हकको प्रबर्द्धनमा सबै लाग्नु पर्नेमा जोड दिंदै जिसस प्रमुख सापकोटाले पाँचथरमा कार्यक्रम आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिनु भयो ।

प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले सूचनाको हकले लोकतान्त्रिक पद्धति स्थापनापश्चात् मात्र संविधानमा प्रवेश पाएको प्रसङ्ग उल्लेख गर्दै सूचनाको हकको प्रचलनबारे नेपाल र विश्वका मुलुकमा भएका अभ्यासहरूको चर्चा गर्नु भयो । सूचना प्रवाहमा कार्यालय प्रमुख र सूचना अधिकारी तथा सूचना मागकर्ताको भूमिका र जिम्मेवारीबारे विस्तृत चर्चा गर्दै प्रमुख आयुक्त गुरूङ्गले सुशासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न सूचनाको हकसम्बन्धी कानुन प्रचलनमा आएकोले यसको कार्यान्वयनमा सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिनु भयो । सूचना प्रदानकर्ताका समस्याप्रति आयोग सम्बेदनशील रहेको र समस्या सुल्झाउन तत्पर रहेको विचार व्यक्त गर्दै प्रमुख सूचना आयुक्त गुरूङ्गले स्थानीय तहहरूलाई सूचनाको हकका लागि पर्याप्त बजेट विनियोजन गर्न पनि सुझाव दिनु भयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका बारेमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमबाट अपेक्षा गरेका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

जिल्लाका प्रमुख जिल्ला अधिकारीले लोकतान्त्रिक पद्धतिको विकाससँगै मौलिक हकहरूको व्यवस्था हुँदै गएको र सूचनाको हक प्रबर्द्धनमा पाँचथर जिल्लाका सार्वजनिक निकायहरु प्रतिबद्ध रहेको विचार व्यक्त गर्दै प्रत्येक महिना सूचना अधिकारीको बैठक तथा तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने गरेको जानकारी दिनु भएको थियो ।

कार्यक्रम सञ्चालन आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले र स्वागत मन्तव्य आयोगका अर्का उपसचिव श्री सीता निरौलाले गर्नु भएको थियो । सो कार्यक्रममा १२ जना महिला र ६३ पुरूषसहित जम्मा ७५ जनाको सहभागिता रहेको थियो ।

### ६.२.१७ आठराई गाउँपालिकामा सूचनाको हकका बारेमा छलफल

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले मिति २०७८ फागुन २४ गते तेह्रथुम जिल्ला आठराई गाउँपालिकाका अध्यक्ष श्री मानबहादुर लिम्बु, प्रमुख प्रशासकीय अधिकृत श्री डम्बरबहादुर आङदेम्बे, सूचना अधिकारी, कर्मचारीहरु र तेह्रथुम जिल्ला पत्रकार महासंघका अध्यक्ष श्री अमृत बास्तोलासँग आठराई गाउँपालिकाको कार्यालयमा भेट गरी सूचनाको हकको कार्यान्वयनका लागि छलफल गर्नुभयो ।

सो अवसरमा गाउँपालिकाका अध्यक्ष लिम्बुले गाउँपालिका सूचनाको हकप्रति प्रतिबद्ध रहेको बताउँदै यसको कार्यान्वयनमा आयोगबाट सकरात्मक सहयोगको अपेक्षा गरिएको बनाउनु भयो ।

आयोगका प्रमुख आयुक्त गुरूङ्गले स्थानीय तहका क्रियाकलाप बढ्दै जाँदा नागरिकको चासो र जिज्ञासा बढ्दै जानु स्वाभाविक रहेको र सूचना नपाएको भनी आयोगलाई प्राप्त पुनरावेदनमा स्थानीय तहमा माग भएको सूचना बढी रहेको बताउनु भयो । सूचनाको हक नागरिकलाई बलियो, समृद्ध बनाउने शासन प्रणालीमा सहभागी बनाउने महत्वपूर्ण माध्यम भएको विचार व्यक्त गर्दै प्रमुख सूचना आयुक्त गुरूङ्गले गाउँपालिकाका क्रियाकलाप तथा खर्च नियमित रूपमा सार्वजनिक गर्दै जाँदा सूचना माग्नै नपर्ने अवस्था सिर्जना हुनसक्ने भएकोले त्यस्ता विषय नियमित रूपमा सार्वजनिक गर्न, पारदर्शिता कायम गर्न तथा स्वतः प्रकाशन गर्न अनुरोध गर्नुभयो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा सूचना अधिकारीले सूचना मागकर्ताले ५ वर्ष अघिदेखिका सबै विलभरपाईको प्रतिलिपि माग गर्ने निवेदन प्राप्त भएको तथा गाउँपालिकाभन्दा धेरै टाढा रहेका जिल्लाका सूचना मागकर्ताले सूचना माग गर्नु सान्दर्भिक नदेखिएको जस्ता विषय जानकारी गराउनु भएको थियो ।

### ६.२.१८ बुढीनन्दा नगरपालिकामा सूचनाको हकका बारेमा छलफल

बाजुरा जिल्ला बुढीनन्दा नगरपालिकामा २०७८ साल चैत ४ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

सम्पन्न भयो । राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री कमला ओलीको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा बुढीनन्दा नगरपालिकाका उपमेयर श्री सृष्टि रेग्मीको अध्यक्षतामा रहेको थियो । १० वटा वडा रहेको उक्त पालिकामा सबै वडाका प्रतिनिधिका साथै सार्वजनिक निकायका सूचना अधिकारी, सञ्चारकर्मीका साथै विभिन्न संघसंस्था, प्रहरी लगायत नागरिक समाजका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

कार्यक्रममा आयोगका सूचना आयुक्त श्री कमला ओलीले सूचनाको हकको आवश्यकता, उपयोग, सूचना प्राप्त गर्दा अपनाउनु पर्ने विधिसहित आयोगको काम, कर्तव्य अधिकारी र आयोगका क्रियाकलाप तथा सार्वजनिक निकायको काम, कर्तव्य, अधिकार साथै सूचना अधिकारीले खेल्नुपर्ने भूमिकाको बारेमा चर्चा गर्नुभएको थियो । ३ घण्टासम्म चलेको उक्त कार्यक्रममा मेयर पदम गिरीले सूचनाको हकको बारेमा धेरैले बुझ्न बाँकी रहेको बताउँदै सरकारलाई पारदर्शी बनाई आफू स्वयम् सचेत रहने माध्यम भएकोले सबैले यसको उपयोग गर्नुपर्ने बताउनुभयो । उपमेयर श्री सृष्टि रेग्मीले बाजुराजस्तो दुर्गम जिल्लाको विकट क्षेत्रमा कार्यक्रम आयोजना गरी सूचनाको हकको महत्वबारे जानकारी दिएकोमा आयोगलाई धन्यवाद दिंदै सूचनाको हकको प्रयोगले राज्यलाई चनाखो र भ्रष्टाचारमुक्त बनाउन सकिने र त्यस क्षेत्रका महिलालाई यस विषयमा केही थाहा नभएकोले आयोग फेरि पनि आएर बृहत् कार्यक्रम गरिदिन आग्रह गर्नुभयो । कार्यक्रममा न्यायिक समितिका सदस्य श्री प्रदिप जोशी तथा जिल्ला समन्वय समितिका प्रमुख श्री नरेन्द्र कुमार रोकायाले पनि मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा सञ्चारकर्मी श्री प्रकाश सिंहले सूचना मागकर्ताले भोग्नु परेका अप्ठ्याराबारे उल्लेख गर्दै सूचना प्रवाह गर्न सकारात्मक भए पनि प्रविधि, प्राविधिक ज्ञान तथा बत्तीका कारणले पनि ढिलासुस्ती हुने गरेको बताउनु भयो । अर्का सञ्चारकर्मी श्री कृष्ण ओलीले इन्टरनेटबाट सूचना दिने तथा लिने कारण सूचना प्रवाहमा धेरै सहजता भएको उल्लेख गर्दै यसलाई अझ सरल बनाउन अयोगले भूमिका खेलोस् भन्ने सुझाव दिनु भयो । कार्यक्रममा थुप्रै सहभागीले सूचनाको हकका बारेमा पहिला जानकारी नभए पनि यो कार्यक्रमले त्यसबारे बुझ्न मद्दत पुगेको बताएका थिए । कार्यक्रमको सञ्चालन न्यायिक समितिका सदस्य नन्दलाल सार्कीले गर्नुभएको थियो ।

### ६.२.१९ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका सूचना अधिकारीहरूको अभिमुखीकरण

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका सूचना अधिकारीहरूको अभिमुखीकरण तथा छलफल कार्यक्रम मिति २०७८ चैत्र ४ गते सम्पन्न भयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री सूर्य प्रसाद गौतमको अध्यक्षतामा सम्पन्न कार्यक्रमका सहभागीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव श्री मनोज कुमार आचार्यले स्वागत गर्नुभएको ।

राष्ट्रिय सूचना आयोगका सचिव श्री भागिरथ पाण्डेय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव तथा सूचना अधिकारी कविता फुयालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको अध्यक्षतासमेत गर्नुभएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री सूर्य प्रसाद गौतमले– प्रत्येक निकायले सूचना अधिकारी तोक्न, स्वतः प्रकाशन तोकिएको समयमै प्रकाशन/सार्वजनिक गर्न तथा आफ्नो निकायका बेवसाइट अद्यावधिक गरी सूचना अधिकारीको फोन नं र इमेल ठेगानासमेत राख्न निर्देशन दिनुभयो । सो क्रममा सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउन सूचना आयोगसँग समन्वय तथा छलफल गर्न, सूचना वर्गीकरणको कार्यलाई समयमै सम्पन्न गर्न सूचना वर्गीकरण समितिले माग गरेको ढाँचामा प्रत्येक निकायले आफू र आफ्नो निकायसँग सम्बद्ध विवरणहरु समयमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा पठाई केन्द्रीय समन्वय एकाइमा सिफारिस गर्ने निर्णय भएको थियो ।

यसका साथै प्रत्येक निकायले– महाशाखा तथा शाखाहरूमा भएका महत्वपूर्ण निर्णय, सूचनाहरु सूचना अधिकारीलाई उपलब्ध गराउने तथा महत्वपूर्ण बैठकहरूमा सूचना अधिकारीहरूलाई संलग्न गराउने व्यवस्था गर्ने, सूचना अधिकारीलाई उपलब्ध गराउन सकिने न्यूनतम सुविधा जस्तै– मोबाइल, सीम कार्ड, मोबाइल रिचार्ज तथा अन्य प्रोत्साहनको व्यवस्था गर्ने, सूचना अधिकारीहरु छिटोछिटो परिवर्तन गर्ने व्यवस्थालाई निरुत्साहित गर्ने, सूचना अधिकारीहरूको क्षमता अभिबृद्धिका लागि नियमितरूपमा अभिमुखीकरण/तालिम/गोष्ठी/ अन्तरक्रिया सञ्चालन गर्ने निर्णयसहित बैठक समापन गरिएको थियो ।

### ६.२.२० खोटाङ जिल्लामा जिल्लास्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

राष्ट्रिय सूचना आयोगको आयोजनामा खोटाङ जिल्लाको दिक्तेलमा २०७८ चैत १३ गते सूचनाको हकसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । आयोगका सूचना आयुक्त श्री कमला ओलीको अध्यक्षता सम्पन्न कार्यक्रमको प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री बबि चाम्लिङ हुनुहुन्थ्यो । जिल्लास्थित सार्वजनिक निकायका कार्यालय प्रमुख, सूचना अधिकारी, सञ्चारकर्मी तथा सूचनाको हकका अभियन्ता तथा सरोकारवाला पक्षको उपस्थिति रहेको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि श्री बबि चाम्लिङले गर्नु भएको थियो ।

आयोगका सूचना आयुक्त श्री कमला ओलीले सूचनाको हकको महत्व यसको उपयोग र फाइदाको विषयमा जनाकारी गराउँदै सम्पूर्ण जनता नजागे र यसलाई प्रयोगमा ल्याउन नसके सूचनाको हकको ऐनको भावना र राज्यले सूचनाको हकको प्रयोग गर्न जनतालाई दिएको अधिकारको अर्थ नरहने बताउनु भयो । सार्वजनिक निकायलाई ऐनको भावना बुझेर सूचना प्रवाहलाई सहज र सरल बनाउन निर्देशन दिंदै सूचना आयुक्त ओलीले लोकतन्त्र सूचनाको हकबाट मात्रै पूर्ण हुने हुँदा सूचनाको हकको प्रचलन नहुँदा यसको महत्व थाहा नहुने बताउनु भयो । सूचनाको हकको मापन विकाससँग हुने उल्लेख गर्दै सूचना आयुक्त ओलीले सूचनाको हक र लोकतन्त्र भनेको एक अर्काको परिपूरक रहेको बताउनु भयो ।

जिल्ला समन्वय समितिका अध्यक्ष श्री बबि चामलिङले कार्यक्रममा सूचनाको हकको प्रचलनमा स्थानीय निकाय केही पछि परेको जिल्लाको अवस्था रहेको बताउँदै सूचनाको हकबाटै आमनागरिकका सरोकार र चासोका विषयमा रहेका जिज्ञासाको समाधान हुने भएकोले यसलाई बलियो रूपमा कार्यान्वयन गर्दै लैजाउनुपर्नेमा जोड दिनु भयो । कार्यक्रममा मन्तव्य राख्दै विकल श्रेष्ठले सूचनाको वर्गीकरण राज्यले छिटोभन्दा छिटो गरेको खण्डमा कस्ता प्रकृतिका सूचना उपलब्ध गराउने, कस्ता प्रकृतिका नगराउने विषयमा द्विविधा नरहने बताउँदै खोटाङ जिल्लास्थित सबै सरकारी कार्यालयहरूमा स्वतः प्रकाशन गर्ने गरिएको र नगर्ने कार्यालयलाई आजैबाट स्वतः प्रकाशन गर्न गराउन निर्देशन दिनुभयो ।

कार्यक्रममा आयोगका सचिव श्री भागीरथ पाण्डेयले सूचनाको हकसम्बन्धी ऐन, नियम, यसको कार्यान्वयनको अवस्थाका विषयमा केन्द्रित रही कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे बताउनु भएको थियो । सो कार्यक्रममा ८ जना महिला र ७९ पुरूषसहित जम्मा ८७ जनाको सहभागिता रहेको थियो ।

### ६.२.२१ व्यास नगरपालिकामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

राष्ट्रिय सूचना आयोगको आयोजनामा तनहुँ जिल्लास्थित व्यास नगरपालिकामा मिति २०७८ चैत्र २५ गते नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्को अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि नगरपालिकाका प्रमुख (मेयर) श्री बैकुण्ठ न्यौपाने रहनु भएको सो कार्यक्रममा उपप्रमुख श्री मिरा जोशी अतिथि रहनु भएको थियो ।

कार्यक्रममा प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्ले सूचनाको हकको कानुनी व्यवस्था, आयोगका क्रियाकलाप, अन्तर्राष्ट्रिय अभ्यासबारे विस्तृत रूपमा उल्लेख गर्दै सूचनाको हकको महत्वका बारेमा बताउनु भएको थियो । सूचना प्रवाहबाट सुशासनमा पुग्ने सकारात्मक योगदानबारे चर्चा गर्दै प्रमुख सूचना आयुक्त गुरूङ्ले लोकतान्त्रिक पद्धति स्थापनापश्चात् मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलनपछि बनेको संविधान सभाका जनप्रतिनिधिहरूले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हकसम्बन्धी कानूनको आवश्यकता महसुस गरी कानून ल्याएको बताउनु भयो । कार्यक्रममा सहभागीबाट उठेका जिज्ञाशाहरूको पनि प्रमुख आयुक्त गुरूङ्ले जवाफ दिनु भएको थियो ।

कार्यक्रममा आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका विविध पक्षसहित कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री विश्वप्रकाश अर्याल, व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देलले पनि मन्तव्य व्यक्त गर्नु भएको थियो ।

ब्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश अधिकारीले सञ्चालन गर्नु भएको कार्यक्रममा आयोगका उपसचिव श्री कपिलप्रसाद उपाध्यायले सहभागीहरूलाई स्वागत गर्नु भएको थियो । सहभागीहरूले सूचना माग गर्दा आफै उपस्थित हुन पर्ने/नपर्ने, अनलाइन माग गर्न पाइने/नपाइने, कतिपय निकायको वेबसाइट अपडेट नभएको, कतिपय कानूनी प्रावधान बाझिएको लगायतका जिज्ञाशा तथा सुझाव राख्नु भएको थियो । सो कार्यक्रममा २२ जना महिला र ८० पुरूषसहित १०२ जनाको सहभागिता रहेको थियो ।

### ६.२.२२ निर्वाचनको प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगको आयोजनामा निर्वाचन प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रम काठमाडौंमा मिति २०७८ चैत २८ गते सम्पन्न भयो । सो कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथि प्रतिनिधि सभाका सम्माननीय सभामुख अग्नि प्रसाद सापकोटा रहनु भएको थियो । कार्यक्रममा आयोगका सूचना आयुक्तद्वय श्री कमला ओली थापा र श्री रत्नप्रसाद मैनालीका साथै राजनैतिक दलका प्रतिनिधि, विज्ञ, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधि तथा आयोगका सचिवलगायत कर्मचारीको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि सम्माननीय सभामुख श्री अग्नि प्रसाद सापकोटाले सही सूचना प्रवाह हुन सक्यो भने मात्र लोकतन्त्र बलियो हुने उल्लेख गर्दै स्वच्छ निर्वाचनका लागि आचार संहिताको पूर्ण पालना हुने बताउनु भयो । लोकतन्त्रको आत्मा नै निर्वाचन रहेको प्रसङ्ग उल्लेख गर्दै सभामुख सापकोटाले देश र जनताको हितमा काम गर्नका लागि सही सूचनाको आवश्यकता पर्ने बताउनु भयो । जति धेरै पारदर्शी हुन सक्यो त्यति उत्तरदायी बन्न र बनाउन सकिने र त्यसका लागि सूचनाको हकको कार्यान्वयनले अपरिहार्य रहेको सभामुख सापकोटाले बताउनु भयो ।

प्रमुख सूचना आयुक्त गुरूङ्गले मतदाताले सही सूचना प्राप्त गरे मात्र निर्वाचनको निष्पक्षता रहने कुरालाई मध्यनजर गरी कार्यक्रम आयोजना गरिएको बताउँदै सूचनाको तोडमोड अन्य बेलाभन्दा निर्वाचनको बेला बढी हुने सम्भावना रहने भएकोले यसतर्फ सम्बन्धित पक्षलाई सजग गराउन कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । सूचनाको हकसम्बन्धी ऐनमा राजनैतिक दललाई पनि सार्वजनिक निकायको रूपमा उल्लेख गरिएको प्रसङ्ग उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरूङ्गले गलत सूचना प्रवाहले समाजमा हिंसासमेत उत्पन्न हुन सक्नेतर्फ सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमको अवधिमा भ्रामक सूचना र निर्वाचनमा पर्ने प्रभाव विषयमा विज्ञ टंक अर्याल, सही सूचना प्रवाह र कानूनी व्यवस्था विषयमा संविधान तथा कानूनविद काशिराज दाहालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा राजनीतिमा सक्रिय महिलाविरूद्ध हुने हिंसा (मिडिया निगरानी) का विषयमा पानोस साउथ एशियाका दिपक अधिकारीले प्रस्तुतीकरण गर्नु भएको थियो । सो कार्यक्रममा १५ जना महिला र ८६ पुरूषसहित जम्मा १०१ जनाको सहभागिता रहेको थियो ।

### ६.२.२३ बर्दियाको गेरुवा गाउँपालिकामा सूचनाको हकसम्बन्धी कार्यक्रम

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीबाट २०७९ साल बैशाख २५ गते लुम्बिनी प्रदेश, बर्दिया जिल्लाको गेरूवा गाउँपालिकामा सूचनाको हकको कार्यान्वयनको अवस्थाबारे जानकारी लिई र आवश्यक निर्देशन दिने कार्य भयो । गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृत श्री विष्णुप्रसाद गुरूङ्ग, श्री नवराज अधिकारी (सूचना अधिकारी तथा शिक्षा शाखा प्रमुख), श्री कुलनारायण चौधरी (प्रशासन अधिकृत), श्री नारायण भण्डारी (स्वास्थ्य शाखा प्रमुख), श्री टंक रोकाय (इञ्जिनियर), श्री भूमिराज घिमिरे (प्राविधिक शाखा प्रमुख), श्री प्रकाश शर्मा (आईटी शाखा प्रमुख) लगायतले सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था र सूचना प्रवाहका विषयमा समस्या र जिज्ञासा राख्नु भएको थियो ।

गेरूवा गाउँपालिकाको कार्यालयमा अन्तरक्रियात्मक रूपमा सम्पन्न भएको कार्यक्रममा सरोकार नै नभएका क्षेत्रका व्यक्तिबाट औचित्यपूर्ण नभएका सूचना दिन बाध्य हुने/नहुने, कुन तहको जिम्मेवारी भएका कर्मचारीलाई सूचना अधिकारीको जिम्मेवारी दिने विषयमा अस्पष्टता रहेको, फोन, हुलाक र इमेलबाट माग गरेको सूचना कार्यालयमा दर्ता प्रक्रिया पूरा गरेर दिने कि नगरीकनै दिने, सूचनाको वर्गीकरण पालिकाले गर्न मिल्ने/नमिल्ने

आदिबारे सहभागीबाट जिज्ञासासहित सुझाव राखिएको थियो । सुझावका लागि धन्यवाद दिँदै सहभागीबाट राखिएका जिज्ञासाको जवाफ सूचना आयुक्त मैनालीले दिनु भएको थियो ।

**६.२.२४ सूचनाको हक कार्यान्वयनमा संसदीय समितिहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम**

राष्ट्रिय सूचना आयोगको आयोजनामा २०७९ जेठ १६ गते सूचनाको हक कार्यान्वयनमा संसदीय समितिको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथि विकास तथा प्रविधि समितिका माननीय सभापति श्री कल्याणी कुमारी खड्काले गर्नुभएको थियो । उक्त कार्यक्रममा संसदीय समितिका माननीय सदस्यहरु, आयोगका सूचना आयुक्तद्वय श्री कमला ओली थापा र श्री रत्नप्रसाद मैनाली, संसद सचिवालयका महासचिव, समितिका सचिवहरु, सञ्चारकर्मी, आयोगका कर्मचारीलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि विकास तथा प्रविधि समितिका सभापति माननीय श्री कल्याणी कुमारी खड्काले विषयगत समितिहरूले नीति निर्माणको क्रममा विभिन्न ऐनहरु निर्माणको क्रममा छलफल चलाउनुपर्ने, समितिहरूबाट समयसमयमा जारी गरिने निर्देशनहरु कार्यान्वयनको अवस्थाको अनुगमन गर्नु प्रत्येक सभासद् को कर्तव्य रहेको बताउनुभयो । नागरिकलाई सूचनाको हकको बारेमा सुसूचित बनाउन समितिका सदस्यले आआफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने विचार सभापति खड्काले व्यक्त गर्नुभयो ।

प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले सूचनाको हकको कार्यान्वयनका लागि आयोगले विभिन्न कार्य गरिरहेको उल्लेख गर्दै सार्वजनिक निकायका पदाधिकारीले सूचनाको हक कार्यान्वयन नगरेमा आयोगले कारवाही गर्दै आएको तथा सूचना मागको क्षेत्रगत आधारलाई हेर्दा सबैभन्दा धेरै सूचना माग स्थानीय तहसँग सम्बन्धित रहेको बताउनु भयो ।

सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले स्वागत मन्तव्यको क्रममा राज्यको चरित्र भनेको नीति, नियम, कानुन बनाएर त्यसलाई प्रचलनमा ल्याउनु रहेको उल्लेख गर्दै जननिर्वाचित विधायिकाबाट विधान निर्माणको क्रममा सूचनाको हकसँग बाझिने खालका कानुन निर्माण नगरिदिन आग्रह गर्नुभयो ।

संघीय संसदका महासचिव डा. भरतराज गौतमले सूचनाको हकलाई संकुचित गरेर प्रजातन्त्र मजबुत हुन नसक्ने ठानेर तथा सूचनाको हकलाई कार्यान्वयन गर्नका लागि संसद बैठकहरु प्रत्यक्ष प्रसारण हुने गरेको प्रसङ्ग उल्लेख गर्दै विषयगत समितिबाट संसदमा प्राप्त भएका प्रतिवेदनउपर छलफल चलाउँदै र प्रतिवेदन नै तयार पारेर सम्बन्धित पक्षलाई बोलाएर छलफलसमेत गर्ने गरेको बताउनुभयो ।

खुल्ला छलफलको क्रममा माननीयहरु समिना हुसैन, रङ्गमती शाही, झपट रावल, यज्ञराज सुनुवारले सूचनाको हक कार्यान्वयनका विषयमा केन्द्रित भएर गरिएको कार्यक्रमको प्रसंशा गर्दै यसतर्फ अझै थप कार्य गर्नुपर्ने सुझाव व्यक्त गर्नुभएको थियो ।

**६.२.२५ उच्च अदालतका माननीय न्यायाधीशहरूसँग सूचनाको हक कार्यान्वयनमा उच्च अदालतको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम**

सूचनाको हक कार्यान्वयनमा उच्च अदालतको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम मिति २०७९ असार ३ गते काठमाडौँमा आयोजना भयो । राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमका प्रमुख अतिथि उच्च अदालत, पाटनका का. मु. मुख्य न्यायाधीश माननीय श्री महेश प्रसाद पुडासैनी रहनु भएको थियो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै का. मु. मुख्य न्यायाधीश माननीय पुडासैनीले सूचनाको हकलाई कार्यान्वयन गर्ने र सूचना सरोकारवालासम्म पुर्‍याउने विषयमा सूचनाको हक महत्वपूर्ण रहेको बताउनु भयो । सूचनाको हकको महत्व बुझेर तोकिएको सीमाभित्र रही कार्य गर्न आयोगलाई सुझाव दिँदै का. मु मुख्य न्यायाधीश पुडासैनीले उच्च अदालत पाटनका मा. न्यायाधीशसँग अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरेकोमा आयोगप्रति आभार व्यक्त गर्नुभयो ।

प्रमुख सूचना आयुक्त गुरूङ्गले सूचनाको हकसम्बन्धी व्यवस्थाको उचित अभ्यासले सुशासन ल्याउन मद्दत पुग्ने

भएकोले माग पक्षद्वारा माग गरिएका सूचना दिन आनाकानी गरेमा आयोगमा पुनरावेदन पर्ने र प्रचलित कानुनबमोजिम आयोगले आदेश जारी गर्दै आएको प्रसङ्ग उल्लेख गर्दै सूचनाको हक कार्यान्वयनमा उच्च अदालतको भूमिका महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो ।

उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री महेश शर्मा पौडेलले सूचनाको हक कार्यान्वयनमा अदालतको भूमिका शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भयो भने आयोगका सूचना आयुक्त श्री कमला ओली थापाले सूचनाको हकको कार्यान्वयनमा पुनरावेदनको व्यवस्था शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको उक्त कार्यक्रममा उच्च अदालत पाटनका माननीय न्यायाधीहरू र आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको सहभागिता रहेको थियो ।

कार्यक्रमका सहभागीलाई आयोगका सचिव श्री भागिरथ पाण्डेयले स्वागत गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन आयोगका उपसचिव श्री सीता निरौला फुयाँलले गर्नुभएको थियो । सो कार्यक्रममा ८ जना महिला र ६८ पुरुषसहित जम्मा ७६ जनाको सहभागिता रहेको थियो ।

### ६.२.२६ गण्डकी प्रदेशस्तरीय खुला शासन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

राष्ट्रिय सूचना आयोगको आयोजनामा मिति २०७९ असार २२ गते पोखरामा गण्डकी प्रदेशस्तरीय खुला शासन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरुङ्गको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशसभा सार्वजनिक लेखा समितिका माननीय सभापति श्री रोशन बहादुर गाहा थापा रहनु भएको थियो ।

प्रमुख सूचना आयुक्त गुरूङ्गले सूचनाको हक र खुला शासनबीचको अन्तरसम्बन्ध र आवश्यकताका बारेमा उल्लेख गर्दै सार्वजनिक निकायहरू पारदर्शी र खुला हुने हो भने सूचनाको हकको आवश्यकता नै नपर्ने विचार व्यक्त गर्नु भयो । जनआन्दोलनको सफलतापश्चात् नागरिकलाई बलियो बनाउन आवश्यक महसुस गरी सूचनाको हकसम्बन्धी संवैधानिक र कानूनी व्यवस्था भएकोले यसको सदुपयोगमा सबैले सघाउनु पर्नेमा जोड दिंदै प्रमुख सूचना आयुक्त गुरूङ्गले सार्वजनिक निकायमा रहेका जुनसुकै सूचना माग्न पाउने हक प्रत्येक नागरिकलाई रहेको हुँदा यसको सम्मान गर्नु पर्ने विचार राख्नु भयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तथा फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालले कार्यपत्र पेश गर्दै खुला सरकार सहकार्य (Open Government Partnership) का बारेमा विस्तृत रूपमा व्याख्या गर्नु भयो ।

कार्यक्रममा सार्वजनिक लेखा समितिका माननीय सदस्य, गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री रामप्रसाद आचार्य, सूचनाको हक सञ्जालका कास्की जिल्ला अध्यक्ष श्री यदुनाथ बञ्जारा, सञ्जालका केन्द्रीय उपाध्यक्ष श्री दिपक आचार्य, नेकपा एमाले जिल्ला उपाध्यक्ष, सञ्चारकर्मी लगायतले जिज्ञाशा तथा सुझावहरू राख्नु भएको थियो ।

कार्यक्रममा गण्डकी प्रदेशका सार्वजनिक लेखा समितिका माननीय सदस्यहरू र सचिव, प्रदेश मन्त्रालयका सचिवहरू, प्रमुख जिल्ला अधिकारी, सूचना अधिकारीहरू, राजनैतिक दलका कास्की जिल्लाका पदाधिकारीहरू, नेपाल पत्रकार महासंघका प्रदेश महासचिव, जिल्ला अध्यक्ष, सूचनाको हकसम्बन्धी सञ्जालका प्रदेश तथा जिल्ला अध्यक्ष, सूचनाको हकका अभियन्ता तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

आयोगका उपसचिव श्री सीता निरौला फुयाँलले सहभागीहरूलाई स्वागत गर्दै शासन पद्धतिलाई खुला र पारदर्शी बनाउंदा नागरिक सहभागिता बढाउन सकिने हुँदा आयोगले खुला शासनसम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको र यसमा सबैको सक्रियय सहभागिताका लागि अनुरोध गर्नु भएको थियो । डिल्लीराम भट्टले सञ्चालन गर्नु भएको सो कार्यक्रममा ८ जना महिला र ८० पुरूषसहित जम्मा ८८ जनाको सहभागिता रहेको थियो ।

### ६.२.२७ लुम्बिनी प्रदेशस्तरीय खुला सरकारसम्बन्धी अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय सूचना आयोगको आयोजनामा भैरहवामा २०७९ असार २४ गते आयोजित लुम्बिनी प्रदेशस्तरीय खुला शासन

विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा लुम्बिनी प्रदेश सभाका सभामुख माननीय श्री पूर्णबहादुर घर्ती प्रमुख अतिथि रहनु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सभामुख घर्तीले संघीयताको आधारलाई जरैदेखि बलियो बनाउन व्यक्तिलाई नभई प्रणालीलाई बलियो बनाउन आवश्यक रहेकोमा जोड दिंदै त्यसका लागि खुला सरकार सहकार्यको अवधारणाले सहयोग पुग्न सक्ने बताउनु भयो । खुला सरकार अवधारणा अनुसार सरकारमा नागरिक समाजको पनि साझेदारी हुने भएकोले जिम्मेवार, जवाफदेही र समावेशी समाज निर्माणमा सहयोग पुग्न सक्ने भएकोले अबको शासन प्रणालीलाई जनमुखी बनाउन पनि खुला सरकार सहकार्यतर्फ डोऱ्याउनु पर्नेमा जोड उहाँले दिनु भयो । सार्वजनिक शक्ति र साधनको प्रयोग जवाफदेही ढङ्गले गराउनु लोकतन्त्रको आधारभूत मान्यता रहेको उल्लेख गर्दै खुला सरकार सहकार्यले मात्रै शक्ति र शासनमा रहेकाहरूलाई जवाफदेही बनाउन सक्ने भएकोले अबको यस्तै प्रणालीको माग नागरिक तहबाट हुन थालेको सभामुख घर्तीले बताउनु भयो ।

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावनामा राज्यलाई खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने उल्लेख गरिएकोले सुशासन र पारदर्शिता कायम गर्न मद्दत पुगोस् भन्ने हेतु कार्यक्रम आयोजना गरिएको बताउनु भयो । परिवर्तनका लागि भएका बलिदानीपूर्ण आन्दोलन र क्रान्तिले मात्र नागरिक अधिकारलाई संवैधानिक र कानुनी रूपमा प्रत्याभूत गरेको बताउँदै सूचना आयुक्त मैनालीले खुला सरकार सहकार्य अवधारणा अनुकूल भए यसलाई आत्मसात् गर्न कञ्जुस्याइँ गर्न नहुने बताउनु भयो ।

नेपाल पत्रकार महासंघका पूर्व सभापति तथा फ्रिडम फोरमका कार्यकारी प्रमुख श्री तारानाथ दाहालले कार्यपत्र पेश गर्दै विश्वमा भइरहेको परिवर्तन र सुशासनका लागि अपरिहार्य मानिएको खुला शासन पद्धतिको सैद्धान्तिक तथा व्यावहारिक पक्षमा प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा लुम्बिनी प्रदेश सभा सार्वजनिक लेखा समितिका माननीयहरु श्री रेवतीरमण शर्मा, श्री विष्णु पन्थी, श्री भोजप्रसाद श्रेष्ठ, श्री रमा अर्याल, श्री वैजनाथ कलवार, लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयका प्रमुख सचिव श्री डिल्लीराम शर्मा, लुम्बिनी प्रदेश सभाका सचिव श्री दुर्लभकुमार पुन मगर, रूपन्देहीका प्रमुख जिल्ला अधिकारी श्री भरतमणी पाण्डे, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गतका विभिन्न निकायका कर्मचारी, जिल्लास्थित विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश सभापति, सूचनाको हकका लागि राष्ट्रिय महासंघका प्रदेश संयोजक, पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष, सञ्चारकर्मी, सञ्चारिक समूह, सूचनाको हकका अभियन्ता, एनडीआईका प्रतिनिधि, नागरिक समाज तथा समूहका पदाधिकारी तथा सदस्यहरूको उल्लेख्य र सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीलाई आयोगका उपसचिव विश्ववन्धु पौडेलले स्वागत गर्नुभएको थियो भने आयोगका अधिकृत राजन पाण्डेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सो कार्यक्रममा १४ जना महिला र ६१ पुरूषसहित जम्मा ७५ जनाको सहभागिता रहेको थियो ।

## ६.३ सूचनाको हकसम्बन्धी दिवस

सूचनाको हकको कार्यान्वयनलाई प्रभावकारी बनाउन आयोगले सूचनाको हकका लागि महत्वपूर्ण रहेका राष्ट्रिय सूचना दिवस, आयोग स्थापना दिवस र सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गरी मनाउने गरेको छ ।

### ६.३.१ **सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस** (सेप्टेम्बर २८)

राष्ट्रिय सूचना आयोगले सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा अन्तर्क्रियात्मक विचार गोष्ठीको आयोजना गरी मनायो । संयुक्त राष्ट्र संघले घोषणा गरेको दिगो विकास लक्ष्य सूचकाङ्क १६.१०.२ कसरी हासिल गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर काठमाडौंमा २०७८ असोज १२ गते आयोजित कार्यक्रमको उद्घाटन राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिनाले गर्नु भएको थियो । उद्घाटन मन्तव्य राख्दै कार्यक्रमका प्रमुख अतिथिसमेत रहनु भएका राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष

तिमिल्सिनाले संघ, प्रदेश र स्थानीय तहका सबै सरकार, राजनैतिक दल, सामाजिक संघसंस्था र सबै सार्वजनिक निकायले नागरिकलाई सूचना माग गर्न उत्प्रेरित गर्नुपर्ने, सूचना दिने तत्परता सबैले देखाउनु पर्ने बताउनु भयो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलले दिगो विकास लक्ष्य सूचक १६.१०.२ को अवस्था र कार्यदिशाका सम्बन्धमा योजना आयोगको धारणा प्रस्तुत गर्नुभएको थियो । सूचनाको हकको भूमिकालाई ध्क्ल अर्थात् Wealth, Instrument of Efficiency, Nation Building मा महत्वपूर्ण हुनेमा उहाँले जोड दिनुभयो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्यालले सूचनाको हकलाई कसरी कार्यान्वयन गर्ने र प्रत्येक सूचना सरोकारवालाहरूसम्म कसरी पुऱ्याउने भन्ने विषयमा सञ्चार मन्त्रालयले गृहकार्य गरिरहेको, सूचनाको वर्गीकरण जरूरी रहेको र नेपाल डिजिटल युगमा प्रवेश गरेको भनेर दावी गरिरहँदा डिजिटल प्रविधिको उपयोग वा दूरूपयोगबाट के-कस्ता परिणामहरु देखा परेका छन् र दुरूपयोगलाई रोक्नका लागि कस्ता कदमहरु चाल्नु पर्छ भन्ने विषयमा सरोकारवालाहरूसँग छलफलसमेत चलिरहेको बताउनु भयो ।

नेपाल पत्रकार महासंघका सभापति श्री विपुल पोखरेलले सन् ९० को दशकमा सूचनाको हकको कानून बनाउने र सूचनाको हकका सम्बन्धमा जनमानसलाई जागरूक र उत्प्रेरित बनाउने क्रम आजपर्यन्त चलिरहेको बताउनु भयो । लोकतन्त्रसँग सूचनाको हकको अन्योन्याश्रित सम्बन्ध रहेको उल्लेख गर्दै लोकतन्त्र सधैं जीवित रहोस् भन्नका लागि पनि सूचनाको हकलाई मजवुत बनाउनु जरूरी रहेको भनाइ सभापति पोखरेलले राख्नु भयो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले सूचनाको हकको महत्वलाई बुझेर संयुक्त राष्ट्र संघ महासभाले सन् २०१९ मा सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा हरेक वर्षको सेप्टेम्बर २८ लाई मनाउने निर्णय गरेको बताउनु भयो । संयुक्त राष्ट्र संघले घोषणा गरेको दिगो विकास लक्ष्य हासिल गर्न नेपाल पक्ष राष्ट्र भएकोले यो लक्ष्य हासिल गर्ने प्रतिबद्धता नेपालका तर्फबाट पनि व्यक्त हुन आवश्यक रहेको प्रमुख सूचना आयुक्त गुरूङ्गले बताउनु भयो । नेपाली नागरिकले सूचनाको हकको प्रयोग गरेर आफूलाई सशक्त र बलशाली बनाउनु पर्ने भनाइ राख्दै प्रमुख सूचना आयुक्त गुरूङ्गले कार्यक्रमको पहिलो सत्रको समापन गर्नु भयो ।

राष्ट्रिय सूचना आयोगका कानून अधिकृत श्री शान्ति वाग्लेले सञ्चालन गर्नुभएको कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै आयोगका सचिव श्री भागीरथ पाण्डेयले दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालले प्रयास गरिरहेको र कार्यक्रमले दिगो विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्तहरु श्री कमला ओली थापा र श्री रत्नप्रसाद मैनाली, नेपाल पत्रकार महासंघका पूर्वसभापति डा. सुरेशराज आचार्य तथा सूचनाको हकको क्षेत्रमा क्रियाशील अभियन्ताहरूको उपस्थिति रहेको थियो भने विभिन्न निकायमा कार्यरत सूचना अधिकारीहरु, नेपाल पत्रकार महासंघका प्रतिनिधिहरु, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी र आयोगका कर्मचारीहरूको उत्साहपूर्ण सहभागिता रहेको थियो । सो कार्यक्रममा १८ जना महिला र ५८ पुरूषसहित जम्मा ७३ जनाको सहभागिता रहेको थियो ।

### ६.३.२ **राष्ट्रिय सूचना दिवस** (**भदौ** ३)

नेपालको संविधानमा सूचनाको हकलाई महत्वपूर्ण मौलिक हकका रूपमा स्वीकार गरिएको छ । सूचनाको हकसम्बन्धी कानून २०६४ साल भदौ ३ गते देखि कार्यान्वयनमा आएको हुँदा यसै दिनलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउन थालिएको छ । विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीका कारण यस वर्ष नेपाल सरकारबाट भेला र जमघटमा प्रतिबन्ध तथा निषेधाज्ञा जारी गरिएको हुँदा यो दिवस औपचारिक समारोह गरी मनाउन सम्भव रहेन । राष्ट्रिय सूचना दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट व्यक्त शुभकामना सन्देश अनुसूची-९ मा राखिएको छ । साथै आयोगका तर्फबाट जारी भएको शुभकामना सन्देश अनुसूची-१० मा छ ।

### ६.३.३ **आयोग स्थापना दिवस** (**बैशाख** २२)

राष्ट्रिय सूचना आयोग १४ वर्ष पूरा गरी १५ औं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित स्थापना दिवस

कार्यक्रममा सम्माननीयउपराष्ट्रपति नन्दबहादुर पुनको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।उपराष्ट्रपति निवासमा आयोजित उक्त कार्यक्रमको अध्यक्षता प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले गर्नु भएको थियो भने कार्यक्रममा सूचना आयुक्तद्वय कमला ओली थापा र रत्नप्रसाद मैनाली, आयोगका सचिव श्री भागिरथ पाण्डेय, नेपाल सरकारका सचिवहरू, सूचना अधिकारीहरू, वरिष्ठ सञ्चारकर्मी, सूचनाको हकका अभियन्ताहरु लगायत आयोगका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सम्मानीयउपराष्ट्रपति नन्दबहादुर पुनबाट कार्यक्रममा सहभागि सबैलाई स्वागत गर्नुका साथै पुरस्कृत कर्मचारी, सूचना अधिकारी र अभियन्ताहरूलाई बधाई दिनुभयो । सूचनाको सहजताबाट मात्र समृद्धि हासिल हुने, राज्यले जबसम्म सूचना दिन आनाकानी गर्छ तबसम्म राज्य समुन्नत हुन नसक्ने, लोकतन्त्र फस्टाउनका लागि पनि सूचना आवश्यक रहनुका साथै लोकतन्त्रमा जनता नै शक्तिशाली हुने हुँदा सूचनाको हकले अझ बढी सहयोग गर्नुका साथै राज्यका विभिन्न निकायले लुकाएर राखेका सूचनाहरु बाहिर ल्याउन अभियन्ताहरूको ठूलो भूमिका रहेको बताउनु भयो । आयोगको १४ वर्षसम्मको अथक परिश्रमका माध्यमबाट सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा अनवरत सक्रियताले आज १५ वर्षमा प्रवेश गरिरहँदा आयोग स्थापना दिवसको हार्दिक शुभकामनासमेत व्यक्त गर्नुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्गले सूचना आयोग स्थापना भएको आज १४ वर्ष पुगी १५ औं वर्षमा प्रवेश गरेको अवसरमा उपस्थित सबैमा सम्पूर्ण नेपालीहरूमा आयोगको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्नु भयो । जनआन्दोलनपश्चात् पुनर्स्थापित संसद तथा सरकारले जनआन्दोलनको भावना अनुरूप नागरिकलाई बलियो बनाउन र नागरिक अनुगमनको आवश्यकतालाई महशुस गरेर अन्तरिम संविधानमा अनि त्यसलाई कार्यान्वयन गर्न सूचनाको हकसम्बन्धी ऐन २०६४ मा ल्याई २०६५ मा यस आयोगको स्थापना भएको हो । सुशासन, जवाफदेहिता, पारदर्शिता, सहभागिताका लागि सूचनाको हकले संवैधानिक र कानूनी रूपमा व्यवस्था भएको नागरिकको अधिकार स्थापित गर्न विश्वका १३० भन्दा बढी देशमा सूचनाको हकसम्बन्धी कानून बनेर कार्यान्वयनमा रहेको बताउनु भयो । त्यसैगरी सेप्टेम्बर २८ मा सूचनामा विश्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने गरिएको, UN Human Rights Declaration Article 19 मा सूचनामा पहुँचलाई मानव अधिकारका रूपमा मान्यता दिइएको । Transparency International को सन् २०१९ र २०२१ को प्रतिवेदनमा सूचनामा पहुँचबाट मात्र भ्रष्टाचार नियन्त्रण गर्न सकिने सुझाव दिइएको र दिगो विकास लक्ष्यमा सूचनामा पहुँचसम्बन्धी सूचनाको १६.१०.२ को कार्यान्वयनबाट दिगो विकास लक्ष्य प्राप्तिमा सघाउ पुग्ने हुँदा सूचनाको हकको कार्यान्वयन गर्नुपर्ने दायित्व हामी सबैको रहेको विचार व्यक्त गर्नु भयो ।

कार्यक्रममा आयोगका सचिव श्री भागिरथ पाण्डेयले आयोग गठन भएको १४ वर्ष पूरा भई १५ वर्षमा प्रवेश गरेको शुभ दिनको अवसरमा सभाहलमा उपस्थित सम्पूर्ण महानुभावहरूमा राष्ट्रिय सूचना आयोगको तर्फबाट शुभकामना व्यक्त गर्नु भयो । साथै, नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुने हुनाले सूचनाको हकले शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै नागरिकको सशक्तीकरणबाट सुशासनको प्रबर्द्धन र लोकतन्त्रको सुदृढीकरण भई समृद्धि हासिल हुन जाने कुरा बताउनु भयो ।

कार्यक्रममा पुरस्कृत अभियन्ताको तर्फबाट मन्तव्य राख्दै श्री उम्मिद प्रसाद बागचन्दले सूचनादाताको संरक्षणसम्बन्धी कानूनको साथै अभियन्ताहरूको संरक्षणसम्बन्धी कानूनको पनि व्यवस्था हुनुपर्ने, सूचनाको हकलाई प्रत्याभूत गर्नको लागि सूचनाको हकसम्बन्धी राष्ट्रिय सञ्जालमार्फत् विस्तार गरी यसले महासंघको रूपमा आफ्नो कार्य अगाडि बढाउँदै लगेको छ । सूचनाको हकका अभियन्ताहरु सूचना अधिकारीहरूको टाउको दुखाईको विषय नभएको र राज्यले गर्ने प्रत्येक काम कारबाहीलाई पारदर्शी, जवाफदेही बनाई सही सूचना सम्प्रेषण गर्न सघाउन पुऱ्याउनु प्रमुख उद्देश्य रहेको बताउनु भयो । आयोग स्थापना दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले दिनु भएको शुभकामना सन्देश अनुसूची-११ मा र आयोगका तर्फबाट व्यक्त प्रतिबद्धता सन्देश अनुसूची-१२ मा राखिएको छ ।

## ६.४ पुरस्कार तथा सम्मान

६.४.१ सूचनाको माग र प्रवाहमा महत्वपूर्ण योगदान पुर्‍याउने सूचनाको हकका ५ जना अभियन्ता, आपूर्ति पक्षको रूपमा रहेका सार्वजनिक निकायका ५ जना सूचना अधिकारी र आयोगमै रही उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाई आर्थिक वर्ष २०७७/७८ को नगद पुरस्कारसहित कदर पत्र प्रदान गरी सम्मानित गरियो । सूचनामा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगद्वारा असोज १२ गते काठमाडौंमा आयोजना गरिएको कार्यक्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेलले पुरस्कृतहरूलाई संयुक्त रूपमा पुरस्कार र कदरपत्र प्रदान गर्नु भएको थियो । राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष उत्कृष्ट सूचनाको हकका अभियन्ता र उत्कृष्ट सूचना अधिकारीलाई सूचनाको हकको क्षेत्रमा पुर्‍याएको योगदानको कदरस्वरूप तोकिएको मापदण्ड र छनौट विधिका आधारमा छनौट गरी पुरस्कृत गर्दै आएको छ । यस वर्ष बिनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारबाट त्रियुगा नगरपालिका ११, उदयपुरका श्री अजयकुमार साह, सिम्रौनगढ नगरपालिका ७, बाराका डा. मुन्नाकुमार, बटेश्वर गाउँपालिका २, धनुषाका श्री शैलेन्द्र कुमार महतो, हल्दिवारी गाउँपालिका ३, झापाकी श्री ईश्वरा तिवारी र वीरगञ्ज नगरपालिका ८, पर्साका श्री रामपुकार रौनियारलाई प्रदान गरियो । उत्कृष्ट सूचना अधिकारी पुरस्कारतर्फ राष्ट्रिय मुस्लिम आयोगका श्री दयाराम तिवारी, थाहा नगरपालिका, मकवानपुरका श्रीसुरज कुमार भुजेल, प्रदेश निर्वाचन कार्यालय, कैलालीका श्री राजेश चौधरी, जिल्ला हुलाक कार्यालय, ताप्लेजुङ्गका श्री नवराज गिरी, जिल्ला हुलाक कार्यालय, खोटाङका श्री सरोज खतिवडालाई प्रदान गरिएको छ । त्यस्तै आयोगमा कार्यरत उपसचिव कपिलप्रसाद उपाध्याय, कानुन अधिकृत शान्ति वाग्ले र कम्प्युटर अपरेटर श्री रबिन गौतमलाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिएको थियो ।

६.४.२ अघिल्लो आर्थिक वर्षमा आयोगमा रही उत्कृष्ट कार्यसम्पादन गरेबापत उपसचिव श्री विश्वबन्धु पौडेल, शाखा अधिकृत श्री डिल्ली राम भट्ट र नायव सुब्बा श्री हेमन्त रिज्याललाई उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कृत गरिएको थियो । त्यसैगरी सूचना प्रवाहको क्षेत्रमा उत्कृष्ट योगदान गरेबापत उत्कृष्ट सूचना अधिकारी पुरस्कारबाट कमलामाई नगरपालिका, सिन्धुलीका सूचना अधिकारी ई., श्री निर्मल लामा, जिल्ला समन्वय समिति बाग्लुङका ना. सु., श्री दुर्गा प्रसाद शर्मा, यातायात व्यवस्था सेवा कार्यालय, हेटौँडाका अधिकृत छैठौँ श्री राजु अर्याल, चौदण्डीगढी नगरपालिका, उदयपुरका अधिकृत छैठौँ श्रीसत्य नारायण हुजदार र व्यास नगरपालिका, दमौली तनहुँका वरिष्ठ अधिकृत श्री गोकर्णराज वाग्ले पुरस्कृत हुनुभएको थियो । सूचनाको हकको क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने सूचनाको हकका अभियन्ताहरूलाई विनय कसजू उत्कृष्ट अभियन्ता पुरस्कारबाट सुदूरपश्चिम प्रदेशबाट श्री उम्मिद प्रसाद बागचन्द, गण्डकी प्रदेशबाट श्री दुर्गा आचार्य, मधेश प्रदेशबाट श्री कैलाश माझी र बागमती प्रदेशबाट श्री मनोज रौनियार लगायत पुरस्कृत हुनु भएको थियो । सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनबाट आयोगको स्थापना दिवस बैशाख २२ गते एक समारोहका बिच पुरस्कृतहरूलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

## ६.५ प्रकाशन तथा प्रचार प्रसार

### ६.५.१ सूचना मेरो अधिकार त्रैमासिक बुलेटिन

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोग लगायत विभिन्न निकायहरु तथा संस्थाहरूले नियमित रूपमा विभिन्न कार्यक्रमहरु भइरहने गरेको छ । यस्ता कार्यक्रम तथा घटनाहरु बारेमा सर्वसाधारणलाई जानकारी होस् र अभिलेखहरु पनि गर्न सकियोस् भन्ने उद्देश्यबाट राष्ट्रिय सूचना आयोगले प्रत्येक त्रैमासिकमा भएका गतिविधिहरु समेटी त्रैमासिक रूपमा सूचना मेरो अधिकार नामक बुलेटिन प्रकाशन गर्ने कार्य यस आर्थिक वर्षमा पनि गरेको छ । साथै यस बुलेटिनको अंग्रेजी संस्करण पनि "InformationM My Right" प्रत्येक ३ महिनामा प्रकाशन गरिएको छ ।

### ६.५.२ आरटीआई जर्नल

अन्य विषय झैँ सूचनाको हकका क्षेत्रमा पनि नयाँ अध्ययन, अनुसन्धान तथा सिद्धान्तहरूको विकास भइरहेको

हुन्छ । सूचनाको हकका क्षेत्रमा कार्य गर्ने, योगदान पुऱ्याउने, अध्ययन गर्ने, प्रयोग गर्ने, अनुसन्धान गर्ने विद्वत वर्गको योगदान महत्वपूर्ण हुन्छ नै । साथै यसरी विद्वत वर्गको सोच तथा उपलब्धिहरूलाई सर्वसाधारणको जानकारीमा ल्याउन आवश्यक र उपयोगी हुन्छ । यसै तथ्यलाई मनन गरी राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष आरिटआई जर्नल प्रकाशन गर्ने गरेको छ । यस जर्नलमा सूचनाको हकका क्षेत्रमा अध्ययन गर्ने, अनुसन्धान गर्ने विद्वत वर्गबाट तयार गरिएका लेखहरु समावेश गर्ने गरिएको छ । यस आर्थिक वर्षमा प्रकाशन भएको जर्नलमा २२ वटा लेखहरु समावेश गरिएको थियो । उक्त जर्नललाई आयोग स्थापना दिवस अर्थात् बैशाख २२ गते एक समारोहका बीच कार्यक्रममा प्रमुख अतिथि सम्माननीयउपराष्ट्रपति श्री नन्द बहादुर पुनले विमोचन गर्नु भएको थियो ।

#### ६.५.३ रेडियो नेपालमार्फत सम्पन्न भएका कार्यक्रम

राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आयोगले जनताको सूचनाको हक सुरक्षित गर्ने प्रयोजनार्थ रेडियो नेपालसँगको सहकार्यमा सूचना हाम्रो अधिकार कार्यक्रम निर्माण तथा प्रसारण गर्ने सम्झौता भई सोही अनुरूप २१ वटा कार्यक्रमहरु रेडियो नेपालबाट प्रसारण भएका थिए । रेडियो नेपालबाट प्रशारण भएका १५ मिनेटका यी २१ वटा कार्यक्रमले नेपालका विकट तथा दूरदराजमा रहेका नागरिकलाईसमेत सूचनाको हकका बारेमा महत्वूर्ण जानकारीहरु प्रसारण गरी सुसुचित गराई जनचेतना अभिवृद्धि भएको अनुभूति आयोगले गरेको छ ।

#### ६.५.४ गोरखापत्र संस्थानमार्फत भएका कार्यक्रम

राष्ट्रिय सूचना आयोगको आर्थिक वर्ष २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आयोगले जनताको सूचनाको हक सुरक्षित गर्न गोरखापत्र संस्थानसँगको सहकार्यमा गोरखापत्र मार्फत सूचनाको हक सम्बन्धमा जानकारीमूलक, संदेशमूलक एवं सूचनामूलक सामग्रीहरु प्रकाशन गर्न सम्झौता भई १५ वटा जानकारीमूलक, संदेशमूलक एवम् सूचनामूलक सामग्री प्रकाशन गरिएका थिए । यस कार्यक्रमले नेपालका सुगम तथा दुर्गम भेगमा रहेका नागरिकले आफ्नो सूचनाको हक र अधिकारका बारेमा पढ्ने मौका पाई सूचनाको हकका सम्बन्धमा आमनागरिक सुसूचित भएको अनुभव आयोगले गरेको छ ।

#### ६.५.५ नेपाल टेलिभिजन मार्फत् सम्पन्न भएका कार्यक्रम

नेपाल टेलिभिजनसँगको सहकार्यमा सूचना मेरो हक कार्यक्रम निर्माण तथा प्रसारण गर्न सम्झौता भई सोही अनुरूप नेपाल टेलिभिजनबाट १० वटा Talk show कार्यक्रम प्रसारण गरिएको थियो । यी १० वटा श्रृङ्खलाहरु आयोगका प्रमुख सूचना आयुक्त, सूचना आयुक्त, सचिव, पूर्व सचिव, पूर्व पदाधिकारी र सूचना प्रवाहको क्षेत्रमा विशिष्ट योगदान गर्नुभएका अन्य व्यक्तित्वहरु सहभागी भई सञ्चालन भएकाले सूचनाको हकको संरक्षण, सम्बर्द्धन, जनचेतना तथा पारदर्शिताका क्षेत्रमा महत्वपूर्ण योगदान भएको ठानिएको छ । यस कार्यक्रमले शहरी एवम् विद्युत लाईन पहुँच भएको स्थानका नागरिकलाई संविधानमा व्यवस्था भएको सूचनाको हकको बारेमा प्रष्ट्याउने एवम् जनचेतना अभिवृद्धि गराउने कार्य भएको आयोगको ठम्याइ रहेको छ । कार्यक्रमका वक्ताहरु सूचनाको हकका विषयमा विज्ञ रहनुले पनि आमनागरिकमा सूचनाको हकका बारेमा प्रत्येक नागरिक देशका सर्जक हुन् भन्ने अनुभूति गराएको आयोगले महसुस गरेको छ ।

## ६.६ सूचनाको हकको कार्यान्वयन परीक्षण

प्रथम पटक बागमती, गण्डकी, र मधेश प्रदेशस्तरमा गएर राष्ट्रिय सूचना आयोगले गरेको सूचनाको हक प्रचलनको परीक्षणमा प्रदेशस्तरीय प्रायः सबै निकायहरूले सूचना अधिकारी नियुक्त गरेको, स्वतः प्रकाशनसम्बन्धी विवरणहरु वेबसाइटमा राख्ने गरेको, सूचना माग र प्रवाहको छुट्टै रजिष्ट्रर र अभिलेख राखेको र राख्न सुरू गरेको, तालिम केन्द्रहरूले सूचनाको हकको विषय तालिम पाठ्यक्रममा राखेको पाइएको छ । प्रदेशस्तरीय सार्वजनिक निकायहरूले राष्ट्रिय सूचना आयोगबाट दिएको निर्देशन पालना गरेको तथा आदेश र फैसला अनुसार सूचना दिइएको पनि पाइएको छ ।

संवैधानिक र कानूनी रूपमा नागरिक अधिकारका रूपमा प्रत्याभूत सूचनाको हकको कार्यान्वयन गर्ने प्राथमिक दायित्व र जिम्मेवारी सार्वजनिक निकायको हो । सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने, त्रैमासिक रूपमा स्वतः प्रकाशन गर्ने, माग भएको सूचनाको अभिलेख राख्ने, माग भएका सूचना उपलब्ध गराउने जस्ता कार्यहरु गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायले सूचनाको हक कार्यान्वयन गरेको/नगरेको अवस्था मूल्याकंनका लागि प्रत्येक वर्ष सूचनाको हक परीक्षण (आरटीआई अडिट) गर्ने गरेको छ । विगतमा संघीय मन्त्रालय, विभाग तथा कार्यालयहरूको परीक्षण गर्ने गरेकोमा संघीयता लागू भएपश्चात्को अवस्थालाई ध्यानमा राखी प्रदेशस्तरका सार्वजनिक निकायहरूको परीक्षण गर्न आवश्यक ठानी यस आर्थिक वर्षमा ३ वटा प्रदेशहरु बागमती, गण्डकी र मधेश प्रदेशका सार्वजनिक निकायहरूको परीक्षण प्रतिवेदन प्राप्त गरेको छ । अन्य प्रदेश तथा स्थानीय तहकोसमेत परीक्षण गरी प्रतिवेदन लिने लक्ष्य आयोगले लिएको छ । यसका लागि आवश्यक बजेटको व्यवस्था हुनु पर्ने आयोगको ठहर रहेको छ । प्राप्त प्रतिवेदन यही असोज १२ अर्थात् सेप्टेम्बर २८ का दिन सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री अग्नी प्रसाद सापकोटाबाट सार्वजनिकीकरण गरिएको थियो ।

परीक्षण गर्दा १० वटा सूचकहरूमा प्रत्येक सूचकलाई १० अंक भार मानी आरिटआई अडिट गरिएको थियो । उक्त १० वटा सूचकलाई आधार मानी प्रदान गरिएको सूचनाहरूमा सूचना अधिकारी तोक्नेसम्बन्धी कार्यान्वयनका अवस्थाका आधारमा बागमती ७.३ अंक, गण्डकी र मधेश प्रदेशले समान १० अंक नै प्राप्त गरेका छन् । त्यसैगरी स्वतः प्रकाशन ३/३ महिनामा गरेको कार्यान्वयनको स्थितिमा बागमती ४ अंक, गण्डकी ८ अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचना माग र प्रवाहको निवेदन छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्नेसम्बन्धी कार्यान्वयनको स्थितिमा बागमतीले १.४ अंक, गण्डकीले ८ अंक र मेधश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचना अधिकारीले सूचनाका क्षेत्रका गतिविधिहरूलाई एकीकृत गर्ने गरे/नगरेको स्थितिमा बागमतीले ३.१ अंक, गण्डकी ७ अंक र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् ।

यसैगरी सूचना अधिकारीको बोर्ड राखिएको वा नराखिएको विषयमा बागमतीले ४.३ अंक, गण्डकीले ९ अंक र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् । वेबसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशनको विषय भए/नभएकोमा बागमतीले ४.४ अंक, गण्डकीले ९ अंक र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् । मन्त्रालयको वेबसाइट दुरूस्त भए/नभएकोमा बागमतीले ६ अंक, गण्डकीले १० अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचना प्रवाहमा मन्त्रालयले अग्रसरता र नियमित प्रेस भेटघाट भए/नभएकोमा बागमती ६ अंक, गण्डकी ८ अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । त्यसै गरी सूचनाको हक तालिममा समावेश गर्ने गरे/नगरेकोमा बागमतीले १.५, गण्डकीले ६ अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचनाको हकको दायित्व पूरा गरे/नगरेको जस्तै; विभिन्न भाषामा सूचना प्रवाह गर्ने र आमसञ्चार प्रयोग गरी सूचनाको प्रचार प्रसार गर्ने गरेको वा नगरेको वा वर्गीकरण गरे/नगरेको सम्बन्धमा बागमतीले ५.१ अंक, गण्डकी ७ अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् ।

## ६.७ सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदा

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा रहेको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नियमावली बनाउन आवश्यक भएको सन्दर्भलाई ध्यानमा राखी राष्ट्रिय सूचना आयोगले सरोकारवालासँगको राय तथा पृष्ठपोषण, गोष्ठी, सर्वसाधारणको प्रतिक्रियासमेत लिई सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको मस्यौदा तयार गरेको छ ।

पछिल्लो अवधिमा सार्वजनिक निकायमा भएको वा भइरहेको अनियमितताका घटनाहरु बारेका सूचना बाहिर ल्याउँदा

सार्वजनिक निकायबाट कारबाही भएको कारणबाट सूचनादाताले आयोगमा उजुरी गरेको अवस्था छ । यसरी प्राप्त उजुरीलाई छानवीन गरी निर्क्यौलमा पुऱ्याउन नियमावली हुँदा सहज हुने महशुस गरी आयोगले गत वर्षको वार्षिक कार्यक्रममा नै मस्यौदा तयार गर्ने समावेश गरेको थियो । सोही अनुरूप तयार भएको मस्यौदाउपर पटक पटकको छलफल, पृष्ठपोषण कार्यक्रम तथा वेबसाइटमा राखी सर्वसाधारणको प्रतिक्रिया लिई अन्तिम रूपमा प्रदान गरिएको छ ।

तयार भएको मस्यौदामा १४ वटा बुँदा समावेश भएका छन् । परिभाषा, सूचना दिन पर्ने, सूचना गोप्य राख्न पर्ने, उजुरी दिन सकिने, उजुरीमा खुलाउनु पर्ने कुराहरू, उजुरी दर्ता, छानवीन, कार्यविधि जस्ता विषयहरु मस्यौदा नियमावलीमा समावेश भएका छन् ।

## ६.८ सूचनाको हकको कार्यान्वयनबारेको अनुसन्धान/अध्ययन प्रतिवेदन

आयोगको आ. व.२०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ बमोजिम आ. व. २०७५/०७६ र आ. व. २०७६/०७७ मा जारी गरेका आदेशहरूको कार्यान्वयनको अवस्थाको बारेमा अध्ययन गराइएको थियो ।

अध्ययनका क्रममा सम्बन्धित मन्त्रालयका सूचना अधिकारीहरूसँग प्रत्यक्ष भेटघाट गरी जानकारी लिइएको थियो भने इन्स्योरेन्स कम्पनीहरूमा ६ वटामा प्रत्यक्ष भेटघाट र बाँकी ६ वटामा टेलिफोन, इमेल र उनीहरूको वेबसाइटबाट आदेशहरूको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी लिइएको थियो । यसैगरी ७ वटै प्रदेशका मुख्यमन्त्रीको कार्यालयहरूका वेबपेजबाट जानकारी लिइएको थियो ।

यस क्रममा आयोगले आ. व. २०७५/०७६ मा २ वटा र आ. व. २०७६/०७७ मा ४ वटा गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ बमोजिम जारी गरेका ६ वटा आदेशहरु सम्बन्धित सार्वजनिक निकायहरूले इमान्दारीपूर्वक कार्यान्वयन गरेको पाइएको छ । सबै सार्वजनिक निकायहरूले सूचना अधिकारीको व्यवस्था, सूचनाहरु अद्यावधिक गरी स्वतः प्रकाशन गर्ने व्यवस्था गरेको नपाइएकोले आयोगले त्यसरी सूचनाको हक कार्यान्वयन नगर्ने सार्वजनिक निकायहरूलाई आदेश दिनु पर्ने देखिन्छ । त्यस्तै सार्वजनिक निकायहरूको वेबपेजमा मात्र स्वतः प्रकाशन गर्नाले इन्टरनेट सुविधामा  प्राप्त नभएका आमनागरिकलेसमेत हेर्न र थाहा पाउन सक्ने गरी एफ. एम. रेडियो, पत्रपत्रिका वा अन्य उपयुक्त माध्यम अपनाई सूचनामा सबै नागरिकको पहुँच पुऱ्याउन आदेश जारी गर्नुपर्ने साथै सूचनाको हक सम्बन्धमा भए गरेका व्यवस्थाहरूको सार्वजनिक निकायहरूले कार्यान्वयन गरे नगरेको विषयमासमेत निरन्तर अनुगमनको व्यवस्था हुनु जरूरी छ भन्ने उक्त प्रतिवेदनको निष्कर्ष रहेको छ ।

## परिच्छेद- ७

# सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगका सुझाव

राष्ट्रिय सूचना आयोगले २०६५ साल बैशाख २२ गते स्थापना भएदेखि नै प्रत्येक वर्ष बुझाएको प्रतिवेदनमा आ^ना सुझावहरु दिदैँ आएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ अनुसार नागरिकको सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले विगतमा आ^ना तेह्रवटा बार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीमार्फत् संघीय संसदमा पेश गरिसकको छ । ती सबै प्रतिवेदनमा नागरिकको सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि आयोगले आवश्यक ठहर गरेका सुझावहरु सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ र अन्य दफाहरुमा सूचनाको हकको संरक्षण, सम्वर्द्धनका लागि सुझाव दिने/सिफारिस गर्ने अधिकारबमोजिम आयोगले सुझावहरु दिदै आएको हो । आयोगले विगतमा नेपाल सरकार समक्ष दिएको सुझावहरु अनुसूची–१३ मा रहेको छ । आयोग स्थापनाको यो तेस्रो कार्यकालको तेस्रो प्रतिवेदन पनि भएकाले यस अघि १३ वटा प्रतिवेदनसमेतमा उल्लेख भएका सुझावहरुमा सहमति राख्दै हाल अनुभूत भएका तर कार्यान्वयन हुन बाँकी सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनलाई अझ प्रभावकारी बनाउन आयोगले अनिवार्य ठानेका र तत्काल कार्यान्वयन गर्नुपर्ने महत्वपूर्ण थप सुझावहरु निम्नानुसार रहेका छन् ।

१. सुशासनका लागि महत्वपुर्ण माध्यमका रूपमा पारदर्शितालाई लिइन्छ । विश्वमा र नेपालमा पनि विभिन्न संस्था (कंपनी, प्रतिष्ठान, संगठन, समिति, संस्था इत्यादी) हरु खोल्ने र ति संस्थाहरूको नाममा नक्कली वा गलत कृयाकलाप गर्ने, भ्रष्टाचार गरेको आम्दानी लगानी गर्ने वा लुकाउने, कालो धन शुद्धीकरण गर्ने जस्ता कृयाकलापहरु हुने गरेको साय समयमा हुने घटनाहरूबाट प्रमाणित हुने गरेको पाइन्छ । विश्व बैंकको एउटा अध्ययन अनुसार विश्वमा ७० प्रतिशत भन्दा बढी ठुला भ्रष्टाचारमा यसरी खडा भएका संस्थाहरूको संलग्नता रहेको पाइएको छ । यस्तो कृयाकलाप रोक्ने एउटा शसक्त माध्यमका रूपमा कुनै पनि संस्थामा संलग्न रहेका प्राकृतिक व्यक्तिहरूको नामावली र लगानी सबै नागरिकले थाहा पाउन सक्ने बनाउन जरूरी देखिएको छ । विश्वमा १०० भन्दा बढी देशहरूले Transparency Beneficial Ownership लागुगर्न सहमती प्रकट गरिसकेका छन । तसर्थ यस्ता संस्थाहरूको एकीकृत लगत खडा गरी सबैले हेर्न मिल्ने व्यवस्था मिलाउन आवश्यक भइसकेको हुंदा यस तर्फ आवश्यक पहल गर्न पर्ने ।

२. सार्वजनिक पद धारण गर्ने समयमा नेपालको संविधान तथा कानूनबमोजिम शपथ ग्रहण गराउने व्यवस्था छ । यसरी गरिने शपथमा गोपनियता शब्द राख्ने गरिएको छ । लोकतान्त्रिक पद्धतिमा नागरिकबाट गोप्य राख्नुपर्ने विषय सीमित हुन्छ । साथै कानूनले नै गोप्य राख्ने भनेको विषय शपथ नलिंदा पनि सार्वजनिक गर्ने विषय हुन सक्दैन । गोपनियताको शपथका कारण सार्वजनिक गरिन पर्ने विषय सार्वजनिक गर्न हिचकिचाउन पर्ने तथा बहानाका रूपमा प्रयोग हुने गरेको अवस्था छ । तसर्थ शासन पद्धतीमा भइरहेको विकास र सुशासनको आवश्यकतालाई ध्यानमा राखी गोपनियताको शपथ गराउन सान्दर्भिक हुन सक्दैन । तसर्थ सार्वजनिक पद ग्रहण गर्नेहरूका लागि शपथमा रहेको गोपनियता शब्द पुर्ण रूपमा हटाउने ।

३. सूचनाको हक कार्यान्वयन गर्ने प्राथमिकता दायित्व सार्वजनिक निकायको हो । कार्यान्वयनका लागि आफ्ना निकायका कर्मचारीलाई पर्याप्त तालिम दिनु र साधन श्रोत उपलब्ध गराउन आवश्यक हुन्छ । आयोगले सूचनाको हक प्रचलन गर्न गराउन नियमित रूपमा प्रयासहरु गरिरहेको छ । सीमित श्रोत साधनका साथ । तर यसरी गरिएका प्रयासहरु पर्याप्त हुन सक्दैनन् । सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन नेपाल सरकारले स्वीकृत गरी लागू गरेको सूचनाको हक कार्यन्वयनसम्बन्धी कार्यन्वयन निर्देशिका २०७६ मा भएका व्यवस्थाहरूको पालना गर्न गराउन नेपाल सरकारका तर्फबाट प्रभावकारी पहल हुनुपर्ने ।

४. सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब रूपिया भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी र जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरूपयोग भइदिँदा खोजेको प्रतिफल प्राप्त हुन सक्दैन । सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने । सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रूपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने । सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रूपमा समावेश गर्ने ।

५. सार्वजनिक निकायहरूले समय समय भएका घटना, समस्या, परिस्थितिको अनुसन्धान तथा अध्ययन गर्नका लागि कानूनबमोजिम वा निर्णय गरी समय समयमा विभिन्न कार्यदल, टोली, समिति आदी बनाउने गरिएको छ । यसरी हुने अध्ययन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनहरु मध्ये कतिपय समयमै सार्वजनिक नहुंदा यसबाट प्राप्त भएका परिणाम तथा सुझावहरु वारेमा सर्वसाधारण नागरिक थाहा पाउन पर्ने अधिकारबाट वञ्चित हुने गरेको छ । यसबाट सार्वजनिक निकायप्रति नै नकरात्मक धारणा बन्ने हुन्छ । तसर्थ सार्वजनिक निकायहरूले गरेका यस्ता अध्ययन तथा अनुसन्धान प्रतिवेदनहरु यथाशिघ्र सार्वजनिक सार्वजनिक गर्ने व्यवस्था गर्ने ।


६. सार्वजनिक निकायलाई पारदर्शी बनाई सर्वसाधारण नागरिकप्रति जिम्मेवार बनाउने प्रमुख दायित्व सार्वजनिक निकायका प्रमुखको हो । यसका लागि प्रत्येक सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी कानूनको इमान्दार पालना गर्नू/गराउनू आवश्यक छ । पछिल्लो अवधिमा सार्वजनिक निकायका प्रमुखहरूमा सूचनाको हक लगायतका नागरिक हक कार्यान्वयनमा उदासिनता देखिने गरेको छ । तसर्थ सूचनाको हकको कार्यन्वयन नगर्ने नगराउने सार्वजनिक निकायका प्रमुख माथि तालुक निकायले अनुगमन गरी विभागीय कारवाही गर्न पर्ने ।

७. सूचनाको हकको संरक्षण, संबर्द्धन र प्रचलन गर्न गराउन राष्ट्रिय सूचना आयोगको गठन भएको हो । यो जिम्मेवारी पुरा गर्न गराउन आयोगले नियमित रूपले अन्तरक्रिया, प्रशिक्षण, गोष्ठीका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । केहि वर्ष देखि आयोगका लागि विनियोजित बजेटमा कार्यक्रम बजेट घट्दो क्रममा रहेको छ । यसबाट सूचनाको हक कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धता माथि प्रश्न उठ्ने अवस्था आउने गरेको छ । नेपाल सरकारबाट आयोगका लागि विनियोजित बजेट बृद्धी गर्न पर्ने ।

८. नेपाल सरकारका विभिन्न निकाहरूले विद्युतीय प्रणालीमार्फत् सेवा प्रदान गर्न प्रारम्भ गरेको देखिएको छ । यस प्रणालीमार्फत् सेवा प्रदान भएका र हुने निकायहरूले त्यस्ता प्रणाली अवलम्बन गरी सञ्चालन गर्दा सूचनाको हकको पक्षलाईसमेत मध्येनजर गरी सूचना प्रणालीको निर्माण र सञ्चालन गर्न आवश्यक देखिन्छ । विशेष गरी त्यस्तो प्रणालीको प्राविधिक क्षमता, प्रणालीको कार्यपद्धति, प्रणालीले काम गर्ने अवधि, प्रणालीका काम प्रतिको उत्तररदायित्वको विषयहरूमा प्रयोगकर्तालाई पूर्वजानकारी सुनिश्चित गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

# अनुसूची- १

# राष्ट्रिय सूचना आयोगको संगठन संरचना



## अनुसूची- २

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी /पुनरावेदन सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन सूचना अधिकारी /सहायक प्रवक्ता | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | दोस्रो तल्ला भवन २ | उप सचिव (न्याय, कानून) मो.नं. ९८५१२४४६६५<br>कानुन अधिकृत (न्याय, कानून)<br>शाखा अधिकृत (प्रशासन, सा.प्र)<br>नायव सुब्बा (प्रशासन, सा.प्र) | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष पुनरावेदन दिनसक्ने ।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>– पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजायउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने । आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने । | |

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी ⁄पुनरावेदन सुन्ने अधिकारी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | तेस्रो तल्ला भवन २ | उप सचिव (प्रशासन, सा.प्र)<br>शाखा अधिकृत (प्रशासन, सा.प्र) | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले बार्षिक रूपमा सञ्चालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>– स्वीकृत बार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्यसमेत विचार गरी कार्यक्रम सञ्चालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने । | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव (रा.प.प्रथम) | |
| ३. | आयोगको दैनिक प्रशासन सञ्चालन | प्रशासन शाखा | दोस्रो तल्ला भवन १ | उप सचिव (प्रशासन, सा.प्र)<br>शाखा अधिकृत (प्रशासन, सा.प्र)<br>लेखा अधिकृत (प्रशासन, सा.प्र. ले.) | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने ।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव (रा.प.प्रथम) | |

आयोगको नोटिस वोर्ड सेवा नम्बरः–१६१८०७०७८२४२६

फोन नम्बरः– ०१-४४६४४१२, ४४९६५४४ Web Site :- www.nic.gov.np

ईमेलः– nifo@nic.gov.np फ्याक्स नम्बरः– ४४९६५४५

Facebook/rtinepal

## अनुसूची- ३

# आयोगमा आर्थिक वर्ष २०७८।७९ मा कार्यरत पदाधिकारी र कर्मचारीको विवरण

### (क) पदाधिकारीहरू

| क्र. सं. | नामावली | पद | कार्यरत अवधि |
|---|---|---|---|
| १ | श्री महेन्द्र मान गुरूङ्ग | प्र. सूचना आयुक्त | पूरै आर्थिक वर्ष |
| २ | श्री कमला ओली थापा | सूचना आयुक्त | पूरै आर्थिक वर्ष |
| ३ | श्री रत्नप्रसाद मैनाली | सूचना आयुक्त | पूरै आर्थिक वर्ष |

### (ख) कर्मचारीहरू

| सि.नं. | नामावली | पद | श्रेणी | सेवा/समुह/उप समुह | कार्यरत अवधि |
|---|---|---|---|---|---|
| १ | श्री भागिरथ पाण्डेय | सचिव | रा.प प्रथम | प्रशासन | पूरै आर्थिक वर्ष |
| २ | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| ३ | श्री सीता निरौला फूयाँल | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | २०७८।१०।२४ देखि |
| ४ | श्री फणिन्द्र दाहाल | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | २०७८।०६।१८ सम्म |
| ५ | श्री बाबुराम खनाल | उप सचिव | रा.प. द्वितीय | प्रशासन, सामान्य प्रशासन | २०७८।०७।०४ सम्म |
| ६ | श्री विश्वबन्धु पौडेल | उप सचिव | रा.प. द्वितीय | न्याय, कानून | पूरै आर्थिक वर्ष |
| ७ | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पुरै आर्थिक वर्ष |
| ८ | श्री डिल्लीराम भट्ट | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| ९ | श्री हरिहर कार्की | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| १० | श्री श्रीकृष्ण खत्री | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | २०७८ चैतसम्म |
| ११ | श्री प्रदिप कुमार दाहाल | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | २०७९।०३।०३ सम्म |
| १२ | श्री जीवन कुवँर | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन, सामान्य प्रशासन | २०७८।०९।०५ देखि |
| १३ | श्री राजन पाण्डे | क. इ. | रा.प. तृतीय | विविध | २०७८।०५।२८ देखि |
| १४ | सन्जिप कुमार अधिकारी | कानून अधिकृत | रा.प तृतीय | न्याय, कानून | २०७८।०६।३१ देखि |
| १५ | श्री यज्ञराज उप्रेती | लेखा अधिकृत | रा.प तृतीय | प्रशासन, लेखा | २०७९।०१।०२ सम्म |
| १६ | श्री शान्ति वाग्ले | कानून अधिकृत | रा.प. तृतीय | न्याय, कानून | २०७८।१०।१५ देखि |
| १७ | श्री हेमन्त रिज्याल | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पुरै आर्थिक वर्ष |
| १८ | श्री देव बहादुर घिमिरे | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | २०७८।१०।१८ सम्म |
| १९ | श्री विदुर आचार्य | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | २०७८।१०।२८ सम्म |
| २० | श्री सान्ता न्यौपाने | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | पूरै आर्थिक वर्ष |
| २१ | श्री रञ्जना कुमारी दाहाल | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन, सामान्य प्रशासन | २०७८।०५।०३ देखि |
| २२ | श्री लक्ष्मण अर्याल | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन, लेखा | २०७८।०५।०१ देखि |
| २३ | श्री गौरब गुरूङ्ग | क. अ. | रा.प.अनं. प्रथम | विविध | पुरै आर्थिक वर्ष |
| २४ | श्री रबिन गौतम | क. अ. | रा.प.अनं. प्रथम | विविध | पुरै आर्थिक वर्ष |
| २५ | श्री महेश खड्का | ह.स.चा. | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |

| सि.नं. | नामावली | पद | श्रेणी | सेवा/समुह/उप समुह | कार्यरत अवधि |
|---|---|---|---|---|---|
| २६ | श्री हरि बुढाथोकी | ह.स.चा. | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |
| २७ | श्री सिताराम बस्नेत | ह.स.चा. | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |
| २८ | श्री विजय श्रेष्ठ | ह.स.चा. | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |
| २९ | श्री ब्रिज किशोर राउत थारू | ह.स.चा. | श्रेणीविहीन | | पूरै आर्थिक वर्ष |
| ३० | श्री अर्जुन तिमल्सिना | ह.स.चा. | श्रेणीविहीन | | पूरै आर्थिक वर्ष |
| ३१ | श्री माइली तामाङ | का. स. | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |
| ३२ | श्री नविन सुवेदी | का.स. | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |
| ३३ | श्री सुनिता पोडे | कुचीकार | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |
| ३४ | श्री सृजना देवकोटा | का. स. | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |
| ३५ | श्री रुपसना भट्टराई | का. स. | श्रेणीविहीन | | पुरै आर्थिक वर्ष |
| ३६ | श्री जीवनाथ तिमल्सेना | पाले/चौकिदार | श्रेणीविहीन | | पूरै आर्थिक वर्ष |
| ३७ | श्री नवराज कार्की | पाले/चौकिदार | श्रैणीविहिन | | पूरै आर्थिक वर्ष |
| ३८ | श्री टिका प्रसाद घिमिरे | का.स. | श्रेणीविहीन | | पूरै आर्थिक वर्ष |
| ३९ | श्री सुसीला अधिकारी थापा | का.स. | श्रेणीविहीन | | पूरै आर्थिक वर्ष |
| ४० | श्री दिपक न्यौपाने | का.स. | श्रेणीविहीन | | पूरै आर्थिक वर्ष |

# अनुसूची- ४

# आर्थिक वर्ष २०७८/७९ आयोगको बैठकबाट भएका निर्णय

## बैठक नं. २६४(३)२४, मिति २०७८।०४।२८

१. नेपाल सरकारले निषेधाज्ञाको अवधि थप गर्दै गएको र कोभिडका बिरामी दिन प्रतिदिन बढ्दै गएका कारण कुनै प्रकारका सभा, सम्मलेन गोष्ठी, सेमिनार, दिवस जस्ता कार्यक्रम नगर्न निर्देशन गरेको हुँदा यस वर्षको राष्ट्रिय सूचना दिवस भौतिक उपस्थितिमा मनाउन सक्ने अवस्था रहेन । दिवसको अवसरमा गोरखापत्रमा शुभकामना सन्देश प्रकाशन गर्ने । यस वर्ष समारोह र औपचारिक कार्यक्रम नगर्ने भएपछि राष्ट्रिय सूचना दिवसका दिन आयोग परिसरमा व्यानर झुण्ड्याई प्रेस विज्ञप्ती जारी गर्ने निर्णय गरियो ।

२. कपिलवस्तु न. पा.-७ निवासी श्री अनुप पन्थीले मिति २०७८।०४।१४ मा देहायबमोजिमको विषयमा आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को उपदफा (क) बमोजिमको आदेश हुन निवेदन प्राप्त भएको ।

(क) उपरोक्त सम्बन्धमा म निवेदक बी. पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सन् २०११ मा बी. डी. एस. उत्तीर्ण गरेको नेपाली नागरिक हुँ । उक्त प्रतिष्ठानको भूतपूर्व विद्यार्थीका हैसियतले त्यहाँ चलिरहेको संस्थागत सुधार अभियानमा क्रियाशील रहेको छु ।

(ख) प्रतिष्ठानका उच्च पदाधिकारीको संलग्नतामा भएका भ्रष्टाचारजन्य गम्भीर प्रकृतिका विकृति विसंगतीको निवारणका लागि सरकारी तथा गैर सरकारी तहबाट विभिन्न प्रयास भइरहेका छन् । त्यस्ता प्रयासलाई सफल बनाउने सम्बन्धमा सम्मानित राष्ट्रिय सूचना आयोगको पनि अर्थपूर्ण भूमिका रहेको हुँदा प्रस्तुत निवेदन पेश गरेको छु ।

(ग) प्रतिष्ठानबाट गरिने सार्वजनिक खरिदमा व्यापक अनियमितता रहेको छ । प्रतिष्ठानले स्वास्थ्य सामग्री आपूर्ति गर्दा प्रतिष्ठानका उच्च पदाधिकारी र निकटस्थ आपूर्तिकर्ता बीचको मिलेमतोमा चलनचल्ती भन्दा कयौं गुणा बढी मूल्यमा खरिद गरेको देखिन्छ । जसले गर्दा प्रतिष्ठान आर्थिक रूपमा धराशायी भएको छ । जबकि खरिद प्रक्रियामा संलग्न पदाधिकारी तथा आपूर्तिकर्ता व्यवसायीले भने अकुत सम्पत्ति आर्जन गर्न सफल भएका छन् ।

(घ) प्रतिष्ठानबाट सार्वजनिक खरिदको क्रममा छनौट भएको आपूर्तिकर्ताको विवरण, बोलपत्र प्रस्तावको पूर्ण पाठ, त्यसमा उल्लिखित आपूर्ति गरिने सामग्रीको नाम, परिमाण, गुणस्तर, दररेट, मूल्यसहितको सम्पूर्ण विवरण तथा खरिद सम्झौता प्रतिष्ठानको वेबसाइटमार्फत् सार्वजनिकीकरण गरेको खण्डमा सार्वजनिक खरिदको क्रममा हुने भ्रष्टाचारको निवारणमा विशेष रूपमा टेवा पुग्ने देखिन्छ । भ्रष्टाचार निवारणका लागि यस प्रकारका सूचनामा नागरिकको पहुँच सुनिश्चित गरिनु अपरिहार्य छ ।

(ङ) अतः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम तथा उक्त प्रावधानले दिएको अधिकार प्रयोग गरी आयोगबाट विगतमा भएका आदेशसमेतलाई आधार मानी बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा सम्पूर्ण सार्वजनिक निकायका सम्बन्धमा देहायबमोजिमको आदेश जारी गरी पाऊँः-

१. सार्वजनिक खरिदको क्रममा छनौट भएको आपूर्तिकर्ताको विवरण, बोलपत्र प्रस्तावको पूर्ण पाठ, त्यसमा उल्लिखित आपूर्ति गरिने सामग्रीको नाम, परिमाण, गुणस्तर, दररेट, मूल्यसहितको सम्पूर्ण विवरण तथा खरिद सम्झौता सम्बन्धित सार्वजनिक निकायको वेबसाइटमार्फत् सार्वजनिकीकरण गर्ने/गराउने ।

२. प्रकरण नं. १ को प्रयोजनका लागि बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका हकमा सोझै आदेश गर्ने । अन्य सार्वजनिक निकायका हकमा प्रत्येक सार्वजनिक निकायलाई सोझै आदेश दिने वा त्यसो गर्न सम्भव नभएमा प्रत्येक सार्वजनिक निकायको तालुक निकायमार्फत् परिपत्र गरी आदेश कार्यान्वयन गर्ने

गराउने ।

३. (क) उल्लेखित विषय सार्वजनिक खरिद ऐनसँग सम्बन्धित भएको हुँदा आदेश दिनु अगाडि सम्बन्धित निकायसँग छलफल गर्न उपयुक्त हुने भएकोले मिति २०७८।०४।२८ का दिन सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रमुखलाई छलफल गर्न आमन्त्रण गरिएको थियो । छलफलका क्रममा सार्वजनिक खरिदका कार्य प्रक्रिया तथा निर्णय जति सक्दो पारदर्शी बनाउन आवश्यक रहेको सन्दर्भमा माग भएबमोजिमको आदेश गर्न उपयुक्त भएको राय छलफलमा सहभागी कार्यालयका सहसचिवबाट व्यक्त भएको छ ।

(ख) लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सर्वसाधारण नागरिकको सहभागिता र संलग्नता हो । सर्वसाधारण नागरिकका नाममा वा सर्वसाधारण नागरिकका लागि गरिने प्रत्येक कार्य, क्रियाकलाप, नीति निर्माण, खरिद तथा खर्चको विवरणका बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु आवश्यक हुन्छ । देशको समृद्धिका लागि पारदर्शी, जवाफदेही, उत्तरदायी सार्वजनिक निकायको आवश्यकता पर्दछ । यही आवश्यकतालाई महशुस गरी विश्वभर र नेपालमा पनि नागरिकलाई सूचनाको हक संवैधानिक र कानूनी रूपमा नै प्रदान गरिएको छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । सार्वजनिक निकायले प्रत्येक ३ महिना अन्त्य भएको १५ दिन भित्र त्यस निकायबाट सम्पादन भएका क्रियाकलाप, खर्चका बारेमा स्वतः प्रकाशन गर्न पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायको दायित्व नै हो; सार्वजनिक सरोकारका विषयहरूमा सूचना माग्न नै नपर्ने गरी नियमित रूपमा सार्वजनिक गर्दै जानु ।

(ग) देशलाई आर्थिक विकासको बाटोमा द्रुत गतिमा लैजान प्रत्येक वर्ष सार्वजनिक निकायहरूमार्फत् नियमित रूपमा ठूलादेखि साना आकारका खरिदहरु हुने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरूपयोग भइदिँदा खोजेको प्रतिफल नपाउने मात्र नभई सीमित व्यक्तिलाई मात्र लाभ पुग्ने अवस्था आउन सक्छ ।

(घ) समय समयमा सार्वजनिक खरिदमा भएका अनियमितता तथा भ्रष्टाचारका विषयहरु सार्वजनिक हुने गरेका छन् । कतिपय अवस्थामा छानवीन भई कारबाहीको प्रक्रियामासमेत गएका छन् भने कतिपय भ्रष्टाचारसम्बन्धी मुद्दामा परी जेल सजायँ भएका छन् । सर्वसाधारण नागरिकको रगत पसिनाबाट उठाएको राजश्व खर्च गरी गरिने सार्वजनिक खरिदका प्रक्रिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरणसहितको बोर्ड राख्नेसम्बन्धी निर्देशन पटक पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरिद सार्वजनिक चासोको विषय पनि हो ।

(ङ) उल्लेखित सन्दर्भलाईसमेत ध्यानमा राखी सार्वजनिक खरिदका सन्दर्भमा नेपाल सरकारका निकायहरूका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयमार्फत्, प्रदेशस्तरका सार्वजनिक निकायका हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् र स्थानिय तहका हकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत र वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपतिका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को

दफा १९(छ) बमोजिम देहायका कार्य गर्न गराउन निर्देशन दिने ।

१. सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने ।
२. सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रूपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।
३. सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रूपमा समावेश गर्ने ।
४. भौतिक निर्माणसम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रूपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्य मुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।
५. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदसम्बन्धी कानूनमा सार्वजनिक खरिदसम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्ने तथा बुँदा नं. १, २ र ३ बमोजिम भए/नभएको अनुगमन गर्न निर्देशन दिने ।

४. अन्य विविध विषयमा छलफल भयो ।

## बैठक नं. २६५(३)२५, मिति २०७८।०६।०७

१. श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७८।०४।१० को पत्रमार्फत् राय माग गरिएको विषयतर्फ अध्ययन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ भन्ने व्यवस्था भएको र सोही दफाको उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख छ । उक्त ऐनको दफा ७ को उपदफा (१) मा यस ऐन बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनु पर्नेछ भन्ने व्यवस्थालाई थप स्पष्ट गराई रहन पर्ने अवस्था नदेखिएको र सार्वजनिक निकायमा सूचना प्राप्त गर्नु पर्ने कारणसम्म खुलाई सूचना माग गरेको अवस्थामा सूचना दिनै पर्ने व्यहोरा लेखी पठाउने निर्णय भयो ।

२. निर्वाचन आयोगमा सूचनाको हकसम्बन्धी कानून अन्तर्गत रही सूचना मागसम्बन्धी निवेदन दिन जाँदा तोक लगाएपछि मात्र दर्ता गर्ने व्यवस्था रहेको कारणबाट सूचना मागकर्तालाई झण्झटिलो तथा ढिला र तोक लगाउन पनि सम्बन्धित पदाधिकारी खोज्दै हिँड्न पर्ने अवस्था सिर्जना भएको भनी यस आयोगमा निवेदन पर्न आएको छ । सार्वजनिक निकायहरूमा सर्वसाधारण नागरिकले कुनै पनि विषयमा निवेदन वा आवेदन लिएर जाँदा तोक लगाउन कै लागि लामो समय लाग्ने विषय अहिलेको आधुनिक तथा लोकतान्त्रिक शासन पद्दतिमा सुहाउँदो विषय हुन सक्दैन । त्यसमा पनि नेपालको संविधान तथा कानूनबाट नागरिकको मौलिक हकको रूपमा स्वीकारिएको सूचनाको हकसम्बन्धी निवेदन दर्ता गराउन तोक लगाउन पर्ने व्यवस्था गर्नू/गराउनू नागरिक मैत्री प्रशासनको रूपमा लिन मिल्ने देखिँदैन । तसर्थ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्थाबमोजिम दर्ता हुन आएमा निवेदन तोक लगाएपछि मात्र दर्ता गर्ने व्यवस्था नगरी सरल र सहज रूपमा दर्ता गर्ने व्यवस्था गर्न गराउन निर्वाचन आयोगका कार्यालय प्रमुखलाई लेखी पठाउने निर्णय भयो ।

३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ८ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ ले तोकेको दस्तुर सम्बन्धमा कतिपय सार्वजनिक निकायमा अन्यौल रहेको विषय आयोगको जानकारीमा आएको हुँदा प्रचलित सूचनाको हकसम्बन्धी नियमावली, २०६५ संशोधनको क्रममा प्रस्तुत विषयलाई थप स्पष्ट गराउने गरी हाल प्रचलनमा

रहेको नियम ४(२) बमोजिम सूचना प्राप्त गर्दा लाग्ने दस्तुरको सम्बन्धमा सूचना जतिसुकै पृष्ठको भएता पनि दश पृष्ठसम्म शुल्क नलिने र सोभन्दा बढीप्रति पृष्ठको नियम ४(२) बमोजिमको दस्तुर लिने व्यवस्था मिलाउन संघीय सार्वजनिक निकायका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत्, प्रदेशका सार्वजनिक निकायका हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् र स्थानीय तहका सार्वजनिक निकायका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् परिपत्र गर्ने निर्णय गरियो ।

४. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम सजायका लागि र दफा ३३ बमोजिम सार्वजनिक निकायमा पेश गर्ने निवेदनको ढाँचा तर्जुमा गरी आगामी बैठकमा पेश गर्ने ।
५. आयोगमा पुनरावेदन तथा उजुरीसम्बन्धी मासिक प्रतिवेदन र प्रशिक्षण/अभिमुखीकरण/पृष्ठपोषण/ सम्मेलन/गोष्ठी/अन्तरक्रिया कार्यक्रमको प्रतिवेदनसम्बन्धी प्रस्तावित ढाँचा स्वीकृत गरी प्रचलनमा ल्याउने निर्णय गरियो ।
६. सूचनाको हकसम्बन्धी रणनीतिक योजनाको प्रस्तावित मस्यौदामा संशोधन गर्नुपर्ने कुनै विषय भएमा आयोग र सचिवालयका पदाधिकारीले टिपोट गरी मिति २०७८ असोज १९ गते सुझाव पेश गर्ने निर्णय गरियो ।

## बैठक नं. २६६(३)२६, मिति २०७८।०९।२१

१. आयोगको बार्षिक कार्यक्रमहरु मध्ये हालसम्म ४ वटा जिल्लास्तरीय र ३ वटा स्थानीय तह स्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको जानकारी भयो । कार्यक्रम उपलब्धीमूलक रहेको र सहभागिता पनि उत्साहजनक रहेको तथा यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइनु पर्ने देखियो । सूचनाको हकमा महिलासम्बन्धी अन्तरक्रिया कार्यक्रम "सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयक" राष्ट्रिय गोष्ठी उल्लेख्य सहभागिता साथ सम्पन्न भएकोसमेत जानकारी भयो । बाँकी यस्ता कार्यक्रमहरु समयमै सम्पन्न गर्ने गरी कार्यक्रम तय गर्दै जाने निर्णय भयो ।
२. आयोगबाट प्रकाशित हुने आर. टी. आई. जर्नलका लागि प्राप्त लेखहरूको बारेमा छलफल भयो । यही पुष मसान्तभित्र लेखहरु सङ्कलन, अध्ययन तथा मूल्यांकन गरी छपाइमा जाने निर्णय भयो ।
३. माघमा प्रकाशन हुने बुलेटिन तथा प्रकाशनका लागि तयारी गर्ने निर्णय भएको छ ।
४. आयोगका कार्यक्रम तथा भ्रमणसम्बन्धी प्रतिवेदनहरु वेबसाइटमा राख्न बाँकी भए राख्ने निर्णय भयो ।
५. सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस, सेप्टेम्बर २८ मा सम्पन्न "दिगो विकास लक्ष्य सूचनामा पहुँच (१६.१०.२) को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय गोष्ठी" को प्रतिवेदन र देहायबमोजिमको सिफारिस राष्ट्रिय योजना आयोगमा पठाउने ।

   दिगो विकास लक्ष्यको सूचनामा पहुँचसम्बन्धी सूचकांक १६.१०.२ को कार्यान्वयन दिगो विकास लक्ष्य प्राप्तिका लागि र लोकतान्त्रिक पद्धतिमा नागरिक सर्वोच्चता तथा सुशासन कायम गर्न आवश्यक र महत्वपूर्ण रहेको दिगो विकास लक्ष्य कार्यान्वयनका लागि तयार भएको फ्रेमवर्कमा उल्लेखित सूचकांक प्राप्त गर्न पर्याप्त ध्यान पुग्न नसकेको महसुस गरी थप र स्पष्ट राष्ट्रिय लक्ष्य निर्धारण र कार्यान्वयन गर्न, कार्ययोजना बनाउन राष्ट्रिय योजना आयोगले पहल गर्नुपर्ने अवस्था देखिएको । त्यसमा राष्ट्रिय योजना आयोगबाट जिम्मेवारी यस आयोगलाई दिइएको अवस्थामा राष्ट्रिय सूचना आयोगले सबै सरोकारवालाको समन्वयमा कार्ययोजना तयार गर्ने ।
६. नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०७८।०८।०३ को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंको मिति २०७८।०६।२० को निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्र आयोगको जानकारीमा आयो ।
७. अन्य विविध विषयमा छलफल भयो ।

## बैठक नं. २६७(३)२७, मिति २०७८।११।०५

१. फिलिपिन्सको Presidential Communications Operation Office ले प्रस्ताव गरेको Asian Access to Information Alliance (AAIA) का सन्दर्भमा 28 Jan, 2022 मा आयोजना गरेको भर्चुअल बैठकमा भएका छलफलका विषयहरु बारेमा

आयोगका तर्फबाट सहभागी उपसचिव श्री विश्वबन्धु पौडेलले आयोगमा जानकारी गराउनु भयो । प्रस्तावित AAIA को MOU मा माग गरिएको यस आयोगको प्रतिक्रिया सन्दर्भमा थप छलफल तथा राय लिन पर्ने देखिएकोले उपयुक्त समयमा निर्णय गर्ने ।

२. सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने उद्देश्यबाट सार्वजनिक निकायका लागि र सूचना मागकर्ताका लागि तयार भएको सहयोगी पुस्तिकाको मस्यौदामा छलफल भयो । प्राप्त मस्यौदामा प्रत्यक्ष रूपमा नै राय प्रतिक्रिया दिन उपयुक्त हुने ठानी मस्यौदाकारलाई आयोगमा आमन्त्रण गरी सुझाव दिने ।

३. कोरोना महामारीका कारण सूचना माकर्तालाई सूचना माग गर्न तथा प्राप्त गर्नका लागि मौखिकरूपमा सार्वजनिक निकायमा जान बाधा पुगी रहेको र सूचना प्रविधिको बढ्दो प्रयोगलाई ध्यानमा राखी विद्युतीय माध्यमबाट (इमेल) सूचना माग गर्न र सूचना उपलब्ध गराउन आयोगले प्रोत्साहन गर्ने गरेको छ । यसै क्रममा कतिपय सार्वजनिक निकायले विद्युतीय माध्यमबाट सूचना उपलब्ध गराउँदा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिमप्रति पृष्ठमा लाग्ने शुल्क दरको हिसाबबाट शुल्क माग गर्ने गरेको पाइएको सन्दर्भमा विद्युतीय माध्यमबाट उपलब्ध गराउने सूचनाका हकमा के गर्दा उपयुक्त हुने हो छलफल गरी सुझाव दिन आयोगका आयुक्त श्री कमला ओली थापा, सचिव श्री भागीरथ पाण्डे, पुनरावेदन शाखाका उपसचिव श्री विश्वबन्धु पौडेल र कम्प्युटर अधिकृत राजन पाण्डेसमेतको समितिले अर्को बैठकमा सुझाव दिने ।

४. सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी बजेट तथा कार्यक्रम सम्बन्धमा देहायको व्यवस्था गर्न गराउन नेपाल सरकारका सार्वजनिक निकायहरूको हकमा नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका सार्वजनिक निकायहरूको हकमा प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका सार्वजनिक निकायहरूको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवमार्फत् अनुरोध गर्ने ।

   ४.१ प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कार्यक्रम तथा बजेट अनिवार्य रूपमा राख्ने व्यवस्था गर्ने । (कार्यक्रम प्रस्ताव गर्दा सूचनाको हक सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल तथा नागरिकहरूका लागि सूचनाको हकसम्बन्धी अभिमुखीकरण, सूचनाको हकसम्बन्धी ब्रोसर तथा पुस्तिका प्रकाशन इत्यादि)

   ४.२ प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानून अन्तर्गत प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।

   ४.३ प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी लक्षित तालिम र अभिमुखीकरणका कार्यक्रमका साथै सहज र सजिलोका लागि मोबाइल, सिमकार्ड, इन्टरनेट तथा मसलन्दका लागि उपयुक्त व्यवस्था गर्ने गराउने ।

   ४.४ प्रत्येक सार्वजनिक निकायले सूचना मागकर्ताको सहजताका लागि सूचना कक्ष तथा निवेदकको नमूना तथा बस्ने, प्रतिक्षा गर्ने कक्षको व्यवस्था मिलाउने ।

५. नियमित वार्षिक रूपमा यस आयोगका लागि प्राप्त भइरहने बजेट तथा कार्यक्रम छुट्टै नाममा नभई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको एकमुष्ट सिलिङ्भित्र राखी उपलब्ध गराउने गरिएको छ । यसबाट आयोगले सम्पादन गर्ने कार्यक्रममा कुनै न कुनै रूपमा अस्पष्टता र असहजता हुने गरेको छ । संवैधानिक आयोगहरूका हकमा छुट्टै बजेट तथा कार्यक्रम स्वीकृति गर्ने व्यवस्था रहेको अवस्थामा सोही व्यवस्था बमोजिम नै संवैधानिक दायित्व पूरा गर्न स्थापित यस आयोगलाई पनि छुट्टै LMBIS Code सिर्जना गरी आफ्नै नाममा बजेट सिलिङ् उपलब्ध गराउने व्यवस्था हुन अनुरोध गर्ने ।

६. अन्य विविध समसामयिक विषयमाथि छलफल भयो ।

## बैठक नं. २६८(३)२८, मिति २०७८।१२।२९

१. स्वच्छ, स्वतन्त्र, आवधिक, प्रतिस्पर्धी, समावेशी निर्वाचन लोकतन्त्रको आधारशिला हो । लोकतन्त्रमा यस्तो विधिलाई सरकारको वैधता प्राप्त गर्ने माध्यमको रूपमा लिइन्छ । कुनै पनि लोकतान्त्रिक मुलुकमा सरकारलाई नागरिकको स्वतन्त्र, स्वच्छ, विवेकपूर्ण रूपमा निर्वाचनको माध्यमद्वारा व्यक्त गरेको मतबाट अख्तियारी प्राप्त हुन्छ । निर्वाचन स्वच्छ भयरहित

र मर्यादित हुन सकेन भने त्यस्तो निर्वाचनको कुनै अर्थ रहन्न । मताधिकार र जनादेशको आधारमा शासन सञ्चालन गर्ने पद्धतिको स्वस्थ विकासबाटै लोकतन्त्र संस्थागत हुने हो । यस सन्दर्भमा निर्वाचनमा मतदाताको अत्याधिक सहभागिता, विवेकपूर्ण मतदान गर्न पाउने नागरिकको अधिकारको सुनिश्चितता, निर्वाचन खर्चमा मितव्ययीता, निर्वाचन सञ्चालन गर्ने निकाय र त्यसमा संलग्न पक्षहरूको निष्पक्ष र प्रभावकारी भूमिका, राजनीतिक दल र उम्मेदवारहरूबीचको स्वच्छ प्रतिस्पर्धा, नागरिक समाज, निर्वाचन पर्यवेक्षक, मानवअधिकारकर्मी, सञ्चारमाध्यमको पहरेदारिता, सरकारको तर्फबाट शान्ति सुरक्षाको प्रत्याभूति, स्वच्छ र निष्पक्ष निर्वाचनको वातावरणजस्ता विषयहरूको सुनिश्चितता आवश्यक हुन्छ ।

लोकतन्त्रको संस्थागत विकासका निम्ति राज्यको कामकारबाही र सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच हुनुपर्दछ । नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्दछ । सही सूचनाको प्रवाहद्वारा नै शासनव्यवस्थाप्रति जनताको सहभागिता बढ्न गई शासन व्यवस्थाले वैधता प्राप्त गर्दछ । असन्तुलित शक्तिलाई सन्तुलन गर्न सूचनाको हक नागरिकको शक्तिशाली औजारको रूपमा लोकतान्त्रिक राज्य व्यवस्थामा आवश्यक मानिन्छ । सूचनाको हकले  शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै नागरिकको सशक्तीकरणद्वारा सुशासनको प्रवर्द्धन र लोकतन्त्रको सुदृढीकरण गर्दछ । सार्वजनिक सूचनामा नागरिकको पहुँचले खुला सरकारको अवधारणालाई स्थापित गर्दै भ्रष्टाचार, अन्याय र अत्याचारका विरूद्ध लड्न, सरकारी/निकायलाई बढी जवाफदेही बनाउन, सार्वजनिक प्रशासनलाई चुस्त सेवा प्रवाह गर्ने संयन्त्रको रूपमा आधुनिकीकरण गर्न, लगानी प्रवर्द्धन गर्न, मानव अधिकारको प्रयोगमा सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

संघीय गणतान्त्रिक नेपालमा रहेका ७ सय ५३ स्थानीय तहमा दोस्रो अवधिका लागि जनप्रतिनिधि चुन्न २०७९ बैशाख ३० गते निर्वाचन घोषणा भएको छ । यसै सन्दर्भमा निर्वाचनमा मतदातालाई विवेकको मत व्यक्त गर्न सशक्तीकरण गर्ने, निर्वाचन प्रक्रियालाई स्वच्छ र मर्यादित बनाउन, शान्ति सुरक्षाको प्रत्याभूति गराउन, सरकार र राजनीतिक दलहरूलाई बढी जिम्मेवार र जवाफदेही बनाउन, निर्वाचनमा हुने अनुत्पादक खर्च हरूलाई रोक्न, निर्वाचनमा हुने खर्चलाई पारदर्शी बनाउन, गलत र भ्रामक समाचार र सूचनाले पार्ने प्रभावलाई अन्त्य गर्न, संविधानले अपेक्षा गरेको तहगत सरकारको भूमिकालाई प्रभावकारी बनाउनका लागि सक्षम, योग्य, इमान्दार नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने क्षमतावान, समावेशीकरण र लैङ्गिकताका दृष्टिलेसमेत उचित जनप्रतिनिधित्वको सुनिश्चितताका  निम्ति नागरिकमा सही सूचना प्रवाह आवश्यक छ । यसका निम्ति संचारमाध्यम र सामाजिक सञ्जालमार्फत् प्रवाह हुने सूचना र समाचार सही, सत्य, स्वच्छ, व्यक्तिको गोपनियता संरक्षण, द्वेषपूर्ण अभिव्यक्तिको निषेध, मानवअधिकारप्रतिको सम्मान, निर्वाचन आचारसंहिताको पालना, मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता र राष्ट्रिय हित र राष्ट्रिय एकता, सामाजिक सद्भाव जस्ता कुरामा प्रतिकूलता हुन नदिने गरी सजग भई स्वच्छ जनमत निर्माणमा सक्रिय भूमिका आवश्यक छ ।

सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ भएकाले संयुक्त राष्ट्रसंघले सन् २००४ मा सार्वजनिक निकायमा सूचनाको पहुँचको अधिकार मौलिक मानवअधिकार हो, राष्ट्रिय कानुनले अधिकतम सूचनाको सार्वजनिकीकरण (Maximum Disclosure) गर्ने सिद्धान्तलाई आत्मसात् गरी सार्वजनिक हितको निम्ति सीमित अपवादको  विषयबाहेकका सबै सूचनामा नागरिकको पहुँच सुनिश्चितता हुनुपर्ने घोषणा गरेको छ । यसैगरी सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले सूचनाको हकलाई सुनिश्चितता प्रदान गरेको छ । सूचनाको हकको महत्वलाई आत्मसात गर्दै सन् १९९० सम्ममा एक दर्जन जति मुलुकहरूले यससम्बन्धी संवैधानिक र कानूनी व्यवस्था गरेकोमा लोकतन्त्रको लहरसँगै (Wave of Democracy) अहिले विश्वका १२९ भन्दा बढी मुलुकहरूले संविधान र कानुनद्वारा नागरिकको सूचना पाउने हकलाई संरक्षित र सुनिश्चित गरेका छन् ।

नेपालले विक्रम संवत् २०४७ सालको जनआन्दोलनको परिणाम स्वरूप जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा पहिलोपटक सूचनाको हकलाई संवैधानिक संरक्षण प्रदान गरियो । यस संवैधानिक व्यवस्थालाई लागू गर्न

सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूमा सूचनाको हकको महत्वलाई स्पष्ट व्याख्या गर्दै कानुन बनाउनसमेत आदेश गरेको पृष्ठभूमिमा नेपालको अन्तरिम संविधान, २०६३ ले सूचनाको हकलाई पूर्ववर्ती संविधानले जस्तै निरन्तरता दिन पुग्यो । सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन साथै नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्य लिई सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ जारी गरी कार्यान्वयनको अवस्थामा रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कुराको सुनिश्चितता गर्दै प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनुपर्ने गरी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ । यसैगरी यस ऐनले केही सीमित अपवादका विषयहरू बाहेक खुला सरकारको अवधारणा, सूचनादाताको संरक्षण, सूचना प्रवाह गर्ने प्रणालीको विकास गर्न गराउन आवश्यक अधिकारसहित अर्धन्यायिक भूमिका निर्वाह गर्ने गरी राष्ट्रिय सूचना आयोगको विशेष व्यवस्था, सूचना वर्गीकरणसम्बन्धी व्यवस्थाजस्ता कुराहरू गरेको छ । यस ऐनको माध्यमद्वारा नागरिकले महत्वपूर्ण सही सूचना प्राप्त गर्न केही सफलता हासिल गरेका छन् ।

नेपाल संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश (१), (२), (३), (४), (५) र (६)ले स्वतन्त्रताको हक निरपेक्ष नहुने गरी सन्तुलनको सिद्धान्तलाई स्वीकार गरेको छ । यसैगरी धारा १९ मा सूचनाको हकअन्तर्गत कतिपय अवस्थामा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिने कुरा उल्लेख गरी गलत र भ्रामक सूचना प्रवाहमा रोक लगाउने संवैधानिक व्यवस्था गरेको छ ।

नेपालको संविधानले आत्मसात गरेको सिद्धान्त र मान्यताका आधारमा जारी भएको मुलुकी अपराध संहिता, २०७४ ले झुट्टा अफवाह फैलाउन नहुने (दफा ७०), झुट्टा जानकारी दिन नहुने (दफा ८४), झुटा कुरा अभिलेखमा राख्न नहुने (दफा ८९), झुठा सूचना दिन नहुने (दफा ९८), अश्लील सामग्री प्रकाशन, प्रचारप्रसार गर्न नहुने (दफा १२१) जस्ता व्यवस्था गरी अन्यथा त्यस्ता गलत सूचना प्रवाहको कार्य कसुरजन्य मानी दण्डनीय हुने व्यवस्था गरेको छ । यसैगरी अपराध संहिताले व्यक्तिको गोपनियता तथा प्रतिष्ठा विरूद्धको कसुरसम्बन्धी विशेष व्यवस्था गरी व्यक्तिको गोपनियता विरूद्धको कार्यलाई दण्डनीय बनाई पिडित पक्षलाई पीडकले क्षतिपूर्ति दिनुपर्नेसमेतको व्यवस्था गरेको छ । यसैगरी यस संहिताले प्रतिष्ठा विरूद्धको कसुर अन्तर्गत कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानी त्यस्तो गर्नेलाई कैद र जरिवानाको व्यवस्था गरेको छ । यसैगरी अरूको इज्जतमा धक्का पुर्याउने नियतले कुनै किसिमबाट प्रचारप्रसार गरेमा बेइज्जतीको कसुर गरेको मानी कैद र जरिवानाको सजाय र क्षतिपूर्तिसमेत भराउनु पर्ने व्यवस्था गरेको छ ।

विज्ञापन (नियमन गर्ने ऐन), २०७६ ले गाली बेइज्जती हुने गरी, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी, धर्म, वर्ण, लिङ्ग, जात जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने वा कुनै पनि आधारमा विभेद हुनेगरी भ्रम वा अफवाह फैलाउने उत्तेजना फैलाउने वा अन्य त्यस्तै अमर्यादित व्यवहार गर्ने गरी स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने गरी, कसैले पनि निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने गरी वा निर्वाचनमा अवरोध गर्ने गरी विज्ञापन गर्न गराउन नपाउने गरी रोक लगाएको छ । यसैगरी यस ऐनले आधिकारीक रूपमा जानकारी नभई विज्ञापन गर्न नहुने, सम्बन्धित व्यक्तिको मन्जुरीबिना कसैको इमेल वा मोबाइलमा इमेल वा एस. एम. एस. बाट विज्ञापन तथा सन्देशमूलक सूचना पठाउन नपाइने व्यवस्था गरी ऐनले निषेध गरेको कुरा गरेमा दण्डनीय बनाएको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ ले विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोग लगायतका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री, कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति सम्प्रदायबीचको समुधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरीवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ । यो व्यवस्था पुनरावलोकन हुनु पर्ने भन्ने प्रश्नहरू पनि उठिरहेका छन् ।

संविधान कानून र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूले सहि र सत्य सूचनाको प्रवाहबाट नै स्वस्थ्य जनमत निर्माण हुन सक्ने भई नागरिकको सुसूचित हुने हको सम्मान, संरक्षण र प्रचलन भई संवैधानिक लोकतन्त्र गतिशील हुन सक्ने मान्यतालाई आत्मसात गरेको छ । यस सन्दर्भमा सूचना प्रवाह गर्ने संघसंस्था लगायत विभिन्न सञ्चारमाध्यम र व्यक्तिहरूले समाजलाई हानी पुऱ्याउने किसिमले सूचना प्रवाह नगरी सही सत्य सूचना प्रवाह गर्नुपर्ने कर्तव्य कानुनले निर्धारण गरेको छ ।

निर्वाचन आयोगद्वारा जारी गरेको निर्वाचन आचारसंहिताले निर्दिष्ट गरेको मान्यतालाई पालना गरी निर्वाचनसम्बन्धी सूचना र समाचार सम्प्रेषण गर्दा सञ्चारमाध्यमको भूमिका स्वतन्त्र र निष्पक्ष हुनुपर्दछ । राजनीतिक दल, उम्मेदवार, समर्थक वा जोसुकैले पनि गैरकानुनी सूचना र समाचार प्रवाह गर्न गराउन सञ्चारमाध्यमलाई दबाव दिन वा प्रभावमा पार्न हुँदैन । सञ्चारमाध्यमहरूले सूचना र समाचार सम्प्रेषण गर्दा निष्पक्षता र सन्तुलनका नियमलाई सम्मान र पालना गर्ने (respect rules of impartiality and balance) कुराहरूलाई व्यवहारमा रूपान्तरण गर्नुपर्ने हुन्छ । यसैगरी सबै दल र उम्मेदवारहरूलाई सञ्चारमाध्यमबाट समन्यायिक पहुँच (equitable access) दिनु पर्दछ । निर्वाचन आयोग र निर्वाचनमा संलग्न सबै निकाय र पदाधिकारीहरूले सञ्चार माध्यमलाई समयमै स्पष्ट सूचना र समाचारहरु उपलब्ध गराउनका निम्ति सक्रिय सूचना प्रवाहको व्यवस्था त्यत्तिकै आवश्यक हुन्छ ।

राष्ट्रिय सूचना आयोगले २०७८ चैत २८ गते निर्वाचन प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा आयोगका पदाधिकारी तथा कर्मचारीका साथै राजनैतिक दलका प्रतिनिधिहरु, विज्ञहरु, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा ३ वटा कार्यपत्रहरु प्रस्तुत भएका थिए । कार्यपत्र पेश भएपश्चात् सहभागीहरूले विभिन्न विषयमा सुझाव तथा जिज्ञाशाहरु राखेका थिए । सहभागीहरूले उठाएका विषयहरूको संक्षिप्त विवरण यसैसाथ संलग्न छ ।

आयोगले आयोजना गरेको उल्लेखित अन्तरक्रिया कार्यक्रममा पेश भएका कार्यपत्रहरूमा दिइएका सुझावहरु र सहभागीहरूले उठाएका विषयहरु बारेमा आयोगको बैठकमा छलफल भयो । सूचनाको हकसम्बन्धी कानूनमा भएका प्रावधान, प्रचलित कानूनी व्यवस्था तथा प्राप्त सुझावहरूको आधारमा देहायबमोजिम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १९ को खण्ड (ग) र (ङ) बमोजिम आदेश/अनुरोध/आव्हान दिने/गर्ने निर्णय गरेको छ ।

(क) निर्वाचन आयोगका हकमा

- मतदाता शिक्षालाई थप प्रभावकारी र व्यापक बनाउन अधिकतम मतदाता समक्ष पुग्ने व्यवस्था मिलाउने ।
- मतदान के का लागि, मतदानको महत्व, मतदान प्रक्रिया वारेमा व्यापक प्रचार प्रसार गर्ने गराउने । यसरी प्रचार प्रसार गर्दा बहुसंख्यक जनसङ्ख्याले बोल्ने मातृभाषामासमेत गर्ने गराउने ।
- निर्वाचनसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका, कार्यविधि, आचारसंहिताका आधारभूत कुराहरु मतदाता र सम्बन्धित पक्षहरूलाई समयमै सुसूचित गर्ने गराउने,
- निर्वाचनमा राजनीतिक दलहरूले बनाएका उम्मेदवारहरूको पृष्ठभूमि, उनीहरूलाई उम्मेदवार बनाउनुको कारणसहितको विवरण राजनीतिक दलहरूले समयमा नै जनतालाई सुसूचित गर्न लगाउने,
- लैङ्गिकता र समावेशीकरणको सिद्धान्तका आधारमा निर्वाचनमा उम्मेदवार बनाउँदा राजनीतिक दलहरूले के कति हदसम्म यस सिद्धान्तलाई अवलम्बन गरेका छन् भन्ने कुरा जनतामा सुसूचित गराउन लगाउने,
- सहज र भयरहित मतदान गर्न गरिएको निर्वाचन व्यवस्थापन र सुरक्षाको प्रत्याभूतिका सम्बन्धमा मतदातालाई आस्वस्त हुनेगरी सुसूचित गर्न गराउन लगाउने,
- सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, तथा मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्तिहरूमा निर्वाचनसम्बन्धी सम्पूर्ण सूचना पुग्ने सुनिश्चितता गर्ने,

- निर्वाचनमा स्वच्छता कायम राख्न र निर्वाचनमा हुने अनुत्पादक खर्चलाई नियन्त्रण गरी निर्वाचनलाई मर्यादित बनाउन राजनीतिक दलहरूले सङ्कलन गरेको आर्थिक कोषको स्रोत र खर्चका विवरणहरु सही सत्य र यथार्थ जनतालाई समयमै सूचित गर्न लगाउने,
- नेपालको संविधानले व्यवस्था गरेको नेपाली नागरिकको सूचनाको हकमाथि निर्वाचनका क्रममा कुनैपनि तवरबाट अतिक्रमण नहुने व्यवस्था मिलाउने,
- मतदान गर्नु अघि मतदान गर्ने नागरिकलले मतदाता सूचीमा आफ्नो नाम भए/नभएको एकीन गर्नका लागि निर्वाचन आयोगको वेबसाईटमा मतदाता नामावली अद्यावधिक गर्नुपर्ने,
- निर्वाचनसम्बन्धी सामग्रीहरूको बन्दोबस्त, मानव स्रोतको व्यवस्थापन, आर्थिक अनुशासन, आचारसंहिताको पालना र उल्लङ्घनका घटना, निर्वाचन पर्यवेक्षकको व्यवस्थापन लगायतका निर्वाचनसँग सम्बन्धित विविध पक्षको सही सूचना समयमै जनता समक्ष प्रवाह गर्ने गराउने,
- निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल नियमित रूपमा अद्यावधिक गर्ने गराउने,
- मिथ्या, भ्रमपूर्ण, गलत सूचना नियन्त्रण गर्न नेपाल सरकार तथा नियामक निकायहरु सँग समन्वय गर्ने गराउने ।
- सबै मतदातासँग आयोगको वेबसाइटमा पहुँच नहुन सक्छ । तसर्थ, निर्वाचनमा भाग लिएका प्रत्येक राजनीतिक दल वा तिनका प्रतिनिधिहरूलाई प्रत्येक बुथमा सम्बन्धित क्षेत्रमा मतदाताको विवरण संलग्न मतदाता नामावलीको एकप्रति संलग्न कपी निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउने,
- निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रदान गरेको सूचना माग्ने र पाउने हकप्रति सचेत रहने ।

(ख) नेपाल सरकारका हकमा

- निर्वाचनलाई स्वच्छ, निस्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गर्न गराउन नेपाल सरकारका सम्बद्ध निकायहरूको महत्वपुर्ण जिम्मेवारी रहने आयोगको ठहर रहेको छ ।
- निर्वाचनका सन्दर्भमा सार्वजनिक निकायहरूले जारी गर्ने सूचना समयमै सबै सर्वसाधारणले थाहा पाउने गरी प्रवाह गर्ने गराउने,
- मिथ्या, गलत, भ्रमपुर्ण सूचनाहरूउपर निगरानी राख्न नियमनकारी निकायहरूलाई सकृय बनाउने ।
- नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको सूचना माग्ने र पाउने संवैधानिक हक निर्वाचनका क्रममा थप महत्वपूर्ण हुने हुँदा सार्वजनिक निकायहरूलाई सूचनाको हकप्रति संवेदनशील रहन सचेत गर्ने गराउने ।

(ग) राजनैतिक दलको हकमा

- राजनैतिक दलहरूले आफूले सार्वजनिक  गर्नुपर्ने सम्बन्धित सूचना समयमै सर्वसाधारणले थाहा पाउने गरी प्रवाह गर्ने गराउने,
- राजनैतिक दलहरूले आफु संलग्न रहेको सामाजिक सञ्जाल र सञ्जालमा रहेको दलको नाम सार्वजनिक गर्ने गराउने ।

(घ) सर्वसाधारण नागरिकको हकमा

- कुनै पनि सूचना अधिकारिक निकायबाट जारी भएको हो कि होइन भनी यकिन गर्ने,
- आधिकारिक निकायबाट जारी नभएका प्रकाशन सामग्रीहरूको भर नपर्ने, विश्वास नगर्ने,
- भ्रामक, मिथ्या गलत सूचना प्रवाह भइरहेको जानकारीमा आए नियामक निकायमा जानकारी गराउने,
- सामाजिक सञ्जालमा शेयर भएका सबै सूचनाहरु सत्य हुन्छ भन्ने हुँदैन । लाईक वा शेयर गर्नु अघि समाचार स्रोत विश्वसनीय र आधिकारिक भएको यकिन गर्ने,
- निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको सूचना माग्ने र पाउने

हकप्रति सचेत रहने ।

२. आगामी वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट यस आयोगको लागि रू ४ करोड ८० लाखको सिलिङ्ग प्राप्त हुन आएको छ । प्रत्येक वर्ष विनियोजन भइरहेको अपर्याप्त बजेटका कारण आयोगले नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी कानूनले दिएको जिम्मेवारी पूरा गर्न पर्याप्त कार्यक्रमहरु सञ्चालन गर्न बाधा पुगिरहेको छ । यस बारेमा आयोगले बार्षिक प्रतिवेदन ०७७/७८ मार्फत पनि विषय उठान गरेको छ । आगामी वर्षको लागि प्राप्त सिलिङबाट पनि अपेक्षित रूपमा कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने अवस्थाप्रति आयोग चिन्तित र गम्भीर रहेको छ । यस अवस्थामा आयोगलाई न्यूनतम रूपमा पनि प्राप्त सिलिङ्गमा रू. ५६ लाख थप बजेट व्यवस्था हुन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

३. विविध विषयमा छलफल भयो ।

## बैठक नं. २६९(३)२९, मिति २०७९।०१।०५

**विषय १ को निर्णयः**

- यस आयोगको स्थापना दिवस मनाउनका लागि तयारी सम्बन्धमा छलफल भयो । कार्यक्रमका लागि गर्नुपर्ने कार्यहरूको चेकलिष्ट बनाई आवश्यक कार्यहरु समयमै सम्पन्न गर्ने । आयोगको नियमित रूपमा प्रकाशन हुने बुलेटिन समयमै प्रकाशन गर्न आवश्यक कार्य गर्ने ।
- यसै स्थापना दिवसको अवसर पारेर कार्यक्रमका प्रमुख अतिथिबाट RTI Journal विमोचन गराउने ।

**विषय २ को निर्णयः**

सार्वजनिक निकाय र सूचना मागकर्ताका लागि तयार भइरहेको सूचनाको हकसम्बन्धी छुट्टाछुट्टै सहयोगी पुस्तिकाको तेस्रो मस्यौदा प्राप्त भएको र अध्ययन गर्ने । आवश्यकता भएमा सुझाव दिने ।

**विषय ३ को निर्णयः**

सूचनाको हक कार्यान्वयनको सन्दर्भमा सार्वजनिक निकायहरूमा माग भएको सूचनाको तथ्याङ्क सङ्कलन हुन नसकेको अवस्था छ । यसले गर्दा आयोगमा प्राप्त हुने पुनरावेदन तथा उजुरीका बारेमा मात्र तथ्याङ्क प्रकाशन गर्ने गरिएको छ । यसबाट सूचनाको हकको कार्यान्वयनको यथार्थ अवस्था थाहा पाउन सकिएको छैन । तसर्थ प्रस्तावित तथ्याङ्क प्रतिवेदनको ढाँचामा आवश्यक परिमार्जनसहित अन्तिम रूप दिने ।

**विषय ४ को निर्णयः**

यस आयोगले स्थापना कालदेखि नै विभिन्न सार्वजनिक निकायहरूमा नेपाली नगरिकहरूले निरन्तर सूचना माग गर्दै आएकोमा तथ्याङ्कलाई अभिलेखीकरण गरी राख्नका लागि प्रस्ताव गरिएको ढाँचाउपर विस्तृत छलफल गरी स्वीकृत गरियो ।

**विषय ५ को निर्णयः विविध विषयमासमेत छलफल गरियो ।**

## बैठक नं. २७०(३)३०, मिति २०७९।०१।१५

१. राष्ट्रिय सूचना आयोगले सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूलाई प्रोत्साहित तथा उत्साहति बनाउन प्रत्येक वर्ष दिँदै आएको विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार, उत्कृष्ट सूचना अधिकारी पुरस्कार र उत्कृष्ट कर्मचारी पुरस्कारका लागि प्राप्त आवेदनहरूको छानवीन गरी सिफारिस समितिले सिफारिस गरेका देहायबमोजिमका व्यक्तिहरूलाई आयोगको १५ औँ दिवसका अवसरमा प्रदान गर्न स्वीकृत गर्नेः

१.१ उत्कृष्ट काम गरे बापत पुरस्कृत हुने कर्मचारीहरु

(क) उपसचिव विश्वबन्धु पौडेल

(ख) शाखा अधिकृत डिल्लीराम भट्ट

(ग) नायव सुब्बा हेमन्त रिज्याल

१.२ उत्कृष्ट सूचना अधिकारी पुरस्कारबाट पुरस्कृत हुने सूचना अधिकारीहरू:

(क) ई. निर्मल लामा, कमलामाई न. पा., सिन्धुली

(ख) दुर्गा प्रसाद शर्मा, जिल्ला समन्वय समिति, वाग्लुङ

(ग) राजु अर्याल, यातायात व्यवस्था सेवा कार्यालय, हेटौँडा

(घ) सत्य नारायण हुजदार, चौदण्डीगढी न. पा., उदयपुर

(ङ) गोकर्णराज वाग्ले, व्यास न. पा., दमौली, तनहुँ

१.३ विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारबाट पुरस्कृत हुने अभियन्ताहरू:

(क) उमीद प्रसाद वागचन्द

(ख) दुर्गा आचार्य

(ग) कैलाश माझी

(घ) मनोज रौनियार

२. मिति २०७९ साल बैशाख २२ गते आयोजना गरिने आयोग स्थापना दिवस मनाउने सन्दर्भमा भएका प्रगतिका बारेमा छलफल भयो ।

३. विविध विषयमा छलफल भयो ।

## बैठक नं. २७१(३)३१, मिति २०७९।०२।१०

१. सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायका लागि सहयोगी पुस्तिका र सूचना मागकर्ताका लागि तयार गरिएको सहयोगी पुस्तिकामा संलग्न सुझाव संलग्न गर्ने गरी स्वीकृत गर्ने ।

२. सूचनाको हक कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६ को अनुसूचीमा रहेका ढाँचालाई समयानुकूल परिवर्तन गर्न उपयुक्त हुने देखिएकोले जिल्ला अनुगमन इकाईले प्रतिवेदन गर्ने, प्रदेश अनुगमन ईकाईले प्रतिवेदन गर्ने र कार्यान्वयन अनुगमन इकाईले प्रतिवेदन गर्ने संलग्न ढाँचा संशोधन तथा थप गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिस गर्ने ।

३. सूचनाको हक कार्यान्वयनमा संसदीय समितिको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम गर्ने बारेमा जानकारी भयो ।

४. सातै प्रदेशमा प्रदेशस्तरीय खुला शासन विषयक अन्तरक्रिया कार्यक्रम गर्ने सम्बन्धमा आवश्यक छलफल भयो ।

५. यस आर्थिक वर्षको बाँकी कार्यक्रमहरु समय भित्रै सम्पन्न गर्ने ।

६.१ स्थानीय तहको निर्वाचन सम्पन्न भई अधिकांश स्थानीय तहको मत परिणाम पनि सार्वजनिक भइसकेको अवस्था छ । स्थानीय तहमा निर्वाचित भएर आउने नवनिर्वाचित जनप्रतिनिधिहरूलाई नागरिकप्रति जिम्मेवार, जवाफदेही र पारदर्शी तथा सूचनाको हकको कार्यान्वयनमा प्रतिबद्ध हुन आयोगका तर्फबाट स्थानीय तहका प्रमुख/अध्यक्षका नाममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत बधाई तथा शुभकामनाका साथै देहाय बमोजम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आदेश जारी गर्ने ।

क. स्थानीय तहको कानून निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएका विषयबाहेक अन्य विषय गोप्य नरहने गरी मात्र कानून निर्माण गर्ने गराउने ।

ख. कानून तथा नीति निर्माण र बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सर्वसाधारण नागरिकको सहभागिता सुनिश्चित गर्न प्रस्तावित कानून, नीति, बजेट तथा कार्यक्रमउपर खुला छलफल तथा पृष्ठपोषण लिने व्यवस्था गर्ने ।

ग. स्थानीय तहमा रहेका नगर/गाउँसम्म, कार्यपालिका, वडा समितिले गरेका निर्णयहरु तत्काल स्थानीय तहको वेबसाइट, सूचनापाटी, स्थानीय सञ्चार माध्यम लगायतको माध्यम अपनाई सार्वजनिक गर्ने ।

घ. स्थानीय तहको खर्चको विवरण मासिक रूपमा सार्वजनिक गर्ने ।

ङ. स्वीकृत बजेट तथा कार्यक्रम र यस बमोजिम भएको प्रगतिको बारेमा नियमित रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

च. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक, सुविधा, खर्च लगायतको विवरण मासिक रूपमा सार्वजनिक गर्ने ।

छ. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले कानूनबमोजिम बुझाएको सम्पत्तिसम्बन्धी विवरण छुट्टै कानून वा निर्णय गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

ज. सूचनाको हक कार्यान्वयनका लागि प्रत्येक वर्ष छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने गराउने ।

झ. सूचनाको हकसम्बन्धी कानून तथा आयोगका आदेश पालना गर्न लगाउने ।

ञ. स्थानीय तह मातहत रहेका सार्वजनिक निकायलाई सूचनाको हकको अधिकतम् प्रचलनका लागि प्रेरित गर्ने । त्यस्ता निकायहरूमा सूचना अधिकारी तोक्न स्वतः प्रकाशन नियमित गर्न तथा ती निकायबाट सम्पादन भएका कार्य र निर्णय सार्वजनिक गर्न आवश्यक पहल गर्ने ।

ट. स्थानीय तह तथा मातहतका निकायमा रहेका सूचना अद्यावधिक गर्न सुरक्षित गर्न तथा सूचना मात्र माग गरेको, माग भएको सूचना उपलब्ध गराएको/नगराएको बारे विवरण अद्यावधिक गर्न ।

६.२ आयोग स्थायी प्रकृतिको भएको र हालसम्म पनि आफ्नो जग्गा वा भवन नभएकोले भाडामा बस्नु परिरहेको अवस्था छ । फेरि प्रत्येक वर्ष भाडा बृद्धि भई नै रहेको हुन्छ । भाडाकै कारण आयोग एक स्थानबाट अर्को स्थानमा सर्नु पर्ने अवस्था पनि आउने गरेको छ । अहिले पनि आयोग बसिरहेको घरको घरधनीले छोड्न भनेकोले आयोग नयाँ घरको खोजीमा रहेको छ । सेवाग्राहीलाई स्थायी ठेगाना दिन नसकिएको अवस्था रहेका कारण सेवा प्रवाहमा बाधा पर्ने गरेको छ भने वर्षेनी ठूलो रकम मासिक रू ३ लाख ६० हजार अर्थात वर्षको रू ४३ लाख २० हजार भन्दा बढी भाडाका रूपमा खर्च गरिरहनु पर्दा देशका लागि व्ययभार बढ्दै गइरहेको छ । नेपाल सरकारलाई घरभाडासम्बन्धी व्ययभार घटाउन सकिएमा अन्य उत्पादक क्षेत्रमा खर्च गर्नलाई सघाउ पुग्ने हुन्छ । साथै आयोगलाई पनि स्थायी ठेगाना प्राप्त हुने हुन्छ । अहिले पनि भाडामा बसीरहेको घरधनीले घर छोड्न निवेदन दिएको कारणवाट घरभाडामा उपलब्ध गराउन विज्ञापन गरिएको छ, यसबाट व्ययभार अझ थप हुनसक्ने अवस्था रहेको छ । तसर्थ देहायबमोजिमको विकल्पहरूसहित पुन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।

क. रेडियो नेपालको ललितपुर, भैंसेपाटी स्थित जग्गामा रेडियो नपालको नै स्वामित्व रहने गरी आयोगको भवन बनाई प्रयोग गर्न ४ रोपनी जग्गा उपलब्ध गराउने र भवन निर्माणका लागि आवश्यक बजेटका लागि अर्थ मन्त्रालयमा पहल गर्ने ।

ख. हुलाक प्रशिक्षण केन्द्रको सिंहदरवार दक्षिणमा रहेको जग्गामा प्रशिक्षण केन्द्र र यस आयोगका लागि उपयुक्त हुने भवन निर्माण गर्न अनुमति प्रदान गर्ने र भवन निर्माणका लागि आवश्यक बजेटका लागि अर्थ मन्त्रालयमा पहल गर्ने ।

ग. संघीयता कार्यान्वयनपश्चात् संघीय निकायले गर्ने कार्यहरु प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भई त्यस्तो संघीय निकायको खाली भएको भवन आयोगलाई उपलब्ध गराउने ।

## बैठक नं. २७२(३)३२, मिति २०७९।०२।२५

१. राष्ट्रिय सूचना आयोगका लागि आर्थिक वर्ष २०७९/८० को बजेटमा नेपाल सरकारबाट रू. ४ करोड ७१ लाख विनियोजित भएको अवगत भयो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ भन्ने व्यवस्था भएबमोजिम यस आयोगको गठन भएको हो । संवैधानिक हककारूपमा व्यवस्था भएको सूचनाको हकको सम्बर्द्धन र प्रचलन गर्न गराउन यस आयोगले सरोकारवालाहरूसँगको सहकार्यमा वार्षिकरूपमा नीति निर्माण, कार्यालय प्रमुख, सूचना अधिकारी, सांसद, न्यायाधीश, सर्वसाधरण नागरिक, सञ्चारकर्मी लगायतका लागि विविध प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । यसैका कारण सूचनाको हक कार्यान्वयनमा सघाउ पुगेको विश्वास छ । यो अवस्थालाई हेर्दा राष्ट्रिय सूचना आयोगलाई प्राप्त हुने बजेटमा बृद्धि हुँदै जानु पर्ने हो । तर विगत आर्थिक वर्ष २०७४/७५ देखि मात्रको पनि विश्लेषण गर्ने हो भने प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजनको आकार घट्दै गइरहेको छ । सम्झनु पर्ने विषय के पनि छ

भने प्रशासनिक खर्च बढिरहेको छ । यसबाट घट्दै गइरहेको कूल बजेटमा बढ्दो प्रशासनिक (अनिवार्य खर्च) खर्चका कारण कार्यक्रममा बजेटको भार स्वभाविकरूपमा कम हुने नै भयो । यसबाट आयोगबाट सम्पादन हुनुपर्ने क्रियाकलापमा स्वाभाविक सङ्कुचन आउने अवस्था देखिएको छ । यस विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत् नेपाल सरकारको ध्यानाकार्षण गराउने निर्णय गरियो ।

२. सूचना मागकर्ता रूपन्देही जिल्ला, मायादेवी गाउँपालिका-६ निवासी शशिधर पाण्डेयसमेतको पुनरावेदनउपर सर्वोच्च अदालतको मिति २०७६ असोज ३० को आदेशलाईसमेत ध्यानमा राखी यस आयोगबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार सूचना उपलब्ध गराउनू भनी मिति २०७८ फागुन ५ को इजलाशबाट आदेश भएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कार्यालय प्रमुखले सम्मानित सर्वोच्च अदालतमा दिएको रिट नं. २०७८-WO-११३३ को निवेदन दिएको देखिन्छ । उक्त रिट निवेदनमा यस आयोगलाई विपक्षी बनाइएको हुँदा यस आयोगले सम्मानित अदालतमा लिखित जवाफ महान्यायाधीवक्ताको कार्यालयमार्फत् पेश गरेको र आयोगका तर्फबाट बहस गरिदिनसमेत महान्यायाधीवक्ताको कार्यालयलाई अनुरोध गरेको थियो । तर महान्यायाधीवक्ताको कार्यालय, रामशाहपथको च. नं. १६८५ मिति २०७९।०१।१९ को पत्रबाट पुनरावेदक शशिधर पाण्डेको पुनरावेदनको सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, शंकरदास बैरागीले यस आयोगसमेतलाई विपक्षी बनाई श्री सर्वोच्च अदालतमा दिएको मुद्दा नं. २०७८-WO-११३३ को रिट निवेदनका सम्बन्धमा Conflict of Interest हुने भएकोले आयोगका तर्फबाट बहसपैरवी गर्न असमर्थ हुने व्यहोराको जानकारी प्राप्त भएको छ । यस अवस्थामा आयोगको तर्फबाट बहस पैरवी गर्नका लागि छुट्टै कानून व्यवसायी राख्नु पर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको छ । यस्तो परिस्थितिको लागि आयोग समक्ष कुनै बजेटको व्यवस्था छैन । तसर्थ, यसमा कति रकम लाग्छ भनी अहिले नै अनुमान गर्न पनि नसकिने हुँदा, पछि थप लाग्ने भएमा थप रकम माग गर्ने गरी हाललाई सो सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरियोः

(क) आयोगका लागि आवश्यक पर्ने कानूनी बहस पैरवीका लागि कानून व्यवसायी राख्न हालका लागि रू. ५ लाख रकम उपलब्ध गराउन सूचना तथा प्रविधि मन्त्रालयमार्फत नेपाल सरकारसँग माग गर्ने ।

(ख) सम्मानित सर्वोच्च अदालतलाई रिट नं. २०७८-WO-११३३ को सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट यस आयोगका तर्फबाट बहसपैरवी गर्न असमर्थता प्रकट गरेका कारण आफ्नो छुट्टै कानून व्यवसायी राख्न लेखी आएकोले सोही प्रयोजनार्थ नेपाल सरकारसँग थप बजेट माग गरेकोले सो बजेटको सुनिश्चितता नहुँदासम्मको लागि पेशीमा नचढाउन हुन महान्यायाधिवक्ताको कार्यालयमार्फत् अनुरोध गर्ने ।

(ग) प्रस्तुत मुद्दाका प्रत्यक्षरूपमा सहभागी हुनुपर्ने बनाउन पर्ने सूचना मागकर्ता पुनरावेदक शशिधर पाण्डेयसमेतलाई पनि जानकारी गराई बहसमा सहभागी गराउँदा मात्र सार्थक हुने देखिएकोले पुनरावेदक शशिधर पाण्डेयसमेतलाई यस मुद्दाका सम्बन्धमा जानकारी गराउन तथा सहभागी गराउन सम्मानित सर्वोच्च अदालतमा महान्यायाधीवक्ताको कार्यालयमार्फत् अनुरोध गर्ने ।

३. हाल यस आयोग बार्षिक रू. ४४ लाख २३ हजार २ सय ८४ वार्षिकरूपमा तिर्ने गरी भाडाको भवनमा बसेको छ । हाल बसिरहेको घरका घरधनी श्री संगिता गौतमले घर खाली गरी पाऊँ भनी मिति २०७८।१२।०७ गते मा निवेदन दिएको अवस्था छ । यस आयोगका तर्फबाट नेपाल सरकार समक्ष पनि पटक पटक आवश्यक भवन वा जग्गा उपलब्ध गराई दिन अनुरोध गर्दा पनि हालसम्म उपलब्ध हुन सकेको अवस्था छैन । नयाँ घरका लागि मिति २०७९।०२।०५ गते यस आयोगबाट गोरखापत्र दैनिकमा भएको विज्ञापनमा परेका आवेदनहरूको अध्ययन भइरहेको विषयमा आयोगलाई जानकारी भयो ।

## बैठक नं. २७३(३)३३, मिति २०७९।०३।०५

१. आयोगको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा आयोगको मिति २०७९।०३।०५ को बैठकबाट

प्राप्त सुझाव अनुसार पुनरावेदन शाखाबाट वार्षिक प्रतिवेदन तयारीको कार्यरम्भ गर्ने निर्णय भयो । साथै अन्य शाखाले पनि वार्षिक प्रतिवेदनमा राख्ने विषयहरु तयार गर्दै जाने निर्णय भयो । वार्षिक प्रतिवेदन तयारी गर्न आयोगका आयुक्त श्री रत्नप्रसाद मैनाली र आयोगका सचिवले समन्वय गर्ने ।

२. सूचनाको हक कार्यान्वयनको अवस्थाको जानकारी लिन सूचनाको हकको कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ बमोजिम सिर्जना भएका सूचनाको हक कार्यान्वयन अनुगमन इकाईहरूबाट प्रतिवेदन माग गरी आगामी बैठकमा जानकारी गराउने निर्णय भयो ।

३. आयोगको वार्षिक कार्यक्रम अनुसार प्राप्त हुन आएका प्रतिवेदन आयोगमा जानकारी भयो । प्राप्त प्रतिवेदनमा औँल्याइएका विषय कार्यान्वयन गर्नु पर्ने भएमा योजना शाखाबाट अर्को बैठकमा जानकारी गराउने ।

४. क्ष्ऋक्ष्ऋ को तेस्रो वार्षिक सम्मेलनमा सहभागिता जनाउन नेपाल सरकारको मिति २०७९।०२।३१ को निर्णयबाट मेक्सिकोमा जाने टोली प्रमुख श्री महेन्द्र मान गुरूङ्ग र श्री भागिरथ पाण्डेयको मनोनयन भएको जानकारी भयो । एशिया प्रशान्त क्षेत्रमा सूचनाको हकलाई प्रभावकारी कार्यान्वयन गर्न एशियाली देशकाहरूका सूचना आयोगको क्षेत्रीय संगठन खडा गर्नु पर्ने विषय उठान गर्न सुझाव दिने निर्णय भयो । साथै अन्य आवश्यक विषयहरूमा पनि नेपालको चासो उठाउनु पर्ने सहमति भयो ।

५. आयोग बसिरहेको घरधनीले भाडा बढाउन वा खाली गरिदिन निवेदन दिएको कारणबाट आयोगबाट मिति २०७९।०२।०५ मा सूचना निकालेकोमा प्राप्त आवेदनहरूमा उल्लेखित भवनहरूउपर निर्णय गर्नु अगाडि आयोगका पदाधिकारी तथा कर्मचारीबाट प्रत्यक्ष अवलोकन गर्न आवश्यक भएको भनी सचिवालयमा प्राप्त सुझावबमोजिम अवलोकन गर्दा आयोगको कार्यप्रकृति, कार्यप्रक्रिया, सुरक्षासमेतलाई ध्यानमा राख्दा उपलब्ध भवनहरु उपयुक्त नभएको देखिएको हुँदा सचिवालयले कानूनबमोजिम पुनः सूचना निकाली उपयुक्त भवन व्यवस्था गर्न वा भवन सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा गरिएको अनुरोधमा मन्त्रालयसँग थप छलफल गर्न सुझाव दिने । अहिले बसिरहेको घरको भाडा बढाउन सम्भव हुने अवस्था नरहेको ।

## बैठक नं. २७४(३)३४, मिति २०७९।०३।१९

१. International Confernce of Information Commissioners' को तेह्रौं अन्तर्राष्ट्रिय सम्मलेनमा भाग लिन नेपालको तर्फबाट प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्ग र सचिव श्री भागीरथ पाण्डेय मेक्सिकोको एगभदबि मा यही Jun 20-22 मा त्यसतर्फ जानु भएकोमा सम्मेलनको गतिविधिका बारेमा प्रमुख सूचना आयुक्तबाट आयोगमा जानकारी गराउनु भयो । साथै, ICIC बाट प्राप्त एगदष्भि क्तबतझभलत को विषयमा कुनै Comments भए यही मंगलबारभित्र प्रमुख सूचना आयुक्तसमक्ष पेश गर्ने निर्णय भयो ।

२. फिलिपिन्सको Freedom of Expression Project Management Office, Presidential Communications Operation Office ले प्रस्ताव गरेको Asian Access to Information Alliance (AAIA) को MOU मा यस आयोगको प्रतिक्रिया पठाउने सन्दर्भमा प्राप्त MOU सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सहमति एवं नेपालको तर्फबाट राष्ट्रिय सूचना आयोगले हस्ताक्षर गर्ने गरी अधिकार उपलब्ध गराउनको लागि लेखी पठाउने निर्णय भयो ।

३. सूचनादाताको संरक्षणसम्बन्धी नियमावलीको प्रस्तावित मस्यौदा, २०७९ मा राय प्रतिक्रिया प्राप्त हुन आयोगको वेबसाइटमा ३० दिनसम्म राख्ने र त्यसपछि नियमानुसार प्रक्रिया अघि बढाउने निर्णय भयो ।

४. सूचनाको हकको कार्यान्वयन अवस्थासम्बन्धी प्राप्त प्रतिवेदनहरु आयुक्तहरूलाई उपलब्ध गराउने र अर्को बैठकमा छलफल गर्ने निर्णय भयो ।

५. अन्य विविध विषयमा छलफल भई अर्को बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय भयो ।

## अनुसूची- ५

# आर्थिक वर्ष २०७८/७९ मा पुनरावेदनउपर भएका कारबाहीको विवरण

| आदशको किसिम | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा १०(२) बमोजिम लिखित जवाफ पेश गर्नू | १४८ | ८९ | ६७ | १०५ | ८५ | १६२ | १४२ | २१९ | १८ | १० | २१ | १२ | १०७८ |
| दफा १०(३)(क) बमोजिम सूचना उपलब्ध गराउनू | ५४ | २५ | ८९ | १०६ | ४२ | १३० | १२३ | ९५ | १४३ | १४६ | १४ | १११ | १०७८ |
| दफा ३२ बमोजिम कारबाही किन नगर्ने ? | | | | | | | | | २ | | २ | ४ | ८ |
| दफा ३२ बमोजिम कारबाही गर्नू भन्ने आदेश | | | १ | १ | | | | | | | | १ | ३ |
| दफा १०(३)(ख) बमोजिम पुनरावेदन खारेज गर्नू | ३ | १ | ४८ | २५ | २५ | ७ | ८ | ८ | २ | ६ | ५ | १५८ | २९६ |
| दरपीठ पुनरावलोकन सम्बन्धमा भएको आदेश | १ | | | | | | | | | | | | १ |
| दफा १९ बमोजिम भएको आदेश | | २ | | | | | | | | | | | २ |
| दफा २९ बमोजिम भएको आदेश | | | | | | | १ | | | | | | १ |
| जम्मा आदेश सङ्ख्या | २०६ | ११७ | २०५ | २३७ | १५२ | २९९ | २७४ | ३२२ | १६५ | १६२ | ४२ | २८६ | २४६७ |
| | | | | | | | | | | | | | |
| इजलास सङ्ख्या | ९ | ७ | ७ | ७ | ६ | ९ | ८ | ८ | ८ | ७ | ६ | ९ | ९१ |
| आयोगको आदेश | | ११ | | | | | | | १ | २ | १ | | १५ |
| दरपीठ भएको | १ | | | | | | २ | ७ | १ | | | २ | १३ |
| पत्राचार भएको | ३०० | ७४ | २३३ | २२४ | २०७ | २८६ | ३१२ | २८२ | २७७ | १७४ | ४४ | ३२७ | २७४० |
| मुद्दा दर्ता सङ्ख्या | १४७ | १०९ | ४८ | १०७ | ८६ | १६५ | १४२ | २१९ | १८ | १६ | २२ | ४ | १०८३ |

## अनुसूची- ६

# राष्ट्रिय सूचना आयोगबाट भएका महत्वपूर्ण आदेश

## राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं. ३७९/०७७/७८**

**निर्णय नं. ४९२**

सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न. पा.-१० निवासी आदित्य दाहाल १ } पुनरावेदक

विरुद्ध

श्री कार्यालय प्रमुख, पद्यकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं १ } विपक्षी

**विषयः– सूचना उपलब्ध गराउनु ।**

**मुद्दाको संक्षिप्त विवरणः**

१. सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न. पा.-१० निवासी आदित्य दाहालले पद्यकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं समक्ष देहायको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७७।०९।२३ मा पुनरावेदन गरेकोः

(क) पद्यकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौंको सूचना अधिकारीको नाम, पद, कार्यरत फाँटसहितको विवरण । सूचना अधिकारी नियुक्ति गर्ने निर्णय र जिम्मेवारी दिइएको लिखित नियुक्ति पत्रको प्रतिलिपि ।

(ख) पद्यकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौंको परिसरमा नागरिक बडापत्र र गुनासो पेटिका राखिएको छ कि छैन ? सोको तस्वीरसहितको जानकारी ।

(ग) आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को अलग अलग आन्तरिक लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

(घ) आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को अलग अलग महालेखा परीक्षकको अन्तिम लेखा प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

२. प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट पद्यकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौंका नाममा ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७७।११।१३ मा आदेश भएको ।

३. आयोगको आदेशपश्चात् पद्यकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौका क्याम्पस प्रमुख प्रा. धनप्रसाद पण्डितका तर्फबाट मिति २०७७।१२।१० मा निम्न जानकारी उपलब्ध गराएको देखिन्छः

(क) त्रिभुवन विश्वविद्यालय, नेपाल सरकारद्वारा आर्थिक अनुदान प्राप्त संस्था भएकोले त्रि. वि. अन्तर्गतको यस क्याम्पसको हरेक आर्थिक, प्रशासनिक, शैक्षिक काम काबारहीको बारेमा त्रि. वि. केन्द्रीय कार्यालयबाट अनुगमन हुने र आर्थिक आय व्ययको बारेमा लेखा परीक्ष महाशाखाबाट लेखा परीक्षण भई अन्तिम लेखा परीक्षण महालेखा विभागबाट हुने गर्दछ । महालेखाबाट अन्तिम लेखा परीक्षण भइसकेपछि सोको प्रतिवेदन महालेखाले आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गर्ने नै हुँदा पुनरावेदनकर्ताले माग गरेको आर्थिक विवरण उक्त प्रतिवेदनबाट प्राप्त गर्न सक्नु हुने नै छ ।

(ख) क्याम्पसका दस्तावेजहरु कुनै व्यक्ति विशेषले माग गर्दैमा दिने हो कार्यालयको गोपनियताको कुनै पनि अर्थ नरहने हुँदा यस्ता मागपत्रहरु आयोगबाट माग भएमा आयोगमा नै उपलब्ध गराउने कुरासमेत अनुरोध गर्दछु । गोप्यताको गम्भिरतालाई हेरी माग गर्ने निवेदकलाई उपलब्ध गराउने/नगराउने कुरा आयोगबाट हुने नै छ ।

(ग) पुनरावेदकले पुनरावेदनको बुँदा नं. १, ३ मा उल्लेखित कुराहरूलाई व्यवस्थित गर्दै लगिएको र छुट्टै कार्यान्वयनमा लगिने छ ।

(घ) क्याम्पसको वेबसाइट www.pkcampus.edu.np रहेको जानकारी गराउँदछु ।

३. उक्त जानकारीपश्चात् पुनरावेदकले आंशिक मात्र सूचना प्राप्त भएको भनी मिति २०७८।०४।२७ मा पुनः उजुरी गरेको ।

४. आयोगबाट उक्त उजुरीका सम्बन्धमा विपक्षी पद्यकन्या क्याम्पसको नाउँमा ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनू भनी मिति २०७८।०५।०३ मा आदेश भएको ।

५. आयोगका आदेशपश्चात् पनि पद्यकन्या क्याम्पसले लिखित वा मौखिक कुनै पनि सूचना उपलब्ध नगराएको भनी पुनरावेकले मिति २०७८।०५।२१ मा पुनः उजुरी गरेको ।

४. आयोगबाट उक्त उजुरीका सम्बन्धमा विपक्षी पद्यकन्या क्याम्पसको नाउँमा ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनू भनी मिति २०७८।०५।२४ मा पुनः आदेश भएको ।

**विश्लेषण**

नेपालको संविधान, २०७२ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ उल्लेख भएको र सोही व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । लोकतान्त्रिक पद्दतिमा सर्वसाधारण नागरिकले सार्वजनिक निकायहरूबाट भए गरेका कार्यहरूको बारेमा थाहा पाउने, जान्न पाउने अधिकार कायम गरिएको हुन्छ । यसबाट सर्वसाधारण नागरिक सुसूचित हुने र स्वाभाविक रूपमा त्यस्ता कार्यहरूको स्वामित्व ग्रहण गर्ने अवस्था सिर्जना हुन्छ । साथै सार्वजनिक निकायलाई पारदर्शी हुन, जवाफदेही बनाउन, उत्तरदायी बनाउन पनि सघाउ पुग्दछ । सुशासन कायम गर्न मद्दत गर्दछ । यस अवस्थामा सर्वसाधारण नागरिकले कुनै सार्वजनिक निकायमा सूचना माग गर्दा सम्मानपूर्वक सूचना उपलब्ध गराउनु पर्ने हुन्छ । आयोगसम्म पुनरावेदन गर्नु पर्ने अवस्था नै सिर्जना गर्नु हुँदैन ।

प्रस्तुत विषयमा अध्ययन गर्दा सूचना मागकर्ताले माग गरेका सूचना सार्वजनिक निकायले माग गर्नै नपर्ने गरी सार्वजनिक गरिरहनु पर्ने विषयभित्र पर्ने देखिन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्रका विषयहरूमा पनि पर्ने देखिँदैन । यस अवस्थामा विपक्षी पद्मकन्या बहुमखी क्याम्पसका कार्यालय प्रमुख (क्याम्पस प्रमुख) प्रा. धनप्रसाद पण्डितले पठाएको लिखित जवाफमा उठाएका विषयहरु आयोगको इजलासमा पेश गर्दा आयोगबाट मिति २०७८ भदौ ३ को इजलासबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश भइसक्दासमेत हालसम्म सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७८।०५।२१ मा आयोगमा निवेदन दिएको देखिँदा विपक्षी कार्यालय प्रमुखबाट सूचनाको हकसम्बन्धी कानूनको पालना हुन नसकेको स्पष्ट देखिन्छ । सूचना उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भएको देखिन्छ । सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ । कुनै मनासिब कारणबिना सूचना उपलब्ध नगराएको प्रमाणित नै हुन्छ । तसर्थ, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा १ बमोजिम विपक्षी पद्यकन्या बहुमुखी क्याम्पसका कार्यालय प्रमुख (क्याम्पस प्रमुख) प्रा. धनप्रसाद पण्डितलाई जरिवाना गरी विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा किन लेखी नपठाउने ? कुनै कारण र प्रमाण भए ७ (सात) दिनभित्र आयोग समक्ष पेश गर्नू भनी विपक्षीको नाममा यो आदेश भएकोमा पुनरावेदकले आयोगमा कुनै प्रमाण वा कारण पेश गरेको देखिएन । साथै सूचना मागकर्ताले मिति २०७८।०५।२१ मा सजायको प्रस्ताव भएपछि पनि कुनै सूचना उपलब्ध नगराएको भनी आयोगमा निवेदन पेश हुन आएको छ । यसरी सूचना माग गर्दा, पुनरावेदनपश्चात् आयोगबाट पटक पटक सूचना उपलब्ध गराउन आदेश दिँदासमेत सूचनाको हकसम्बन्धी कानूनबमोजिम मनासिब कारणबिना सूचना दिन अटेर गरेको देखिन्छ । विद्यार्थीलाई शिक्षामार्फत् संवैधानिक तथा कानूनी व्यवस्थाको जानकारी गराई त्यस्तो व्यवस्थाको पालना गर्न गराउन प्रेरित गर्नु पर्ने शैक्षिक संस्थाका प्रमुखबाट कानून विपरीत सूचना दिन इन्कार गर्नु स्वीकार्य हुन सक्दैन । सूचना मागकर्ताले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्रको विषयभित्र पर्ने विषय पनि होइन । सजाय गर्न नपर्ने कुनै कारण वा प्रमाण भए पेश गर्नु भनी कानूनबमोजिम सफाइको मौका दिँदासमेत कानूनबमोजिम जवाफ दिन वा सूचना दिने तत्परता नदेखिएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम पद्यकन्या बहुमुखी क्याम्पस, बागबजारका कार्यालय प्रमुख प्रा. धनप्रसाद पण्डितलाई रू १५,०००।- (पन्ध्र हजार) जरिवाना र निजलाई विभागीय कारबाही गरी जानकारी दिन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिको नाममा लेखी पठाउनू । अरूमा तपसिलबमोजिम गर्नूः

**तपसिल**

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम पद्यकन्या बहुमुखी क्याम्पस, बागबजारका कार्यालय प्रमुख प्रा. धनप्रसाद पण्डितलाई गरेको जरिवाना असुलउपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।
२. पद्यकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौंसँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र यस आयोगलाईसमेत जानकारी दिन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र, डीनको कार्यालय, कीर्तिपुरमा लेखी पठाउनू ।
३. पद्यकन्या बहुमुखी क्याम्पस, बागबजारका क्याम्पस प्रमुख प्रा. धनप्रसाद पण्डितलाई विभागीय कारबाही गरी कारबाही भएको जानकारी यस आयोगलाईसमेत गराउन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिलाई लेखी पठाउनू ।
४. यस निर्णयउपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू ।

(रत्नप्रसाद मैनाली)
सूचना आयुक्त

(महेन्द्र मान गुरूङ्)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७८ साल असोज २० गते रोज ४ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं.** ७१८/०७७/७८

**निर्णय नं.** ६६१

| | | | |
|---|---|---|---|
| झापा जिल्ला, बाह्रदशी गा. पा.-६ हाल काठमाडौं निवासी बल बहादुर प्रधान | १ | } | पुनरावेदक |

विरुद्ध

| | | | |
|---|---|---|---|
| श्री कार्यालय प्रमुख, पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौं | १ | } | विपक्षी |

**विषयः– सूचना उपलब्ध गराउनू ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य निम्नानुसार छः

१. झापा जिल्ला, बाह्रदशी गा. पा.-६ हाल काठमाडौं निवासी बल बहादुर प्रधानले पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारी समक्ष तपसिलबमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगरएकोले उपलब्ध गराई पाऊँ भनी आयोग समक्ष मिति २०७८।०३।२४ मा पुनरावेदन गरेको ।

२. उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगबाट विपक्षी पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंको नाममा पुनरावेदकको पुनरावेदनमा उल्लेख भएबमोजिम पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७८।०३।२८ मा आदेश भएको ।

२. आयोगको आदेशपश्चात् पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंले आयोगको आदेशबमोजिम कुनै जानकारी उपलब्ध नगराएकोले आयोगबाट विपक्षीको नाममा पुनरावेदकलाई ७ (सात) दिनभित्र मागबमोजिमको सूचना उपलब्ध गराउनू भनी मिति २०७८।०४।२५ मा आदेश भएको ।

३. आयोगको आदेशपश्चात् पनि पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंले हालसम्म कुनै जानकारी उपलब्ध नगराएकोले जिम्मेवार अधिकारीलाई हदैसम्मको कारबाही गरी पाऊँ भनी पुनरावेदकले मिति २०७८।०५।०४ मा पुनः उजुरी गरेको ।

४. उक्त उजुरीका सम्बन्धमा आयोगबाट पुनरावेदकलाई ७ (सात) दिनभित्र सूचना उपलब्ध गराउनू । सूचना उपलब्ध नगराए पशुपति क्षेत्र विकास कोषको कार्यालय प्रमुख, कार्यकारी प्रमुख घनश्याम खतिवडालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने भनी मिति २०७८।०५।१७ मा आदेश भएको ।

५. तत्पश्चात् पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंबाट पुनरावेदक बल बहादुर प्रधानले माग गरेको कोषको नियमावली मिति २०७६।१०।०६ मा नै उपलब्ध गराएको र त्यसपछि निजले लिखित रूपमा कार्यालयमा कुनै पनि सूचना माग गरेको नदेखिएको र निज बल बहादुर प्रधान लामो समयसम्म कार्यालयमा अनुपस्थित हुनु पर्दा कार्यालयको काममा बाधा परेको सम्बन्धमा कानूनी रूपमा राय लिई निजलाई सफाई पेश गर्न कारबाही उठी फाईल पेश भएको तर निर्णय निकासा भइनसकेको अवस्था निजलाई मौखिक रूपमासमेत जानकारी गराईएको । सम्मानित आयोगबाट सूचना उपलब्ध गराउने आदेश भएको सम्बन्धमा पेश हुँदा सूचना अधिकारी नतोकिएको अवस्था रहेको र त्यसपश्चात् कोषमा सदस्य सचिवको पद रिक्त रहेको हुँदा निर्णय निकासा दिन नसकिएको र निज बल बहादुर प्रधानलाई कोषको च. नं. १८८ मिति २०७८।०५।३० को पत्रमार्फत सफाई पेश गर्न पत्र काटिएको र निजलाई सम्पर्क गर्न प्रयत्न भइरहेको भनी लेखी आएको ।

६. उक्त पत्रको जानकारी पुनरावेदकलाई दिएकोमा विपक्षीले म्यादभित्र जवाफ पठाउनु पर्नेमा हदम्याद गुजारी ढिला गरी गलत सूचना दिएको, कारबाहीको डरले हचुवामा आयोगको पत्र तामेल भएपछि मात्र म निवेदकलाई गैरकानूनी ढंगले गोप्य स्पष्टीकरण सोधेको भनी मिति २०७८।०६।२५ मा उजुरी दिएको ।

**विश्लेषण**

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक

हुनेछ भन्ने उल्लेख भएको छ । सोही व्यवस्थाको कार्यान्वयनको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको र ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । यसरी सूचनाको हकलाई संवैधानिक तथा कानूनी रूपमा स्थापित गरिएको छ । लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सार्वजनिक निकायमा रहेको आफ्नो र सार्वजनिक चासोको सूचना माग्ने र पाउने व्यवस्था हुनु एउटा महत्वपूर्ण उपलब्धी हो । यसै बमोजिम नागरिकले सार्वजनिक निकायमा सूचना माग गर्ने र सूचना प्राप्त हुन नसकेपश्चात् यस आयोगमा पुनरावेदन गर्ने गरिएको अवस्था छ । यसबाट नागरिकको संवैधानिक र कानूनी हकको संरक्षण र सम्बर्द्धन गर्न सघाउ पुगेको छ ।

प्रस्तुत विषयमा सूचना मागकर्ताको पुनरावेदन तथा पुनरावेदन साथ संलग्न कागजात, विपक्षीबाट प्राप्त लिखित जवाफ तथा यस आयोगबाट भएका पटक पटकका आदेशहरूको अध्ययन गर्दा फैसला गर्नु पर्ने देखिन्छ । पुनरावेदक नेपाली नागरिकले आफ्नो सरोकारको विषयमा मागेको सूचना नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको अधिकारभित्र रहने विषयमा कुनै प्रश्न उठ्ने अवस्था देखिएन । साथै सार्वजनिक निकायले नागरिकले सूचना माग गरी सकेपश्चात् स्वभाविक रूपमा कानूनले तोकेको समयभित्र सूचना उपलब्ध गराउनु पर्ने दायित्व हो । यसउपर उजुरी गर्नु पर्ने, आयोगमा पुनरावेदन गर्नु पर्ने अवस्था सिर्जना गर्ने नै होइन । त्यस हिसाबबाट विश्लेषण गर्ने हो भने विपक्षी सार्वजनिक निकायका सूचना अधिकारी र कार्यालय प्रमुखले कानूनी व्यवस्थाको उल्लङ्घन गरिसकेको अवस्थाले स्वतः सजायको भागीदार भइसकेको अवस्था छ । यस आयोगबाट सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाण पेश गर्न ७ (सात) दिनको समय दिंदा निजले पेश गरेको लिखित जवाफ आदेशबमोजिमको नभई विषयान्तर गरी प्रस्तुत गरेबाट सूचना मागकर्ताको कानूनी र संवैधानिक अधिकार कुण्ठित गरेको प्रष्ट देखिन आउँछ ।

सूचना दिनू भन्ने आदेशपश्चात् पनि सूचना नदिएको उजुरी पुनरावेदकबाट यस आयोगमा निवेदन परेपश्चात् सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही किन नगर्ने भनी आदेश गरेपश्चात् मात्र विपक्षी सार्वजनिक निकायले आयोगमा पत्र लेखेको अवस्था रहेछ । उल्लेखित पत्रमा पनि कोषको नियमावली उपलब्ध गराएको भनिएको छ, जुन पुनरावेदकले माग गरेको सूचना नै होइन । साथै सूचना अधिकारी नतोकिएको अवस्था तथा सदस्य सचिवको पद रिक्त भएको कारणबाट निकासा दिन नसकिएको भनी दाबी गरिएको छ, सूचना दिनुको सट्टामा । सूचना अधिकारी तोक्नु प्रत्येक सार्वजनिक निकायको कानूनी दायित्व हो । कानूनी दायित्व पुरा नगरी त्यही बाहानामा सूचना दिन नसकिएको भन्नु कानूनी दायित्वबाट पन्छिन मात्र खोजेको देखिन्छ । सूचना अधिकारी तोकिनु नतोकिनु सूचना उपलब्ध गराउनुसँग सम्बन्धित विषय नै होइन । साथै सदस्य सचिवको पद रिक्त भएको भनिएको दाबीउपर विचार गर्दा प्रथमत सूचना उपलब्ध गराउन सदस्य सचिव आवश्यक पर्ने विषय नै होइन र सूचना माग गरेको बेलामा सदस्य सचिवको पद रिक्त नभएको हुँदा कानूनी व्यवस्थाको पालना नगर्ने बाहाना मात्र हुन् भन्ने स्पष्ट देखिन्छ ।

यसरी सूचना उपलब्ध गराउने सम्बन्धमा आयोगबाट कारबाही हुने अवस्था सिर्जना हुँदै गर्दा सूचना उपलब्ध गराउनको सट्टा विपक्षी सार्वजनिक निकायका प्रमुखले पुनरावेदकलाई स्पष्टीकरण माग गरी कानूनी कारबाही गर्न लागेकोबाट सूचनाको हकसम्बन्धी संवैधानिक र कानूनी हकको पालना गर्न गराउन विपक्षी सार्वजनिक निकायका कार्यालय प्रमुखको कुनै पहल वा चाहना भएको देखिँदैन । तसर्थ विपक्षी सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी कानूनबमोजिम कारबाही गर्ने पर्ने अवस्था सिर्जना भएको छ ।

**आयोगको ठहर**

उल्लेखित विश्लेषणपश्चात् विपक्षी सार्वजनिक निकाय पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख, कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले नेपालको संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा १ र २ ले प्रदान गरेको नेपाली नागरिकको सूचना माग्ने र पाउने हकको उल्लङ्घन भएको स्पष्ट देखिन्छ । साथै यस आयोगबाट भएका आदेशहरूका बाबजुद सूचना उपलब्ध नगराई उल्टै पुनरावेदकलाई कारबाही कारबाही गर्न स्पष्टीकरण सोधिएको देखिएको हुँदा विपक्षी सार्वजनिक निकाय पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख कार्यकारी निर्देशक डा. घनश्याम खतिवडालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा १ बमोजिम रू. १५,०००।– जरिवाना हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम गरेको जरिवाना असुलउपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनु ।

२. पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला, काठमाडौंसँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन संस्कृति, पर्यटन तथा

नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाउनु ।

३. पशुपति क्षेत्र विकास कोषका कार्यालय प्रमुख, कार्यकारी निर्देशक घनश्याम खतिवडाले दिनु पर्ने सूचनाबिना कारण दिन ढिलाई गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन रू. २०० (दुई सय) का दरले जरिवाना हुनेछ भन्ने जानकारी दिनु ।

४. यस निर्णयउपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिन् ।

५. पुनरावेदकले सूचना माग गरेकै कारणबाट विपक्षी सार्वजनिक निकायले पुनरावेदकउपर कारबाही गर्ने प्रक्रिया प्रारम्भ गरेको भए त्यस्तो कार्य नगर्नु नगराउनु भन्ने पनि जानकारी दिनु ।

| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल कार्तिक १५ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं.** ३८२/०७५/७६

**निर्णय नं.** १९११

मोरङ जिल्ला, सुन्दर हरैचा -१० निवासी हेमचन्द्र घिमिरे १ } पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, लक्ष्मी प्रसाद पौडेल, धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरी १ } प्रत्यार्थी

**विषयः– नागरिकको संविधान प्रदत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने पदाधिकारीलाई दण्डित गरी सूचना उपलब्ध गराउन भएको आदेश ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य निम्नानुसार छः

१. मोरङ जिल्ला, सुन्दर हरैचा -१० निवासी हेमचन्द्र घिमिरेले धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगरएकोले कार्यालय प्रमुख समक्ष देहायबमोजिमको सूचना माग गरी मिति २०७६।०३।११ मा पुनरावेदन दिएको देखिन्छ ।

    (क) पुनरावेदकले विभिन्न मितिमा 'घरबाटो सिफारिस पाऊँ' भन्ने बारे धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीमा दर्ता गराएको निवेदनहरूउपर हालसम्म भए गरेका काम कारबाहीको विवरण ।

प्रस्तुत पुनरावेदनका सम्बन्धमा यस आयोगबाट विपक्षी धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीको नाममा पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७६।०३।२५ मा आदेश भएको ।

२. आयोगको आदेशपश्चात् धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीले कुनै जानकारी उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७६।०५।०४ मा पुनः उजुरी गरेको ।

३. उक्त उजुरीका सम्बन्धमा आयोगबाट पुनरावेदकलाई ७ (सात) दिनभित्र मागबमोजिमको सूचना उपलब्ध गराउनू भनी मिति २०७६।०५।३० मा आदेश भएको ।

४. आयोगका आदेशपश्चात् पनि धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीले कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति

२०७६।०५।२५ मा पुनः उजुरी गरेको ।

५. उक्त उजुरीका सम्बन्धमा आयोगबाट पुनरावेदकलाई ७ (सात) दिनभित्र मागबमोजिमको सूचना उपलब्ध गराउनू भनी धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीको नाममा मिति २०७६।०८।१९ मा पत्राचार भएको ।

६. आयोगका आदेश तथा पत्राचारपश्चात् पनि धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीले सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७७।१२।३० मा पुनः उजुरी गरेको ।

७. उक्त उजुरीका सम्बन्धमा यस आयोगबाट धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीको नाममा पुनरावेदकलाई ३ (तीन) दिनभित्र मागबमोजिमको सूचना उपलब्ध गराउनू । सूचना उपलब्ध नगराएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम भनी मिति २०७८।०३।१० मा आदेश भएको ।

८. आयोगको आदेशपश्चात् कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७८।०७।११ मा पुनः उजुरी गरेको ।

९. उक्त उजुरीपश्चात् आयोगबाट मिति २०७८।०९।२९ मा धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीकाका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेलका नाममा यस आयोगबाट पुनरावेदकलाई सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना उपलब्ध नगराउनुको कारण आयोग समक्ष ७ (सात) दिनभित्र पेश गर्नु । आदेशको पालना नभएमा निज कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोराको आदेश भएको ।

**विश्लेषण**

नेपालको संविधान, २०७२ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ उल्लेख भएको र सोही व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । लोकतान्त्रिक पद्दतिमा सर्वसाधारण नागरिकले सार्वजनिक निकायहरूबाट भए गरेका कार्यहरूको बारेमा थाहा पाउने, जान्न पाउने अधिकार कायम गरिएको हुन्छ । यसबाट सर्वसाधारण नागरिक सुसूचित हुने र स्वाभाविक रूपमा त्यस्ता कार्यहरूको स्वामित्व ग्रहण गर्ने अवस्था सिर्जना हुन्छ । साथै सार्वजनिक निकायलाई पारदर्शी हुन, जवाफदेही बनाउन, उत्तरदायी बनाउन पनि सघाउ पुग्दछ । सुशासन कायम गर्न मद्दत गर्दछ । यस अवस्थामा सर्वसाधारण नागरिकले कुनै सार्वजनिक निकायमा सूचना माग गर्दा सम्मानपूर्वक सूचना उपलब्ध गराउनु पर्ने हुन्छ । आयोगसम्म पुनरावेदन गर्नु पर्ने अवस्था नै सिर्जना गर्नु हुँदैन ।

प्रस्तुत विषयमा सूचना मागकर्ताले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्र पर्ने विषय नभएको हुँदा सूचना माग गर्दा नै तत्काल उपलब्ध गराउनु पर्ने देखिन्छ । सूचना मागकर्तालाई राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन गर्न आउनु पर्ने अवस्था सिर्जना गराउन आवश्यक देखिँदैन । साथै आयोग समक्ष पुनरावेदन प्राप्त भएपश्चात् आयोगबाट विपक्षी धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीका कार्यालय प्रमुखका नाममा पटक पटक लिखित जवाफ माग गर्दा तथा सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना मागकर्ता नागरिकका तर्फबाट माग भएको सूचना उपलब्ध गराउने प्रयास भएको देखिँदैन । यसबाट सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिना नै संवैधानिक तथा कानूनी रूपमा नागरिकलाई प्राप्त अधिकारको वेवास्ता गरेको, कानून पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भई कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैर जिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको बिकल्प आयोगसँग रहेन । यसर्थ, नागरिकको संविधान प्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गर्ने धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रू. १०,००० (दश हजार मात्र) जरिवाना हुने ठहर्छ अरूमा तपसिलबमोजिम गर्नूः

**तपसिल**

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरीका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेललाई गरेको जरिवाना असुलउपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, सुनसरीका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।

२. धरान उपमहानगरपालिकाको कार्यालयसँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनू ।

३. धरान उपमहानगरपालिकाका प्रमुख श्री लक्ष्मी प्रसाद पौडेलले दिनु पर्ने सूचनाबिना कारण दिन ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो,प्रति दिन रू. २००।- (दुई सय) का दरले जरिवाना हुनेछ भन्ने जानकारी दिनू ।

४. यस निर्णयउपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू ।

| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरुङ्) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल चैत १७ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**का. वा. प्रमुख सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं. ३२६/०७७/७८**

**निर्णय नं. २२६४**

रौतहट जिल्ला, राजपुर न. पा.-१ निवासी एक्रामुल हक १ } पुनरावेदक

विरुद्ध

कार्यालय प्रमुख, बैंजु ठाकुर, राजपुर नगरपालिकाको कार्यालय, रौतहट १ } प्रत्यार्थी

**विषयः– नागरिकको संविधान प्रदत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने पदाधिकारीलाई दण्डित गरी सूचना उपलब्ध गराउन भएको आदेश ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य निम्नानुसार छः

१. रौतहट जिल्ला, राजपुर न. पा.-१ निवासी एक्रामुल हकले राजपुर नगरपालिकाको कार्यालय, रौतहट समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगरएकोले कार्यालय प्रमुख समक्ष देहायबमोजिमको सूचना माग गरी मिति २०७७।१०।२१ मा पुनरावेदन दिएको देखिन्छ ।

क. क्वारिन्टिनमा १-९ वडामा रहेको मानिसहरूको सङ्ख्या ।

ख. एक जनाको लागि कति रकम खर्च भएको र सम्पूर्ण खर्चको विवरण ।

ग. कमल वितरणको सङ्ख्या र एकप्रति कमलको मूल्यदर ।

प्रस्तुत पुनरावेदनका सम्बन्धमा यस आयोगबाट विपक्षी राजपुर नगरपालिकाको कार्यालय, रौतहटको नाममा पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७७।१०।२९ मा आदेश भएको ।

२. आयोगको आदेशपश्चात् राजपुर नगरपालिकाको कार्यालय, रौतहटले कुनै जानकारी उपलब्ध नगराएकोले पुनरावेदकलाई ७ (सात) दिनभित्र मागबमोजिमको सूचना उपलब्ध गराउनू भनी मिति २०७८।०५।३१ मा आदेश भएको ।

४. आयोगका आदेशपश्चात् पनि राजपुर नगरपालिकाको कार्यालय, रौतहटले कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७८।०९।०८ मा पुनः उजुरी गरेको ।

५. उक्त उजुरीका सम्बन्धमा आयोगबाट पुनरावेदकलाई ७ (सात) दिनभित्र मागबमोजिमको सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कारबाही प्रक्रिया अघि बढाइने भनी मिति २०७८।०९।२५ मा पत्राचार भएको ।

६. आयोगका आदेश तथा पत्राचारपश्चात् पनि राजपुर नगरपालिकाको कार्यालय, रौतहटले सूचना उपलब्ध नगराएकोले यस आयोगबाट राजपुर

नगरपालिकाको कार्यालय, रौतहटको नाममा पुनरावेदकलाई ३ (तीन) दिनभित्र मागबमोजिमको सूचना उपलब्ध गराउनू । सूचना उपलब्ध नगराएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम भनी मिति २०७८।१२।२१ मा आदेश भएको ।

७. आयोगको आदेशपश्चात् कुनै सूचना उपलब्ध नगराएको भनी पुनरावेदकले मिति २०७९।०३।०२ मा पुनः उजुरी गरेको ।

**विश्लेषण**

नेपालको संविधान, २०७२ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ उल्लेख भएको र सोही व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । लोकतान्त्रिक पद्दतिमा सर्वसाधारण नागरिकले सार्वजनिक निकायहरूबाट भए गरेका कार्यहरूको बारेमा थाहा पाउने, जान्न पाउने अधिकार कायम गरिएको हुन्छ । यसबाट सर्वसाधारण नागरिक सुसूचित हुने र स्वाभाविक रूपमा त्यस्ता कार्यहरूको स्वामित्व ग्रहण गर्ने अवस्था सिर्जना हुन्छ । साथै सार्वजनिक निकायलाई पारदर्शी हुन, जवाफदेही बनाउन, उत्तरदायी बनाउन पनि सघाउ पुग्दछ । सुशासन कायम गर्न मद्दत गर्दछ । यस अवस्थामा सर्वसाधारण नागरिकले कुनै सार्वजनिक निकायमा सूचना माग गर्दा सम्मानपूर्वक सूचना उपलब्ध गराउनु पर्ने हुन्छ । आयोगसम्म पुनरावेदन गर्नु पर्ने अवस्था नै सिर्जना गर्नु हुँदैन ।

प्रस्तुत विषयमा सूचना मागकर्ताले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्र पर्ने विषय नभएको हुँदा सूचना माग गर्दा नै तत्काल उपलब्ध गराउनु पर्ने देखिन्छ । सूचना मागकर्तालाई राष्ट्रिय सूचना आयोग समक्ष पुनरावेदन गर्न आउनु पर्ने अवस्था सिर्जना गराउन आवश्यक देखिँदैन । साथै आयोग समक्ष पुनरावेदन प्राप्त भएपश्चात् आयोगबाट विपक्षी राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुखका नाममा पटक पटक लिखित जवाफ माग गर्दा तथा सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना मागकर्ता नागरिकका तर्फबाट माग भएको सूचना उपलब्ध गराउने प्रयास भएको देखिँदैन । यसबाट सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिना नै संवैधानिक तथा कानूनी रूपमा नागरिकलाई प्राप्त अधिकारको बेवास्ता गरेको, कानून पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भई कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज कार्यालय प्रमुख बैंजु ठाकुरलाई पटकपटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैरजिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैरजिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको बिकल्प आयोगसँग रहेन । यसर्थ, नागरिकको संविधान प्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गर्ने राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख बैंजु ठाकुरलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रू. १०,००० (दश हजार रूपैयाँ मात्र) जरिवाना हुने ठहर्छ अरूमा तपसिलबमोजिम गर्नूः

**तपसिल**

१. राजपुर नगरपालिकाको कार्यालय, रौतहटसँग भएको पुनरावेदकको मागबमोजिमको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र यस आयोगलाईसमेत जानकारी दिन राजपुर नगरपालिकाको कार्यालय, रौतहटका नगर प्रमुखलाई लेखी पठाउनू ।

२. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम गरेको जरिवाना असुलउपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, रौतहटका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।

३. राजपुर नगरपालिकाको कार्यालय, रौतहटका प्रमुख प्रशासकीय अधिकृत श्री बैंजु ठाकुरले दिनु पर्ने सूचना बिनाकारण दिन ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो,प्रति दिन रू. २००/- (दुई सय) का दरले जरिवाना हुनेछ भन्ने जानकारी दिनू ।

४. यस निर्णयउपर चित्त नबुझेमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३४ बमोजिम जानकारी पाएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न जानू भनी विपक्षीलाई पुनरावेदनको म्याद दिनू ।

(रत्नप्रसाद मैनाली)
सूचना आयुक्त

(कमला ओली थापा)
का. वा. प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७९ साल असार १३ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं. २१५/०७८/७९**

**निर्णय नं. २९४**

श्री कार्यालय प्रमुख

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

विज्ञान तथा प्रविधि अध्ययन संस्थान,

डीनको कार्यालय

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ङ) बमोजिम सूचनाको हकसम्बन्धी ऐनले तोकेको दायित्व पालना गर्न गराउन जारी भएको आदेश ।**

नेपालको संविधानको प्रस्तावनामा "हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता; नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै; "...संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं" भन्ने व्यहोरा उल्लेख गरिएको छ । नेपालको संविधानको भाग-३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ" भन्ने व्यवस्था छ ।

लोकतन्त्रमा नागरिकको सूचनाको हकलाई राज्यको सबै संरचनाले उच्च सम्मानका साथ पालना गर्ने गर्दछन् ।

नेपालको संविधानको भाग-५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५६ को उपधारा (१) मा "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ" भन्ने व्यवस्था छ । यसैगरी संविधानको धारा ५७ को उपधारा (४) मा "स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानूनबमोजिम हुनेछ" भन्ने व्यवस्था छ । यस अतिरिक्त संविधानको भाग १७ मा स्थानीय कार्यपालिका, भाग १८ मा स्थानीय व्यवस्थापिका भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली र अनुसूची-८ स्थानीय तहको अधिकार सूची लगायतको संवैधानिक प्रावधानको आधारमा राज्यको संरचनाभित्र रहेका संघ, प्रदेश र स्थानीय तह आ-आफ्नो क्षेत्रगत अधिकार र जिम्मेवारीका कारण महत्वपूर्ण निकायका रूपमा रहेको प्रष्ट हुन्छ ।

सुशासन, पारदर्शिता, जवाफदेही शासन प्रणाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक सशक्तीकरण जस्ता लोकतन्त्रका आधारभूत स्तम्भको प्राप्तिका लागि संविधानले निर्दिष्ट गरेको भावनालाई आत्मसात् गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको छ । यस ऐनको प्रस्तावनामा राज्यका काम कारबाही लोकतान्त्रिक पद्दति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन प्रस्तुत कानून जारी भएको कुरा व्यक्त भएको छ । यसर्थ संविधानले परिभाषित गरेको स्थानीय तह लगायत सबै सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी प्रचलन गर्नु/गराउनू पर्ने कुरा स्पष्ट नै छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायलाई विभिन्न जिम्मेवारी तोकेको छ । सार्वजनिक निकायको परिभाषाभित्र ऐनद्वारा स्थापित निकाय, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाहरूसमेत पर्ने हुँदा तिनीहरु आफ्नो कानूनी दायित्वमा खरो उत्रिनु पर्छ । यसर्थ कानून अनुसार ती निकायका काम कारबाही लोकतान्त्रिक पद्दति अनुरूप खुल्ला र पारदर्शी हुनुपर्छ । तिनले नागरिकको सूचनाको हकप्रति उच्च सम्मान प्रकट गर्नुका अतिरित्त सूचना वर्गीकरण गर्ने, आफ्ना कर्मचारीलाई सूचना प्रवाहमा दक्षता बृद्धि गर्न तालिम दिने, कम्तिमा बीस वर्षसम्मका सूचना अद्यावधिक गरी राख्ने, सूचना अधिकारी तोक्ने, तीन तीन महिनामा आफ्ना गतिविधि सार्वजनिक गर्ने गर्नु पर्छ । यसैगरी नागरिकले माग गरेका सूचना कानूनले निर्दिष्ट गरेको समय सीमाभित्र उपलब्ध गराउने, सूचनादाताको संरक्षण गर्ने, व्यक्तिगत प्रकृतिका सूचना

संरक्षण गर्ने लगायतका दायित्व सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ मा तोकिएको छ ।

ऐनद्वारा स्थापित निकाय त्रिभुवन विश्वविद्यालय आमजनताको सर्वाधिक नजिकमा रहने संस्था हो । यस संयन्त्रप्रति आमजनताको उच्च अपेक्षा र विश्वास रहेको छ । यसर्थ यस्तो महत्वपूर्ण निकायका काम कारबाही जति खुला, पारदर्शी, उत्तरदायी र जवाफदेही ढंगले सञ्चालन हुन सक्यो सोही हदमा आमनागरिकले लोकन्त्रको अनुभूति गर्न सक्तछन् । साथै नागरिकको सूचनाको हकको प्रभावकारी प्रचलनबाट भ्रष्टाचार नियन्त्रण हुने, बिधिको शासन लागू हुने, नागरिकबीचको विभेद अन्त्य हुने र सुशासन कायम हुने हुन्छ । यही सुशासनको माध्यमद्वारा आमजनताले अपेक्षा गरेको सुख, समृद्धि र विशिष्ट पहिचान निर्माण गर्न सकिने हुन्छ । यी विषयलाई मनन गरी राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ङ) बमोजिम "यस ऐनबमोजिमको दायित्व पालना गराउन सम्बन्धित पक्षलाई आदेश दिने" अधिकार क्षेत्रभित्र रही विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरका कार्यालय प्रमुखका नाममा निम्नानुसारको आदेश जारी गरिएको छः

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आर्थिक वर्षका आधारमा प्रत्येक ३/३ महिनामा तहाँ निकायबाट सम्पादित काम सो अवधि व्यतित भएको १५ दिनभित्र अनिवार्य रुपमा नियमित ढंगले सार्वजनिक गर्नू ।

२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ र नियमावली, २०६५ को नियम २४क बमोजिम सूचना अधिकारी तोकी निजको सम्पर्क नम्बर र फोटोसहितको विवरण फ्लेक्स बोर्ड वा अन्य उपयुक्त माध्यमद्वारा सार्वजनिक गर्नू ।

३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (३) बमोजिम सूचना शाखा वा सूचना केन्द्र जस्ता निकाय/संयन्त्र खडा गर्ने पहल गर्नुका साथै सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्ने व्यवस्था गर्नू ।

४. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ अनुसार आप्ना कर्मचारीलाई सूचनाको हकमा तालिम दिने र आफ्ना निकायसँग सम्बन्धित सूचनामा नागरिकको पहुँच सरल र सहज तुल्याउन विभिन्न राष्ट्रिय भाषा र आमसञ्चारका माध्यमको उपयोग गर्ने ध्येयका साथ विद्युतीय सञ्चार प्रणाली लागू गर्नू र विद्युतीय अभिलेख प्रणाली स्थापना गर्नू ।

५. त्यस निकायबाट जारी गरिने कानून, नीति, बार्षिक कार्ययोजना, दीर्घकालीन सोचजस्ता दस्तावेजहरु तयार गर्दा नागरिकको सूचनाको हकको प्रभावकारी प्रचलनको सुनिश्चितता गर्नू ।

(रत्नप्रसाद मैनाली)
सूचना आयुक्त

(महेन्द्र मान गुरूङ्)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७८ साल भदौ २८ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं.** ७५२/०७७/७८

**निर्णय नं.** २९२

भोजपुर जिल्ला, हतुवागढि–२ हाल इमाडोल निवासी विद्या राई १ } पुनरावेदक

विरुद्ध

श्री कार्यालय प्रमुख, नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल १ } विपक्षी

**विषयः– सूचना उपलब्ध गराउन् ।**

भोजपुर जिल्ला, हतुवागढि–२ हाल इमाडोल निवासी विद्या राईले नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल समक्ष आर्थिक वर्ष २०७२/७३ देखि २०७७/७८ को हालसम्मको आत्महत्यासम्बन्धी जिल्लावाइज तथ्याङ्क माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७८।०३।२७ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालका नाममा

७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी मिति २०७८।०३।३१ मा आदेश भएको । आयोगको आदेशपश्चात् नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालले मिति २०७८।०४।२५ को पत्रसाथ आयोग समक्ष सूचना उपलब्ध गराएको ।

प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय मात्र नभई नीतिगत निर्णय वा व्यवस्था गर्न र अध्ययन अनुसन्धान गर्नका लागि पनि उपयोगी र आवश्यक रहने तथ्याङ्क रहेको तथ्यप्रति यस आयोगको ध्यानाकर्षण भएको छ ।

नीति, कानून, कार्यक्रम बनाउँदा तथ्य र तथ्याङ्कमा आधारित रहेर बनाउन सकियो भने मात्र त्यस्ता नीति, कानून तथा कार्यक्रम सफल तथा उपलब्धीमूलक हुन सक्दछ । त्यसका लागि तथ्याङ्क सङ्कलन गर्दादेखि नै ध्यान दिनु पर्ने हुन्छ । यथाशक्य तथ्याङ्कलाई बहुपयोगी बनाउन पनि आवश्यक छ ।

आत्महत्या त्यसै गरिएको हुँदैन । यसका लागि थुप्रै कारणहरु हुन सक्दछन्, मनोवैज्ञानकि, आर्थिक, मानसिक सामाजिक कारणहरु हुन सक्दछन् । यस्ता कारणहरूलाई केलाउँन सक्दा आत्महत्या रोक्न वा रोकथाम गर्न उपयुक्त नीति तथा कार्यक्रम अंगीकार गर्न सकिन्छ । जसबाट आत्महत्याको दर न्यून बनाउन सकिन्छ । धेरैको जीवन बचाउन सकिन्छ ।

सूचना मागकर्तालाई सूचना उपलब्ध गराएकोमा प्रहरी प्रधान कार्यालय धन्यवादको पात्र छ । पुनरावेदकले माग गरेबमोजिम सूचना प्राप्त गरिसकेको देखिँदा अभिलेखमा जनाउने । तर तथ्याङ्क उपलब्ध गराउँदासमेत निवेदकले बदनियतपूर्वक दुःख हैरानी दिने मनसायले सम्मानित आयोगमा निवेदन दर्ता गराएको देखिन्छ भन्ने भनाईप्रति यस आयोगको असहमति रहेको छ । सूचना मागकर्ताले आफ्नो संवैधानिक र कानूनी अधिकार प्रयोग गर्दा सार्वजनिक निकायमा सार्वजनिक जिम्मेवारी बहन गर्न कानून पालना गर्ने गराउन, बस्ने पदाधिकारीले यस्तो विचार सोच राख्न मिल्ने देखिँदैन ।

प्रस्तुत विषयमा उठान गरिएको आत्महत्यासम्बन्धी तथ्याङ्कको महत्वलाई ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम प्रहरी प्रधान कार्यालयका महानिरीक्षकका नाममा देहायबमोजिम गर्न गराउन यो आदेश गरिएको छः

१. आत्महत्यासम्बन्धी तथ्याङ्क राख्दा नेपालको संविधानको धारा ४२ मा उल्लेख भएका समूह तथा उमेर समूह, पेशागत, शैक्षिकस्तर, वैवाहिक अवस्था, पारिवारिक अवस्थाजस्ता विषयहरूको पनि विवरण राख्ने र राख्न लगाउने ।

२. बुँदा १ बमोजिमको तथ्याङ्क एकीकृत रूपमा प्रहरी प्रधान कार्यालयमा सङ्कलन गरी प्रत्येक वर्ष सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा ४ बमोजिम गरिने स्वतः प्रकाशनमा त्यस्तो विवरण संक्षिप्तरूपमा समावेश गरी सार्वजनिक गर्ने गराउने ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल भदौ २८ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं. १८३/०७४/७५**

**निर्णय नं. १५६०**

रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका-६ निवासी शशिधर पाण्डेयसमेत १ } पुनरावेदक

विरुद्ध

श्री कार्यालय प्रमुख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं १ } विपक्षी

**विषयः– सूचना उपलब्ध गराउन् ।**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत्सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य निम्नानुसार छः

१. स्यन्देही जिल्ला, मायादेवी गाउँपालिका-६ निवासी शशिधर पाण्डेयसमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमक्ष तराई, मधेश र थरूहटलगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्यतथ्य छानवीनसम्बन्धी गठित उच्चस्तरीय छानवीन आयोग, २०७३ को प्रतिवेदन माग गरेकोमा उक्त आयोगले छानवीन गरी नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदनको प्रतिलिपि माग गर्न भएको सन्दर्भमा उक्त प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषद् को मिति २०७४।०९।१३ को बैठक निर्णय अनुसार आवश्यक कारबाहीको लागि गृह मन्त्रालयमा पठाइएको व्यहोरा अनुरोध छ भनी जानकारी मात्रै गराएकाले यही पुनरावेदनलाई आधार मानी गृह मन्त्रालयसमेतलाई सूचना उपलब्ध गराउनू भनी आदेश गरी पाऊँ भनी यस आयोगसमक्ष मिति २०७४।०९।२८ मा पुनरावेदन गरेको ।

२. प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंका नाममा पुनरावेदकले माग गरेको सूचना हालसम्म पनि पुनरावेदकलाई के कति कारणले उपलब्ध गराइएन सो निवेदनको सम्बन्धमा के भइरहेको छ ? सो बारे ७ (सात) दिनभित्र आयोग समक्ष खुलाई पठाउनू भनी मिति २०७४।११।०८ मा पत्राचार भएको ।

३. आयोगको पत्राचारपश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उक्त प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।०९।१३ को बैठक निर्णय अनुसार आवश्यक कारबाहीको लागि गृह मन्त्रालयमा पठाइएको भनी च. नं. ३३/०७४/७५-४२६४ को पत्र लेखी आएको ।

४. उक्त जवाफ प्राप्त भए पश्चात आयोगबाट गृह मन्त्रालयको नाममा उक्त प्रतिवेदन सम्बन्धमा के कारबाही भइरहेको छ भनी च. नं. २४१२ मिति २०७५।०३।११ को पत्र लेखी गएको ।

५. तत्पश्चात् सम्मानित सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर ज. ब. रा. र माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको संयुक्त इजलासबाट मुद्दा नं. ०७५-WO-०२०० को सम्बन्धमा यस आयोगको नाममा भएको आदेश निम्नानुसार छः

(क) निवेदकले माग गरेको सूचनाको सम्बन्धमा निवेदकहरूले राष्ट्रिय सूचना आयोगमा दायर गरेको पुनरावेदनबाट सम्बोधन हुने भई निर्णय नभएको विषय रहेको हुँदा उत्प्रेषणको आदेश जारी गरी रहनु परेन । तर विपक्षी राष्ट्रिय सूचना आयोगबाट निवेदकहरूले दायर गरेको पुनरावेदनको सम्बन्धमा कुन के प्रकृतिको हो दिन मिल्ने सूचना भए दिन मिल्ने निर्णय गर्नु तथा निवेदकले माग गरेको सूचना दिन नमिल्ने प्रकृतिको भए सोहीबमोजिमको निर्णय गर्नु पर्नेमा हालसम्म निर्णय नभई ढिलाई गरी राखेको अवस्थाले नागरिकमा सुसूचित हुने हकमा बन्देज लाग्न गएको अवस्था देखिँदा तत्कालै निर्णय गर्नको निमित्त राष्ट्रिय सूचना आयोगका नाममा परमादेशको आदेश जारी गर्नु पर्ने देखिन आयो ।

(ख) तसर्थ, विपक्षी मध्येका राष्ट्रिय सूचना आयोगका नाउँमा निज निवेदकले दिएको पुनरावेदनमा यो आदेश पाएको मितिले ३ महिनाभित्र तराई, मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानवीनसम्बन्धी गठित उच्चस्तरीय छानवीन आयोगको प्रतिवेदनसम्बन्धी निर्णय शीघ्र गर्नु भनी परमादेशको आदेश हुने ठहर्छ ।

६. सम्मानित सर्वोच्च अदालतको आदेश प्राप्त भएपश्चात् गृह मन्त्रालयको नाममा पुनरावेदकबाट माग भएबमोजिमको सूचना उपलब्ध गराउने सम्बन्धमा पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र यस आयोग समक्ष लिखित जवाफ पठाउनू भनी मिति २०७७।१२।१७ मा आदेश भएको ।

७. गृह मन्त्रालयबाट तराई, मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानवीनसम्बन्धी गठित उच्चस्तरीय छानवीन आयोग, २०७३ को प्रतिवेदन उक्त मन्त्रालयमा प्राप्त नभएको भनी मिति २०७८।०१।०२ मा आयोग समक्ष लिखित जवाफ पेश गरेको ।

८. गृह मन्त्रालयको उक्त जानकारी प्राप्त भएपश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा पुनरावेदकबाट माग भएबमोजिमको सूचना उपलब्ध गराउने सम्बन्धमा पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र यस आयोग समक्ष लिखित जवाफ पठाउनू भनी मिति २०७८।०१।०९ मा आदेश भएको ।

९. उक्त आदेशपश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मिति २०७८।०१।१९ को पत्रमार्फत निम्न जिकीर लिएकोः

(क) नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ तर कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था रहेको छ । जाँचबुझ

आयोग ऐन, २०२६ को दफा ८क. मा नेपालको सार्वभौमसत्ता, अखण्डता वा सामरिक महत्वका वा सार्वजनिक शान्ति सुव्यवस्थामा वा विभिन्न जात जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्धमा प्रतिकूल असर पार्ने तथा मित्र राष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने कुरा गोप्य रहने व्यवस्था गरेको छ । तसर्थ प्रस्तुत ऐनबमोजिम गोप्य रहने भनी व्यवस्था गरेको विषयमा कसैले सूचना पाऊँ भनी भन्दैमा पाउने हुँदैन ।

(ख) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्था रहेको छ । त्यस्तै ऐनको दफा २७ मा सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नका लागि नीतिगत रुपमा सूचनाको वर्गीकरण गर्न नेपाल सरकारको मुख्य सचिव अध्यक्ष रहेको एक समिति रहने व्यवस्था रहेको र सोही व्यवस्थाबमोजिमको समितिले मिति २०६८।०८।२६ मा सूचनाको वर्गीकरण गरेकोमा सो विरूद्ध मुद्दा परी सम्मानीइत सर्वोच्च अदालतबाट (रिट नं. ०६८-WS-००४३ को आदेशमा) सो वर्गीकरण खारेज गरी पुनः वर्गीकरणको आदेश भएको र सोबमोजिम सूचनाको वर्गीकरण गर्ने सम्बन्धमा समिति गठन भई समितिबाट काम कारबाही भइरहेको छ ।

(ग) सूचना माग गर्नेले संविधानको धारा २७ बमोजिम आफूसँग तात्विक सरोकार भएको विषयमात्र सूचना माग गर्न र पाउन मिल्ने हुन्छ । त्यस्तै सूचना माग गर्नेले सम्बन्धित कार्यालयमा रहने सूचना प्राप्त गर्न आवश्यक कागजातसमेत समावेश गर्नु पर्ने हुन्छ । वैयक्तिक गोपनियताको विषयहरु तथा मुलुकको शान्ति सुरक्षासँग सम्बन्धित वा जातजातिको सम्बन्धमा खलल पार्ने वा प्रचलित कानून बमोजम गठित जाँचबुझ आयोग वा छानवीन आयोगका विषयहरूसँग सम्बन्धित प्रतिवेदन कसैले माग्दैमा उपलब्ध गराइने विषय होइनन् । प्रस्तुत विषयमा राजनीतिक नेतृत्वबाट सम्बन्धित सरोकारवालासँग छलफलसमेत भइआएको छ । तसर्थ त्यस्ता प्रतिवेदनहरु नेपाल सरकारको जुनसुकै नियकामा रहेको भए तापनि सार्वजनिक गर्ने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट अध्ययन भई निर्णय नहुँदासम्म सार्वजनिक गरी पाऊँ भन्दैमा सार्वजनिक हुने वा कुनै व्यक्तिले पाउने भन्ने हुँदैन ।

(घ) विपक्षी पुनरावेदकसमेतले सम्मानित सर्वोच्च अदालतमा दायर गरेको रिट नं. ०७५-WO-०२०० को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७६।०६।३० मा आदेश जारी हुँदा पुनरावेदनको सम्बन्धमा निर्णय शीघ्र गर्नुसम्म भनी आदेश जारी भएको देखिन्छ । प्रस्तुत विषयमा यस कार्यालयबाट तहाँ आयोगमा पेश भएको लिखित जवाफमा विषय वस्तुको गाम्भीर्यताको सम्बन्धमा उल्लेख भइसकेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भिर खलल पार्ने, अपराधको अनुसन्धान तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, विभिन्न जातजाति वा सम्प्रदायको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने तथा व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान वा सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खलल पुऱ्याउने सूचना प्रवाह नगरिने सम्बन्धमा स्पष्टरुपमा उल्लेख भएकै छ । यस्तो विषयको सूचना प्रवाह नगरिने भनी ऐनमा नै स्पष्ट रुपमा उल्लेख भएको विषयमा सूचना पाऊँ भनी दायर निवेदन तथा त्यसउपर परेको पुनरावेदनलाई कारबाही युक्त मान्न सकिँदैन ।

(ङ) नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं सम्बर्द्धन गर्ने कुरामा प्रतिबद्ध रहेको छ । सर्वोच्च अदालतका पूर्व न्यायाधीश गिरीशचन्द्र लाल अध्यक्षतामा मिति २०७३।०६।०२ मा गठित तराई, मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानवीनसम्बन्धी गठित उच्चस्तरीय छानवीन आयोग, २०७३ जाँचबुझ आयोग ऐन अन्तर्गत गठन भएको हो । उक्त आयोगको प्रतिवेदन अध्ययनको क्रममा रहेको र नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय नहुँदासम्म कसैलाई उपलब्ध हुन वा सार्वजनिक हुन सक्दैन । यो कुनै व्यक्तिसँग सम्बन्धित विषय होइन । जुन निकायबाट जाँचबुझ आयोग गठन भएको हो सोही निकायबाट त्यस्तो प्रतिवेदनका विषयमा निर्णय हुने हुँदा निर्णय नभएको तथा प्रचलित कानूनले गोप्य रहने भनी व्यवस्था गरेको विषयमा सूचना पाऊँ भनी माग गर्न र तहाँ आयोगबाट सूचना उपलब्ध गराउनू भनी आदेश जारी हुन मिल्दैन ।

(च) प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पत्ति, तथ्याङ्क, पत्राचार तथा चरित्रसम्बन्धी गोपनियताको हकलाई सुनिश्चित गर्न, सार्वजनिक निकायमा रहेका वैयक्तिक गोपनियताका विषयहरूको संरक्षण गर्न तथा वैयक्तिक गोपनियताको अतिक्रमण हुन नदिन वैयक्तिक गोपनियतासम्बन्धी ऐन, २०७५ जारी भएको छ । प्रस्तुत ऐनले वैयक्तिक गोपनियतालाई जोड दिएको तथा जाँचबुझका विषयहरु

वैयक्तिक गोपनियताका विषयहरूसमेत हुने हुन्छन् । गिरीशचन्द्र लालको अध्यक्षताको आयोगबाट पेश भएको प्रतिवेदनमा वैयक्तिक गोपनियताका विषयहरूसमेत समावेश भएको हुन सक्ने अवस्थामा वैयक्तिक गोपनियताको विषयका सम्बन्धमा सरोकार नै नभएको व्यक्तिले सूचना पाऊँ भनी दायर गरेको पुनरावेदन हकदैयाविहिन मात्र नभई अनधिकृतसमेत छ । अनधिकृत पुनरावेदनउपर राष्ट्रिय सूचना आयोगबाट निर्णय हुन मिल्ने हुँदैन । तसर्थ, पुनरावेदकको पुनरावेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने व्यहोराको श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

**आयोगको ठहर**

नेपालको संविधान, २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । संविधानले नागरिकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयनको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ जारी भई कार्यान्वयनमा रहेका छन् । उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । संयुक्त राष्ट्र संघीय मानव अधिकारसम्बन्धी महासन्धीको धारा १९ मा सूचनाको हकलाई मानव अधिकारका रूपमा लिएको छ । लोकतान्त्रिक शासन पद्धतिमा सर्वसाधारण नागरिक सार्वभौमसत्ता सम्पन्न हुन्छन् र सार्वजनिक निकायहरूले नागरिकका लागि गरेका सबै निर्णय र क्रियाकलापका बारेमा थाहा पाउने र सहभागी हुने अधिकार सर्वसाधारण नागरिकले राख्दछ भन्ने मान्यता हुन्छ । सूचनाको हकको महत्वलाई बुझेर नै १२७ भन्दा बढी विश्वका देशहरूमा यससम्बन्धी कानून निर्माण भई कार्यान्वयनमा रहेका छन् । संयुक्त राष्ट्र संघले सेप्टेम्बर २८ लाई सूचनामा विश्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने गरी सन् २०१९ को महासभाले निर्णय नै गरिसकेको छ ।

प्रस्तुत विषयमा पुनरावेदकले सूचनाको हकसम्बन्धी कानूनबमोजिम सूचना माग गर्दा प्राप्त नभएपश्चात् यस आयोगमा पुनरावेदन गरेको देखिन्छ । साथै पुनरावेदकले यसै विषयमा सर्वोच्च अदालतमा मुद्दा दायर गरेकोमा सर्वोच्च अदालतको मिति २०७६ असोज ३० गतेको संयुक्त इजलासबाट विपक्षी मध्येका राष्ट्रिय सूचना आयोगका नाउँमा निवेदकले दिएको पुनरावेदनमा यो आदेश पाएका मितिले ३ महिनाभित्र तराई, मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानवीनसम्बन्धी गठित उच्चस्तरीय छानवीन आयोग, २०७३ को प्रतिवेदनसम्बन्धी पुनरावेदनबारे शीघ्र निर्णय गर्नू भनी परमादेशको आदेश जारी हुने ठहर्छ भनी आदेश भएको छ । उल्लेखित आदेश यस आयोगमा २०७७।११।२५ मा मात्र प्राप्त भएको र कोरोना महामारीका कारण आयोगका क्रियाकलाप आंशिक रूपमा मात्र सञ्चालन भएका कारण तोकिएको समयावधिभित्र निर्णय गर्न सम्भव भएन । साथै प्राप्त कागजात, तथ्य तथा सम्बन्धित कानून अध्ययन र विश्लेषणमा केहि समय लागेको छ ।

उक्त आदेश कार्यान्वयनका सन्दर्भमा यस आयोगबाट मिति २०७७।१२।१७ गतेको मितिमा लिखित जवाफ पेश गर्नू भनी विपक्षी गृह मन्त्रालयलाई आदेश भएकोमा गृह मन्त्रालयबाट उक्त प्रतिवेदन आफू कहाँ उपलब्ध नभएको भनी लेखी आएपश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा लिखित जवाफ पेश गर्नू भनी २०७८।०१।०९ को मितिमा आयोगबाट आदेश भएको । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कार्यालय प्रमुख र सूचना अधिकारीको तर्फबाट २०७८ बैशाख १७ को मिति राखी २०७८।०२।१८ मा मात्र यस आयोगमा लिखित जवाफ दाखिला भएको छ । लिखित जवाफमा उठाएका विषयहरूका सम्बन्धमा विचार गर्दाः

१. विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हकसम्बन्धी व्यवस्थाको प्रतिबन्धात्मक व्यवस्था र जाँचबुझ ऐन, २०६८ को दफा ८(क) मा भएको व्यवस्थाबमोजिम गोप्य रहने भनी व्यवस्था गरेको विषयमा कसैले सूचना पाऊँ भन्दैमा पाउने हुँदैन भन्ने जिकीर लिएको देखिन्छ । कानूनमा गोप्य रहने भनी व्यवस्था गरेको हकमा मात्र यो व्यवस्था लागु हुने हो । प्रस्तुत सूचना मागकर्ताले माग गरेको सूचना गोप्य रहने कागजात हो भनी व्यवस्था नगरिएको हदसम्म गोप्य हो भन्न मिल्ने देखिँदैन । विपक्षीले प्रस्तुत सूचना उपलब्ध गराउँदा यसबाट नेपालको सार्वभौमसत्ता, अखण्डता वा सामरिक महत्वका वा सार्वजनिक शान्ति सुव्यवस्थामा वा विभिन्न जालसाजी वा सम्प्रदायहरु बीचको सुसम्बन्धमा के कति कारणबाट प्रतिकूल असर पार्ने हो कुनै तथ्यगत प्रमाण वा कागजात पेश नगरी प्रतिकूल असर पर्छ मात्र भन्दैमा मात्र नदिने अवस्था रहेन । साथै, सूचना मागकर्ता सर्वसाधारण नागरिकले कुन कागजात गोप्य भनिएको छ भनी जान्ने विषय नभएकोले सूचना माग्नै नपाइने भन्न मिल्ने देखिँदैन र माग गरेको सूचना गोप्य रहने विषय हो वा होइन भन्ने सन्दर्भमा

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा राखिएका विषयभित्र पर्छ कि पर्दैन भनी हेर्नु पर्ने हुन्छ । कानूनी व्यवस्था विपरित गोप्य रहने विषय भन्न मिल्ने देखिँदैन । सार्वजनिक निकायले गोप्य राख्ने विषयभित्र पर्ने तर्क गरेपनि अन्तिम निर्णय गर्ने कानूनतः आयोगको क्षेत्राधिकारभित्र पर्ने विषय हो ।

२. विपक्षीले बुँदा नं. २ मा सूचनाको वर्गीकरण गर्ने कार्य भइरहेको विषय उल्लेख सन्दर्भ छ सो तर्फ हेर्दा स्वाभाविक रूपमा कानून निर्माण भएको १४ वर्ष पुगी १५ वर्ष लाग्दै गर्दासम्म पनि कानूनले व्यवस्था गरेको मितिले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख गरिएका विषयहरु कति अवधिका लागि संरक्षण गर्ने भनी वर्गीकरण गर्न नसक्नुलाई उचित मान्न सकिँदैन । यसबाट कानूनी व्यवस्था पालनामा जिम्मेवार पदाधिकारीहरूको उदासिनता देखिन्छ । साथै वर्गीकरणको विषय सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचना प्रवाह गरिने छैन भन्ने विषयलाई कति अवधिसम्म गोप्य राख्न सकिने भनी वर्गीकरण गर्ने मात्र रहेकोले अन्य विषय, विवरण, कागजात, निर्णयलाई वर्गीकरण गर्ने विषयसँग जोडेर हेर्नु पर्ने अवस्था देखिँदैन । तसर्थ कानूनले वर्गीकरण गर्न भनी व्यवस्था गरेको प्रावधान कार्यान्वयन गर्न तत्परता नदेखाई यही प्रावधानलाई आधार मानी प्रस्तुत सूचना मागकर्ताले माग गरेको सूचनामा निर्णय गर्न बाधा परेको दाबी प्रस्तुत गर्नु उचित र कानूनसम्मत मान्न सकिएन ।

३. विपक्षीले बुँदा ४ मा त्यस्ता प्रतिवेदनहरु नेपाल सरकारको जुनसुकै निकायमा रहेको भएता पनि सार्वजनिक गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट अध्ययन भई निर्णय नहुँदासम्म सार्वजनिक गरी पाऊँ भन्दैमा सार्वजनिक हुने वा कुनै व्यक्तिले पाउने भन्ने हुँदैन भनी विपक्षीले लिएको जिकीर प्रक्रियागत विषय मात्र हो । सूचना उपलब्ध गराउन कुन तहबाट निर्णय गराउनु पर्ने भन्ने विषय सूचना मागकर्ताको चासोको विषय होइन । त्यसैलाई आधार मानी सूचना उपलब्ध गराउँदिन भन्न मिल्ने अवस्था हुँदैन । कुन तह वा प्रक्रियाबाट निर्णय गरी गराई सूचना उपलब्ध गराउने विषय सार्वजनिक निकायको जिम्मेवारीको विषयभित्र पर्छ । उपलब्ध गराउन पर्ने सूचना प्रक्रियागत रूपमा निर्णय गरी गराई तोकिएको समयभित्र उपलब्ध गराउने दायित्वबाट सार्वजनिक निकाय, सार्वजनिक निकाय प्रमुख पञ्छिन मिल्ने देखिँदैन ।

३. बुँदा ५ मा विपक्षीले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) सूचना प्रवाह नगरिने विषयभित्र पर्ने भनी यस्तो विषयको सूचना पाऊँ भनी दायर निवेदन तथा त्यसउपर परेको पुनरावेदनलाई कारबाहीयुक्त भन्न मिल्दैन भनी दाबी गरिएको छ । तर पुनरावेदनमा यो प्रतिवेदन उपलब्ध गराउँदा वा सार्वजनिक गराउँदा यसबाट पर्न सक्ने प्रभावका बारेमा वा दफा ३ को उपदफा (३) आकर्षित हुने कुनै तथ्ययुक्त प्रमाण वा पुष्ट्याँई पेश गर्न सकेको अवस्था देखिँदैन । दफा ३ को उपदफा ३ मा उल्लेख भएका विषयहरूमा गम्भीर खलल पार्ने, गम्भीर आघात पार्ने, प्रत्यक्षरूपमा खलल पार्ने जस्ता महत्वपूर्ण शब्दहरूको प्रयोग भएको छ । त्यसको अर्थ उक्त उपदफाको प्रावधानलाई टेक्दा पर्याप्त प्रमाण र पुष्ट्याँई आवश्यक पर्नेमा द्विविधा रहँदैन । यस्ता प्रमाण व पुष्ट्याँईको अभावमा ऐनको दफा ३ को उपदफा (३) आकर्षित हुन्छ भन्न सकिने अवस्था देखिएन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ को उपदफा (४) बमोजिम सूचना गोप्य राख्न नपर्ने देखिएमा सार्वजनिक गर्न आयोगले आदेश दिन सक्ने व्यवस्थाप्रति पनि विपक्षीको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

४. विपक्षीले बुँदा ६ मा जुन निकायबाट जाँचबुझ आयोग गठन भएको हो सोही निकायबाट त्यस्तो प्रतिवेदनका विषयमा निर्णय हुने हुँदा निर्णय नभएको तथा प्रचलित कानूनले गोप्य रहने भनी व्यवस्था गरेको विषयमा सूचना पाऊँ भनी माग गर्न र तहाँ आयोगबाट सूचना उपलब्ध गराउन भनी आदेश जारी हुन मिल्दैन भनिएको तर्फ विचार गर्दा नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । प्रस्तुत विषय आफ्नो नभई सार्वजनिक सरोकारको विषय हो । नेपाल सरकारले कुनै घटना भएपश्चात् छानवीन गर्न गठन गरेको छानवीन समितिले दिएको प्रतिवेदन स्वाभाविक रूपमा सार्वजनिक सरोकारको विषय हुन आउँछ । यस विषयमा कुनै पनि नेपाली नागरिकले चासो राख्न पाउने र थाहा पाउन सक्ने अवस्था हुन्छ । साथै सार्वजनिक निकायले सूचना उपलब्ध नगराउँदा, सूचना लुकाउन खोज्दा त्यस्तो सूचना उपलब्ध गराउन आदेश गर्न सक्ने अधिकारसहित सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यो आयोग गठन भएको हुँदा प्रस्तुत विषयमा सूचना दिन आदेश गर्न पाउने अधिकार यस आयोगसँग छ भन्ने कुरामा कुनै द्विविधा राख्न पर्ने अवस्था देखिँदैन । जहाँसम्म छानवीन आयोग गठन गर्नेले निर्णय नगरेसम्म भनिएको छ, त्यो निर्णय गरी गराई सूचना उपलब्ध गराउन बाधा पर्ने देखिँदैन ।

५. बुँदा ७ मा विपक्षीले वैयक्तिक गोपनियतासम्बन्धी ऐन, २०७५ को हवाला दिँदै प्रस्तुत प्रतिवेदनमा वैयक्तिक गोपनियताका विषयहरु हुन सक्ने अवस्थामा सरोकार नै नभएको व्यक्तिले सूचना पाऊँ भनी दायर गरेको पुनरावेदन हकदैयाविहीन मात्र नभई अनधिकृतसमेत छ, अनधिकृत पुनरावेदनउपर राष्ट्रिय सूचना आयोगबाट निर्णय हुन मिल्ने हुँदैन भनी जिकीर लिएकोमा प्रस्तुत प्रतिवेदनमा वैयक्तिक गोपनियताका विषय छन भनी यकिन नगरी अनुमानका भरमा त्यस्ता विषय छन् कि भनी सूचना नदिने भन्न मिल्ने हुँदैन । साथै प्रस्तुत विषय सार्वजनिक सरोकारको

विषय भएको हुँदा हकदैया नपुग्ने भन्न मिल्ने पनि देखिँदैन । तसर्थ, सार्वजनिक सरोकारको सूचना माग गरेको विषयमा परेको पुनरावेदनउपर आदेश दिन यस आयोगलाई पूर्ण अधिकार रहेको स्पष्ट नै छ ।

साथै जाँचबुझ आयोग ऐन, २०२६ को दफा ८ को प्रतिबन्धात्मक व्यवस्थामा "तर नेपालको सार्वभौमसत्ता, अखण्डता वा सामरिक महत्वका वा सार्वजनिक शान्ति सुव्यवस्थामा वा विभिन्न जात जाति वा सम्प्रदायहरु बीचको सुसम्बन्धमा प्रतिकूल असर पार्ने तथा मित्र राष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने कुरा बाहेक प्रतिवेदनका कुरा सार्वजनिक जानकारीका लागि प्रकाशन गरिनेछ" भन्ने व्यवस्था रहेको र विपक्षीले प्रस्तुत प्रतिवेदन सार्वजनिक गर्दा त्यस्तो प्रतिकूल असर पार्ने दलिल वा तथ्यगत प्रमाण पेश नगरेको अवस्थामा यस्ता प्रतिवेदनहरु सार्वजनिक गर्न कानूनी बाधा रहेको अवस्था देखिएन । यस दायित्वबाट सार्वजनिक निकाय विमुख हुन मिल्ने देखिँदैन । यस्ता प्रतिवेदन सार्वजनिक गर्दा गराउँदा यदि त्यस प्रतिवेदनमा वैयक्तिक गोपनियता उल्लङ्घन हुने विषय छ भन्ने सार्वजनिक निकायलाई लाग्दछ भने त्यसको पुष्ट्याँईसहित गोपनियता भङ्ग हुने विषय बाहेक प्रतिवेदन सार्वजनिक गर्न सकिने नै हुन्छ भन्ने कानूनको मनसाय रहेको देखिन्छ ।

संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमको बुँदा २.५ को उपबुँदा ४ मा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने भनी प्रतिबद्धता व्यक्त भएको छ । यसबाट वर्तमान सरकार लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न तयार छ भन्ने देखिन्छ । यस अवस्थामा प्रस्तुत प्रतिवेदन सूचना मागकर्तालाई उपलब्ध गराउन बाधा रहेको देखिँदैन । प्रस्तुत प्रतिवेदन सार्वजनिक चासोको विषय रहेको र यस्ता प्रतिवेदन गोप्य राख्नु भन्दा सार्वजनिक गर्दा वा चासो राख्ने नागरिकलाई उपलब्ध गराउँदा पारदर्शीता कायम हुने र कुनै घटनाका सम्बन्धमा छानवीन भएका विषय सबै नागरिकको पहुँचमा पुग्ने हुन्छ । यस्ता प्रतिवेदनमा उल्लेख भएका विषयउपर छलफल गर्ने, राय बनाउने विषय विवेकयुक्त नेपाली नागरिकका हातमा दिन उपयुक्त र न्यायोचित हुन्छ । यसबाट कुनै नोक्सानी हुने अवस्था देखिँदैन । प्रतिवेदन उपलब्ध गराउँदा हुन सक्ने कुनै पनि प्रतिक्रियाउपर आवश्यक र कानूनी उपचार गर्ने क्षमता नेपाल सरकार वा सार्वजनिक निकायले राख्दछ भन्ने विश्वास पनि गर्नु पर्ने हुन्छ । तसर्थ सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तपसिलको सूचना ६० दिनभित्र उपलब्ध गराउनू भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कार्यालय प्रमुख, मुख्य सचिवका नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनु । यसको जानकारी सम्मानित सर्वोच्च अदालत र पुनरावेदकलाई पनि दिनू ।

**तपसिल**

१. तराई, मधेश र थरूहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरूले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरूको सत्य तथ्य छानवीनसम्बन्धी गठित उच्चस्तरीय छानवीन आयोग, २०७३ को प्रतिवेदन ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल फागुन ५ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मु.नं. ५०/०७६/७७**

**निर्णय नं. ११७६**

धादिङ जिल्ला, नीलकण्ठ न. पा.-४ निवासी बालकृष्ण अधिकारी १ } पुनरावेदक

विरूद्ध

श्री कार्यालय प्रमुख, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं १ } विपक्षी

**विषयः– सूचना उपलब्ध गराउन् ।**

धादिङ जिल्ला, नीलकण्ठ न. पा.-४ निवासी बालकृष्ण अधिकारीले गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७६।०५।१६ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस

आयोगबाट गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंको नाममा ७ (सात) दिनभित्र लिखित जवाफ पेश गर्नू भनी मिति २०७६।०५।१९ मा आदेश भएको । आयोगको आदेशपश्चात् गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंले निवेदकले माग गरेको सूचनाको सम्बन्धमा सूचना उपलब्ध गराउन नसकिने भनी देहायको कारण दिएकोः

३३ किलो सुनका विषयमा छानबिन गर्न गठित समितिको प्रतिवेदनको सम्बन्धमा संगठित अपराध ऐन, २०७० को दफा १२ को प्रावधानबमोजिम नेपाल सरकार (मं. प.) को मिति २०७४।१२।२० को निर्णयानुसार निश्चित कार्यादेश दिई विशेष अनुसन्धान टोलीको गठन भएको । उक्त कार्यादेशमा ३३ किलो सुनको विषयभन्दा पनि अत्यन्त महत्वपूर्ण विषय र जघन्य अपराधहरु मानव हत्या, अपहरण, यातनासमेतका विषयमा अनुसन्धान गरी अपराधी पहिचान र अभियोजन गर्ने मूल, कार्यादेश भएको, सोको अनुसन्धान गर्दै जाँदा सुनको तस्करी कारणको रूपमा पहिचान भई अभियोजनपश्चात् प्रस्तुत विषय अदालतमा विचाराधीन रहेको । संगठित अपराध ऐन, २०७० को दफा २२ को व्यवस्थाबमोजिमको (थप अभियोग लगाउन सकिने) कानूनी आधारमा यो विषय सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग एवं स्वयम् अनुसन्धान अधिकारीको निरन्तरको अनुसन्धानमा नै रहेको जिकिर लिइएको पाइयो ।

उक्त लिखित जवाफको जानकारी पुनरावेदकलाई उपलब्ध गराएकोमा विपक्षीले आफूले माग गरेको सूचना उपलब्ध नगराई लिखित जवाफ मात्र दिएकोले माग गरे अनुसारको सूचना उपलब्ध गराई पाऊँ भनी मिति २०७६।०७।२८ मा पुनः उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई ७ (सात) दिनभित्र मागबमोजिमको सूचना उपलब्ध गराउनू भनी मिति २०७६।०९।०७ मा पत्राचार भएको देखिन्छ ।

आयोगको पत्राचारपश्चात् गृह मन्त्रालय, सिंहदरबारले आयोगबाट भएको आदेश पुनर्विचार गरी पाऊँ भनी सोही व्यहोरा उल्लेख गरी मिति २०७६।०९।२० को पत्र लेखेको । तत्पश्चात् पुनरावेदकले आफूले माग गरेको सूचना नपाएको भनी मिति २०७६।१०।०५, मिति २०७६।११।२९ र २०७७।०८।२४ मा पुनः उजुरी गरेको । उक्त उजुरीका सम्बन्धमा आयोगबाट गृह मन्त्रालयको नाममा पुनरावेदकले माग गरेको विषयहरु मध्ये ३३ किलो सूनको विषय सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग एवं स्वयम् अनुसन्धान अधिकारीको निरन्तरको अनुसन्धानमा नै रहेको भन्ने जानकारी प्राप्त हुन आएकोले अनुसन्धान भइरहेको भन्ने नाममा प्रतिवेदन उपलब्ध नगराई रहन उपयुक्त नदेखिएको हुँदा सो सम्बन्धमा के कति अनुसन्धान कार्य सम्पन्न भएको र बाँकी अनुसन्धान कार्य कति अवधिसम्म रहने हो सोको जानकारी यस आयोगलाई ७ (सात) दिनभित्र गराउनु भनी लेखेकोमा गृह मन्त्रालयले मिति २०७७।०९।२३ को पत्रबाट हाल उक्त मुद्दाको सम्बन्धमा सम्मानित मोरङ जिल्ला अदालतमा साक्षी बकपत्रको काम सम्पन्न भई फैसला हुन बाँकी रहेको भनी आयोगलाई जानकारी दिएको देखिन्छ ।

**आयोगको ठहर**

सूचना मागकर्ताले माग गरेको सूचना तथा त्यसउपर भएका आदेश तथा विपक्षीको पटक पटकको जवाफ र सूचना मागकर्ता पुनरावेदकले यस आयोगमा दिएका समय समयका निवेदनहरूको अध्ययन गर्दा प्रस्तुत विषयमा निर्णय गर्नु पर्ने अवस्था रहेको देखियो ।

सूचनाको हकसम्बन्धी व्यवस्था नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ, उल्लेख भएको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ तथा अन्य कार्यविधि, निर्देशिकाहरु जारी गरिएको अवस्था छ । लोकतान्त्रिक पद्धति अंगिकार गरेको देश नेपालमा नागरिकका लागि हुने प्रत्येक कानूनी, नीतिगत तथा कार्यान्वयन तहमा हुने निर्णयहरु तथा यससँग सम्बन्धित कागजातहरूमा नागरिकको पहुँच रहोस् र यसबाट नेपालमा सुशासन, पारदर्शिता, जवाफदेहिता कायम भई जनताले खोजेको लोकतन्त्र स्थापित होस् भन्ने चाहना उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्थाको मर्म र विधायिकी मनसाय रहेको पाइन्छ । सूचनाको हक मानवको अधिकार पनि हो भनी संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगका निर्णयहरूले पनि प्रमाणित भइसकेको छ । नेपाल लगायत १२७ देश भन्दा बढी देशमा सूचनाको हकसम्बन्धी संवैधानिक वा कानूनी व्यवस्था भई कार्यान्वयनमा रहेको अवस्था छ । नागरिकलाई बलियो बनाउने यस व्यवस्थाको पालना गर्नू/गराउनू हामी सबैको कर्तव्य हुन आउँछ ।

सूचना मागकर्ताले यस आयोगमा सार्वजनिक निकायमा सूचना माग गर्दा नपाएपछि पुनरावेदन गरेको विषय ३३ किलो सुनसम्बन्धी अनुसन्धान गर्न नेपाल सरकारले संगठित अपराधसम्बन्धी ऐन, २०७० को दफा १२ को प्रावधानबमोजिम गठित विशेष अनुसन्धान टोलीले आफ्नो अनुसन्धान गरी नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदनसँग सम्बन्धित रहेको छ । स्वभाविक रूपमा यस्ता अपराध नियन्त्रण तथा रोकथामका लागि गरिएका यस प्रकारका अनुसन्धान प्रतिवेदन सबैका लागि मार्गदर्शक हुन सक्दछन् । विपक्षीले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३)(क)(ख) र (घ) बमोजिम हाललाई सूचना उपलब्ध गराउन नसकिने भनी जिकीर लिएको पाइन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (क) मा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, (ख) मा अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने र (घ) मा विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने उल्लेख भएको पाइन्छ । सूचना मागकर्ताले माग गरेको सूचनाको प्रकृति अध्ययन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा

३ को उपदफा (३) को खण्ड (क) र (घ) आकर्षित हुने अवस्था देखिँदैन । न त यस सूचनाले नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पुऱ्याउँछ, न त विभिन्न जातजाति वा सम्प्रदाय बिचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने देखिन्छ । यो सूचना अपराध अनुसन्धानसँग मात्र सम्बन्धित देखिन्छ । यस्तो अवस्थामा विपक्षीले उल्लेख गरेका उपदफा (३ को खण्ड (क) र (घ) का सम्बन्धमा थप बोलिरहन पर्ने देखिएन । जहाँसम्म उपदफा (३) को खण्ड (ख) को व्यवस्थालाई अध्ययन गर्ने हो भने अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने भन्ने विषय छ, कुनै पनि अपराधको अनुसन्धान हुँदै गरेको अवस्थामा मात्र लागू हुने अवस्था देखिन्छ । त्यसै विषयलाई ध्यानमा राखी यस आयोगले प्रस्तुत पुनरावेदनमा हालसम्म आदेश दिएको थिएन । तर हाल आएर प्रतिवेदनमा आधारित रहेर मुद्दाको अनुसन्धान तहकिकात सम्पन्न गरी अभियोजनसमेत भई जिल्ला अदालतबाट फैसलासमेत भइसकेको अवस्थामा उपदफा (३) को खण्ड (ख) पनि आकर्षित रही रहन सक्ने अवस्था देखिँदैन । यही कानूनी व्यवस्थालाई टेकी सूचना मागकर्तालाई प्रतिवेदन नदिई राखी रहन मिल्ने देखिएन । यसलाई सार्वजनिक गर्दा अध्ययन अनुसन्धानबाट प्राप्त सुझाव तथा निष्कर्षहरूउपर स्वस्थ बहस चलाई यस्ता अपराध हुन नदिन नीतिगत व्यवस्था गर्ने तर्फ लाग्न उपयुक्त हुने देखिन्छ ।

सूचना मागकर्ताले माग गरेको प्रतिवेदन सूचना मागकर्तालाई उलब्ध गराउँदा वा सार्वजनिक गर्दा अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने कुनै तथ्यगत प्रमाण तथा आधारसमेत विपक्षीले प्रस्तुत गरेको अवस्था छैन । बरू यसबाट भविष्यमा यस्तै प्रकारका अपराध नहुने अवस्था सिर्जना गर्न सघाउ पुग्ने देखिन्छ । साथै यसरी गठन गरिएको अनुसन्धान टोलीले दिएको प्रतिवेदन सार्वजनिक गर्न कुनै कानूनले बाधा पर्ने नभई यसबाट यस्ता अपराध नियन्त्रण तथा रोकथाम गर्न सार्वजनिक निकायले गरेको कार्यको सकरात्मक प्रभाव पर्ने देखिन्छ । उक्त निवेदन गोप्य राखी रहँदा प्रतिवेदन मात्र नभई नेपाल सरकारप्रति नै विभिन्न आशंका उब्जिने अवस्था कायम रही रहन्छ । तसर्थ सूचना मागकर्ताले माग गरेको सूचना उपलब्ध गराउनु पर्ने यस आयोगको ठहर रहेको छ । यो आदेश साथै राखी सूचना मागकर्ताले मागेको सूचना ३० दिनभित्र दिनू भनी श्री गृह मन्त्रालय, सिंहदरबारका कार्यालय प्रमुखलाई लेखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. संगठित अपराध ऐन, २०७० को दफा १२ को प्रावधानबमोजिम नेपाल सरकारको मिति २०७४।१२।२० को निर्णयानुसार ३३ किलो सून लगायतका विषयमा गठीत विशेष अनुसन्धान टोलीको प्रतिवेदन ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल पुष २९ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

**मुद्दा नं.** १०२३/०७८/७९

**निर्णय नं.** २०९०

काठमाडौं जिल्ला, का. म. पा.-११ निवासी धुम्बाराही स्थित

पुनरावेदक

चिलिमे जलविद्युत कम्पनी लि. मा कार्यरत कर्मचारी सुधि मान श्रेष्ठ १ } पक्ष

विरूद्ध

श्री कार्यालय प्रमुख, चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाडौं १ } विपक्षी

**विषयः– सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १०(३)(क) अनुसार सूचना उपलब्ध गराउनू ।**

काठमाडौं जिल्ला, का. म. पा.-११ निवासी धुम्बाराही स्थित चिलिमे जलविद्युत कम्पनी लि. मा कार्यरत कर्मचारी सुधि मान श्रेष्ठले चिलिमे

जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाडौंका सूचना अधिकारी समक्ष मिति २०७८।११।०९ मा देहायको सूचना माग गरी निवेदन दिएकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी उक्त कम्पनीका कार्यालय प्रमुख समक्ष मिति २०७८।११।२५ मा उजुरी गरेको देखिन्छः

१. यस कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली, २०७१ (सञ्चालक समितिको मिति २०७६।०३।३० गतेको ३६० औं बैठकबाट संशोधित) को अनुसूची-२ (क) मा व्यवस्था भएका लेखापाल/स्टोरकिपर तह-५, वरिष्ठ सहायक/निजी सहायक तह-५ तथा सहायक कम्प्युटर अधिकृत तह-६ हरुमा, लेखापाल/स्टोरकिपर तह-५ लाई लेखापाल तह-५ र स्टोरकिपर तह-५ मा वर्गीकरण, वरिष्ठ सहायक/निजी सहायक तह-५ लाई निजी सहायक तह-५ तथा सहायक कम्प्युटर अधिकृत तह-६ लाई सूचना अधिकृत तह-६ मा संशोधन गरिएको सम्बन्धमा भए गरेका निर्णय उतारको प्रमाणित प्रतिलिपि तथा सो कार्य प्रयोजनका लागि बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिका पदाधिकारी तथा आमन्त्रित महानुभावहरुको उपस्थिति विवरण ।

२. यस कम्पनीको तह ७, सेवा लेखा अन्तर्गतका लेखा अधिकृतलाई मिति २०७४ सालमा तह ८, सेवा लेखा अन्तर्गत सहायक निर्देशक, वित्त अधिकृत पदमा बढुवा गरिँदा बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिका पदाधिकारीहरुको उपस्थिति विवरण ।

३. यस कम्पनीका तह ८, सेवा लेखा अन्तर्गत सहायक निर्देशक, वित्त अधिकृतलाई मिति २०७६ सालमा तह ९, सेवा लेखा अन्तर्गत उपनिर्देशक, प्रमुख वित्त अधिकृत पदमा कायम मुकायम मुकरर गर्दा बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिका पदाधिकारीहरुको उपस्थिति विवरण तथा निर्णयको प्रतिलिपि ।

४. यस कम्पनी अन्तर्गत रहेको चिलिमे जलविदुत केन्द्रका तह ९, सेवा प्राविधिक, समूह इलेक्ट्रिकल/मेकानिकल/सिभिल अन्तर्गत उपप्रबन्धक, केन्द्र प्रमुखलाई मिति २०७५ सालमा कम्पनीको सहायक कम्पनीमा काजमा खटाइएको तथा उक्त तह ९, सेवा प्राविधिक, समूह इलेक्ट्रिकल/मेकानिकल/सिभिल अन्तर्गत उपप्रबन्धक, केन्द्र प्रमुखमा तह ८, सेवा प्राविधिक इलेक्ट्रिकल/मेकानिकल/सिभिल अन्तर्गत सहायक प्रबन्धकलाई निमित्त मुकरर गर्दा एवं सो बापत अतिरिक्त सेवा/सुबिधा प्रदान गर्दा बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।

सूचना माग गरी दिएको उक्त निवेदनको सम्बन्धमा चिलिमे जलविद्युत कम्पनी लि. ले निवेदकलाई उक्त कम्पनीको निजी सहायक पदमा बहालवाला कर्मचारी रहेको व्यहोरा निवेदनमा नखुलाई आफ्नो सूचना लुकाएको देखिएको र दोहोरो भूमिका देखिएको, साथै कतिपय गोप्य राख्नु पर्ने सूचनाहरु माग गरेको देखिएकोले निज निवेदकलाई स्पष्टीकरण सोध्न प्रमुख कार्यकारी अधिकृतबाट मिति २०७८।११।२६ गते निर्देशन भएकोले ७ दिनभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु भनी स्पष्टीकरण माग गरेको भनी आयोग समक्ष मिति २०७८।१२।०२ मा पुनरावेदन गरेको ।

प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट चिलिमे जलविद्युत कम्पनी लि. को मिति २०७८।११।२६ को स्पष्टीकरण माग गरेको पत्र संलग्न रहेको र उक्त पत्रमा उल्लेख भएबमोजिम बहालवाला कर्मचारीलाई सूचना माग गर्न नपाइने कानूनमा व्यवस्था नभएको, सूचना माग गरेकै कारण स्पष्टीकरण माग गरिएको हो भने जिम्मेवार पदाधिकारीउपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कारबाही हुन सक्ने अवस्था रहेको र सार्वजनिक निकायको परिभाषाका सन्दर्भमा ऐनको दफा २(क) को देहाय ४, ७ र ८ आकर्षित हुने देखिन्छ । तसर्थ पक्षलाई सूचना उपलब्ध गराउनू भन्ने आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (२) बमोजिम मिति २०७८।१२।०७ मा आदेश भएको । आयोगको आदेशपश्चात् चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाडौंले मिति २०७८।१२।१५ को पत्रसाथ निम्न जिकीर लिएको देखिन्छः

१. सर्वप्रथम पुनरावेदक श्री सुधिमान श्रेष्ठ यस कम्पनीमा कार्यरत कर्मचारी रहेको र निज प्रमुख कार्यकारी अधिकृतको निजी सहायकसमेत भई काम गरी रहेको व्यहोरा स्पष्ट गर्न चाहान्छु । कम्पनीको कर्मचारी र प्रमुख कार्यकारी अधिकृतको निजी सहायकसमेत भई काम गरिरहेको परिप्रेक्ष्यमा निजले माग गरेका विषयमा निजलाई जानकारी रहने नै गरेको छ । तर निजले यस कम्पनीबाट सूचना माग गर्ने क्रममा आफू कम्पनीको कर्मचारी रहेको व्यहोरासमेत लुकाई सर्वसाधरण जस्तै गरी कम्पनीलाई दस्तुरसमेत तिर्ने गरी औपचारिक रुपमा कागजातको प्रतिसहित विवरण के कति कारणले माग गरेको रहेछ सोबारे जानकारी माग गर्ने उद्देश्यले निजसँग प्रष्ट हुन मात्र खोजिएको हो । सूचना माग गरेकै कारण निजलाई स्पष्टीकरण माग भएको किमार्थ होइन । निज स्वयम् एक कर्मचारी भएको तर निजले माग गरेका सूचनाहरु यस कम्पनीको कर्मचारी सेवाशर्त विनियमावली, २०७१ र यसका अनुसूचीहरु एवं कम्पनी/सञ्चालक समितिले आफूमा रहेको अधिकार प्रयोग गरी दैनिक कार्य सञ्चालनको क्रममा गरेका निर्णयसँग सम्बन्धित भएकोले पनि उक्त सूचनाहरु सम्वेदनशील रहेको व्यहोरा पनि अनुरोध गर्दछु ।

२. यो कम्पनी कम्पनी ऐन, २०५३ बमोजिम स्थापित भएकोले यस कम्पनीको सञ्चालक समितिले कम्पनी सञ्चालनको क्रममा विभिन्न समयमा आवश्यक पर्ने विभिन्न नियम, विनियमहरु बनाउने, संशोधन गर्ने, आदिकार्यहरु गर्न सक्दछ र सोही अनुरुप गर्दै आइरहेको छ । यस्ता नियम

विनियमहरु कम्पनीका कर्मचारीहरुका लागि बाध्यकारी हुन्छन् । त्यस्तो नियम विनियमको व्यवस्थाबाट कसैको संवैधानिक हकाधिकारमा कुनै आघात पर्न गएमा संवैधानिक/कानूनी उपचार खोज्न पाउने र प्राप्त गर्न सक्ने नै हुन्छ ।

३. कम्पनी आफ्नो उद्देश्य प्राप्तिका लागि प्रचलित ऐन, यसको प्रबन्धपत्र, नियमावली, आदिको अधिनमा रही आवश्यक प्रक्रिया र गृहकार्य गरी नियम विनियम तयार गर्न स्वायत्त र स्वतन्त्र हुन्छ भने कम्पनीका कर्मचारीहरुका लागि सम्बन्धित विनियममा प्रकाशित भएका कुराहरुमात्र सान्दर्भिक र आवश्यक हुने हुन्छ । अर्थात्, आफ्नो कार्यविधि आफै तोक्न पाउने सञ्चालक समितिको विशेषाधिकारभित्र पर्ने प्रक्रियागत कुरातर्फ नभई कर्मचारीले सोको परिणाम वा अन्तिम निर्णयतर्फ मात्र चासो राख्नु पर्ने र राख्न सक्ने हुन्छ । जसरी संसदले कुनै ऐन बनाउँदा को को सांसद थिए, कतिवटा बैठक गरे, कति समय लगाए, को को विज्ञको सहयोग लिए, आदि जस्ता प्रक्रियागत कुराहरु सान्दर्भिक हुँदैनन्, केवल निर्माण भएको ऐनमात्र चासोको विषय हुन सक्छ प्रस्तुत प्रकरणमा पनि त्यस्तै हो । विशेष परिस्थितिमा बाहेक उक्त विनियम के कसरी तयार गरियो, के कस्तो गृहकार्य गरियो वा सञ्चालक समितिले के कस्तो कार्यविधि अपनायो वा को को विज्ञको सहयोग लियो भन्ने कुराहरुको प्रष्टीकरण दिनु पर्ने वा यस्ता प्रक्रियागत विषयहरु सबैलाई सूचित गर्नुपर्ने वा सार्वजनिक गर्नु पर्ने विषयभित्र नपर्ने कुरा स्पष्ट गर्न चाहान्छु । साथै यस्तो व्यवस्था कम्पनी ऐन वा कम्पनीको प्रबन्धपत्र तथा विनियमावलीमा रहेको पनि छैन । कम्पनीको कर्मचारीले कम्पनीबाट भए गरेको निर्णयबाट कुनै असर परेको भए त्यसको लागि उजुरी गर्न सक्ने छुट्टै प्रावधान र प्रक्रिया रहेकै छ ।

४. यस कम्पनीले आkm्नो व्यवसाय सञ्चालनको क्रममा आवश्यक संख्यामा दरबन्दी निर्धारण गर्न सक्ने, आवश्यकतानुसार कर्मचारीहरु नियुक्त गर्न सक्ने, आवश्यकतानुसार कर्मचारीहरुलाई मातहतका कार्यालयमा सरुवा गर्न, काजमा खटाउन वा कामतोक्न सक्ने, कर्मचारीहरुको सेवा, सुविधा निर्धारण गर्न सक्ने अधिकार कम्पनीमा नै निहित रहेको र यस्ता विषयमा गरिएका निर्णय सार्वजनिक हुँदैनन् ।

५. पुनरावेदक सुधिमान श्रेष्ठ यस कम्पनीको एक सचेत र पुरानो कर्मचारी भएको र निजलाई यस कम्पनीको कर्मचारी सेवा शर्त विनियमावलीमा भएको व्यवस्थाहरु बारे जानकारी भएकै हुनु पर्छ । उक्त विनियमावली लगायत अन्य विनियमावलीहरु कम्पनीको वेबसाइटमा सार्वजनिकरुपमा उपलब्धसमेत छन् । निजले माग गरेको सूचनालाई मूलतः तीन भागमा विभक्त गर्न सकिन्छः

(क) विभिन्न पदका पद तथा दरबन्दी संशोधन सम्बन्धमा सञ्चालक समितिले गरेका निर्णय सम्बन्धमा,

(ख) कम्पनीका कर्मचारीहरुलाई आवश्यकतानुसार मातहत कार्यालयमा काज खटाउने वा जिम्मेवारी तोक्ने तथा जलविद्युत केन्द्रका प्रमुखलाई सुविधा प्रदान गर्ने निर्णय सम्बन्धमा, र

(ग) उल्लिखित निर्णयहरु गर्दा बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिका पदाधिकारीहरुको उपस्थितिको विवरण सम्बन्धमा ।

४. उपरोक्त मध्ये खण्ड (क) र (ख) सँग सम्बन्धित सूचनाहरु तहाँ आयोगमा निजले पेश गरेको पुनरावेदन पत्र मै निज आफैले खुलाएको छ । अर्थात् निजले आkm्नो पुनरावेदनको खण्ड १ को (क), (ख), (ग) र (घ) मा जे जे विषयको निर्णयको उतारप्रति माग गरेको छ । ती विषयमा भएका निर्णयहरु बारे निजलाई पूर्ण जानकारी रहेको तथ्य निजको पुनरावेदन पत्रबाटै देखिन्छ । अन्यथा निजले सञ्चालक समितिका ती निर्णयहरु हुबहु उल्लेख गर्न सक्ने नै थिएन । आफूलाई पहिला नै थाहा भएको सूचना माग गर्नु र सर्वसाधारणको रुपमा सूचना माग गर्नुले निजको नियत र मनशाय असल थियो वा छ भन्न सकिने पनि देखिँदैन ।

६. निजले माग गरेको सूचनामध्ये खण्ड (ग) अन्तर्गत पर्ने पदपूर्ति समिति र सञ्चालक समितिका पदाधिकारीहरुको उपस्थिति विवरण सम्बन्धमा रहेको छ । नियमानुसार गठीत कुनै पनि कम्पनीको सञ्चालक समितिको बैठकका निर्णयहरु सामान्यतया गोप्य नै रहन्छन् । विशेष व्यवस्था अन्तर्गत मात्र तिनीहरुलाई सार्वजनिक गरिन्छ वा सरोकारवालालाई मात्र दिने गरिन्छ । त्यसमाथि बैठकमा उपस्थित पदाधिकारीहरुको व्यक्तिगत गोपनियता कायम राख्नु पर्ने पक्षसमेत रहन्छ । यद्यपि यो विवरण सम्बन्धमासमेत निजलाई पूर्ण जानकारी छ किनकि कम्पनीले प्रत्येक आर्थिक वर्षको हरेक गतिविधिहरु खुलाइ आर्थिक, प्रशासनिक, सामाजिक, लेखा, बैठक भत्ता, आदि पक्षहरुसम्बन्धी विभिन्न सूचनासहित साधारण सभामार्फत् कम्पनी ऐनमा रहेको व्यवस्थाबमोजिम वार्षिक प्रतिवेदन सार्वजनिक गर्दछ । पदपूर्ति समितिको गठन र उक्त समितिको संरचनाबारे कम्पनीको कर्मचारी सेवा शर्त विनियमावलीमा विस्तृतरुपमा उल्लेख छ । निजले गरेको पुनरावेदनमा उल्लिखित विभिन्न मिति (साल) मा को को पदाधिकारी थिए वा पदपूर्ति समितिमा को को पदाधिकारी थिए, सचेत, पुरानो र कम्पनीको स्थायी कर्मचारी भएको नाताले र उक्त दस्तावेजहरुमार्फत् निजलाई जानकारी थिएन, छैन भन्न सकिँदैन ।

यसर्थ, निजले माग गरेकोउपरोक्त सूचनाहरु निजलाई उपलब्ध गराइ रहनु आवश्यक नठानिएको हो । सूचनाको हकले सार्वजनिक सूचना पाउने हक संरक्षण गरेको हो तर यसले सूचनालाई दुरुपयोग गर्न वा कसैमाथि लक्षित गरी प्रयोग गर्न प्रोत्साहन गर्न सो हक संरक्षण गरिएको किमार्थ होइन । सामान्य अध्ययनको प्रयोजन भएमा निजलाई जानकारी भएकै विषयहरु रहेको परिप्रेक्ष्यमा निजको संवैधानिक हकमा असर

पर्ने अनुमान गर्न सक्ने अवस्था छैन ।

७. कानूनबमोजिम गठित कम्पनीको सञ्चालक समिति स्वायत्त हुने र कानूनको परिधिभित्र रही कम्पनीको उद्देश्य प्राप्तिका लागि आवश्यक निर्णय गर्न स्वतन्त्र र स्वायत्त हुने मान्यता राखिन्छ र यसै अनुरूप कम्पनी सञ्चालन हुने विश्वास गरिन्छ । कम्पनीको सञ्चालक समितिबाट भएका निर्णयहरु कम्पनीको विनियमावली वा प्रचलित कानूनबमोजिम छ छैन भन्ने कुरा कुनै प्राज्ञिक अध्ययन वा अवलोकनको विषय बन्न सक्दैन, हुँदैन ।

कम्पनीको कर्मचारीका नाताले आफूलाई थाहा जानकारी भएको विषयहरूमा औपचारिक सूचनाका रूपमा निर्णय र विवरणहरु माग गरी मिति २०७८।११।०९ मा निवेदन दिएको यसपश्चात् निजले मिति २०७८।११।२५ मा सूचना अधिकारीलाई कारबाही गर्ने मागसहित पुनः निवेदन पेश गरेको कारणले कम्पनीमा नै कार्यरत कर्मचारीले आफूलाई थाहा जानकारी भएको विषयमा सूचना तथा विवरण माग गर्नुको कारण र औचित्य जान्ने उद्देश्यले निजसँग प्रष्ट हुनमात्र खोजिएको हो । यसलाई कारबाही गर्न खोजिएको भन्ने अर्थ गरी पुनरावेदन गर्नुले पनि निजको नियत सफा नरहेको स्पष्ट हुन्छ ।

८. निजले मिति २०७८।११।०९ को अफ्नो निवेदनमा सञ्चालक समितिद्वारा भएका निर्णयहरु कम्पनीको नियमावली तथा प्रचलित कानूनबमोजिम छ वा छैन भनी अध्ययन गर्ने प्रयोजन भनी उल्लेख गरेको छ तर यस किसिमका निर्णय ठीक छ वा छैन भनी प्राज्ञिक अध्ययनको विषय हुन सक्दैन । यस्ता निर्णय सही वा गलत भन्ने सम्बन्धमा अधिकार प्राप्त निकायले छानबिन गर्ने विषय हुने भएकोले कम्पनी मातहत कार्यरत कर्मचारीलाई त्यस्तो निर्णय परीक्षण गर्ने अधिकार र हैसियत रहँदैन । तसर्थ, निजलाई अध्ययनको लागि औपचारिक रूपमा सूचना आवश्यक नपर्ने ठानी निजको निवेदनमा कारबाही गरी रहनु नपर्ने निर्णय गरिएको हो ।

९. नेपालको संविधान, २०७२ को धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ अनुसारको हकको प्रचलन पनि सर्वथा असीमित र पूर्णतः निरपेक्ष हुन सक्दैन र त्यो विधायिकी मनशाय पनि होइन । एक सचेत कर्मचारीका नाताले आफूलाई पहिले नै ज्ञात भएको सूचना संविधान एवं ऐनकाउपरोक्त प्रावधानहरूको अपव्याख्या गरी निजले माग गरेको मिल्दैन । अमूर्त रूपमा आघात पऱ्यो भनेर मात्र पुग्दैन निजलाई संविधान र ऐन प्रदत्त हकमा के कस्तो आघात पुग्न गयो सोसमेत निजले आफ्नो पुनरावेदनमा खुलाउन सकेको छैन ।

१०. सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सूचना भन्नाले सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी तथा सार्वजनिक महत्वको भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनु पर्छ भनिएको छ । तर, पुनरावेदकले माग गरेको सूचनाका विषय सो परिभाषाभित्र पर्नेसमेत देखिँदैन । किनभने, कुनै एउटा अमुक कम्पनीको दैनिक कार्यसम्पादनका लागि मौजुदा दरबन्दी/पद सम्बन्धमा आवश्यकतानुसार र समयसापेक्ष सामान्य संशोधन गर्ने निर्णय आम सार्वजनिक सरोकारको विषय हुन सक्दैन ।

११. निम्न कारणले गर्दा यो चिलिमे जलविद्युत कम्पनी लि. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (क) को देहाय (४), (७) र (८) परिभाषाभित्र पर्ने तथा उक्त देहाय आकृष्ट हुने अवस्था पनि देखिँदैनः

(क) ऐनमा उल्लेखित परिभाषाले विशिष्ट अर्थ राख्दछ । परिभाषा खण्डमा राखिएका यस्ता शब्दावलीहरूले सामान्य अर्थ बुझाउने नभई निश्चित वस्तु, संस्था वा नामलाई प्रतिनिधित्व गरिरहेका हुन्छन् । यसर्थ, परिभाषा खण्डमा ग्लष्त्रगभ र ठ्याक्कै तोकिएको वा तोक्न खोजिएको Entity लाई इंगित गरिएको हुन्छ । यसै भएर नै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) मा सार्वजनिक निकाय भन्नाले विभिन्न ९ वर्गमा पर्न सक्ने संस्थाहरूलाई अलगअलग परिभाषित गरिएको छ । यसो नगरी सामान्य अर्थमा मात्र दिन खोजिएको हुँदोहो त ऐन वा कानूनद्वारा स्थापित सार्वजनिक काम गर्ने निकाय भने पनि पुग्थ्यो । यसर्थ, परिभाषा खण्डमा परिभाषित विवरणलाई विशिष्ट शाब्दिक अर्थमा हेर्नुपर्ने हुन्छ ।उपरोक्त पृष्ठभूमिमा यस कम्पनीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) को देहाय (४), (७) र (८) अन्तर्गतको संस्था मान्न सकिने देखिँदैन ।

(ख) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) को देहाय (४) मा कानूनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था वा प्रतिष्ठान भनिएको छ । तर यो सार्वजनिक सेवा प्रदान गर्ने संस्था होइन । किनभने, यो कम्पनी विद्युतको थोक विक्रेता मात्र हो । यसका कुनै ग्राहक छैनन् । चिलिमे जलविद्युत कम्पनी एकप्रकारको Independent Power Producer हो सेवाप्रदायक होइन ।

(ग) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) को देहाय (७) मा नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था भनिएको छ । तर यो कम्पनी सो परिभाषाभित्र पनि पर्ने देखिँदैन । किनकि यो कम्पनी करार सम्बन्धित कानूनको विधि अन्तर्गत स्थापना नभई प्रचलित कम्पनी कानून अन्तर्गत नेपाल विद्युत प्राधिकरण एवं सर्वसाधारणको शेयर

लगानीमा स्थापना भएको हो ।

(घ) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(क) को देहाय (८) मा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाबाट भनिएको छ । यस कम्पनीले प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रूपबाट नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट कुनै पनि रकम प्राप्त गर्दैन । यो कम्पनीले जलविद्युत उत्पादन गरी थोक बिक्री गर्ने भएकोले यो परिभाषाभित्र पनि पर्दैन ।

१२. माथि उल्लेख गरिएका तथ्यगत आधार तथा कानूनी व्यवस्थालाईसमेत मध्य नजर गर्दा पुनरावेदक सुधिमान श्रेष्ठलाई निजले माग गरेका सूचना र विवरणहरु औपचारिक रूपमा उपलब्ध गराउन उचित र व्यवस्थापकीय हिसाबलेसमेत औचित्यपूर्ण नदेखिएकोले निजको पुनरावेदन खारेज गरी पाउँन सादर अनुरोध गर्दछु ।

उल्लिखित लिखित जवाफ पुनरावेदकलाई उपलब्ध गराइएकोमा सो जवाफप्रति चित्त नबुझाइ आफूले माग गरेको मध्ये कुनै पनि सूचना प्राप्त नभएको भनी पुनरावेदकले मिति २०७८।१२।१७ मा पुनः उजुरी गरको ।

**आयोगको ठहर**

नेपालको संविधान, २०७२ को धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । संविधानले नागरिकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयनको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ जारी भई कार्यान्वयनमा रहेका छन् । उक्त ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । लोकतान्त्रिक पद्धतिमा नागरिकको अधिकार सुनिश्चित गरी लोकतन्त्रको अनुभुती दिलाउन सूचनाको हकको व्यवस्था भएको हो । सूचनाको हकले सार्वजनिक निकायहरूलाई नागरिकहरूप्रति जिम्मेवार र जवाफदेही बनाउँछ । अनियमितता, गैर कानूनी क्रियाकलाप, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न सूचनाको हकको व्यापक प्रयोग हुने गरेको छ । सूचनाको हकलाई मानव अधिकारको रूपमा ग्रहण गरिएको छ । पारदर्शिता र जनसहभागिता अहिलेको शासन पद्धतिको आवश्यकता हो । सूचनाको हकसम्बन्धी कानूनभित्र रही नेपाली नागरिकले माग गरेको सूचना उपलब्ध नगराउने पदाधिकारीउपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यवस्था नागरिकको मौलिक हक कार्यान्वयन होस भन्ने उद्देश्यबाट राखिएको छ ।

प्रस्तुत विषयमा सूचना मागकर्ताको पुनरावेदन, विपक्षीको लिखित जवाफ र पुनरावेदकको प्रतिक्रिया तथा प्रचलित कानून र प्राप्त कागजातहरूको अध्ययन तथा विश्लेषण गरी निर्णय गर्नु पर्ने अवस्था देखिएको छ ।

सूचना मागकर्ताले विपक्षी सार्वजनिक निकायमा माग गरेका विषयहरु सूचनाको हकसम्बन्धी कानून तथा अन्य प्रचलित कानूनबमोजिम पनि गोप्य राखी रहनु पर्ने विषय होइन । सार्वजनिक निकायमा रही बैठकमा सहभागी भएर गरिएका निर्णयहरूको प्रतिलिपि सार्वजनिक निकायले आफै पनि सार्वजनिक गर्नुपर्ने विषयभित्र पर्दछ । कुनै पनि हिसाबबाट गोप्य रहनु पर्ने विषय हुन सक्दैन । माग भएका विषयले कुनै व्यापारिक गोपनियता भङ्ग गर्ने पनि होइन । सार्वजनिक निकायमा कर्मचारीको बढुवामा भएका निर्णयहरु स्वाभाविक रूपमा पारदर्शी हुन आवश्यक छ । यसबाट मात्र निस्पक्षता कायम गर्न सम्भव हुन्छ ।

विपक्षी सार्वजनिक निकायले पुनरावेदकले उल्लेखित विषयमा उजुरी गर्ने छुट्टै प्रक्रिया छन् त्यही माध्यम नअपनाई सूचनाको हक अन्तर्गत सूचना माग गर्नु गलत भएको भनाईप्रति सहमत हुन सकिने अवस्था छैन । नेपालको संविधान तथा कानूनले दिएको अधिकार प्रयोग गर्न नेपाली नागरिक स्वतन्त्र र अधिकार सम्पन्न छन् । साथै सार्वजनिक निकायका कार्मचारीले माग्न पर्ने विषय नभएको भनाईप्रति कर्मचारी पनि नेपाली नागरिक भएकोले सूचनाको हकसम्बन्धी ऐन अन्तर्गत रही सूचना माग्न र पाउन कुनै प्रतिबन्ध लाग्ने अवस्था देखिँदैन ।

कम्पनीको सञ्चालक समितिबाट भएका निर्णयहरु अध्ययन वा अवलोकनको विषय बन्न सक्दैन भन्नु नै नेपालको प्रचलित कानूनको व्यवस्थाप्रति अनभिज्ञता प्रकट गरेको देखिन्छ । प्रचलित कानूनबमोजिम माग्न पाउने विषयलाई कुन उद्देश्यबाट मागिएको भन्नेसँग जोडिरहनु पर्ने देखिँदैन । दुरूपयोग भएको अवस्थामा सार्वजनिक निकायले उजुरी गर्न पाउने व्यवस्था सूचनाको हकसम्बन्धी कानूनले गरेको छ । उजुरी गर्न पाइन्छ नै ।

जहाँसम्म विपक्षी चिलिमे जलविद्युत कम्पनी लि. सार्वजनिक निकाय होइन भन्ने विषय छ, यसमा विपक्षीले पेश गरेको जिकीर र प्रचलित कानूनको अध्ययन तथा विश्लेषण गर्दा उक्त कम्पनीमा नेपाल सरकारको अधिकांश स्वामित्व रहेको नेपाल विद्युत प्राधिकरणको अधिकांश स्वामित्व रहेको कम्पनी भएको हुँदा सार्वजनिक निकाय भएकोमा कुनै शंका गर्न पर्ने अवस्था देखिँदैन । साथै थोक बिक्रेता भएकोले सेवाप्रदायक होइन भनिएको

रहेछ, कम्पनीले उत्पादन गरेको वस्तु तथा सेवा सार्वजनिक उपयोगका लागि भएकोले स्वाभाविक रूपमा सार्वजनिक चासोको विषय रहेको आयोगको ठहर रहेको छ ।

उल्लेखित कारणहरूले गर्दा सूचना मागकर्ताले माग गरेको सूचना दिन नपर्ने विषयभित्र पर्ने देखिएन । तसर्थ सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) अनुसार तपसिलको सूचना ७ (सात) दिनभित्र उपलब्ध गराउनू भनी चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाडौंको कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई दिनु ।

**तपसिल**

१. यस कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली, २०७१ (सञ्चालक समितिको मिति २०७६।०३।३० गतेको ३६० औं बैठकबाट संशोधित) को अनुसूची-२ (क) मा व्यवस्था भएका लेखापाल/स्टोरकिपर तह-५, वरिष्ठ सहायक/निजी सहायक तह-५ तथा सहायक कम्प्युटर अधिकृत तह-६ हरूमा, लेखापाल/स्टोरकिपर तह-५ लाई लेखापाल तह-५ र स्टोरकिपर तह-५ मा वर्गीकरण, वरिष्ठ सहायक/निजी सहायक तह-५ लाई निजी सहायक तह-५ तथा सहायक कम्प्युटर अधिकृत तह-६ लाई सूचना अधिकृत तह-६ मा संशोधन गरिएको सम्बन्धमा भए गरेका निर्णय उतारको प्रमाणित प्रतिलिपि तथा सो कार्य प्रयोजनका लागि बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिका पदाधिकारी तथा आमन्त्रित महानुभावहरूको उपस्थिति विवरण ।

२. यस कम्पनीको तह ७, सेवा लेखा अन्तर्गतका लेखा अधिकृतलाई मिति २०७४ सालमा तह ८, सेवा लेखा अन्तर्गत सहायक निर्देशक, वित्त अधिकृत पदमा बढुवा गर्दा बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिका पदाधिकारीहरूको उपस्थिति विवरण ।

३. यस कम्पनीका तह ८, सेवा लेखा अन्तर्गत सहायक निर्देशक, वित्त अधिकृतलाई मिति २०७६ सालमा तह ९, सेवा लेखा अन्तर्गत उपनिर्देशक, प्रमुख वित्त अधिकृत पदमा कायम मुकायम मुकरर गर्दा बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिका पदाधिकारीहरूको उपस्थिति विवरण तथा निर्णयको प्रतिलिपि ।

४. यस कम्पनी अन्तर्गत रहेको चिलिमे जलविदुत केन्द्रका तह ९, सेवा प्राविधिक, समूह इलेक्ट्रिकल/मेकानिकल/सिभिल अन्तर्गत उपप्रबन्धक, केन्द्र प्रमुखलाई मिति २०७५ सालमा कम्पनीको सहायक कम्पनीमा काजमा खटाइएको तथा उक्त तह ९, सेवा प्राविधिक, समूह इलेक्ट्रिकल/मेकानिकल/सिभिल अन्तर्गत उपप्रबन्धक, केन्द्र प्रमुखमा तह ८, सेवा प्राविधिक इलेक्ट्रिकल/मेकानिकल/सिभिल अन्तर्गत सहायक प्रबन्धकलाई निमित्त मुकरर गर्दा एवं सो बापत अतिरिक्त सेवा/सुबिधा प्रदान गर्दा बसेका पदपूर्ति समिति एवं सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।

| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्ग) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७९ साल बैशाख १५ गते रोज ५ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं ।

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम जारी भएको आदेश ।**

लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सर्वसाधारण नागरिकको सहभागिता र संलग्नता हो । सर्वसाधारण नागरिकका नाममा वा सर्वसाधारण नागरिकका लागि गरिने प्रत्येक कार्य, क्रियाकलाप, नीति निर्माण, खरिद तथा खर्चको विवरणका बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु आवश्यक हुन्छ । देशको समृद्धिका लागि पारदर्शी, जवाफदेही, उत्तरदायी सार्वजनिक निकायको आवश्यकता पर्दछ । यही आवश्यकतालाई महशुस गरी विश्वभर र नेपालमा पनि नागरिकलाई सूचनाको हक संवैधानिक र कानूनी रूपमा नै प्रदान गरिएको छ । नेपालको संविधानको धारा २७

ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । सार्वजनिक निकायले प्रत्येक ३ महिना अन्त्य भएको १५ दिनभित्र त्यस निकायबाट सम्पादन भएका क्रियाकलाप, खर्चका बारेमा स्वतः प्रकाशन गर्न पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायको दायित्व नै हो; सार्वजनिक सरोकारका विषयहरूमा सूचना माग्न नै नपर्ने गरी नियमित रूपमा सार्वजनिक गर्दै जानु ।

देशलाई आर्थिक विकासको बाटोमा द्रुत गतिमा लैजान प्रत्येक वर्ष सार्वजनिक निकायहरूमार्फत् नियमित रूपमा ठूला देखि सानो आकारका खरिदहरु हुने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरूपयोग भइदिँदा सार्वजनिक निकायले खोजेको लक्षित प्रतिफल नपाउने मात्र नभई सीमित व्यक्तिलाई मात्र लाभ पुग्ने अवस्था आउन सक्छ ।

समय समयमा सार्वजनिक खरिदमा भएका अनियमितता तथा भ्रष्टाचारका विषयहरु सार्वजनिक हुने गरेका छन् । कतिपय अवस्थामा छानवीन भई कारबाहीको प्रक्रियामासमेत गएका छन् भने कतिपय भ्रष्टाचारसम्बन्धी मुद्दामा परी जेल सजायँ भएका छन् । सर्वसाधारण नागरिकको रगत पसिनाबाट उठाएको राजश्व खर्च गरी गरिने सार्वजनिक खरिदका प्रक्रिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरणसहितको बोर्ड राख्नेसम्बन्धी निर्देशन पटक पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरिद सार्वजनिक चासोको विषय पनि हो ।

उल्लेखित सन्दर्भ र कपिलवस्तु न. पा.-७ निवासी श्री अनुप पन्थीको मिति २०७८।०४।१४ को निवेदनलाईसमेत ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम प्रदेश सरकारका सार्वजनिक निकायहरूमा देहायबमोजिम गर्न गराउन यो आदेश जारी गरिएको छः

१. सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरुदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने ।
२. सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रूपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।
३. सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रूपमा समावेश गर्ने ।
४. भौतिक निर्माणसम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रूपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्य मुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।
५. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदसम्बन्धी कानूनमा सार्वजनिक खरिदसम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए नभएको अनुगमन गर्न निर्देशन दिने ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरुङ्ग) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल भदौ १८ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग

## सूचना आयुक्त कमला ओली थापा

## सूचना आयुक्त रत्नप्रसाद मैनाली

## आदेश

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सातै प्रदेश ।

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम जारी भएको आदेश ।**

लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सर्वसाधारण नागरिकको सहभागिता र संलग्नता हो । सर्वसाधारण नागरिकका नाममा वा सर्वसाधारण नागरिकका लागि गरिने प्रत्येक कार्य, क्रियाकलाप, नीति निर्माण, खरिद तथा खर्चको विवरणका बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु आवश्यक हुन्छ । देशको समृद्धिका लागि पारदर्शी, जवाफदेही, उत्तरदायी सार्वजनिक निकायको आवश्यकता पर्दछ । यही आवश्यकतालाई महशुस गरी विश्वभर र नेपालमा पनि नागरिकलाई सूचनाको हक संवैधानिक र कानूनी रूपमा नै प्रदान गरिएको छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । सार्वजनिक निकायले प्रत्येक ३ महिना अन्त्य भएको १५ दिनभित्र त्यस निकायबाट सम्पादन भएका क्रियाकलाप, खर्चका बारेमा स्वतः प्रकाशन गर्न पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायको दायित्व नै हो; सार्वजनिक सरोकारका विषयहरूमा सूचना माग्न नै नपर्ने गरी नियमित रूपमा सार्वजनिक गर्दै जानु ।

देशलाई आर्थिक विकासको बाटोमा द्रुत गतिमा लैजान प्रत्येक वर्ष सार्वजनिक निकायहरूमार्फत् नियमित रूपमा ठूला देखि साना आकारका खरिदहरु हुने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरूपयोग भइदिँदा सार्वजनिक निकायले खोजेको लक्षित प्रतिफल नपाउने मात्र नभई सीमित व्यक्तिलाई मात्र लाभ पुग्ने अवस्था आउन सक्छ ।

समय समयमा सार्वजनिक खरिदमा भएका अनियमितता तथा भ्रष्टाचारका विषयहरु सार्वजनिक हुने गरेका छन् । कतिपय अवस्थामा छानवीन भई कारबाहीको प्रक्रियामासमेत गएका छन् भने कतिपय भ्रष्टाचारसम्बन्धी मुद्दामा परी जेल सजायँ भएका छन् । सर्वसाधारण नागरिकको रगत पसिनाबाट उठाएको राजश्व खर्च गरी गरिने सार्वजनिक खरिदका प्रक्रिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरणसहितको बोर्ड राख्नेसम्बन्धी निर्देशन पटक पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरिद सार्वजनिक चासोको विषय पनि हो ।

उल्लेखित सन्दर्भ र कपिलवस्तु न. पा.-७ निवासी श्री अनुप पन्थीको मिति २०७८।०४।१४ को निवेदनलाईसमेत ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम प्रदेश सरकारका सार्वजनिक निकायहरूमा देहायबमोजिम गर्न गराउन यो आदेश जारी गरिएको छः

१. सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने ।

२. सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रूपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।

३. सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रूपमा समावेश गर्ने ।

४. भौतिक निर्माणसम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रूपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्य मुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको

नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।

५. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदसम्बन्धी कानूनमा सार्वजनिक खरिदसम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए नभएको अनुगमन गर्न निर्देशन दिने ।

| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरुङ्ग) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल भदौ १८ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग

## सूचना आयुक्त कमला ओली थापा

## सूचना आयुक्त रत्नप्रसाद मैनाली

## आदेश

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम जारी भएको आदेश ।**

लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सर्वसाधारण नागरिकको सहभागिता र संलग्नता हो । सर्वसाधारण नागरिकका नाममा वा सर्वसाधारण नागरिकका लागि गरिने प्रत्येक कार्य, क्रियाकलाप, नीति निर्माण, खरिद तथा खर्चको विवरणका बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु आवश्यक हुन्छ । देशको समृद्धिका लागि पारदर्शी, जवाफदेही, उत्तरदायी सार्वजनिक निकायको आवश्यकता पर्दछ । यही आवश्यकतालाई महशुस गरी विश्वभर र नेपालमा पनि नागरिकलाई सूचनाको हक संवैधानिक र कानूनी रूपमा नै प्रदान गरिएको छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । सार्वजनिक निकायले प्रत्येक ३ महिना अन्त्य भएको १५ दिनभित्र त्यस निकायबाट सम्पादन भएका क्रियाकलाप, खर्चका बारेमा स्वतः प्रकाशन गर्न पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायको दायित्व नै हो; सार्वजनिक सरोकारका विषयहरूमा सूचना माग्न नै नपर्ने गरी नियमित रूपमा सार्वजनिक गर्दै जानु ।

देशलाई आर्थिक विकासको बाटोमा द्रुत गतिमा लैजान प्रत्येक वर्ष सार्वजनिक निकायहरूमार्फत् नियमित रूपमा ठूला साना आकारका खरिदहरु हुने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरूपयोग भइदिँदा सार्वजनिक निकायले खोजेको लक्षित प्रतिफल नपाउने मात्र नभई सीमित व्यक्तिलाई मात्र लाभ पुग्ने अवस्था आउन सक्छ ।

समय समयमा सार्वजनिक खरिदमा भएका अनियमितता तथा भ्रष्टाचारका विषयहरु सार्वजनिक हुने गरेका छन् । कतिपय अवस्थामा छानवीन भई कारबाहीको प्रक्रियामासमेत गएका छन् भने कतिपय भ्रष्टाचारसम्बन्धी मुद्दामा परी जेल सजायँ भएका छन् । सर्वसाधारण नागरिकको रगत पसिनाबाट उठाएको राजश्व खर्च गरी गरिने सार्वजनिक खरिदका प्रक्रिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरणसहितको बोर्ड राख्नेसम्बन्धी निर्देशन पटक पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरिद सार्वजनिक चासोको विषय पनि हो ।

उल्लेखित सन्दर्भ र कपिलवस्तु न. पा.-७ निवासी श्री अनुप पन्थीको मिति २०७८।०४।१४ को निवेदनलाईसमेत ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम स्थानीय तह तथा स्थानीय तहका सार्वजनिक निकायहरूमा देहायबमोजिम गर्न गराउन यो आदेश

जारी गरिएको छः

१. सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरुदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने ।

२. सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रुपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।

३. सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रुपमा समावेश गर्ने ।

४. भौतिक निर्माणसम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रुपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्य मुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।

५. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदसम्बन्धी कानूनमा सार्वजनिक खरिदसम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए नभएको अनुगमन गर्न निर्देशन दिने ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरुङ्) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल भदौ १८ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

श्री सार्वजनिक खरिद अनुगमन कार्यालय
कालिमाटी, काठमाडौं ।

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम जारी भएको आदेश ।**

लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सर्वसाधारण नागरिकको सहभागिता र संलग्नता हो । सर्वसाधारण नागरिकका नाममा वा सर्वसाधारण नागरिकका लागि गरिने प्रत्येक कार्य, क्रियाकलाप, नीति निर्माण, खरिद तथा खर्चको विवरणका बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु आवश्यक हुन्छ । देशको समृद्धिका लागि पारदर्शी, जवाफदेही, उत्तरदायी सार्वजनिक निकायको आवश्यकता पर्दछ । यही आवश्यकतालाई महशुस गरी विश्वभर र नेपालमा पनि नागरिकलाई सूचनाको हक संवैधानिक र कानूनी रुपमा नै प्रदान गरिएको छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । सार्वजनिक निकायले प्रत्येक ३ महिना अन्त्य भएको १५ दिनभित्र त्यस निकायबाट सम्पादन भएका क्रियाकलाप, खर्चका बारेमा स्वतः प्रकाशन गर्न पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायको दायित्व नै हो; सार्वजनिक सरोकारका विषयहरुमा सूचना माग्न नै नपर्ने गरी नियमित रुपमा सार्वजनिक गर्दै जानु ।

देशलाई आर्थिक विकासको बाटोमा द्रुत गतिमा लैजान प्रत्येक वर्ष सार्वजनिक निकायहरुमार्फत् नियमित रुपमा ठूला साना आकारका खरिदहरु हुने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरुपयोग भइदिँदा सार्वजनिक निकायले खोजेको लक्षित प्रतिफल नपाउने मात्र नभई सीमित व्यक्तिलाई मात्र लाभ पुग्ने अवस्था आउन सक्छ ।

समय समयमा सार्वजनिक खरिदमा भएका अनियमितता तथा भ्रष्टाचारका विषयहरु सार्वजनिक हुने गरेका छन् । कतिपय अवस्थामा छानवीन भई कारबाहीको प्रक्रियामासमेत गएका छन् भने कतिपय भ्रष्टाचारसम्बन्धी मुद्दामा परी जेल सजायँ भएका छन् । सर्वसाधारण नागरिकको रगत पसिनाबाट उठाएको राजश्व खर्च गरी गरिने सार्वजनिक खरिदका प्रक्रिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरणसहितको बोर्ड राख्नेसम्बन्धी निर्देशन पटक पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरिद सार्वजनिक चासोको विषय पनि हो ।

उल्लेखित सन्दर्भ र कपिलवस्तु न. पा.-७ निवासी श्री अनुप पन्थीको मिति २०७८।०४।१४ को निवेदनलाईसमेत ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) अनुसार देहायबमोजिम गर्न गराउन यो आदेश जारी गरिएको छः

१. सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने ।

२. सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रूपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।

३. सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रूपमा समावेश गर्ने ।

४. भौतिक निर्माणसम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रूपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्य मुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।

५. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदसम्बन्धी कानूनमा सार्वजनिक खरिदसम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए नभएको अनुगमन गर्न निर्देशन दिने ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्ग) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल भदौ १८ गते रोज ६ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

श्री उपकुलपति
बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
धरान, सुनसरी ।

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (छ) बमोजिम जारी भएको आदेश ।**

लोकतान्त्रिक पद्धतिको महत्वपूर्ण पक्ष भनेको सर्वसाधारण नागरिकको सहभागिता र संलग्नता हो । सर्वसाधारण नागरिकका नाममा वा सर्वसाधारण नागरिकका लागि गरिने प्रत्येक कार्य, क्रियाकलाप, नीति निर्माण, खरिद तथा खर्चको विवरणका बारेमा सर्वसाधारण नागरिकले थाहा पाउनु आवश्यक हुन्छ । देशको समृद्धिका लागि पारदर्शी, जवाफदेही, उत्तरदायी सार्वजनिक निकायको आवश्यकता पर्दछ । यही आवश्यकतालाई महशुस गरी विश्वभर र नेपालमा पनि नागरिकलाई सूचनाको हक संवैधानिक र कानूनी रूपमा नै प्रदान गरिएको छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख भएको छ । सार्वजनिक निकायले

प्रत्येक ३ महिना अन्त्य भएको १५ दिनभित्र त्यस निकायबाट सम्पादन भएका क्रियाकलाप, खर्चका बारेमा स्वतः प्रकाशन गर्न पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक निकायको दायित्व नै हो; सार्वजनिक सरोकारका विषयहरूमा सूचना माग्न नै नपर्ने गरी नियमित रूपमा सार्वजनिक गर्दै जानु ।

देशलाई आर्थिक विकासको बाटोमा द्रुत गतिमा लैजान प्रत्येक वर्ष सार्वजनिक निकायहरूमार्फत् नियमित रूपमा ठूला साना आकारका खरिदहरू हुने गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ का अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्ब भन्दा बढी रहेको पाइन्छ । त्यस भन्दा बाहेक पनि खरिद गरिने हुँदा कूल खरिद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरिद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरु खरिद प्रक्रियामा स्वच्छ, पारदर्शी जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरूपयोग भइदिँदा सार्वजनिक निकायले खोजेको लक्षित प्रतिफल नपाउने मात्र नभई सीमित व्यक्तिलाई मात्र लाभ पुग्ने अवस्था आउन सक्छ ।

समय समयमा सार्वजनिक खरिदमा भएका अनियमितता तथा भ्रष्टाचारका विषयहरु सार्वजनिक हुने गरेका छन् । कतिपय अवस्थामा छानवीन भई कारबाहीको प्रक्रियामासमेत गएका छन् भने कतिपय भ्रष्टाचारसम्बन्धी मुद्दामा परी जेल सजायँ भएका छन् । सर्वसाधारण नागरिकको रगत पसिनाबाट उठाएको राजश्व खर्च गरी गरिने सार्वजनिक खरिदका प्रक्रिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरणसहितको बोर्ड राख्नेसम्बन्धी निर्देशन पटक पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सार्वजनिक खरिद ऐन, २०६३ र यस अन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरिद सार्वजनिक चासोको विषय पनि हो ।

उल्लेखित सन्दर्भ र कपिलवस्तु न. पा.-७ निवासी श्री अनुप पन्थीको मिति २०७८।०४।१४ को निवेदनलाईसमेत ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) अनुसार देहायबमोजिम गर्न गराउन यो आदेश जारी गरिएको छः

१. सार्वजनिक खरिदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्दै जाने ।
२. सार्वजनिक खरिदसम्बन्धी सम्झौता खरिद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रूपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।
३. सार्वजनिक खरिदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रूपमा समावेश गर्ने ।
४. भौतिक निर्माणसम्बन्धी सार्वजनिक खरिद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रूपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरिदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्य मुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।
५. सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिदसम्बन्धी कानूनमा सार्वजनिक खरिदसम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए नभएको अनुगमन गर्न निर्देशन दिने ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल भदौ १८ गते रोज ६ शुभम् ।

## राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्**

**सूचना आयुक्त कमला ओली थापा**

**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**आदेश**

श्री कार्यालय प्रमुख
निर्वाचन आयोग
कान्तिपथ, काठमाडौं ।

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) र खण्ड (ङ) बमोजिम निर्वाचन आयोगका नाममा जारी आदेश ।**

स्वच्छ, स्वतन्त्र, आवधिक, प्रतिस्पर्धी, समावेशी निर्वाचन लोकतन्त्रको आधारशिला हो । लोकतन्त्रमा यस्तो विधिलाई सरकारको वैधता प्राप्त

गर्ने माध्यमको रूपमा लिइन्छ । कुनै पनि लोकतान्त्रिक मुलुकमा सरकारलाई नागरिकको स्वतन्त्र, स्वच्छ, विवेकपूर्ण रूपमा निर्वाचनको माध्यमद्वारा व्यक्त गरेको मतबाट अख्तियारी प्राप्त हुन्छ । निर्वाचन स्वच्छ भयरहित र मर्यादित हुन सकेन भने त्यस्तो निर्वाचनको कुनै अर्थ रहन्न । मताधिकार र जनादेशको आधारमा शासन सञ्चालन गर्ने पद्धतिको स्वस्थ विकासबाटै लोकतन्त्र संस्थागत हुने हो । यस सन्दर्भमा निर्वाचनमा मतदाताको अत्याधिक सहभागिता, विवेकपूर्ण मतदान गर्न पाउने नागरिकको अधिकारको सुनिश्चितता, निर्वाचन खर्चमा मितव्ययीता, निर्वाचन सञ्चालन गर्ने निकाय र त्यसमा संलग्न पक्षहरूको निष्पक्ष र प्रभावकारी भूमिका, राजनीतिक दल र उम्मेदवारहरूबीचको स्वच्छ प्रतिस्पर्धा, नागरिक समाज, निर्वाचन पर्यवेक्षक, मानवअधिकारकर्मी, सञ्चारमाध्यमको पहरेदारिता, सरकारकोतर्फबाट शान्ति सुरक्षाको प्रत्याभूति, स्वच्छ र निष्पक्ष निर्वाचनको वातावरणजस्ता विषयहरूको सुनिश्चितता आवश्यक हुन्छ ।

लोकतन्त्रको संस्थागत विकासका निम्ति राज्यको कामकारबाही र सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच हुनुपर्दछ । नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्दछ । सही सूचनाको प्रवाहद्वारा नै शासनव्यवस्थाप्रति जनताको सहभागिता बढ्न गई शासन व्यवस्थाले वैधता प्राप्त गर्दछ । असन्तुलित शक्तिलाई सन्तुलन गर्न सूचनाको हक नागरिकको शक्तिशाली औजारको रूपमा लोकतान्त्रिक राज्य व्यवस्थामा आवश्यक मानिन्छ । सूचनाको हकले  शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै नागरिकको सशक्तीकरणद्वारा सुशासनको प्रवर्द्धन र लोकतन्त्रको सुदृढीकरण गर्दछ । सार्वजनिक सूचनामा नागरिकको पहुँचले खुला सरकारको अवधारणालाई स्थापित गर्दै भ्रष्टाचार, अन्याय र अत्याचारका विरूद्ध लड्न, सरकारी/निकायलाई बढी जवाफदेही बनाउन, सार्वजनिक प्रशासनलाई चुस्त सेवा प्रवाह गर्ने संयन्त्रको रूपमा आधुनिकीकरण गर्न, लगानी प्रवर्द्धन गर्न, मानव अधिकारको प्रयोगमा सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

संघीय गणतान्त्रिक नेपालमा रहेका ७ सय ५३ स्थानीय तहमा दोस्रो अवधिका लागि जनप्रतिनिधि चुन्न २०७९ बैशाख ३० गते निर्वाचन घोषणा भएको छ । यसै सन्दर्भमा निर्वाचनमा मतदातालाई विवेकको मत व्यक्त गर्न सशक्तीकरण गर्ने, निर्वाचन प्रक्रियालाई स्वच्छ र मर्यादित बनाउन, शान्ति सुरक्षाको प्रत्याभूति गराउन, सरकार र राजनीतिक दलहरूलाई बढी जिम्मेवार र जवाफदेही बनाउन, निर्वाचनमा हुने अनुत्पादक खर्च हरूलाई रोक्न, निर्वाचनमा हुने खर्चलाई पारदर्शी बनाउन, गलत र भ्रामक समाचार र सूचनाले पार्ने प्रभावलाई अन्त्य गर्न, संविधानले अपेक्षा गरेको तहगत सरकारको भूमिकालाई प्रभावकारी बनाउनका लागि सक्षम, योग्य, इमान्दार नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने क्षमतावान, समावेशीकरण र लैङगिकताका दृष्टिलेसमेत उचित जनप्रतिनिधित्वको सुनिश्चितताका  निम्ति नागरिकमा सही सूचना प्रवाह आवश्यक छ । यसका निम्ति संचारमाध्यम र सामाजिक सञ्जालमार्फत् प्रवाह हुने सूचना र समाचार सही, सत्य, स्वच्छ, व्यक्तिको गोपनियता संरक्षण, द्वेषपूर्ण अभिव्यक्तिको निषेध, मानवअधिकार प्रतिको सम्मान, निर्वाचन आचार संहिताको पालना, मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता र राष्ट्रिय हित र राष्ट्रिय एकता, सामाजिक सद् भाव जस्ता कुरामा प्रतिकूलता हुन नदिने गरी सजग भई स्वच्छ जनमत निर्माणमा सक्रिय भूमिका आवश्यक छ ।

सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ भएकाले संयुक्त राष्ट्रसंघले सन् २००४ मा सार्वजनिक निकायमा सूचनाको पहुँचको अधिकार मौलिक मानवअधिकार हो, राष्ट्रिय कानुनले अधिकतम सूचनाको सार्वजनिकीकरण (ःबहष्mगm म्ष्कअयिकगचभ) गर्ने सिद्धान्तलाई आत्मसात् गरी सार्वजनिक हितको निम्ति सीमित अपवादको  विषयबाहेकका सबै सूचनामा नागरिकको पहुँच सुनिश्चितता हुनुपर्ने घोषणा गरेको छ । यसैगरी सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले सूचनाको हकलाई सुनिश्चितता प्रदान गरेको छ । सूचनाको हकको महत्वलाई आत्मसात गर्दै सन् १९९० सम्ममा एक दर्जन जति मुलुकहरूले यससम्बन्धी संवैधानिक र कानूनी व्यवस्था गरेकोमा लोकतन्त्रको लहरसँगै (ध्बखभ या म्झयअचबअथ) अहिले विश्वका १२९ भन्दा बढी मुलुकहरूले संविधान र कानुनद्वारा नागरिकको सूचना पाउने हकलाई संरक्षित र सुनिश्चित गरेका छन् ।

नेपालले विक्रम संवत २०४७ सालको जन आन्दोलनको परिणाम स्वरूप जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा पहिलोपटक सूचनाको हकलाई संवैधानिक संरक्षण प्रदान गरियो । यस संवैधानिक व्यवस्थालाई लागू गर्न सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूमा सूचनाको हकको महत्वलाई स्पष्ट व्याख्या गर्दै कानुन बनाउनसमेत आदेश गरेको पृष्ठभूमिमा नेपालको अन्तरिम संविधान, २०६३ ले सूचनाको हकलाई पूर्ववर्ती संविधानले जस्तै निरन्तरता दिन पुग्यो । सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन साथै नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्य लिई सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ जारी गरी कार्यान्वयनको अवस्थामा रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कुराको सुनिश्चितता गर्दै प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनुपर्ने गरी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ। यसैगरी यस ऐनले केही सीमित अपवादका विषयहरु बाहेक खुला सरकारको अवधारणा, सूचनादाताको संरक्षण, सूचना प्रवाह गर्ने प्रणालीको विकास गर्न गराउन आवश्यक अधिकारसहित अर्धन्यायिक भुमिका निर्वाह गर्ने गरी राष्ट्रिय सूचना आयोगको विशेष व्यवस्था,

सूचना वर्गीकरणसम्बन्धी व्यवस्था जस्ता कुराहरु गरेको छ । यस ऐनको माध्यमद्वारा नागरिकले महत्वपूर्ण सही सूचना प्राप्त गर्न केही सफलता हासिल गरेका छन् ।

नेपाल संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश (१), (२), (३), (४), (५) र (६)ले स्वतन्त्रताको हक निरपेक्ष नहुने गरी संतुलनको सिद्धान्तलाई स्वीकार गरेको छ। यसैगरी धारा १९ मा सूचनाको हकअन्तर्गत कतिपय अवस्थामा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिने कुरा उल्लेख गरी गलत र भ्रामक सूचना प्रवाहमा रोक लगाउने संवैधानिक व्यवस्था गरेको छ ।

नेपालको संविधानले आत्मसात गरेको सिद्धान्त र मान्यताका आधारमा जारी भएको मुलुकी अपराध संहिता, २०७४ ले  झुट्टा अफवाह फैलाउन नहुने (दफा ७०), झुट्टा जानकारी दिन नहुने (दफा ८४), झुटा कुरा अभिलेखमा राख्न नहुने (दफा ८९), झुठा सूचना दिन नहुने (दफा ९८), अश्लील सामग्री प्रकाशन, प्रचारप्रसार गर्न नहुने (दफा १२१) जस्ता व्यवस्था गरी अन्यथा त्यस्ता गलत सूचना प्रवाहको कार्य कसुरजन्य मानी दण्डनीय हुने व्यवस्था गरेको छ । यसैगरी अपराध संहिताले व्यक्तिको गोपनियता तथा प्रतिष्ठा विरूद्धको कसुरसम्बन्धी विशेष व्यवस्था गरी व्यक्तिको गोपनियता विरूद्धको कार्यलाई दण्डनीय बनाई पिडित पक्षलाई पीडकले क्षतिपूर्ति दिनुपर्नेसमेतको व्यवस्था गरेको छ । यसैगरी यस संहिताले प्रतिष्ठा विरूद्धको कसुर अन्तर्गत कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानी त्यस्तो गर्नेलाई कैद र जरिवानाको व्यवस्था गरेको छ । यसैगरी अरूको इज्जतमा धक्का पुर्याउने नियतले कुनै किसिमबाट प्रचारप्रसार गरेमा बेइज्जतीको कसुर गरेको मानी कैद र जरिवानाको सजाय र क्षतिपूर्तिसमेत भराउनु पर्ने व्यवस्था गरेको छ ।

विज्ञापन (नियमन गर्ने ऐन), २०७६ ले गाली बेइज्जती हुने गरी, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी, धर्म, वर्ण, लिङ्ग, जात जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने वा कुनै पनि आधारमा विभेद हुनेगरी भ्रम वा अफवाह फैलाउने उत्तेजना फैलाउने वा अन्य त्यस्तै अमर्यादित व्यवहार गर्ने गरी स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने गरी, कसैले पनि निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने गरी वा निर्वाचनमा अवरोध गर्ने गरी विज्ञापन गर्न गराउन नपाउने गरी रोक लगाएको छ । यसैगरी यस ऐनले आधिकारीक रूपमा जानकारी नभई विज्ञापन गर्न नहुने, सम्बन्धित व्यक्तिको मन्जुरीबिना कसैको इमेल वा मोबाइलमा इमेल वा एस.एम.यस बाट विज्ञापन तथा सन्देशमूलक सूचना पठाउन नपाइने व्यवस्था गरी ऐनले निषेध गरेको कुरा गरेमा दण्डनीय बनाएको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ ले विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोग लगायतका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री, कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाती सम्प्रदायबीचको समुधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरीवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ । यो व्यवस्था पुनरावलोकन हुनु पर्ने भन्ने प्रश्नहरु पनि उठिरहेका छन् ।

संविधान कानून र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूले सहि र सत्य सूचनाको प्रवाहबाट नै स्वस्थ्य जनमत निर्माण हुन सक्ने भई नागरिकको सुसूचित हुने हको सम्मान, संरक्षण र प्रचलन भई संवैधानिक लोकतन्त्र गतिशील हुन सक्ने मान्यतालाई आत्मसात गरेको छ । यस सन्दर्भमा सूचना प्रवाह गर्ने संघसंस्था लगायत विभिन्न सञ्चारमाध्यम र व्यक्तिहरूले समाजलाई हानी पुर्याउने किसिमले सूचना प्रवाह नगरी सही सत्य सूचना प्रवाह गर्नुपर्ने कर्तव्य कानुनले निर्धारण गरेको छ ।

निर्वाचन आयोगद्वारा जारी गरेको निर्वाचन आचारसंहिताले निर्दिष्ट गरेको मान्यतालाई पालना गरी निर्वाचनसम्बन्धी सूचना र समाचार सम्प्रेषण गर्दा सञ्चारमाध्यमको भूमिका स्वतन्त्र र निष्पक्ष हुनुपर्दछ । राजनीतिक दल, उम्मेदवार, समर्थक वा जोसुकैले पनि गैरकानुनी सूचना र समाचार प्रवाह गर्न गराउन सञ्चारमाध्यमलाई दबाव दिन वा प्रभावमा पार्न हुँदैन। सञ्चारमाध्यमहरूले सुचना र समाचार सम्प्रेषण गर्दा निष्पक्षता र सन्तुलनका नियमलाई सम्मान र पालना गर्ने (respect rules of impartiality and balance) कुराहरूलाई व्यवहारमा रूपान्तरण गर्नुपर्ने हुन्छ । यसैगरी सबै दल र उम्मेदवारहरूलाई सञ्चारमाध्यमबाट समन्यायिक पहुँच (equitable access) दिनु पर्दछ । निर्वाचन आयोग र निर्वाचनमा संलग्न सबै निकाय र पदाधिकारीहरूले सञ्चार माध्यमलाई समयमै स्पष्ट सूचना र समाचारहरु उपलब्ध गराउनका निम्ति सक्रिय सूचना प्रवाहको व्यवस्था त्यत्तिकै आवश्यक हुन्छ ।

राष्ट्रिय सूचना आयोगले २०७८ चैत २८ गते निर्वाचन प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा आयोगका पदाधिकारी तथा कर्मचारीका साथै राजनैतिक दलका प्रतिनिधिहरु, विज्ञहरु, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा ३ वटा कार्यपत्रहरु प्रस्तुत भएका थिए । कार्यपत्र पेश भएपश्चात् सहभागीहरूले विभिन्न विषयमा सुझाव तथा जिज्ञाशाहरु राखेका थिए । सहभागीहरूले उठाएका विषयहरूको संक्षिप्त विवरण यसैसाथ संलग्न छ ।

आयोगले आयोजना गरेको उल्लेखित अन्तरक्रिया कार्यक्रममा पेश भएका कार्यपत्रहरूमा दिइएका सुझावहरु र सहभागीहरूले उठाएका

विषयहरु बारेमा आयोगको बैठकमा छलफल भयो । सूचनाको हकसम्बन्धी कानूनमा भएका प्रावधान, प्रचलित कानूनी व्यवस्था तथा प्राप्त सुझावहरूको आधारमा देहायबमोजिम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १९ को खण्ड (ग) र (ङ) अनुसार तपसिलबमोजिम गर्न गराउन निर्वाचन आयोगका कार्यालय प्रमुखका नाममा यो आदेश जारी गरेको छः-

- मतदाता शिक्षालाई थप प्रभावकारी र व्यापक बनाउन अधिकतम मतदाता समक्ष पुग्ने व्यवस्था मिलाउनु,
- मतदान के का लागि, मतदानको महत्व, मतदान प्रक्रिया वारेमा व्यापक प्रचार प्रसार गर्नु गराउनु । यसरी प्रचार प्रसार गर्दा बहुसंख्यक जनसङ्ख्याले बोल्ने मातृभाषामासमेत गर्नु गराउनु,
- निर्वाचनसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका, कार्यविधि, आचारसंहिताका आधारभूत कुराहरु मतदाता र सम्बन्धित पक्षहरूलाई समयमै सुसूचित गर्नु गराउनु,
- निर्वाचनमा राजनीतिक दलहरूले बनाएका उम्मेदवारहरूको पृष्ठभूमि, उनीहरूलाई उम्मेदवार बनाउनुको कारणसहितको विवरण राजनीतिक दलहरूले समयमा नै जनतालाई सुसूचित गर्नु लगाउनु,
- लैङ्गिकता र समावेशीकरणको सिद्धान्तका आधारमा निर्वाचनमा उम्मेदवार बनाउँदा राजनीतिक दलहरूले के कति हदसम्म यस सिद्धान्तलाई अवलम्बन गरेका छन् भन्ने कुरा जनतामा सुसूचित गराउन लगाउनु,
- सहज र भयरहित मतदान गर्न गरिएको निर्वाचन व्यवस्थापन र सुरक्षाको प्रत्याभूतिका सम्बन्धमा मतदातालाई आस्वस्त हुनेगरी सुसूचित गर्नु गराउनु,
- सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी, जनजाति,  मधेशी, तथा मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्तिहरूमा निर्वाचनसम्बन्धी सम्पूर्ण सूचना पुग्ने सुनिश्चितता गर्नु,
- निर्वाचनमा स्वच्छता कायम राख्न र निर्वाचनमा हुने अनुत्पादक खर्चलाई नियन्त्रण गरी निर्वाचनलाई मर्यादित बनाउन राजनीतिक दलहरूले सङ्कलन गरेको आर्थिक कोषको स्रोत र खर्चका विवरणहरु सही सत्य र यथार्थ जनतालाई समयमै सूचित गर्न लगाउनु,
- नेपालको संविधानले व्यवस्था गरेको नेपाली नागरिकको सूचनाको हकमाथि निर्वाचनका क्रममा कुनैपनि तवरबाट अतिक्रमण नहुने व्यवस्था मिलाउनु,
- मतदान गर्नु अघि मतदान गर्ने नागरिकलले मतदाता सूचीमा आफ्नो नाम भए/नभएको एकीन गर्नका लागि निर्वाचन आयोगको वेबसाईटमा मतदाता नामावली अद्यावधिक गर्नु,
- निर्वाचनसम्बन्धी सामग्रीहरूको बन्दोबस्त, मानव स्रोतको व्यवस्थापन, आर्थिक अनुशासन, आचारसंहिताको पालना र उल्लङ्घनका घटना, निर्वाचन पर्यवेक्षकको व्यवस्थापन लगायतका निर्वाचनसँग सम्बन्धित विविध पक्षको सही सूचना समयमै जनता समक्ष प्रवाह गर्नु गराउनु,
- निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल नियमित रूपमा अद्यावधिक गर्नु गराउनु,
- मिथ्या, भ्रमपूर्ण, गलत सूचना नियन्त्रण गर्न नेपाल सरकार तथा नियामक निकायहरु सँग समन्वय गर्नु गराउनु,
- सबै मतदातासँग आयोगको वेबसाइटमा पहुँच नहुन सक्छ । तसर्थ, निर्वाचनमा भाग लिएका प्रत्येक राजनीतिक दल वा तिनका प्रतिनिधिहरूलाई प्रत्येक बुथमा सम्बन्धित क्षेत्रमा मतदाताको विवरण संलग्न मतदाता नामावलीको एकप्रति संलग्न कपी निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनु,
- निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रदान गरेको सूचना माग्ने र पाउने हकप्रति सचेत रहने व्यवस्था मिलाउनु ।

| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरुङ्ग) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७९ साल बैशाख ५ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग

## सूचना आयुक्त कमला ओली थापा

## सूचना आयुक्त रत्नप्रसाद मैनाली

## आदेश

श्री मुख्य सचिव

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं ।

**विषयः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ग) र खण्ड (ङ) बमोजिम निर्वाचन आयोगका नाममा जारी आदेश ।**

स्वच्छ, स्वतन्त्र, आवधिक, प्रतिस्पर्धी, समावेशी निर्वाचन लोकतन्त्रको आधारशिला हो । लोकतन्त्रमा यस्तो विधिलाई सरकारको वैधता प्राप्त गर्ने माध्यमको रूपमा लिइन्छ । कुनै पनि लोकतान्त्रिक मुलुकमा सरकारलाई नागरिकको स्वतन्त्र, स्वच्छ, विवेकपूर्ण रूपमा निर्वाचनको माध्यमद्वारा व्यक्त गरेको मतबाट अख्तियारी प्राप्त हुन्छ । निर्वाचन स्वच्छ भयरहित र मर्यादित हुन सकेन भने त्यस्तो निर्वाचनको कुनै अर्थ रहन्न । मताधिकार र जनादेशको आधारमा शासन सञ्चालन गर्ने पद्धतिको स्वस्थ विकासबाटै लोकतन्त्र संस्थागत हुने हो । यस सन्दर्भमा निर्वाचनमा मतदाताको अत्याधिक सहभागिता, विवेकपूर्ण मतदान गर्न पाउने नागरिकको अधिकारको सुनिश्चितता, निर्वाचन खर्चमा मितव्ययीता, निर्वाचन सञ्चालन गर्ने निकाय र त्यसमा संलग्न पक्षहरूको निष्पक्ष र प्रभावकारी भूमिका, राजनीतिक दल र उम्मेदवारहरूबीचको स्वच्छ प्रतिस्पर्धा, नागरिक समाज, निर्वाचन पर्यवेक्षक, मानवअधिकारकर्मी, सञ्चारमाध्यमको पहरेदारिता, सरकारकोतर्फबाट शान्ति सुरक्षाको प्रत्याभूति, स्वच्छ र निष्पक्ष निर्वाचनको वातावरणजस्ता विषयहरूको सुनिश्चितता आवश्यक हुन्छ ।

लोकतन्त्रको संस्थागत विकासका निम्ति राज्यको कामकारबाही र सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच हुनुपर्दछ । नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्दछ । सही सूचनाको प्रवाहद्वारा नै शासनव्यवस्थाप्रति जनताको सहभागिता बढ्न गई शासन व्यवस्थाले वैधता प्राप्त गर्दछ । असन्तुलित शक्तिलाई सन्तुलन गर्न सूचनाको हक नागरिकको शक्तिशाली औजारको रूपमा लोकतान्त्रिक राज्य व्यवस्थामा आवश्यक मानिन्छ । सूचनाको हकले  शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै नागरिकको सशक्तीकरणद्वारा सुशासनको प्रवर्द्धन र लोकतन्त्रको सुदृढीकरण गर्दछ । सार्वजनिक सूचनामा नागरिकको पहुँचले खुला सरकारको अवधारणालाई स्थापित गर्दै भ्रष्टाचार, अन्याय र अत्याचारका विरूद्ध लड्न, सरकारी/निकायलाई बढी जवाफदेही बनाउन, सार्वजनिक प्रशासनलाई चुस्त सेवा प्रवाह गर्ने संयन्त्रको रूपमा आधुनिकीकरण गर्न, लगानी प्रवर्द्धन गर्न, मानव अधिकारको प्रयोगमा सहयोग पुर्‍याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

संघीय गणतान्त्रिक नेपालमा रहेका ७ सय ५३ स्थानीय तहमा दोस्रो अवधिका लागि जनप्रतिनिधि चुन्न २०७९ बैशाख ३० गते निर्वाचन घोषणा भएको छ । यसै सन्दर्भमा निर्वाचनमा मतदातालाई विवेकको मत व्यक्त गर्न सशक्तीकरण गर्ने, निर्वाचन प्रक्रियालाई स्वच्छ र मर्यादित बनाउन, शान्ति सुरक्षाको प्रत्याभूति गराउन, सरकार र राजनीतिक दलहरूलाई बढी जिम्मेवार र जवाफदेही बनाउन, निर्वाचनमा हुने अनुत्पादक खर्च हरूलाई रोक्न, निर्वाचनमा हुने खर्चलाई पारदर्शी बनाउन, गलत र भ्रामक समाचार र सूचनाले पार्ने प्रभावलाई अन्त्य गर्न, संविधानले अपेक्षा गरेको तहगत सरकारको भूमिकालाई प्रभावकारी बनाउनका लागि सक्षम, योग्य, इमान्दार नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने क्षमतावान, समावेशीकरण र लैङगिकताका दृष्टिलेसमेत उचित जनप्रतिनिधित्वको सुनिश्चितताका निम्ति नागरिकमा सही सूचना प्रवाह आवश्यक छ । यसका निम्ति संचारमाध्यम र सामाजिक सञ्जालमार्फत् प्रवाह हुने सूचना र समाचार सही, सत्य, स्वच्छ, व्यक्तिको गोपनियता संरक्षण, द्वेषपूर्ण अभिव्यक्तिको निषेध, मानवअधिकार प्रतिको सम्मान, निर्वाचन आचार संहिताको पालना, मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता र राष्ट्रिय हित र राष्ट्रिय एकता, सामाजिक सद् भाव जस्ता कुरामा प्रतिकूलता हुन नदिने गरी सजग भई स्वच्छ जनमत निर्माणमा सक्रिय भूमिका आवश्यक छ ।

सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ भएकाले संयुक्त राष्ट्रसंघले सन् २००४ मा सार्वजनिक निकायमा सूचनाको पहुँचको अधिकार मौलिक मानवअधिकार हो, राष्ट्रिय कानुनले अधिकतम सूचनाको सार्वजनिकीकरण (Maximum Disclosure) गर्ने सिद्धान्तलाई आत्मसात् गरी सार्वजनिक हितको निम्ति सीमित अपवादको  विषयबाहेकका सबै सूचनामा नागरिकको पहुँच सुनिश्चितता हुनुपर्ने घोषणा गरेको छ । यसैगरी सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले सूचनाको हकलाई सुनिश्चितता प्रदान गरेको छ । सूचनाको हकको महत्वलाई आत्मसात गर्दै सन् १९९० सम्ममा एक दर्जन जति मुलुकहरूले यससम्बन्धी संवैधानिक र कानूनी व्यवस्था गरेकोमा लोकतन्त्रको

लहरसँगै (ध्बखभ या म्क्रयअचबअथ) अहिले विश्वका १२९ भन्दा बढी मुलुकहरूले संविधान र कानुनद्वारा नागरिकको सूचना पाउने हकलाई संरक्षित र सुनिश्चित गरेका छन् ।

नेपालले विक्रम संवत २०४७ सालको जन आन्दोलनको परिणाम स्वरूप जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा पहिलोपटक सूचनाको हकलाई संवैधानिक संरक्षण प्रदान गरियो । यस संवैधानिक व्यवस्थालाई लागू गर्न सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूमा सूचनाको हकको महत्वलाई स्पष्ट व्याख्या गर्दै कानुन बनाउनसमेत आदेश गरेको पृष्ठभूमिमा नेपालको अन्तरिम संविधान, २०६३ ले सूचनाको हकलाई पूर्ववर्ती संविधानले जस्तै निरन्तरता दिन पुग्यो । सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन साथै नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्य लिई सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ जारी गरी कार्यान्वयनको अवस्थामा रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कुराको सुनिश्चितता गर्दै प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनुपर्ने गरी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ । यसैगरी यस ऐनले केही सीमित अपवादका विषयहरु बाहेक खुला सरकारको अवधारणा, सूचनादाताको संरक्षण, सूचना प्रवाह गर्ने प्रणालीको विकास गर्न गराउन आवश्यक अधिकारसहित अर्धन्यायिक भुमिका निर्वाह गर्ने गरी राष्ट्रिय सूचना आयोगको विशेष व्यवस्था, सूचना वर्गीकरणसम्बन्धी व्यवस्था जस्ता कुराहरु गरेको छ । यस ऐनको माध्यमद्वारा नागरिकले महत्वपूर्ण सही सूचना प्राप्त गर्न केही सफलता हासिल गरेका छन् ।

नेपाल संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश (१), (२), (३), (४), (५) र (६)ले स्वतन्त्रताको हक निरपेक्ष नहुने गरी संतुलनको सिद्धान्तलाई स्वीकार गरेको छ। यसैगरी धारा १९ मा सूचनाको हकअन्तर्गत कतिपय अवस्थामा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिने कुरा उल्लेख गरी गलत र भ्रामक सूचना प्रवाहमा रोक लगाउने संवैधानिक व्यवस्था गरेको छ ।

नेपालको संविधानले आत्मसात गरेको सिद्धान्त र मान्यताका आधारमा जारी भएको मुलुकी अपराध संहिता, २०७४ ले  झुट्टा अफवाह फैलाउन नहुने (दफा ७०), झुट्टा जानकारी दिन नहुने (दफा ८४), झुटा कुरा अभिलेखमा राख्न नहुने (दफा ८९), झुठा सूचना दिन नहुने (दफा ९८), अश्लील सामग्री प्रकाशन, प्रचारप्रसार गर्न नहुने (दफा १२१) जस्ता व्यवस्था गरी अन्यथा त्यस्ता गलत सूचना प्रवाहको कार्य कसुरजन्य मानी दण्डनीय हुने व्यवस्था गरेको छ । यसैगरी अपराध संहिताले व्यक्तिको गोपनियता तथा प्रतिष्ठा विरूद्धको कसुरसम्बन्धी विशेष व्यवस्था गरी व्यक्तिको गोपनियता विरूद्धको कार्यलाई दण्डनीय बनाई पिडित पक्षलाई पीडकले क्षतिपूर्ति दिनुपर्नेसमेतको व्यवस्था गरेको छ । यसैगरी यस संहिताले प्रतिष्ठा विरूद्धको कसुर अन्तर्गत कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानी त्यस्तो गर्नेलाई कैद र जरिवानाको व्यवस्था गरेको छ । यसैगरी अरूको इज्जतमा धक्का पुर्याउने नियतले कुनै किसिमबाट प्रचारप्रसार गरेमा बेइज्जतीको कसुर गरेको मानी कैद र जरिवानाको सजाय र क्षतिपूर्तिसमेत भराउनु पर्ने व्यवस्था गरेको छ ।

विज्ञापन (नियमन गर्ने ऐन), २०७६ ले गाली बेइज्जती हुने गरी, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी, धर्म, वर्ण, लिङ्ग, जात जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने वा कुनै पनि आधारमा विभेद हुनेगरी भ्रम वा अफवाह फैलाउने उत्तेजना फैलाउने वा अन्य त्यस्तै अमर्यादित व्यवहार गर्ने गरी स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने गरी, कसैले पनि निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने गरी वा निर्वाचनमा अवरोध गर्ने गरी विज्ञापन गर्न गराउन नपाउने गरी रोक लगाएको छ । यसैगरी यस ऐनले आधिकारीक रूपमा जानकारी नभई विज्ञापन गर्न नहुने, सम्बन्धित व्यक्तिको मन्जुरीबिना कसैको इमेल वा मोबाइलमा इमेल वा एस.एम.यस बाट विज्ञापन तथा सन्देशमूलक सूचना पठाउन नपाइने व्यवस्था गरी ऐनले निषेध गरेको कुरा गरेमा दण्डनीय बनाएको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ ले विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोग लगायतका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरूद्धका सामग्री, कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाती सम्प्रदायबीचको समुधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरीवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ । यो व्यवस्था पुनरावलोकन हुनु पर्ने भन्ने प्रश्नहरु पनि उठिरहेका छन् ।

संविधान कानून र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूले सहि र सत्य सूचनाको प्रवाहबाट नै स्वस्थ्य जनमत निर्माण हुन सक्ने भई नागरिकको सुसूचित हुने हको सम्मान, संरक्षण र प्रचलन भई संवैधानिक लोकतन्त्र गतिशील हुन सक्ने मान्यतालाई आत्मसात गरेको छ । यस सन्दर्भमा सूचना प्रवाह गर्ने संघसंस्था लगायत विभिन्न सञ्चारमाध्यम र व्यक्तिहरूले समाजलाई हानी पुर्याउने किसिमले सूचना प्रवाह नगरी सही सत्य सूचना प्रवाह गर्नुपर्ने कर्तव्य कानुनले निर्धारण गरेको छ ।

निर्वाचन आयोगद्वारा जारी गरेको निर्वाचन आचारसंहिताले निर्दिष्ट गरेको मान्यतालाई पालना गरी निर्वाचनसम्बन्धी सूचना र समाचार सम्प्रेषण गर्दा सञ्चारमाध्यमको भूमिका स्वतन्त्र र निष्पक्ष हुनुपर्दछ । राजनीतिक दल, उम्मेदवार, समर्थक वा जोसुकैले पनि गैरकानुनी सूचना र समाचार प्रवाह गर्न

गराउन सञ्चारमाध्यमलाई दबाव दिन वा प्रभावमा पार्न हुँदैन। सञ्चारमाध्यमहरूले सुचना र समाचार सम्प्रेषण गर्दा निष्पक्षता र सन्तुलनका नियमलाई सम्मान र पालना गर्ने (respect rules of impartiality and balance) कुराहरूलाई व्यवहारमा रुपान्तरण गर्नुपर्ने हुन्छ । यसैगरी सबै दल र उम्मेदवारहरूलाई सञ्चारमाध्यमबाट समन्यायिक पहुँच (equitable access) दिनु पर्दछ । निर्वाचन आयोग र निर्वाचनमा संलग्न सबै निकाय र पदाधिकारीहरूले सञ्चार माध्यमलाई समयमै स्पष्ट सूचना र समाचारहरु उपलब्ध गराउनका निम्ति सक्रिय सूचना प्रवाहको व्यवस्था त्यत्तिकै आवश्यक हुन्छ ।

राष्ट्रिय सूचना आयोगले २०७८ चैत २८ गते निर्वाचन प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा आयोगका पदाधिकारी तथा कर्मचारीका साथै राजनैतिक दलका प्रतिनिधिहरु, विज्ञहरु, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा ३ वटा कार्यपत्रहरु प्रस्तुत भएका थिए । कार्यपत्र पेश भएपश्चात् सहभागीहरूले विभिन्न विषयमा सुझाव तथा जिज्ञाशाहरु राखेका थिए । सहभागीहरूले उठाएका विषयहरूको संक्षिप्त विवरण यसैसाथ संलग्न छ ।

आयोगले आयोजना गरेको उल्लेखित अन्तरक्रिया कार्यक्रममा पेश भएका कार्यपत्रहरूमा दिइएका सुझावहरु र सहभागीहरूले उठाएका विषयहरु बारेमा आयोगको बैठकमा छलफल भयो । सूचनाको हकसम्बन्धी कानूनमा भएका प्रावधान, प्रचलित कानूनी व्यवस्था तथा प्राप्त सुझावहरूको आधारमा देहायबमोजिम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १९ को खण्ड (ग) र (ङ) अनुसार नेपाल सरकारका सार्वजनिक निकायहरूलाई निर्वाचनका क्रममा तपसिलबमोजिम गर्न गराउन नेपाल सरकारका मुख्य सचिवको नाममा यो आदेश जारी गरेको छः-

- निर्वाचनलाई स्वच्छ, निस्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न गराउन नेपाल सरकारका सम्बद्ध निकायहरूको महत्वपुर्ण जिम्मेवारी रहने आयोगको ठहर रहेको छ ।
- निर्वाचनका सन्दर्भमा सार्वजनिक निकायहरूले जारी गर्ने सूचना समयमै सबै सर्वसाधारणले थाहा पाउने गरी प्रवाह गर्नु गराउनु,
- मिथ्या, गलत, भ्रमपुर्ण सूचनाहरूउपर निगरानी राख्न नियमनकारी निकायहरूलाई सकृय बनाउनु,
- नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको सूचना माग्ने र पाउने संवैधानिक हक निर्वाचनका क्रममा थप महत्वपूर्ण हुने हुँदा सार्वजनिक निकायहरूलाई सूचनाको हकप्रति संवेदनशील रहन सचेत गर्नु गराउनु ।

| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्ग) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७९ साल बैशाख ५ गते रोज २ शुभम् ।

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरूङ्ग**

**सूचना आयुक्त श्री कमला ओली थापा**

**सूचना आयुक्त श्री रत्नप्रसाद मैनाली**

**बाट जारी भएको**

**आदेश**

**२०७८/७९ सालको मुद्दा नं. ७८६**

**निर्णय नं. १४५२**

मोरङ्ग जिल्ला, दर्वेशा गा. वि. स.-६ हाल धनकुटा न. पा.-६ निवासी सरिता भण्डारी १ } पुनरावेदक

पक्ष

विरुद्ध

रजिष्ट्रारको कार्यालय, त्रि. वि., कीर्तिपुरका कार्यालय प्रमुख १ } विपक्षी

**विषयः- लिखित जवाफ पेश गर्नू ।**

यसमा पुनरावेदक मोरङ्ग जिल्ला, दर्वेशा गा. वि. स.-६ हाल धनकुटा न. पा.-६ निवासी सरिता भण्डारीको मिति २०७८।०९।१८ मा आयोगमा दर्ता गरेको सूचनादाताको संरक्षण गरि पाऊँ भन्ने २०६४ को दफा २९ को उपदफा (४) बमोजिमको उजुरीका सम्बन्धमा उल्लेखित विपक्षीलाई आदेश दिन नपर्नाको कुनै कारण भए सोको आधार र प्रमाणसहित बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र आयोग समक्ष लिखित व्यहोरा पठाउनू भनी

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ को उपदफा (५) बमोजिम विपक्षीका नाममा यो आदेश जारी गरिएको छ । सोही दफाको उपदफा (५) बमोजिमको कारबाही अगाडि बढाउन उजुरी पत्रको प्रतिलिपि साथै राखी विपक्षीलाई प्रस्तुत आदेशमा तोकिएको म्यादभित्र लिखित जवाफ पठाउन आदेशसहित लेखी पठाउनू । यस आदेशमा तोकिएको अवधिभित्र लिखित जवाफ पेश नभए नियमानुसार गरी पेश गर्नू ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरुङ्) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७८ साल माघ महिना २४ गते रोज २ शुभम् ।

## विषयः बधाई एवं कार्यान्वयन ।

श्री प्रमुख/अध्यक्ष

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका, सबै

बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित हुनु भएकोमा राष्ट्रिय सूचना आयोग यहाँहरूलाई हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछ । लोकतान्त्रिक पद्धतिको सबै भन्दा महत्वपूर्ण मापनको रूपमा रहेको मतदानको माध्यमबाट संघीयताको सबै भन्दा महत्वपूर्ण अंगका रूपमा रहेको स्थानीय तहको प्रमुख/अध्यक्षमा निर्वाचित भई आफूले मतदाताहरु समक्ष गरेका प्रतिबद्धता तथा प्रचलित कानूनी व्यवस्थाले जिम्मेवार बनाएका विषयहरूको कार्यान्वयन प्रभावकारी रूपमा सञ्चालन गर्ने अवसर यहाँलाई प्राप्त भएको छ । लोकतान्त्रिक पद्धतिले सार्वभौमसत्ता सम्पन्न जनतालाई समृद्ध र अधिकार सम्पन्न बनाउन सूचनाको हकसम्बन्धी व्यवस्थालाई संवैधानिक तथा कानूनी मान्यता प्रदान गरेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनले यहाँको विश्वसनीयता र स्वीकार्यतामा अभिबृद्धि हुने विश्वास तथा अपेक्षा आयोगले गरेको छ ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अपनाएको मुलुक हो । नेपालको संविधानको प्रस्तावनामा समृद्ध राष्ट्र निर्माण गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधान जारी भएको उल्लेख गरिएको छ । संविधानबमोजिम नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको छ ।

संविधानको धारा २७ मा सूचनाको हक अन्तर्गत प्रत्येक नागरिकलाई आk्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । नागरिकलाई सूचनाको हकको प्रत्याभूत गरिएकोले संविधानको यस धाराको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को परिभाषा खण्डमा सार्वजनिक निकायको परिभाषा गरिएको छ । जसअनुसार स्थानीय तह सार्वजनिक निकाय हुन् । साथै सोही ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने उल्लेख भएको, उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख गरी नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचना माग्ने र पाउने हकलाई प्रत्याभूत गरिएको छ । ऐनको दफा ३ को उपदफा ३ मा सूचना प्रवाह गर्न नपर्ने विषयहरु उल्लेख गरिएको छ । जुन स्थानीय तहको सन्दर्भमा लागू हुने अवस्था देखिँदैन । दफा ४ मा सार्वजनिक निकायको दायित्वका बारेमा उल्लेख भएको छ ।

यस आयोगमा सूचना माग गर्दा प्राप्त नभएको भनी पुनरावेदन भएको तथ्यांकको क्षेत्रगत स्थितिको मूल्याकंनका आधारमा नागरिकले सबैभन्दा बढी सूचना माग स्थानीय तहसँग सम्बन्धित विषयमा गरेको देखिनुले उक्त तहहरूबाट सम्पादन हुने कार्यहरु सरोकारवालाको प्रत्यक्ष सरोकारको विषय रहनु हो । स्थानीय सरकारका रूपमा रहेका स्थानीय तहहरूले कानूनले तोकेबमोजिम सार्वजनिक गर्नु पर्ने विषयका सूचना समयमै पारदर्शीरूपमा सार्वजनिक नगरेका कारणबाट पनि स्थानीय तहसँग नागरिकले बढी सूचना माग गरेका हुन सक्दछन् ।

सार्वजनिक सरोकार रहने विषय र कानूनलेसमेत स्वतः प्रकाशन गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको सूचना कानूनले तोकेको समयभित्रै सार्वजनिक गर्ने तथा सूचना मागकर्ताले माग गरेको सूचनाउपर समयमै सम्बोधन हुनु जरूरी छ । सूचनाको हकसम्बन्धी कानूनले नेपाली नागरिकलाई सूचनाको पहुँच हुनेछ भन्ने व्यवस्थाले कानूनले नदिनु भनेर तोकेभन्दा बाहेकका सार्वजनिक निकायमा रहने सबै सूचनाको जानकारी नागरिकलाई दिन आवश्यक देखिन्छ । हरेक सार्वजनिक निकाय आफूले गरेको कामको विवरण पारदर्शी रूपमा प्रकाशित गर्नुपर्ने कानूनी दायित्वबाट पन्छिन मिल्दैन ।

उल्लेखित सन्दर्भमा यस आयोगको २०७९ साल जेठ १० गते बसेको बैठकमा देहायबमोजिम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम यो आदेश जारी गरिएको छ ।

क. स्थानीय तहको कानून निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएका विषय बाहेक अन्य विषय गोप्य नरहने गरी मात्र कानून निर्माण गर्ने गराउने ।

ख. कानून तथा नीति निर्माण र बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सर्वसाधारण नागरिकको सहभागीता सुनिश्चित गर्न प्रस्तावित कानून, नीति, बजेट तथा कार्यक्रमउपर खुला छलफल तथा पृष्ठपोषण लिने व्यवस्था गर्ने ।

ग. स्थानीय तहमा रहेका नगर/गाउँसम्म, कार्यपालिका, वडा समितिले गरेका निर्णयहरु तत्काल स्थानीय तहको वेबसाईट, सूचनापाटी, स्थानीय सञ्चार माध्यम लगायतको माध्यम अपनाई सार्वजनिक गर्ने ।

घ. स्थानीय तहको खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने ।

ङ. स्वीकृत बजेट तथा कार्यक्रम र यसबमोजिम भएको प्रगतिको बारेमा नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

च. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक, सुविधा, खर्च लगायतको विवरण मासिक रुपमा सार्वजनिक गर्ने ।

छ. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले कानूनबमोजिम बुझाएको सम्पत्तिसम्बन्धी विवरण छुट्टै कानून वा निर्णय गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

ज. सूचनाको हक कार्यान्वयनका लागि प्रत्येक वर्ष छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने गराउने ।

झ. सूचनाको हकसम्बन्धी कानून तथा आयोगका आदेश पालना गर्न लगाउने ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरुङ्) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७९ साल जेठ १३ गते रोज ६ शुभम् ।

# अनुसूची- ७

## राष्ट्रिय सूचना आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही भएको विवरण

| क्र. सं. | पक्ष | विपक्ष | कार्यरत निकाय | आदेश मिति | जरिवाना रकम रु. |
|---|---|---|---|---|---|
| १. | सोम ढकाल | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१/- |
| २. | शंकर पौड्याल | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१/- |
| ३. | सन्तोष न्यौपान | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१/- |
| ४. | केशवराज रेग्मी | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१/- |
| ५. | भिमप्रसाद पुन | नारायणराज सापकोटा | ईलाका हुलाक कार्यालय, म्याग्दी | | १,००१/- |
| ६. | मुकेश सिंह | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१/- |
| ७. | पवन के.सी. | परीक्षा नियन्त्रक | त्रिभुवन विश्वविद्यालय | | १,१०१/- |
| ८. | माधवराज पाण्डे | सुजता मानन्धर | आदर्श विद्यामन्दिर, ललितपुर | | १,००१/- |
| ९. | ललितप्रसाद सिंह | शिवचरण सिह | मावि बनैनीया | | १,००१/- |
| १०. | हृदय रत्न शाक्य | मिनुशोभा तुलाधर | राष्ट्रिय विधिविज्ञान प्रयोगशाला | | १,००१/- |
| ११. | गिर्वाणकुमार शर्मा | प्रविणकुमार मिश्र | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | | १,००१/- |
| १२. | केदारप्रसाद गौतम | बाबुराम श्रेष्ठ | साप नेपाल | | २,०००/- |
| १३. | विजयसिह सिजापती | अध्यक्ष, | त्रि. वि. वि सेवा आयोग | | १०१/- |
| १४. | चुन्दा बज्राचार्य | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१/- |
| १५. | सुरेशदास श्रेष्ठ | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१/- |
| १६. | डा. सुवोध ढकाल | अध्यक्ष | त्रि. वि. वि सेवा आयोग | | १०१/- |
| १७. | रामपुकार रौनियार | कार्यकारी अधिकृत र सूचना अधिकारी | वीरगञ्ज उपमहानगरपालिका | २०७३।०९।२२ | १०,०००/- |
| १८. | इन्द्रदेवप्रसाद यादव | प्रध्यानाध्यापक | श्री पन्नादेवी कन्या उच्च मावि, बारा | २०७४।०७।०७ | ५,०००/- |
| १९. | एकराज सिलवाल | अध्यक्ष, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक | जुद्धोदय माध्यमिक विद्यालय, काठमाडौं | २०७६।०१।२६ | १५,०००/- |
| २०. | रामपुकार रौनियार | प्रधानाध्यापक जि.एस चौधरी | दिल्ली पब्लिक स्कूल, लिपनीमाल-८, बारा | २०७६।०४।१७ | ३,०००/- |
| २१. | जयप्रकाश साह समेत | कार्यालय प्रमुख नि. प्रमुख प्रशासकीय अधिकृत नन्दकिशोर गुप्ता र सूचना अधिकारी दिपेश रौनियार | ईशनाथ नगरपालिकाको कार्यालय, रौतहट | २०७६।०५।३१ | ७,०००/- |
| २२. | दामोदर प्रसाद दाहाल | कार्यकारी निर्देशक सि.ए. संजय कुमार सिन्हा | नेपाल चार्टड एकाउन्टेट संस्था ललितपुर | २०७६।११।११ | १०,०००/- |
| २३. | आशिष पौडेल | शिक्षाध्यक्ष | त्रि. वि. वि. | २०७७।०८।२५ | ५,०००/- |
| २४. | अंगराज भारती | कार्यालय प्रमुख | लक्ष्मी बैंक, केन्द्रीय कार्यालय | २०७७।०८।२५ | १०,०००/- |
| २५. | अंगराज भारती | कार्यालय प्रमुख | बैंक अफ काठमाण्डु, केन्द्रीय कार्यालय | २०७७।०९।०२ | १०,०००/- |
| २६. | अंगराज भारती | कार्यालय प्रमुख | प्राइम बैंक, केन्द्रीय कार्यालय | २०७७।०९।०२ | १०,०००/- |
| २७. | रामप्रसाद दाहाल | पदपूर्ति समितिका अध्यक्ष | नेपाल खुला विश्वविद्यालय | २०७७।१०।१२ | ५,०००/- |
| २८. | जीवन खनाल | प्रधानाध्यापक | बुद्धनगर आधारभूत विद्यालय | २०७८।०३।१७ | ५,०००/- |
| २९ | आदित्य दाहाल | कार्यालय प्रमुख प्रा. धनप्रसाद पण्डित | पद्यकन्या बहुमुखी क्याम्पस, बागबजारका | २०७८।०६।२० | १५,०००/- |
| २९. | बल बहादुर प्रधान | कार्यकारी निर्देशक डा. घनश्याम खतिवडा | पशुपति क्षेत्र विकास कोषको कार्यालय, गौशाला | २०७८।०७।१५ | १५,०००/- |
| ३०. | हेमचन्द्र घिमिरे | लक्ष्मी प्रसाद पौडेल | धरान उपमहानगरपालिकाको कार्यालय, सुनसरी | २०७८।१२।१७ | १०,०००/- |
| ३१. | एक्रामुल हक | बैंजु ठाकुर | राजपुर नगरपालिकाको कार्यालय, रौतहट | २०७९।०३।१३ | १०,०००/- |
| ३२. | राजीब दास | परीक्षा नियन्त्रक, पुष्पराज जोशी | त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खु | २०७९।०४।०५ | २०,०००/- |

## अनुसूची- ८

# आर्थिक वर्ष २०७८।७९ मा जिल्लास्थित कार्यालय प्रमुखहरूसँग सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रमको तालिका

| सि.नं. | | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी लगायतहरूसँग अन्तरक्रिया कार्यक्रम | प्यूठान | २०७८।०८।०२ | २ | ८७ | ८९ |
| २ | | सप्तरी | २०७८।०८।१५ | २० | ११६ | १३६ |
| ३ | | महोत्तरी | २०७८।०८।१३ | ० | ९३ | ९३ |
| ४ | | मनाङ | २०७९।०२।२५ | २ | ६१ | ६३ |
| ५ | | कैलाली | २०७८।०८।२७ | ११ | ८५ | ९६ |
| ६ | | रूकुम पश्चिम | २०७८।११।१० | १० | ८२ | ९२ |
| ७ | | रूकुम पूर्व | २०७८।११।०९ | १६ | ५४ | ७० |
| ८ | | पाँचथर | २०७८।११।२३ | १२ | ६३ | ७५ |
| ९ | | खोटाङ | २०७८।१२।१३ | ८ | ७९ | ८७ |
| १० | | मनाङ | २०७९।०२।२५ | २ | ६१ | ६३ |
| | | जम्मा | | ८३ | ७८१ | ७९४ |

| सि.नं. | | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहका जनप्रतिनिधिहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | थाहा नगरपालिका, मकवानपुर | २०७८।०६।१८ | ७ | ५९ | ६६ |
| २ | | धनगढीमाई नगरपालिका, सिरहा | २०७८।०८।१६ | २६ | ७५ | १०१ |
| ३ | | भीमदत्त नगरपालिका, कञ्चनपुर | २०७८।०८।२८ | २३ | ६५ | ८८ |
| ४ | | माइ नगरपालिका, इलाम | २०७८।११।२२ | २३ | ४७ | ७० |
| ५ | | व्यास नगरपालिका, तनहुँ | २०७८।१२।२५ | २२ | ८० | १०२ |
| | | जम्मा | | १०१ | ३२६ | ४२७ |

## अन्य कार्यक्रम

| सि.नं. | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय सूचना दिवस | २०७८।०६।१२ | १८ | ५५ | ७३ |
| २ | आयोगको स्थापना दिवस | २०७९।०१।२२ | १५ | ५ | २० |
| ३ | सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयक राष्ट्रिय गोष्ठी | २०७९।०९।१२ | २० | ८३ | १०३ |
| ४ | सूचनाको हक कार्यान्वयनमा संसदीय समितिको भूमिका | २०७९।०२।१६ | ७ | ४६ | ५३ |
| ५ | खुल्ला शासन विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम, पोखरा | २०७९।०३।२२ | ८ | ८० | ८८ |
| ६ | खुल्ला शासन विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम, बुटवल | २०७९।०३।२४ | १४ | ६१ | ७५ |
| ७ | नेपाल पत्रकार महासंघमार्फत् सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०७९।०३।२१ र २२ | ३० | ११० | १४० |
| ८ | सूचनाको हकसम्बन्धी राष्ट्रिय सञ्जालबाट सूचनाको हकसम्बन्धी कार्यक्रम | २०७९।०३।५ र २० | ३८ | ११० | १४८ |
| ९ | उच्च अदालतका न्यायाधीशहरूसँग अन्तरक्रिया कार्यक्रम | २०७९।०३।०३ | ८ | ६८ | ७६ |
| १० | निर्वाचन प्रक्रियामा सही सूचना विषयक अन्तरक्रिया कार्यक्रम | २०७८।१२।२८ | १५ | ८६ | १०१ |
| ११ | सूचनाको हक प्रभावकारी कार्यान्वयनमा संसदीय समितिको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम | २०७९।०२।१७ | १४ | ३९ | ५३ |

# अनुसूची- ९

# १५ औं राष्ट्रिय सूचना दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाबाट व्यक्त शुभकामना सन्देश

प्रधानमन्त्री

काठमाडौं, नेपाल

**सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूबाट १५औं राष्ट्रिय सूचना दिवसका अवसरमा व्यक्त शुभकामना सन्देश**



सूचनाको हक सम्बन्धी १५औं राष्ट्रिय सूचना दिवसका अवसरमा शुभकामना व्यक्त गर्दछु ।

नागरिकको सूचना पाउने अधिकारलाई लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ बनाउने उद्देश्यका साथ नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक सुनिश्चित गरिएको हो । यस मौलिक हकको कार्यान्वयनका सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कानूनी प्रत्याभुति छ ।

लोकतान्त्रिक पद्धतिको सुदृढीकरणका लागि नागरिकलाई सक्षम बनाउनु पर्छ । विश्वका धेरै देशमा सूचनाको हक सम्बन्धी व्यवस्था गरिएको छ । संघीय शासन प्रणालीमा सूचनाको हक महत्त्वपूर्ण छ । नेपालमा पनि सूचनाको हकको सफल कार्यान्वयनबाट सुशासन कायम गरी नागरिकलाई सुसूचित र सक्षम बनाउन सकिन्छ भन्नेमा म विश्वस्त छु । सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट मात्र सार्वजनिक निकायहरूलाई पारदर्शी, नागरिकप्रति जिम्मेवार, उत्तरदायी र जवाफदेही बनाउन सकिन्छ ।

विश्वव्यापी फैलिएको कोरोना महामारीका बेलामा सूचनाको हकको कार्यान्वयन थप महत्त्वपूर्ण र उपयोगी भएको छ । कोरोना भाइरस नियन्त्रणका लागि सङ्क्रमितको सङ्ख्याको आधारमा देशका कतिपय स्थानहरूमा निषेधाज्ञा जारी गर्नुपरेको अवस्था छ । यस परिस्थितिमा सम्बद्ध सबै पक्षलाई सही, सत्यतथ्य र आधिकारिक सूचना प्रवाह गर्न र त्यसको पालना गर्न गराउन अझै महत्त्वपूर्ण छ ।

धन्यवाद ।

३ भदौ, २०७८

शेरबहादुर देउवा

## अनुसूची- १०

# १५ औं राष्ट्रिय सूचना दिवस र आयोगको प्रतिबद्धता

# राष्ट्रिय सूचना आयोग

का.म.न.पा.-१० (देवीनगर), काठमाडौं



## १५औं राष्ट्रिय सूचना दिवस र आयोगको प्रतिबद्धता

नेपालको संविधानमा सूचनाको हकलाई महत्वपूर्ण मौलिक हकका रुपमा स्वीकार गरिएको छ । सूचनाको हकसम्बन्धी कानून २०६४ साल भदौ ३ गते देखि कार्यान्वयनमा आएको हुँदा यसै दिनलाई राष्ट्रिय सूचना दिवसका रुपमा मनाउन थालिएको र आज हामी १५ औं राष्ट्रिय सूचना दिवस मनाउँदै छौं । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका कारण यस वर्ष पनि नेपाल सरकारबाट भेला र जमघटमा प्रतिबन्ध तथा निषेधाज्ञा जारी गरिएको हुँदा यो दिवस औपचारिक समारोह गरी मनाउन सम्भव रहेन ।

कोरोना महामारीले आक्रान्त पार्दै गरेको अवस्थामा सही, तथ्यगत र अधिकारिक सूचनाको महत्व स्वाभाविक रुपमा अझ बढी हुन्छ । महामारीबाट जोगिन पालना गर्नु पर्ने नियम, अपनाउनु पर्ने सावधानी, नागरिकलाई महामारीबाट जोगाउन तथा महामारी नियन्त्रणका लागि सरकारका तर्फबाट भए/गरिएका प्रयास तथा योजनाका बारेमा यथासमयमा सर्वसाधारण नागरिकसम्म जानकारी पुग्ने गरी सूचना प्रवाह गर्न गराउन पनि संघ र प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गर्दछ ।

लोकतान्त्रिक पद्धतिमा कानूनको परिपालना अनिवार्य हुन्छ । मौलिक हकका रुपमा रहेको सूचनाको हकको कार्यान्वयनको प्राथमिक दायित्व सार्वजनिक निकायको हुन्छ । तसर्थ सूचना सार्वजनिक गर्न र मागिएको सूचना सहज रुपमा उपलब्ध गराउन सार्वजनिक निकायको अग्रसरता र सकरात्मक भुमिकाको अपेक्षा आयोगले गरेको छ ।

सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन र नागरिक तहसम्म पुऱ्याउन थप प्रयासहरु गर्न आवश्यक छ । यस सन्दर्भमा सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, नागरिक समाजका तहबाट भएका प्रयासहरु सन्हानीय छन् र यसप्रति आयोग सदा आभारी छ । आयोग सबैसँग सहकार्यका लागि सदा तत्पर छ । आयोगलाई विभिन्न माध्यमबाट अघि बढ्न प्रेरित गर्ने र आयोगले गरेका कामहरुमा साथ दिनुहुने, आयोगका कार्यलाई उपलब्धीमूलक बनाउन निरन्तर लागिरहने र आयोगका सचिवालयमा कार्यरत राष्ट्रसेवक कर्मचारी सबैप्रति आभार व्यक्त गर्दै निरन्तर साथ र सहयोग प्राप्त हुने अपेक्षा आयोगले गरेको छ । यो अवसरमा आफूलाई दिइएको जिम्मेवारीमा खरो उत्रने प्रतिबद्धता व्यक्त गर्दै आयोग सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

२०७८ भदौ ३

महेन्द्र मान गुरुङ
प्रमुख सूचना आयुक्त

# अनुसूची- ११

# सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाको राष्ट्रिय सूचना आयोगको १५ औ स्थापना दिवसको अवसरमा

## शुभकामना सन्देश

**प्रधानमन्त्री**

**काठमाडौँ, नेपाल**



## शुभकामना

सुशासन र लोकतान्त्रिक शासन पद्धतिको महत्त्वपूर्ण स्तम्भका रूपमा रहेको सूचनाको हकको प्रवर्द्धन, संवर्द्धन र प्रचलनका लागि स्थापित राष्ट्रिय सूचना आयोग पन्ध्र वर्षमा प्रवेश गर्न लागेको सुखद अवसरमा आयोगका पदाधिकारी, कर्मचारी, सूचना अधिकारकर्मी लगायत सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकका रूपमा स्थापित गर्दै प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको प्रत्याभूति गरेको छ। संविधानले प्रत्याभूत गरेको सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्दै सार्वजनिक निकायको काम कारबाहीमा स्वच्छता, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी लोकतान्त्रिक शासन पद्धतिलाई सुदृढ तुल्याउन हामी सबै प्रतिबद्ध हुन आवश्यक छ।

लोकतन्त्रको संस्थागत विकासका निम्ति राज्यको कामकारबाही पारदर्शी र जनउत्तरदायी हुनुका साथै सार्वजनिक निकायहरूको सूचनामा नागरिकको सहज पहुँच हुनुपर्दछ। नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्दछ। सही सूचनाको प्रवाहद्वारा नै शासन-व्यवस्थाप्रति नागरिक सहभागिता बढ्न गई शासन-व्यवस्थाले वैधता प्राप्त गर्दछ। सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट राज्यका क्रियाकलापलाई पारदर्शी बनाउँदै मुलुकमा सुशासन कायम गर्न समेत सहयोग पुग्दछ। तसर्थ संविधान र प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सूचनाको हकको कार्यान्वयनका लागि सबै सार्वजनिक निकायलाई थप जिम्मेवार भएर अघि बढ्न आह्वान गर्दछु।

राष्ट्रिय सूचना आयोगले स्थापना कालदेखि नै सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि अग्रणी भूमिका निर्वाह गर्दै आएकोमा यो भूमिकालाई आगामी दिनमा अझ सशक्त बनाउँदै सार्वजनिक सूचनाहरूमा आम नागरिकहरूको सहज पहुँच सुनिश्चित गर्न थप योगदान पुऱ्याउने विश्वास लिएको छु। अन्त्यमा सूचनाको हक जस्तो महत्त्वपूर्ण नागरिक हकलाई आगामी दिनमा थप प्रभावकारी बनाउन यस दिवसले हामी सबैलाई प्रेरणा मिलोस् भन्दै राष्ट्रिय सूचना आयोगको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**जय नेपाल**

२२ **वैशाख**, २०७९

**शेरबहादुर देउवा**

# अनुसूची- १२

# राष्ट्रिय सूचना आयोगको १५ औं स्थापना दिवसका अवसरमा प्रतिवद्धता

## राष्ट्रिय सूचना आयोग

बानेश्वर-१०, देवीनगर, काठमाडौं, नेपाल



### राष्ट्रिय सूचना आयोगको १५औं स्थापना दिवसका अवसरमा प्रतिबद्धता

राष्ट्रिय सूचना आयोग गठन भएको आज १४ वर्ष पूरा भई १५ वर्षमा प्रवेश गरेको छ। नेपालको संविधानको धारा २७ मा सूचनाको हकलाई महत्त्वपूर्ण मौलिक हकका रूपमा स्वीकार गरिएको छ। लोकतन्त्रको संस्थागत विकासका निम्ति राज्यको कामकारवाही र सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच हुनुपर्छ। नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्छ। सूचनाको हकले शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै नागरिकको सशक्तीकरणद्वारा सुशासनको प्रवर्द्धन र लोकतन्त्रको सुदृढीकरण गर्दछ।

निर्वाचनका क्रममा सही, तथ्यगत र आधिकारिक सूचनाको महत्त्व स्वाभाविक रूपमा अझ बढी हुन्छ। भ्रामक र गलत सूचना, समाचार तथा अफवाहले स्वतन्त्र, निष्पक्ष तथा स्वच्छ रूपमा हुनुपर्ने निर्वाचनमा नकारात्मक असर पर्ने सम्भावना हुँदा यस्ता सूचना सम्प्रेषण नगर्न आग्रह गर्दै गलत सूचनाको पछाडि नलाग्न पनि आयोग अनुरोध गर्दछ।

सूचनाको हकलाई सङ्घदेखि स्थानीय तह सम्मका सार्वजनिक निकाय, नागरिक तथा सूचनाको हकका अभियन्ताहरूसम्म पुर्‍याउने तथा सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्न/गराउन आयोगले उत्प्रेरित गर्ने कार्य गरिरहेको छ। अन्तर्क्रिया तथा अन्य कार्यक्रम मार्फत सूचनाको हकको कानूनी व्यवस्था तथा प्रयोगका बारेमा सचेतना गराउने कार्य आयोगका तर्फबाट नियमित रूपमा भइरहेको छ। संविधान र कानूनले प्रत्याभूत गरेको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारको अधिकाधिक सदुपयोग गर्न आमनागरिकलाई आयोग आह्वान गर्दछ।

मौलिक हकका रूपमा रहेको सूचनाको हकको कार्यान्वयनको प्राथमिक दायित्व सार्वजनिक निकायको हुन्छ। स्वाभाविक रूपमा सार्वजनिक निकायका पदाधिकारीहरू सूचना माग कर्ता नागरिकभन्दा सुविधाजनक स्थितिमा हुन्छन्- स्रोत, साधन र पहुँचका हिसाबमा। तसर्थ सूचना सार्वजनिक गर्न र मागिएको सूचना सहज रूपमा उपलब्ध गराउन सार्वजनिक निकायको अग्रसरता र प्रयासको अपेक्षा आयोगले गरेको छ ।

क्रमशः सूचना माग गर्ने सङ्ख्या बर्सेनि वृद्धि हुँदै गइरहेको छ। सूचना माग गर्दा सूचना प्राप्त नभएपछि आयोगमा प्राप्त हुने पुनरावेदनको सङ्ख्या ८ हजारभन्दा बढी नाघिसकेको छ। सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको संवैधानिक र कानूनी अधिकारको सम्मान र पालना नगर्ने ३१ वटा सार्वजनिक निकायका प्रमुखमाथि कारवाही भएको छ। यसबाट सूचनाको हकलाई कार्यान्वियन गर्नुपर्नेरहेछ भन्नेमा सार्वजनिक निकायका जिम्मेवार अधिकारीहरूलाई यसले थप सजग हुन सचेत गराउनेछ भन्ने विश्वास आयोगको रहेको छ।

सूचनाको हकको कार्यान्वियन प्रभावकारी बनाउन र नागरिक तहसम्म पुर्‍याउन थप प्रयास गर्न आवश्यक छ। यस सन्दर्भमा सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, नागरिक समाजका तहबाट भएका प्रयास सराहनीय छन्। सूचनाको हकको प्रयोगमा महत्त्वपूर्ण योगदान पुर्‍याउनुहुने सञ्चारकर्मी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सूचना अधिकारी लगायतप्रति आयोग सदा आभारी रहन्छ। सूचनाको हकको कार्यान्वियनमा सरोकारवालाहरूको सहयोग, समन्वय र समझदारीमा मात्र सम्भव हुने हुँदा आयोग सबैसँग सहकार्यका लागि सदा तत्पर छ। तमाम समस्याका बीच अघि बढ्न प्रयास गरिरहेको आयोगलाई विभिन्न माध्यमबाट अघि बढ्न प्रेरित गर्ने र आयोगले गरेका कामहरूमा साथ दिनुहुने, आयोगका कार्यलाई उपलब्धिमूलक बनाउन निरन्तर लागिरहने आयोगका सचिवालयमा कार्यरत राष्ट्रसेवक कर्मचारी सबैप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सदा झैँ साथ र सहयोग प्राप्त हुने अपेक्षा आयोगले गरेको छ। आयोग स्थापना दिवसको यो अवसरमा आफूलाई दिइएको जिम्मेवारीमा खरो उत्रने प्रतिबद्धता व्यक्त गर्दै आयोग सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ।

**२०७९ वैशाख २२ बिहिबार**

**महेन्द्र मान गुरुङ**
**प्रमुख सूचना आयुक्त**

# अनुसूची- १३

# विगतका वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

## २०६५/६६ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ सूचनाको हक, आयोग र संविधान**

लोकतन्त्र जनताको अभिमतबाट चल्ने व्यवस्था भएको हुनाले यो शासकीय पद्धतिलाई बलियो र सुचारू बनाउनका लागि सबै लोकतान्त्रिक देशमा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई मौलिक अधिकारको रुपमा राखिएको हुन्छ । नेपालको नयाँ संविधानमा पनि यी अधिकारहरूलाई नागरिकका मौलिक अधिकारका रुपमा राखिने छ भन्ने कुरामा शंका छैन । तर अधिकारलाई संविधानमा मात्रै सीमित नगरेर प्रभावकारी रुपमा लागू गर्नका लागि चाहिने कानुन र कानुन लागू र अनुगमन गर्ने गराउने स्वतन्त्र निकाय बनाउने सम्बन्धमा पनि स्पष्ट व्यवस्था हुनु आवश्यक छ । यस्तो निकायमा राज्यका सबै अंगमा सूचना प्रवाह गराउने दायित्व हुने हुनाले राष्ट्रिय सूचना आयोगलाई शक्तिशाली, स्वतन्त्र र सक्षम बनाउने व्यवस्था पनि संविधानमै उल्लेख हुनु अनिवार्य छ ।

**२ सूचनाको हक र सूचनाका माध्यम तथा प्रविधिहरू**

सूचना तथा संचारका शीध्र, सरल र सस्ता नवीनतम माध्यम तथा प्रविधिहरूको निरन्तर विकास भइरहेको सन्दर्भमा सूचना अभिलेखन, व्यवस्थापन, संप्रेषण र संरक्षणका उपयुक्त माध्यम र प्रविधि अपनाइएन भने कालान्तरमा संरक्षित सूचना उपयोग गर्न नसकिने, नष्ट हुने, प्रविधि उत्पादक, नियन्त्रक कम्पनीको प्रभाव र दवाब सहनु पर्ने आदि नकारात्मक परिणाम हुन सक्छ । उदाहरणका लागि अहिले नेपालका झण्डै सबैजसो सरकारी तथा गैरसरकारी निकायले डिजिटल स्वरूपमा सूचना तयार गर्दा माइक्रोसफ्ट कम्पनीका सफ्टवेयरहरूको प्रयोग गरिन्छ । तर ती सफ्टवेयरहरु सित्तैमा प्रयोग गर्न पाइने सफ्टवेयर होइनन् । कपीराइटसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नभएको र कम्पनीले आँखा चिम्लेको अवस्थामा यस्तो भइरहको बुझिन्छ । यो स्थिति कायम रहनु उपयुक्त होइन । यसैले नेपाल सरकारले सकेसम्म चाँडो प्रविधि निर्धारक कार्यदल गठन गरी सरकारी कार्यालयले प्रयोग गर्ने सफ्टवेयरहरूका सम्बन्धमा नीति तथा ऐनकानुन बनाउनु अतिआवश्यक छ ।

**३ सूचनाको हक र राजनीतिक संकल्प**

सूचनाको हकसम्बन्धी ऐन बनाउने र संसद्मा परित गराउने चरणमा नागरिक समाज र राजनीतिक नेतृत्वमा जुन उत्साह देखिन्छ त्यो पछिसम्म कायम राख्नु सबै मुलुकका लागि समस्या बनेको देखिन्छ । ऐन बनेपछि राजनीतिक इच्छाशक्तिमा ह्रास आयो भने त्यसलाई प्रभावकारी ढंगले लागू गर्ने कुरामा राजनीतिक तथा प्रशासनिक नेतृत्वमा उत्साह र प्रतिवद्धता हुँदैन, लागू गर्ने निकायहरूमा नकारात्मक सन्देश पुग्छ । फलस्वरूप ऐनप्रति वेवास्ता र उपेक्षा बढ्छ । त्यसैले सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा राजनीतिक नेतृत्वले आफू दृढ रहेको स्पष्ट सन्देश दिनुपर्छ । किनकि यसको अभावमा राज्यका अन्य अंग र संयन्त्रहरूले जनतालाई सूचनामा पहुँच दिने काम उत्साहपूर्वक गर्न सक्तैनन् । त्यसैले राजनीतिक नेतृत्वलगायत राज्यका हरेक अंगका नेतृत्व र नीति निमार्णको तहका पदाधिकारीहरूले सूचनाको हक लागू गर्ने कामलाई सक्रिय भएर प्रोत्साहित गर्नु आवश्यक हुन्छ । खुलापनको नयाँ संस्कृति र वातावरणप्रति आफ्नो निरन्तर र स्पष्ट समर्थन छ भन्ने प्रतिवद्धता सबैले सँधै जनाउनु पर्छ ।

**४ सूचनाको हक र प्रेस/मिडिया**

सूचनाको हकको कुरा गर्दा सबैभन्दा पहिले सरकारी तथा सार्वजनिक निकायमा रहेका सूचनामा पहुँचको अधिकारको कुरा आउँछ । निश्चय पनि सूचनाको हकको यो सबैभन्दा महत्वपूर्ण पक्ष हो । तर सूचना प्रवाहित गर्ने माध्यम, खास गरी प्रेसको पनि यसमा महत्वपूर्ण भूमिका र दायित्व हुन्छ । हाम्रो जस्तो समाजमा जहाँ आमजनता आफै कुनै सार्वजनिक निकायमा गएर सूचना माग्ने अवस्थामा छैनन्, त्यहाँ प्रेसले नै नागरिकको सूचनामा पहुँचलाई सहज बनाउने भूमिका खेल्नसक्छ । यसको लागि प्रेस स्वयम् पनि सक्षम र जिम्मेदार बन्नु आवश्यक छ । अचेल दिनदिनैजसो मिडियामा गलत समाचार आइरहेका हुन्छन् तर तिनलाई सच्याउने काम गरिन्न । सच्याए पनि प्रभावकारी रुपमा गरिँदैन । मानिसहरूले तिनै गलत समाचारको आधारमा कुनै विषय वा घटनाको बारेमा विश्लेषण गर्छन्, आफ्नो विचार बनाउँछन्, निर्णय लिन्छन् । त्यस्ता विश्लेषण, निर्णय र विचारले निश्चय नै नकारात्मक र हानीकारक प्रभाव पार्न सक्छन् । सही समाचार प्रवाहित गर्ने दायित्वलाई पालन गरिएन भने आमनागरिक सूचनाको हकबाट बंचित हुनसक्छन् । नेपाल अहिले जुन राजनीतिक संक्रमणकालबाट गुज्रिरहेको छ त्यसलाई ध्यानमा राख्दा प्रेसको सही सूचना प्रवाहित गर्ने दायित्व अझै महत्वपूर्ण छ । '..... प्रेस स्वतन्त्रताको नारा ठोस रुपमा 'सूचनाको हक' (वा सूचनामा पहुँच) तर्फ केन्द्रित हुनु पर्छ । प्रत्येक विषयसँग गाँसिएका सम्पूर्ण सूचना सर्वसाधारणको अधिकार हो । किनभने आममानिसको जीवन सरल बनाउन एवं जनगणको हक सुनिश्चित गर्ने नाममा सरकार क्रियाशील हुने गर्छ । सरकारका यिनै कार्यलाई निगरानी गर्न मिडियाले सूचना प्रवाह गर्ने दाबी गरिरहे पनि वास्तवमा प्रेस स्वतन्त्रताको आवरणमा मिडियाले वर्चश्ववादीहरूको आर्थिक-राजनीतिक एवं सामाजिक फाइदाको लागि बढी योगदान गरेको पाइन्छ । मिडियाको यो सामाजिक स्वार्थ-सम्बन्धलाई

उपभोक्ताको हितमा रूपान्तरण गर्न सूचनामा सर्वसाधारणको पहुँच हुने वैकल्पिक आन्दोलनहरु अबका माग हुन् । केवल प्रतिक्रिया, वक्तव्यबाजी एवं भर्त्सनाको माध्यमबाट प्रेस स्वतन्त्रता हासिल गर्ने अपेक्षा गरियो, आक्रमण एवं घटनाहरूको ठोस छानबिन गर्दै मिडियामा गहकिलो सामग्री उत्पादन गरिएन, भाषणवाजी एवं प्रदर्शनमा बढी जोड दिइयो भने तात्विक परिवर्तन हुने छैन । सार्थक परिवर्तनको अपेक्षा गर्ने हो भने मिडियामा वैकल्पिक प्रारूपहरु निर्माण हुनु आवश्यक छ । यसले मात्र लोकतान्त्रिक समाज व्यवस्था निर्माण गर्न सघाउने छ ।" ("प्रेस स्वतन्त्रताको व्यावसायिक र राजनीतिक सन्दर्भ", भाष्कर गौतम, मिडिया अध्ययन ३, पृष्ठ ५५, मार्टिन चौतारी, २०६५) जनताले मिडियाबाट विभिन्न प्रकारका कुराहरु थाहा पाउने अपेक्षा गर्छन् । समाजमा भइरहेका महत्वपूर्ण विषयहरूबारे मिडियाले जानकारी गराइराखोस् भन्ने पनि उनीहरु चाहन्छन् । संसद्मा कुनै कानुन पास हुन लागेको छ, अदालतमा महत्वपूर्ण मुद्दामा बहस भइरहको छ, सरकारले कुनै ठूलो आर्थिक नीति बनाउँदैछ वा कसैलाई भ्रष्टाचारको आरोप लागेको छ भने मिडियाले ती विषयमा सूचित गरोस् भन्ने आमजनताले आशा गर्छन् । त्यसैले मिडियाले आफू सूचित भएर जनतालाई सुसूचित गर्नका लागि सूचनाको हकसम्बन्धी ऐनको उपयोग गर्नु अति जरूरी छ ।

**५ सूचनाको हक र गैरसरकारी संस्था**

लोकतान्त्रिक राज्यमा मानवअधिकार तथा नागरिकका लोकतान्त्रिक अधिकारहरूको संरक्षण र सम्बर्द्धन गराउन, अन्तरराष्ट्रिय सन्धि सम्झौता अनुवन्धहरु पालन गराउन र यससम्बन्धी कानुनहरु कार्यान्वयन गराउन सचेतना अभियान सञ्चालन गर्नेदेखि लिएर सडकमा शान्तिपूर्ण संघर्ष गर्ने काम नागरिक समाजले गर्छन् । नेपालमा मानवअधिकार र सुशासनको लागि धेरै वर्षदेखि धेरै संस्थाहरूले नागरिक समाजको प्रतिनिधित्व गर्दै यो काम गरिरहेका छन् ।

संयुक्त राष्ट्र संघको सन् १९४८ मा पारित मानवअधिकारको घोषणा पत्रको धारा १९ मा सूचनाको अधिकार मानवअधिकारको रूपमा उल्लिखित छ । त्यसमा भनिएको छः "हरेक व्यक्तिलाई विचार र राष्ट्रिय सूचना अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकारभित्र कुनै बाधाबिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।" तैपनि सूचना अधिकारको विषय नेपालको लागि तुलनात्मक रूपमा नयाँ हो । तर यो अधिकार अरू सबै मानवअधिकारको पनि आधार हो भन्ने कुरा बिर्सनु हुँदैन । सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियोः सूचनाको हक मानिसको मौलिक अधिकार हो … यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो । त्यसैले समयको मागअनुसार नेपालका मानवअधिकारका लागि काम गरिरहेका गैरसरकारी संस्थाहरूले मानवअधिकारका अन्य विषयमाभन्दा सूचनाको हक स्थापित गर्ने काममा विशेष रूपमा सक्रिय हुनु आवश्यक छ ।

**६ सूचनाको हक र प्रशासनिक संयन्त्र**

खुलापनलाई प्रवर्द्धन गर्नु राज्यका सबै पदाधिकारीहरूको जिम्मेवारी हो । तर, व्यवहारमा राजनीतिक नेतृत्वले परिवर्तनलाई समर्थन गर्दा पनि, कर्मचारीतन्त्रको फलामे ढाँचाले खुलापनलाई बाधा पुऱ्याउन सक्छ । वर्षौंदेखि चलिआएको राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रमा जरा गाडेको गोपनियताको संस्कार र संस्कृतिले पारदर्शिता र खुलापनलाई हुर्कन दिँदैन । सूचना, जानकारीहरु आफ्नो नियन्त्रणमा राख्न चाहने र चाहिने व्यक्तिलाई पनि नदिने प्रवृत्तिले हाम्रो समाज, सरकार र प्रशासनयन्त्रमा गहिरोसँग जरा गाडेको छ । यो प्रवृत्तिले राज्यको प्रशासन संयन्त्र र कर्मचारीतन्त्रलाई जिम्मेवारीविहीन बनाउँछ । फलस्वरूप जनता लोकतान्त्रिक अधिकार र अवसरहरूबाट बंचित हुन्छन् । लोकतन्त्र व्यवहारमा लागू हुन सक्तैन । यसैले सूचनाको हकसम्बन्धी ऐन कानुन चाहिएको हो । विश्वमा लामो लोकतान्त्रिक शासन परम्परा भएका मुलुकहरूमा पनि सरकारी सूचनामा पहुँच र पारदर्शितामा सरकारी प्रशासनिक संयन्त्र अनिच्छुक र असहयोगी देखिएका घटनाहरु बेलाबेलामा देखिन्छन् । भारतमा सूचनाको हक कानुन सन् २००५ मा लागू भएको केही समयमै त्यहाँको व्युरोक्रेसीले सूचनाअधिकार कानुनलाई खुम्च्याउने विधेयक ल्याउन सम्बन्धित मन्त्री र राजनीतिक दलका नेताहरूलाई दवाव दिएको थियो । भारतमा सूचना अधिकारका लागि लडेका नागरिक समाजका अनुभवी अगुवाहरूको विचारमाः "स्पष्टै छ कि कर्मचारीहरूको एउटा हिस्साले सूचनाको हकलाई अप्रासंगिक बनाउने हरसम्भव प्रयास गर्छ । सूचनाको हक माग्ने निवेदकहरूलाई दुःख दिन, अपमानित गर्न सक्छन् । सूचनाको दुरूपयोग कसरी रोक्ने भन्ने बहस, विवाद पनि खडा गर्न सक्छन् । यो ऐन लागू हुन नदिन वा यसलाई अधुरो बनाउन कोसिस गर्न सक्छन् ।

तर नागरिक समाज विचलित नभई यसलाई सामना गर्न तयार हुनुपर्छ । कर्मचारीका अपमानजनक व्यवहारबाट नआत्तिइकन निरन्तर सूचना माग्दै गर्नुपर्छ । नदिए माथिल्लो अधिकारीसँग गुनासो गर्नुपर्छ । सूचना पाउने अधिकार कार्यान्वयन गर्न हरेक तहमा प्रयास जारी राख्नुपर्छ ।" (सूचनाधिकार नयाँ लोकतन्त्र नयी पत्रकारिता (पुस्तक), अरविन्द केजरीवाल, विष्णु राजगढिया, प्रभात खबर इन्स्टिच्युट अफ मिडिया स्टडिज, राँची, झारखण्ड, भारत, जुन, २००६ ।)

नेपालजस्तो नवलोकतान्त्रिक देशमा जहाँ सरकार मात्रै होइन समाज पनि सैयौं वर्षको सामन्ती व्यवस्था र संस्कारमा हुर्केको छ, जहाँ गोपनियता सामान्य र खुलापन अपवादको रूपमा रहेको छ, त्यहाँ अन्तरराष्ट्रिय मान्यताअनुसारको सूचनाको हकसम्बन्धी कानुन बन्नु र लागू हुनु एउटा अप्रत्याशित र ठूलो फड्को हो । तर ऐन बन्दैमा सैकडौं वर्षदेखिको संस्कार, विचार र व्यवहारमा परिवर्तन आउँदैन भन्ने कुरा अन्य मुलुकको अनुभवले पनि देखाएकै छ । कुन बहानामा, कुन बेला कस्तो ऐन, नियम, नियमावली, संशोधन वा परिपत्रद्वारा यो ऐनलाई खुम्च्याइन्छ भन्ने कुराप्रति सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयनका लागि नागरिक समाजका प्रतिनिधिहरु र लोकतान्त्रिक मूल्यमान्यता बोकेका राजनीतिक दलका नेताहरु तथा जनउत्तरदायी प्रशासनका हिमायती कर्मचारीहरु सदा सचेत र प्रयत्नशील हुनु आवश्यक छ ।

यो कानुन वास्तवमा व्यवहारमा लागू गर्ने हो भने कर्मचारीतन्त्रलाई खुलापन र जिम्मेवारी बहन गर्न भित्री मनैदेखि उत्सुक र तत्पर बन्न प्रेरित गर्ने उपायहरु खोज्नु जरूरी छ । यस्ता उपायहरु कार्यान्वयन गर्नुपर्छ जसले गर्दा कर्मचारीहरु ऐनको भावना र मर्मअनुसार काम गर्न प्रेरित होउन् ।

राज्यका सबै अंगका निकायहरूमा सेवा प्रवेश गर्दा सेवा प्रवेशीलाई सूचनाको हकबारे जान्नुपर्ने व्यवस्था गर्नु आवश्यक छ । यसका लागि सेवा प्रवेश गर्दा लोकसेवा आयोगलगायत अन्य अयोग वा त्यस्ता निकायले लिने परीक्षाका पाठ्यक्रमहरूमा सूचनाको हकसम्बन्धी ऐन नियमका विषयहरु अनिवार्य रूपले समावेश गरिनुपर्छ ।

सरकारी कार्यालयहरूमा सूचना/अभिलेखहरूको सिर्जना, भण्डारण, संरक्षण, पहुँच र वितरण/संप्रेषण व्यवस्थित गर्नका लागि अभिलेख व्यवस्थापनसम्बन्धी बेग्लै नीति, ऐन, नियम हुनुपर्छ । अभिलेख व्यवस्थापनलाई समन्वय गर्ने, यससम्बन्धी मानक (स्ट्याण्डर्ड कायम गर्ने, अभिलेख व्यवस्थापनका सम्बन्धमा नियमित रूपमा शिक्षण प्रशिक्षण सञ्चालन गर्ने बेग्लै/निश्चित निकाय हुनुपर्छ । यसका लागि राष्ट्रिय अभिलेखालयको वर्तमान भूमिकालाई परिवर्तन गरी सरकारी कार्यालयका सूचना व्यवस्थापन र प्रशिक्षणको व्यवस्था गर्ने जिम्मेवारी दिन सकिन्छ ।

**७ तालिम र अभिप्रेरणा (इन्सेन्टिभ)**

सूचना माग्ने कामले एउटा प्रचलित प्रक्रिया भङ्ग हुने, कुनै अनियमिता वा भ्रष्टाचार खुल्ने वा कुनै संभावित नीतिगत निर्देशनमा बाधा पार्ने हुँदा यसबारे लोकसेवक कर्मचारीहरूका प्रतिक्रिया फरकफरक हुन्छन् । कसैले आफै सक्रिय भएर सूचना दिन सक्छन् भने कसैले सूचना नदिन अनेक बहाना बनाउन सक्छन् । तर सूचना दिने जिम्मा पाएका कर्मचारीहरु सूचनाको हकका बारेमा आफै सचेत भएनन् र सूचना सार्वजनिक गर्ने, मागेको सूचना उपलब्ध गराउने काम ठिकसँग गरेनन् भने ऐनको कार्यान्वयनमा बाधा पुग्छ । त्यसैले कर्मचारीहरूलाई सयबारे सचेत र दक्ष बनाउनु आवश्यक छ ।

गोप्यताको पुरानो र प्रचलित मान्यतामा आमूल परिवर्तन ल्याउनु सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य भएकोले सार्वजनिक निकायका सबै तहका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । तैपनि, पहिलो चरणमा सूचनाको माग पूरा गर्ने जिम्मा पाएका सबै सूचना अधिकारीहरु र तिनका विरूद्ध पहिलो उजुरी सुन्ने पदाधिकारीहरूलाई सूचना मागको निवेदन र उजुरीमाथि कसरी कारवाही गर्ने र कानुनका दफाहरूको कसरी व्याख्या गर्ने भन्ने विषयमा तालिम दिनुपर्छ ।

सूचनाको माग पूरा गर्ने र कानुनमा व्यवस्था गरिएका सूचनासम्बन्धी अन्य काम गर्ने कर्मचारीलाई उचित अभिप्रेरणा (इन्सेन्टिभ) र पुरस्कारको पनि व्यवस्था हुनु आवश्यक छ ।

**८ ऐनसँग बाझिने कानुनहरूको संशोधन र खारेजी र कानुन निर्माणमा एकरूपता**

सूचनाको हकसम्बन्धी ऐनलाई अवरोध पुऱ्याउने कतिपय कानुन नेपालमा प्रचलित छन् । सरकारी कर्मचारीहरूको सेवा र वृत्तिविकाससँग गहिरो रूपमा सम्बन्ध भएको निजामती सेवा ऐन र नियमावली यसको एउटा उदाहरण हो । सूचना संचार गर्नबाट कर्मचारीहरूलाई रोक्ने कतिपय नियमहरु निजामती सेवाका ऐन/नियमभित्र लुकेका भेटिन्छन् । फलस्वरूप कतिपय कर्मचारीहरूले सूचना खुला गर्नुभन्दा लुकाउँदा आफूलाई सुरक्षित ठान्छन् । सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने थुप्रै ऐन नियमहरु प्रचलनमा छन् । त्यस्ता अवरोधकारी कानुनहरूले निरन्तरता पाइरहेका हुनाले अनिश्चितता सिर्जना गरेका छन् । यसले गर्दा सार्वजनिक निकायका पदाधिकारीहरूलाई नयाँ कानुन अन्तर्गत कति सूचना खुला गर्ने र कति गोप्य राख्ने भन्ने निधो गर्न र काम गर्न गाह्रो भइरहेको छ । एउटा ऐनले सूचना दिनुपर्छ भन्छ भने अर्को ऐनले अनधिकृत रूपले सूचना सार्वजनिक गऱ्यो भने सजायको भागिदार हुन्छ भन्छ । यस्तोमा कर्मचारीहरु सजायको कुराप्रति बढी सचेत भएर सूचना नदिनेतिर लाग्ने सम्भावना बढी हुन्छ । सजायको कुराले त्रास खडा गरेको अवस्था पनि छ । फलस्वरूप सूचनामा पहुँच नदिनु सामान्य र स्वाभाविक बनेको देखिन्छ । सूचनाको हक ऐन लागू भइसकेको अवस्थामा यस्ता कानुन सक्रिय हुनुहुँदैन । सूचनामा पहुँचलाई बढाउन, त्यससम्बन्धी कानुनमा एकरूपता ल्याउन र सरकारलाई खुलापनतिर लैजान यस्ता कानुन बदल्नु वा संशोधन गरिनु पर्छ ।

**९ सहयोगी ऐन कानुनको आवश्यकता**

सूचनामा पहुँचको कानुन मात्रै भएर पुग्दैन । त्यसलाई सक्रिय बनाउन अरु कानुनको सहयोग चाहिन्छ । राज्यका सबै कानुनले यसलाई सघाउनु पर्छ । सूचनाको हक ऐनले अरु सबै ऐनलाई ओभरराइड गर्छ भन्ने निश्चित भएपछि मात्रै यो कानुन प्रभावकारी हुन सक्छ । 'अब पहिलेजस्तो अवस्था छैन, सूचनाको हक ऐनअनुसार काम गर्नुपर्छ' भन्ने स्पष्ट संकेत सरकारी संयन्त्रलाई पठाएर मात्रै सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी रूपमा लागू गर्न सकिन्छ । यसका लागि सूचनाको हकसम्बन्धी ऐनसँग बाझिने वा नमिल्ने ऐनका प्रावधानहरूलाई कम्तीमा पनि खुला सरकारको भावनासँग मेल खाने गरी फेर्नु, सुधार्नु, संशोधन गर्नुपर्छ । सूचनाको हकसम्बन्धी ऐनले अरु ऐनलाई निरस्त (Override) गर्नुपर्छ ।

**१० सूचनाको हक र वर्गीकरणको तगारो**

सूचनाको हकसम्बन्धी ऐनमा सूचना दिन नमिल्ने केही विषय तोकिएका छन् । ऐनअनुसार मुख्यसचिवको अध्यक्षतामा गठित समितिले ती विषयका आधारमा केही सूचनालाई केही अवधिका लागि गोप्य राख्न सक्ने व्यवस्था ऐनमा गरिएको छ । तर उक्त समितिले गरेको वर्गीकरण भनी वितरित सूचीमा ऐनको दफा ३ को उपदफा (३) मा उल्लेख गरिएका बुँदाभित्र नपर्ने कतिपय सूचनाहरु पनि दिनु नपर्ने सूचनाको वर्गमा पारिएको देखिएको हुँदा सो वर्गीकरणलाई आधार मानी सरकारी निकायहरूले सूचना दिन इन्कार गरेको अवस्थामा सूचनाको हकसम्बन्धी कानुनको मर्म र भावनामा नै कुठाराघात हुने देखिन्छ । यो वर्गीकरणमाथि तत्काल पुनर्विचार गर्नुपर्छ ।

**११ गोपनियताको होइन पारदर्शीताको शपथ**

नेपालमा विभिन्न पदको लागि लिइने शपथलाई चलन चल्तीमा पद तथा गोपनियताको शपथ भन्ने गरिन्छ । पदसँग गोपनियता गाँसिएको वा शपथ भनेकै गोपनियताका लागि हो भन्ने सोच छ । अब कुनै पनि पदाधिकारीले कामको प्रकृति हेरी ऐनअनुसार गोप्य राख्नुपर्ने कामकुरा मात्रै गोप्य राख्नुपर्छ । पदभार ग्रहण गर्दा नै एकमुष्ठ रूपमा सूचना सार्वजनिक गर्ने काममा एकमुष्ठ प्रतिवन्ध लगाउन हुँदैन । यसो गर्दा सार्वजनिक निकायका पदाधिकारीहरूमा आफ्नो कर्तव्यको बारेमा भ्रम पैदा हुनसक्छ । आफ्नो जिम्मेवारी प्रमुखप्रति हो कि जनताप्रति हो भन्ने दुविधा उत्पन्न हुनसक्छ । आधुनिक लोकतन्त्रमा गोपनियताको सट्टा अब जनतालाई सबै कुरा खुला गर्ने पारदर्शिताको शपथ लिनुपर्छ । नत्र यसले कर्मचारीहरूलाई सूचना सार्वजनिक गर्ने कामको उल्टो सन्देश दिन्छ ।

**१२ नियमावली प्रभावकारी बन्नुपर्छ**

केही देशमा संसद्ले बनाएको सूचनाको हकसम्बन्धी ऐनलाई निस्तेज पार्ने गरी सरकारले नियमावली बनाएको देखिन्छ । संसद्ले बलियो सूचनाको हक ऐन बनाए पनि कर्मचारीहरूले त्यसको प्रभाव घटाउन त्यस्तै प्रभावकारी नियम बनाउन सक्छन् वा सूचना रोक्ने आन्तरिक नियमहरु लागू गर्न सक्छन् । त्यसैले कानुन कार्यान्वयन गर्ने निकायहरु र निगरानी गर्ने निकायहरु सहायक कानुन वा नियमावली बनाएर सूचनाको हक खोस्ने यस्ता प्रयासबारे सतर्क हुनु आवश्यक छ । सहायक वा थप कानुन वा नियमहरु मूल कानुन लागू गर्न सहयोगीको रूपमा आउनु पर्छ न कि अवरोधकको रूपमा ।

नेपालमा सूचनाको हकसम्बन्धी नियमावली आउँदा ऐनमा 'व्यवस्था गरेबमोजिम वा तोकिएबमोजिम हुनेछ' भनी उल्लेख भएका कतिपय कुराहरूलाई अझै उदारतापूर्वक राख्न सकिने थियो । उदाहरणका लागि ऐनको दफा २२ (२) मा आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने छ भनिएकोमा व्यवस्था गर्ने कामलाई आर्थिक जिम्मेवारीमा सीमित गरेर कर्मचारी नियुक्त गर्ने काम आयोगलाई नै दिन सकिन्थ्यो । त्यस्तै प्रमुख सूचना आयुक्त र आयुक्तहरूलाई दिइने पारिश्रमिक क्रमशः सर्वोच्च अदालतका न्यायाधीश र पुनरावेदन अदालतका मुख्य न्यायाधीशले पाउने सरह दिने भनी नेपाल सरकारले निर्णय गरेकोमा नियमावली बन्दा त्योभन्दा एकएक तह तलका पदाधिकारीले पाउने पारिश्रमिक पाउने व्यवस्था गरियो । 'तर नियमावली जारी हुँदाका बखत खाईपाई आएको मासिक पारिश्रमिक नै उपलब्ध गराइनेछ' भन्ने प्रावधान तल राखेर अहिले नियुक्त र पछि नियुक्त हुने आयुक्तको तलबमा दोहोरो मापदण्ड बनाइएको छ । सरकारले के कामका लागि कस्तो निकाय आवश्यक ठानेको हो र त्यो निकायलाई कुन हैसियतमा राख्ने भन्ने स्पष्ट निर्णय गर्नुपर्छ र त्यसअनुसार गर्नू/गराउनू पर्छ । कर्मचारीहरूको अस्पष्ट र अदूरदर्शी सोच र साँगुरो तर्कको आधारमा तथा निकायका बहालवाला पदाधिकारीहरूलाई हेरेर साथै ऐनको भावना र कुनै पनि निकायको गरिमा बिर्सेर सरकारले नियमावली बनाउनु हुँदैन । आयोगको नियमावली त्यसरी बनेको देखिन्छ । अतः यसमा सरकारले स्पष्ट धारणा सार्वजनिक गरेर नियमावली संशोधन गर्नुपर्छ । यस्ता दोहोरो मापदण्डका बुँदा नियमावलीमा राख्नु हुँदैन ।

**१३ मन्त्रिपरिषद्का निर्णयहरू सार्वजनिक**

सार्वजनिक निकायका बैठकहरु अपवादलाई छाडेर सबैजसो बैठक खुला हुनुपर्छ । बन्दकोठाभित्र बैठक गरिए पनि बैठक सकिएपछि, बैठकले गरेका निर्णयहरु (माइन्युट) प्रकाशित हुनुपर्छ । निर्णयमा नागरिकको पहुँच हुनुपर्छ । कुन सदस्यले कता मतदान गऱ्यो भन्ने विस्तृत रूपमा मतदानको रेकर्ड बैठकको माइन्युटमा हुनुपर्छ र त्यो जान्ने अधिकार नागरिकसँग हुने व्यवस्था गरिनुपर्छ । विगतमा मन्त्रिपरिषद् बैठकबाट झण्डै चार महिनाभित्र गरिएका

सबै निर्णयहरु वेबसाइटमार्फत् सार्वजनिक गरिएका थिए । त्यसले राज्यका अंगहरूलाई खुला र पारदर्शी बनाउने काममा सरकारको प्रतिवद्धता र उत्साह देखाएको थियो । तर त्यसले निरन्तरता पाउन सकेन । राज्यलाई जनताप्रति उत्तरदायी बनाउने सिलसिलामा यो एउटा राम्रो र उदाहरणीय अभ्यास भएको हुनाले यो कामलाई निरन्तरता दिनु जरूरी छ ।

१४ **सूचनाको हक र उपभोक्ताको अधिकार**

आधुनिक युगमा सबै नागरिकले राज्य तथा विभिन्न सर्वजनिक तथा निजी निकायहरूबाट कुनै न कुनै सेवा लिइरहेको हुन्छ । त्यस्तै प्रायः सबैजसो मानिसले कुनै न कुनै सेवा प्रदान गरिरहेको हुन्छ । युग जतिजति अगाडि बढदैछ त्यतित्यति सबै मानिस उपभोक्ता र सबै मानिस उत्पादक वा सेवाप्रदायक बन्ने अवस्था बढ्दैछ । कुनै पनि वस्तु/सामान वा उत्पादन र सेवा उपभोग गर्नका लागि उपभोक्ताले त्यो उत्पादन वा सेवाको मूल्य र गुणस्तर जान्नु आवश्यक हुन्छ । उपभोक्ताको यो अधिकार हो । त्यसैले उत्पादित सामान वा प्रदान गरिने सेवाका बारेमा पर्याप्त सूचना सामान वा सेवासँगै उपलब्ध गराउनु उत्पादक तथा सेवाप्रदायकहरूको पहिलो कर्तव्य हो । बिरामीले चिकित्सक वा अस्पतालबाट आफ्नो रोग तथा उपचारका बारेमा बुझ्ने भाषा र अक्षरमा सूचना प्राप्त गर्नु उसको अधिकार हो । बजारमा बेचिने कुनै पनि सामानको उत्पादन र उपयोगिता समाप्त हुने मिति, सामान तयार पार्दा उपयोग गरिएका आधारभूत वस्तु वा पदार्थ साथै त्यसको मूल्य उपभोक्ताले जान्न पाउनुपर्छ । त्यस्तै उपभोक्ताले खानेपानी, विजुली, टेलिफोन आदि हरेक समयमा चाहिने सेवाका बारेमा पनि नियमित र व्यापक रूपमा जानकारी पाउनुपर्छ । प्राकृतिक रूपले उत्पादित फलफूल, तरकारी, दूध, फुल, मासुजस्ता सामग्रीमा पनि यदि तिनलाई संरक्षण गर्न वा चाँडै खानयोग्य बनाउन वा पशुपंछी तथा बनस्पतिको उत्पादन क्षमता बढाउन कृत्रिम उपाय अपनाइएको छ भने त्यसका बारेमा पनि जानकारी दिइनुपर्छ । नेपालमा उपभोक्ता हित संरक्षण गर्ने कानुनहरूमा उपभोक्ताका लागि पर्याप्त सूचना उपलब्ध गराउने प्रभावकारी प्रावधान हुनुपर्छ । साथै उपभोक्ताहरु पनि यसबारे सचेत भएर अधिकार माग्नुपर्छ ।

१५ **सूचनाको हक र शिक्षा क्षेत्र**

असल र जिम्मेवार नागरिक बन्ने बनाउने पहिलो स्थान विद्यालय नै हो । यसैले नागरिकका अधिकार र कर्तव्यहरूको ज्ञान विद्यार्थी अवस्थाबाटै सुरू हुनुपर्छ । यसका लागि विद्यालयका हरेक तहका पाठ्यक्रममा सूचनाको हकका बारेमा कुनै न कुनै रूपमा जानकारी दिने कक्षा वा प्रवचनको व्यवस्था हुनुपर्छ । साथै विद्यालयका सबै हिसाब किताब, शिक्षक नियुक्ति, विद्यालय सञ्चालक वा स्वामीहरूले कसरी विद्यालय सञ्चालन गर्छन् भन्नेजस्ता कुराहरु विद्यार्थी र अभिभावकहरूले थाहा पाउनुपर्छ । उनीहरूबाट उठाइएको शुल्क के काममा र कसरी खर्च गरिन्छ भन्ने जान्ने अधिकार विद्यार्थी र अभिभावकलाई हुन्छ । परीक्षा विद्यार्थीहरूको जीवन, प्रगति र भविष्यसँग जोडिएको अत्यन्तै महत्वपूर्ण काम हो । तर परीक्षा भन्ने बित्तिकै सबै कुरा गोप्य राख्ने सोच र चलनले गर्दा यसमा धेरै विकृति आएको र कतिपय विद्यार्थीको शैक्षिक विकासमा प्रतिकूल प्रभाव परेको देखिन्छ । परीक्षामा सबै कुरा गोप्य राख्ने प्रचलनले विद्यालयहरूबीच अस्वस्थ प्रतिस्पर्धा पनि जन्माएको छ । त्यसैले परीक्षा प्रणालीमा प्रश्नपत्र, प्रश्नपत्र तयार पार्ने व्यक्ति र विधि, उत्तर पुस्तिका जाँच्ने व्यक्तिको बारेमा जानकारी गोप्य राखिएता पनि विद्यार्थीहरूले आफ्नो उत्तरपुस्तिका हेर्न तथा हरेक उत्तरमा उसले पाएको अंक जान्न पाउनुपर्छ ।

१६ **आयोगको स्थायित्वका लागि भौतिक पूर्वाधार निर्माण**

राज्यका सम्पूर्ण अंगलाई पारदर्शी र जिम्मेवार बनाउने उद्देश्य लिएको सूचनाको हकसम्बन्धी ऐनलाई संरक्षण, प्रवर्द्धन र प्रचलन गराउने जिम्मेवारी बोकेको राष्ट्रिय सूचना आयोगको गहन दायित्व, यसको कामको प्रकृति र महत्व तथा आमनागरिकसँग यसको निकट सम्बन्धलाई ध्यानमा राखी आयोगको स्थायित्वका लागि आफ्नै कार्यालय भवनको आवश्यकता छ । यसको लागि सरकारले जग्गा उपलब्ध गराउने र भवन निर्माणको लागि योजना थाल्नु जरूरी छ । साथै नेपालका अन्य क्षेत्रमा पनि यसको कार्यालय खोल्नका लागि भौतिक पूर्वाधार तयार गर्नु आवश्यक छ ।

## २०६६/६७ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

१ सूचनाको हकसम्बन्धी ऐनले सरकारी निकायलगायत सबै सार्वजनिक निकायले केही काम गर्नै पर्ने व्यवस्था गरेको छ । जसअनुसार हरेक कार्यालयमा सूचना अधिकारी तोक्ने, ऐन र नियमावलीअनुसार कार्यालयले तीनतीन महिनामा कार्यालयसम्बन्धी सूचना सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यसका लागि हरेक कार्यालयमा सूचना अधिकारीको व्यवस्था वा सूचना शाखा हुनुपर्छ । त्यसका लागि भौतिक स्रोत साधन र जनशक्तिको तालिमको व्यवस्था हुनुपर्छ । कार्यालयको सूचना शाखालाई चाहिने भौतिक तथा मानवीय स्रोत साधनलाई सुसम्पन्न र दक्ष बनाउने काम सम्बन्धित कार्यालयको केन्द्रिय निकायको हो । ऐन कार्यान्वयनका सन्दर्भमा सरकारी निकायहरूमा के कसरी काम भइरहेको छ, सूचना अधिकारीको व्यवस्था भएको छ छैन, सूचना अधिकारीलाई कार्यालय प्रमुखबाट सूचना प्राप्त भएका छन् छैनन्, सूचना व्यवस्थापन र वितरणका लागि साधन स्रोत छ छैन

आदि कुराहरु सूचना आयोगले नियमित रूपमा गर्ने अनुगमनबाट प्राप्त गरेका तथ्यहरूको आधारमा सम्बन्धित निकायलाई ऐन वमोजिमको दायित्व पालना गर्न आदेश दिने र सरकारलाई सुझाब दिने काम गर्दछ । तर आयोग आफैंले सूचना अधिकारी तोक्न वा सूचनाहरु उपलब्ध गराउन वा साधन स्रोतकालागि वजेटको व्यवस्था गर्न सक्दैन । अतः हरेक सरकारी कार्यालयमा सूचना अधिकारी तोक्नेलगायतका ऐन अनुसार कार्यालयले गर्नुपर्ने सबै काम गर्ने गराउने र केन्द्रिय निकाय वा मन्त्रालयको जिम्मेवारी हुने हुँदा सो जिम्मेवारी पूरा गर्ने दायित्वयुक्त व्यक्ति वा संरचना हुनु आवश्यक छ । यसको अभावले गर्दा सूचनाको हकसम्बन्धी ऐन लागू भएको तीन वर्ष बितिसक्दा पनि प्रायः सरकारी कार्यालयका प्रमुखहरूले सूचनाको हकसम्बन्धी ऐनमा तोकिएवमोजिमको दायित्व पालना गरेको पाउन सकिएन । यस्तो हुनु भनेको कार्य उदासिनता नै हो । अतः यस्तो प्रवृत्ति हटाउन केन्द्रीय स्तरका निकायहरूले आफ्नो मातहतका कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीको पालना भएको छ छैन भनी निगरानी गर्ने, निर्देशन दिने तथा राष्ट्रिय सूचना आयोगका आदेश, निर्देशन र निर्णयहरु पलाना गराउनका लागि हरेक मन्त्रालय र केन्द्रीय कार्यालयहरूमा सूचनाको हकसम्बन्धी एउटा छुट्टै शाखाको व्यवस्था गर्नु जरूरी छ । ती निकायहरूको समन्वय र निगरानीका लागि मन्त्री परिषद् को कार्यालयमा सचिवको संयोजकत्वमा केन्द्रीय स्तरको इकाइ राखिनु पर्दछ । सरकारी कार्यालयहरूमा सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि यस्तो केन्द्रिय इकाइ वा संयन्त्रको व्यवस्था गर्नु पर्ने आयोगको सुझाव छ ।

२ सूचनाको हकबारे आमनागरिकमा चेतना फैलाउन र सार्वजनिक निकायहरूको प्रतिवद्धता बढाउनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागू भएको दिन भदौ ३ गतेको दिनलाई सरकारले राष्ट्रिय सूचना दिवस घोषणा गर्ने र हरेक वर्ष सबै जिल्लामा सरकारी तवरमा तीन दिन (भदौ २, ३ र ४ गते विविध कार्यक्रमका साथ सूचना दिवस मनाउनु पर्छ ।

३ विद्यालयदेखि कलेजसम्मका सबै कक्षाको पाठ्यक्रममा सूचनाको हकवारेको जानकारीमूलक पाठ्यसामग्री अनिवार्यरूपमा समावेश गर्नु आवश्यक छ ।

४ सूचनाको हकसम्बन्धी ऐन नेपाली नागरिकहरूले कति र कसरी प्रयोग गरिरहेका छन् भनी जान्नका लागि हरेक कार्यालयमा सूचनाको माग र सूचना दिएको वा मागका बारेमा गरेको कारवाहीको अभिलेख दुरूस्त राख्ने र उक्त अभिलेख नियमित रूपमा आयोगमा पठाउने व्यवस्था अनिवार्य रूपमा गर्नु पर्दछ ।

५ सूचनाको हकसम्बन्धी ऐनका दफा ३ (३) मा सार्वजनिक निकायमा रहेका पाँच प्रकारका सूचना प्रवाह नगरिने व्यवस्था गरिएको छ । दफा ३ (३) मा उल्लेख भएका सूचनाको संरक्षण गर्नका लागि दफा २७ मा नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्ने व्यवस्था गरिएको छ । यसको लागि समिति गठन गर्ने व्यवस्था छ । उक्त समितिले सूचना प्रवाह गर्नु नपर्ने भनी वर्गीकरण गरी २०६५ पौष २० गते आयोगमा पठाएको वर्गीकरण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को भावना, मर्म र उद्देश्यलाई ध्यानमा राखी विचार गर्दा वर्गीकरणका कतिपय विषय र बूँदाहरु ऐनको उद्देश्यसँग बाझिने देखिएको हुँदा आयोगको २०६६ मंसिर १९ गते बसेको बैठकले उक्त वर्गीकरण यथाशीध्र पुनरावलोकन गर्न सिफारिस गरेको थियो । यससम्बन्धमा वर्गीकरण समितिले ऐनको भावना, मर्म र उद्देश्यअनुसार वर्गीकरण गर्नु आवश्यक छ । वर्गीकरण गर्ने कार्य नियमित कार्यको रूपमा गर्नु पनि जरूरी छ । साथै वर्गीकरण गरेपछि त्यसको जानकारी सबै सरकारी निकायमा पठाउनु अवश्यक छ ।

## २०६७/६८ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ पुरानो सोच र मानिसकतामा परिवर्तन आवश्यक**

कुनै पनि लोकतान्त्रिक व्यवस्थामा सूचनाको हक नागरिकको अपरिहार्य मौलिक हक हुन्छ । नेपाल पनि लोकतान्त्रिक व्यवस्था पालन गर्ने राष्ट्र भएको हुँदा सूचनाको हक नेपाली नागरिकको मौलिक हक हो । राज्यका सबै निकायमा भएका सार्वजनिक महत्वका सूचना र आफ्नो व्यक्तिगत सूचनामा नागरिकको सरल र सहज पहुँच हुन्छ । आमनागरिकको सूचना माग्ने र पाउने हक खोस्न वा घटाउन सकिन्न भन्ने कुरा सार्वजनिक निकायका सबै जिम्मेवार पदाधिकारीले आत्मसात् गर्नु आवश्यक छ । सूचनाको हकसम्बन्धी ऐन लागू गर्नु भनेको देश र समाजलाई बन्द वा गोपनियताको संस्कृतिबाट खुला, पारदर्शी समाजमा बदल्नु हो । यसको पहिलो लक्ष्य खुला सरकार (ओपन गभर्नमेन्ट) हो, जुन कुरा नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा नै स्पष्ट पारिएको छ । तर कानुन बनाएर मात्रै समाज परिवर्तन हुँदैन । यसको लागि सबैभन्दा पहिलो र प्रमुख कुरा राज्यको नेतृत्व तहमा नै कानुन लागू गर्ने गराउने दृढ संकल्प हुनुपर्छ । यसका लागि सर्वप्रथम पुरानो सोच र मानसिकता त्याग्नु पर्छ । नेतृत्व तहमा जमेर बसेको पुरानो सोच र मानसिकता सूचनाको हकसम्बन्धी ऐन चाहे जति व्यापक एवं प्रभावकारी रूपमा लागू हुन नसक्नुमा प्रमुख बाधक छ ।

**२ सूचनाको मूल स्रोत र प्रवाहको दायित्व**

नेपालमा सूचनाको हकसम्बन्धी ऐन लागू भएको तीन वर्ष पूरा भई चौथो वर्ष लागेको छ । हुन त यो ऐनले संवैधानिक निकायदेखि गाविससम्म र नेपालको कानुनद्वारा स्थापित सबै निकायलाई समेट्छ । तै पनि नागरिकका लागि चाहिने सूचनाको मूल स्रोत र विशाल भण्डार राज्य नै हो ।

राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउनका लागि यो ऐन लागू भएको हो । यसैले सर्वप्रथम राज्य सञ्चालनको जिम्मा लिएको राजनीति तथा प्रशासनिक नेतृत्व तहबाट ऐनको कार्यान्वयनमा प्रतिवद्धताका साथै ठोस योजना र कार्यक्रम हुनु आवश्यक छ ।

**३ ऐन कार्यान्वयनमा मुख्य भूमिका सचिवहरूको**

राज्यका निकायहरु सञ्चालन गर्ने प्रशासनिक जिम्मेवारी बोकेका मन्त्रालयका सचिव लगायतका पदाधिकारीहरु राज्यलाई पारदर्शी र जिम्मेवार बनाउने काममा पहिलो पंक्तिका जिम्मेवार व्यक्ति हुन् । यसैले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनको पहिलो र मुख्य जिम्मेवारी पनि सचिवहरूको हो भन्ने कुरामा दुई मत हुन सक्तैन । यति महत्वपूर्ण जिम्मेवारी पाएका सचिवहरु सूचनाको हकसम्बन्धी ऐनका बारेमा अनभिज्ञ छन् भन्ने कुरा कल्पना पनि गर्न सकिन्न । तर अनुभव र वास्तविकता उत्साहजनक छैन । गोप्यताको संस्कृतिमा काम गर्ने परिपाटी र मानसिकता नयाँ परिवेशमा पनि हटिसकेको छैन । प्रायः हरेक काममा पुरानो संस्कार, मानसिकता र प्रवृत्तिले गाँजेको देखिन्छ । आयोगले पुनरावेदन सुन्ने क्रममा कार्यालय प्रमुखको तहभन्दा माथिका नेतृत्व तहमा बसेका कतिपय पदाधिकारीहरूले आफूसँग सम्बन्धित निकायको सूचना माग गर्दा कार्यालय प्रमुखको दायित्व बहन गर्ने पदाधिकारीलाई सूचना प्रवाह गर्न रोक लगाउने गरेको पनि देखियो । सूचनाको हकसम्बन्धी ऐनले सूचना उपलब्ध गराउने जिम्मेवारी कार्यालय प्रमुख र सूचना अधिकारीलाई दिएको छ । तर नेतृत्वदायी निकाय वा व्यक्तिले सूचना दिन बाधा पारेको खण्डमा निजहरूले सूचना दिने दायित्व र सूचनाको हकसम्बन्धी ऐनबाट उन्मुक्ति पाउन सक्तैनन् । यसैले राज्यका सबै निकायका कार्यालय प्रमुखभन्दा माथिका पदाधिकारीहरूमा सूचनाको हकसम्बन्धी ऐनको पर्याप्त ज्ञानको आवश्यकता छ ।

**४ सूचना उपलब्ध गराउन निकायका प्रमुखहरू जिम्मेवार**

ऐनले कुनै पनि सार्वजनिक निकायमा भएका सूचना मागकर्तालाई उपलब्ध गराउने पहिलो जिम्मेवारी सूचना अधिकारीलाई तोकेको छ । यसका लागि सूचना अधिकारी स्वयम् आफ्नो निकायका सूचनाहरूको पहुँच हुनु जरूरी हुन्छ । तर हामीकहाँ अधिकांश सूचना अधिकारीहरु सूचना विहीनताको अवस्थामा छन् । व्यवहारमा कार्यालय प्रमुखको इच्छा र स्वीकृतिबिना सूचना उपलब्ध गराउन नसकिने वाध्यात्मक अवस्था छ । तर ऐनले आफ्नो कार्यालयको सूचना, नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउने दायित्व कार्यालय प्रमुखलाई दिएको हुँदा सूचना अधिकारीहरु सूचनाबाट बंचित भएँ भन्नु पर्ने अवस्था छैन । अर्कोतिर सूचना अधिकारीले सूचना नदिएको अवस्थामा मागकर्ताले कार्यालय प्रमुखसमक्ष उजुरी दिने व्यवस्था ऐनले गरेको छ । यस स्थितिमा सूचना दिने दिलाउने कामको मुख्य जिम्मेवारी कार्यालय प्रमुखमा नै देखिन्छ । अतः कार्यालय प्रमुखहरूले सूचनाको हकसम्बन्धी ऐनलाई राम्ररी बुझ्नु र ऐन कार्यान्वयनका लागि सक्षम बन्नु अति आवश्यक हुन्छ ।

**५ सूचना स्वस्फुर्त रुपमा सार्वजनिक गर्नु पर्ने सार्वजनिक निकायहरूको दायित्व**

ऐनको उद्देश्य खुला र पारदर्शी सरकार भएको हुँदा सरकारी निकायहरूले स्वतस्फूर्त रूपमा सूचना सार्वजनिक गर्नुपर्छ । ऐनमा पनि तीनतीन महिनामा निकायसँगसम्बन्धी विभिन्न प्रकारका सूचना सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । यसरी निकाय स्वयम्ले सूचना सार्वजनिक गरेमा नागरिकले सूचना माग्न आउनु पर्ने स्थिति नै रहन्न । तर दुखको कुरा कुनै पनि सरकारी निकायले ऐनको प्रावधान अनुसार स्वतः सूचना सार्वजनिक गर्नु पर्ने काम गरेको देखिएको छैन ।

**६ राज्यका सम्पूर्ण अंगमा ऐन कार्यान्वयन गराउन उच्चस्तरीय संयन्त्रको आवश्यकता**

सूचनाको हकसम्बन्धी ऐन लागू भएका देशहरूमा राज्यका सम्पूर्ण निकायमा सूचना अधिकारीको व्यवस्था गर्न, सूचना अधिकारीलाई तालिम र अभिप्रेरणा (इन्सेन्टिभ) दिन, सूचना अधिकारीको कार्यालयका लागि स्रोत साधन उपलब्ध गराउन, सूचना व्यवस्थापन गर्न गराउन एउटा वेग्लै मन्त्रालय वा निकायको व्यवस्था गरिएको हुन्छ । तर नेपालमा सरकारी कार्यालयमा सूचनाको हकसम्बन्धी ऐन लागू गर्न गराउनका लागि यस्तो बेग्लै निकायको व्यवस्था गरिएको छैन । मन्त्रालय र मातहतका निकायले सूचना अधिकारीहरूलाई तालिम दिने भन्ने कानुनी व्यवस्था भए पनि यसमा कुनै निकाय अघि सरेको देखिएको छैन । अतः नेपाल सरकारका सबै निकायहरूमा सूचना अधिकारी र सूचना व्यवस्थापनका लागि आवश्य स्रोत साधनको व्यवस्था गर्न उच्चस्तरीय संयन्त्रको आवश्यकतालाई महसुस गरी प्रधानमन्त्रीको कार्यालय अन्तर्गत त्यस्तो निकाय गठन र सञ्चालनका लागि राष्ट्रिय सूचना आयोगले सुझाव दिइसकेको छ ।

**७ आधुनिक सूचना व्यवस्थापनको खाँचो**

अधिकांश सरकारी कार्यालयहरूमा अभिलेख राख्ने परिपाटी पुरानै छ । कुनै पनि सूचना चाहेको बेलामा तुरुन्तै पाउन सकिने गरी राख्ने आधुनिक व्यवस्था गर्ने निकायहरूको सङ्ख्या नगन्य छ । जिल्लास्थित अधिकांश सरकारी कार्यालयका कागजपत्र कपडाका पोका, पुराना बाकस र दराजहरूमा थन्किएका छन् । कुन अभिलेख कहाँ छ भनी तुरुन्तै र सजिलोसँग थाहा पाउने वैज्ञानिक तरिकाको अभाव छ । यसले सूचना प्रवाहमा बाधा पारेको छ ।

**८ सूचना प्रविधिको प्रयोगको आवश्यकता**

आधुनिक सूचना प्रविधिको मद्दतले लेख्य, शब्द, चित्र, ध्वनि, चलचित्र आदि कुनै पनि स्वरूपमा रहेको तथ्यांक र सूचनालाई शीघ्र, सस्तो र सजिलोसँग प्रवाह गर्न सक्ने हुनाले सूचनाको हकको कार्यान्वयनमा सूचना प्रविधिले धेरै सजिलो, सस्तो र शीघ बनाएको छ । यसका लागि परम्परागत रूपमा तयार भएका कागज, चित्र, ध्वनि, चलचित्रलाई डिजिटल रूपमा बदल्नु आवश्यक हुन्छ । अतः सार्वजनिक निकायहरूमा भएका वा हुने तथ्य, तथ्यांक, सूचना जानकारीहरु डिजिटल स्वरूपमा निर्माण/उत्पादन तथा संरक्षण गरी राख्ने व्यवस्था अनिवार्य रूपमा गर्नु/गराउनू आवश्यक छ ।

**९ पत्रकार र नागरिक समाजको सक्रियता आवश्यक**

अरू देशको तुलनामा नेपालमा सूचनाको हकका बारेमा जनचेतना फैलाउनेदेखि सूचना माग्न आमनागरिकलाई डोऱ्याउनेसम्मका काममा नागरिक समाजका संस्थाहरु पर्याप्त मात्रामा सक्रिय छैनन् । नागरिक समाज सक्रिय नभई सूचना माग्ने काममा व्यापकता आउन सक्तैन । आमनागरिकलाई सूचनाको हकसम्बन्धी ऐनबारे बुझाउन, ऐनबाट लाभान्वित गराउन पत्रकार तथा नागरिक समाजका संस्थाहरूको सक्रियता आवश्यक छ ।

**१० व्यापक प्रचार प्रसार तथा अनुगमनको आवश्यकता**

नागरिकले सूचना माग गर्ने वा सूचना पाउने निकायको रूपमा हालसम्म सरकारी वा सरकार अन्तर्गतका कार्यालयहरु मात्र जिम्मेवार निकाय हुन भन्ने अवधारणा रही आएको पाइन्छ । सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायको रूपमा सरकारी तथा अन्तर्गतका कार्यालय, सरकारको पूर्ण वा आँशिक स्वामित्व भएका कार्यालयका साथै कानुनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक संगठित संस्था, राजनैतिक दल तथा संगठन, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विदेशी राष्ट्र वा अन्तरराष्ट्रिय संघ संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैर सरकारी संघ संस्थाहरु लगायतमा रहेका सूचनामा पहुँच हुने र सूचना माग गर्ने र पाउने अधिकार रहेको व्यबस्था गरेको छ । धेरै जस्ता यस्ता संस्थाहरु/निकायहरूमा नागरिकको ध्यान पुग्न सकेको छैन । सूचना माग गर्ने प्रवृत्ति पनि देखिएको छैन भने यी संस्थाहरूले पनि सूचना दिनु पर्ने भन्ने अनुभूति पनि गरेको पाइएको छैन । यस्ता संस्थाहरूले नियमित रूपमा अनिवार्य प्रकाशन गर्न पर्ने कर्तव्यको पालना गर्ने गरेको पनि पाईएको छैन । अतः जुन निकाय अन्तर्गत सञ्चालन भएको सार्वजनिक निकाय छन । तिनको नियमितता गर्ने निकायले ९च्भनगबितयचथ द्यमथ० ले सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्न गराउन टड्कारो आवश्यकता रहेको छ ।

**११ विगत वर्षका सुझावहरू कार्यान्वयन गर्ने सम्बन्धमा**

आयोगले आ.व.०६५।०६६ र ०६७।०६८ मा दिएका कतिपय सुझावहरु आफैसम्म कार्यान्वय भएको नदेखिएको हुँदा ती सुझावहरूसमेत कार्यान्वयन गर्न वान्छनिय भएकोले प्रस्तुत प्रतिवेदनसमेत पुनःउल्लेख गरिएको छ । अतः उक्त सुझावहरु र चालु वर्ष दिइएका सुझावहरु आगामी वर्षमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

## २०६८/६९ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ राजनीतिक इच्छाशक्ति**

सूचनाको हकसम्बन्धी ऐन लागू गर्ने सम्बन्धमा शुरूको चरणमा आइपर्ने एउटा मुख्य समस्या राजनीतिक इच्छाशक्तिको हो । व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी कानुन पास गरे पनि त्यसलाई प्रभावकारी ढंगले लागू गर्ने कुरामा राजनीतिक तथा प्रशासनिक नेतृत्वमा प्रतिवद्धता नदेखिँदा सरकारी निकायहरूमा ऐन कार्यान्वयनमा आवश्यक मानवीय र भौतिक पूर्वाधार निर्माण हुन सकेको छैन । राजनीतिक नेतृत्वले ऐन कार्यान्वयनका लागि सही र उत्साहजनक सन्देश र संकेत प्रवाह नगर्दा प्रशासन यन्त्र ऐनप्रति उदासीन रहेको स्पष्ट छ । नेतृत्वले स्पष्ट सन्देश नदिँदासम्म तथा खुलापनलाई पुरस्कृत गर्ने पद्धति नबस्दासम्म जनतालाई सूचनामा पहुँच दिने कामलाई कर्मचारीहरूले आफ्ना कार्यालयका दैनिक कृयाकलापमा प्राथमिकता दिँदैनन् । यसैले राजनैतिक दलहरु, मन्त्रीहरु र सांसदहरूले सूचनाको हक लागू गर्ने कामलाई सक्रिय भएर प्रोत्साहित गरी स्थानिय तहसम्म पुऱ्याउन आवश्यक छ ।

**२ प्रशासन यन्त्र (व्युरोक्रेसी) को तत्परता**

सूचना, जानकारीहरु आफ्नो नियन्त्रणमा राख्न चाहने र चाहिने व्यक्तिलाई पनि नदिने प्रवृत्तिले हाम्रो समाज, सरकार र प्रशासनयन्त्रमा गहिरोसँग जरा गाडेको छ । यसैले सूचनाको हकसम्बन्धी ऐन कानुन चाहिएको हो । तर यो कानुन वास्तवमा व्यवहारमा लागू गर्ने हो भने कर्मचारीतन्त्रलाई खुलापन र नागरिकप्रतिको जिम्मेवारी बहन गर्न भित्री मनैदेखि उत्सुक र तत्पर बन्न प्रेरित गर्ने उपायहरु खोज्नु जरूरी छ । कर्मचारीहरूले नागरिकको सूचना पाउने अधिकारलाई सर्वमान्य सिद्धान्तको रूपमा स्वीकार गर्नु आवश्यक छ । सरकारले यस्ता नयाँनयाँ उपायहरु पत्ता लगाउनु वा विकसित गर्नुपर्छ, जसले गर्दा कर्मचारीहरूले ऐनको भावना र मर्मअनुसार काम गरून् । सरकारी कर्मचारीहरूलाई ऐन लागू गर्न तत्पर र प्रतिवद्ध बनाउनका

लागि समयवद्ध योजना बनाई लागू गर्नुपर्छ । त्यस्तो योजनाले मानव साधनको विकासका साथै वैज्ञानिक सूचना व्यवस्थापन प्रणाली अपनाउन कार्यक्रम बनाउनु पर्छ । यो कामका लागि सरकारले उपयुक्त मन्त्रालयलाई जिम्मेवारी दिनुपर्छ । यसको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रभावकारी हुने देखिन्छ ।

**३ बाझिने कानुनहरूको संशोधन र सहायक कानुनहरूको निर्माण**

सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन आत्मसात् र आफ्नो दैनिक काममा लागू गर्न नसक्नु र नचाहनुमा सूचनाको हकसँग बाझिने विद्यमान कानुनहरु कारकको रुपमा प्रस्तुत गरिएको छ । अतः बाझिने कानुनहरु पहिचान गरी संशोधन गर्नु र ऐन कार्यान्वयन गर्न सहयोग गर्ने सहायक कानुनहरुको निर्माण गर्नु अति आवश्यक छ । उदाहरणको लागि गोप्यता अधिकारसम्बन्धी ऐन, आयकर ऐन, मूल्य अभिबृद्धि कर ऐन, राष्ट्रिय सुरक्षा ऐन, तथ्यांक ऐन, निजामती सेवा ऐन, सार्वजनिक सुरक्षासम्बन्धी ऐन, सार्वजनिक अभिलेख व्यवस्थापन ऐन, सूचनादाता संरक्षण ऐन तथा लोक सेवा आयोग ऐन जस्ता अन्य ऐनहरु संशोधन तथा नयाँ तर्जुमा गर्नु पर्ने देखिन्छ ।

**४ स्वयम्सक्रिय भई सूचना प्रवाह गर्ने काममा जोड**

मागेर सूचना दिनु भन्दा नमाग्दै सूचना उपलब्ध गराउनु सार्वजानिक निकायहरुको दायित्व र कर्तव्य हुनका साथै सूचना प्रवाह सजिलो र सस्तो हुन्छ । सूचनाको हक तथा सूचना संस्कृतिको यो मूल मर्म हो । यसले नागरिकलाई सूचना उपलब्ध गराउने सार्वजनिक निकायहरुको दायित्व पालन भएको कुरा स्पष्ट पार्छ । ऐनमा आवधिक रुपमा सार्वजनिक निकायका विविध सूचना सार्वजनिक गर्ने व्यवस्था छ तर त्यसको पालना अझैसम्म भएको देखिएको छैन । ऐन कार्यान्वयनमा इच्छशक्तिको अभाव रहेको कुरा यसले स्पष्ट देखाइ रहेको छ । सरकारले तत्कालै सार्वजनिक महत्वका सूचनाहरु सार्वजनिक गर्न लगाउनु आवश्यक छ ।

**५ नागरिक समाजका संस्थाहरूसँग सहकार्य**

सूचनाको हक कार्यान्वयनमा लागि परेका अधिकारवादी संस्थाहरूसँग मिलेर विभिन्न मन्त्रालयले गैरसरकारी संस्थाहरुमा प्रभावकारी रुपमा सूचना व्यवस्थापन गर्ने र सूचनाको मागलाई सम्बोधन गर्ने जस्ता विषयमा विभिन्न तहमा क्षमता वृद्धिका काममा सहकार्य गर्नु आवश्यक छ । त्यस्तै उद्योग, वाणिज्य तथा आपूर्ति जस्ता उत्पादन र सेवासँग सम्बन्धित निकायहरूले उपभोक्ता मंच जस्ता अधिकारवादी संस्थाहरूसँग मिलेर उपभोक्तासँग सरोकार राख्ने सूचना प्रवाह तथा माग सम्बोधनका विषयमा मार्ग निर्देशिका तयार गर्न सक्छन् ।

**६ सूचना शुल्क समान रूपमा कायम गर्ने:**

मागकर्तालाई सूचना उपलब्ध गराउँदा सूचनाको हकसम्वन्धी ऐनमा व्यवस्था भएको र त्यसअन्तर्गत रही नियमावलीमा तोकिए अनुसारको दस्तुर लिनु पर्नेमा सो अनुसार नगरी कतिपय सार्वजनिक निकायहरूले सूचना शुल्क निकै बढी निर्धारण गरेका छन् । परीक्षा नियन्त्रण कार्यालयले एस एल सी परीक्षको उत्तरपुस्तिका सूचनाको हकभित्र परेको मानेर उपलब्ध गराउने कार्य गरी राम्रो सुरूवात गरेको छ । तर सूचना शुल्क निर्धारण गर्दा एउटा विषयको उत्तरपुस्तिकाको प्रतिलिपि लिन यसले पहिले रू १०००।- दस्तुर तोक्यो र पछि रू ७००।- गरायो । त्यस्तै पूर्वाञ्चल विश्वविद्यालयले रू ५०००।- तोकेको छ । यो शुल्क लागत भन्दा निकै बढी हो । यसरी यी निकायले सूचना शुल्क वास्तविक लागतका आधारमा निर्धारण नगरी हचुवाको भरमा सूचनाको हकसम्वन्धी ऐनको मान्यता विपरित अनि सूचना मागकर्तालाई निरूत्साहित पार्ने र सूचना लुकाउने मनसायले गरेको देखिन्छ । यो अवस्थालाई यथास्थितिमा रहन दिने हो भने अन्यत्र पनि यस्तै किसिमको प्रक्रिया वन्न सक्छ, जुन सूचनाको हकमा घातक हुन्छ । अतः यसमा सरकारले सूचनाको हकसम्वन्धी ऐनको भावना,मर्म र यसको अभीष्टमा शुल्कका कारण अवरोध सिर्जना हुन नदिन वेलैमा पहल गर्नु अति अवश्यक देखिन्छ ।

**७ अभिलेख व्यवस्थापनमा सुधार**

अभिलेखहरु सिर्जना गर्ने, व्यवस्थित गर्ने, भण्डारण गर्ने, चाहिएको बेलामा सजिलै र तुरून्तै प्राप्त गर्न सकिने गरी राख्ने प्रभावकारी प्रणाली भएन भने सूचना प्रवाह कठिन हुन्छ । मागिएको सूचना कहाँ छ भन्ने बेलैमा थाहा भएन भने ऐनले तोकेको समयभित्र सूचना उपलब्ध गराउन सकिन्न । सूचना पढ्न वा नक्कल उतार्न नसकिने अवस्थामा पुगेको छ वा नष्ट भएको छ भने ऐन कार्यान्वयन गर्न सकिन्न । सूचनाको हकको केन्द्रमा अभिलेखहरु (Records) हुन्छन् – कागजातहरु, लिखतहरु, फाइलहरु, टिप्पणीहरु, सामग्रीहरु, भिडियो, अडियो टेपहरु, नमुनाहरु, कम्प्युटरले छापेका प्रिन्टआउटहरु, हार्डड्राइभ, पेनड्राइभ सीडी, भिडिडी आदि विभिन्न माध्यममा सूचना, अभिलेख संकलित र सुरक्षित हुन्छन् । सरकारसँग विश्वसनीय अभिलेखहरु सिर्जना र व्यवस्थित गर्ने उचित प्रणाली हुनैपर्छ । अन्यथा असल नियतले काम गर्ने कर्मचारीले पनि काम गर्न सक्तैन । सूचना व्यवस्थित गर्ने उचित प्रणाली भएन भने अभिलेखहरु विग्रन बिगारिन, मेटिन वा नष्ट हुन वा हराउन सक्छन् । नियमित रुपमा अनुगमन भयो भने मात्रै अभिलेख व्यवस्थापनको अवस्था कमी र तालिम तथा अन्य उपायको आवश्यकता थाहा हुन्छ । अतः सकेसम्म एकै ढाँचाको अभिलेख व्यवस्थापन लागू गर्ने र

विद्यमान व्यवस्थापनमा सुधार ल्याउनु आवश्यक छ ।

**८ सूचना प्रविधिको प्रयोग**

सूचना व्यवस्थापनका लागि अहिले सबै देशमा सूचना प्रविधि (आइटी) को उपयोग हुन थालेको छ । कम्प्युटरबाटै अभिलेख, सूचना सिर्जना गर्ने चलन नेपालमा पनि सुरू भइसकेको छ । कार्यालयका सबै कम्प्युटरलाई एउटै सञ्जाल (नेटवर्क मा आवद्ध गरेर तथा सम्पूर्ण डेटा, सूचना, अभिलेखलाई डिजिटाइज गरेर अभिलेख व्यवस्थापनलाई वैज्ञानिक, पारदर्शी र सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावनाअनुसार चल्न सजिलो बनाउन सकिन्छ । समयको मागअनुसार यो काम सकेसम्म चाँडै गर्नुपर्छ । अहिले नेपालका झन्डै सत्तरी प्रतिशत जनताको हातमा मोबाइलफोन पुगेको छ । यसको अर्थ आधाभन्दा धेरै नेपालीलाई कुनै पनि बेला कुनै पनि ठाउँमा सूचना, सन्देश पठाउन सकिन्छ । यो उपाय सस्तो, सजिलो र शीघ्र पनि छ । सूचना प्रविधिको विकासले ल्याएको यो अवसरलाई सूचनाको हकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयनमा लगाउनु समयको माग हो । त्यस्तै देशभर फैलिएका चारसयभन्दा धेरै एफएम रेडियो स्टेसनहरूको उपयोग गर्नु आवश्यक छ ।

**९ खुला बैठकको अभ्यास**

खुला सरकार प्रवर्द्धन गर्न सार्वजनिक निकायका सबै बैठकहरु खुला हुनुपर्छ । निश्चय नै बैठकका सबै अंश खुला हुँदैनन् । कुनै विषयका छलफलहरु निक्कै संवेदनशील सूचना र निर्णयसँग सम्बन्धित हुन सक्छन् । त्यसैले कुन कुन विषयको बैठक गोप्य हुन्छ भन्ने पहिले नै नीति बनाइनु पर्छ । कुनै पनि बैठक गोप्य हुनका लागि कडा आधारहरु तोकिनु पर्छ । गोप्य बैठकले गरेका निर्णयहरु आमनागरिकको पहुँचमा हुनुपर्छ । सार्वजनिक निकायका बैठकहरु खुला गर्ने अभ्यासको पहिलो चरणमा गाउँविकास समिति र नगरपालिकाका बैठकहरूलाई खुला गर्न सकिन्छ ।

**१० सूचना अधिकारीको व्यवस्था तथा सूचना माथि पहुँच पुऱ्याउने**

सबै सार्वजनिक निकायमा सूचना अधिकारी व्यवस्था गर्नु पर्ने र सूचना प्रवाहमा सहजता ल्याउन सूचना शाखाको व्यवस्था गर्ने, सूचना अधिकारीलाई सूचनामा पहुँच पुऱ्याउने तथा आवश्यक पूर्वाधार उपलब्ध गराउनु पर्ने व्यवस्था ऐन लागू भएको ५ वर्ष भइसक्दा पनि कार्यान्वयन हुन सकेको छैन । सूचनाको हक कार्यान्वयन गर्ने प्रारम्भ विन्दु नै सूचना अधिकारीको व्यवस्थाबाट हुने हुँदा नेपाल सरकारले सबै निकायमा निश्चित अवधि तोकि यस्तो व्यवस्था गर्न अत्यावश्यक भइसकेको छ । राष्ट्रिय सूचना आयोगले पटक पटक यस्तो प्रयास गरेको भएता पनि सबै निकायमा व्यवस्था हुन सकेको छैन । एक जनामात्र कर्मचारी कार्यरत गा.वि.स. मा गा.वि.स. सचिवलाई नै सूचना अधिकारी तोक्ने नीतिगत व्यवस्था गर्ने तथा स्थानिय निकायमा प्रमुख जिल्ला अधिकारीले तत्परता देखाई सूचना अधिकारी तोक्न लगाउने व्यवस्था गर्न तथा बैंक वित्तिय संस्था, सहकारी संस्था र गैरसरकारी संस्थाहरूका Regulatory Authority लाई आयोगबाट लेखि पठाईएकोमा हालसम्म लागू हुन नसकेकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अगुवाइमा सूचना अधिकारीको व्यवस्था गरिनु उपयुक्त हुने ठम्याई आयोगको रहेको छ ।

**११ सूचना अधिकारीको काम, कर्तव्य र अधिकार**

सूचनाको हकसम्बन्धी ऐनमा सूचना अधिकारीको व्यवस्था गर्नु पर्ने प्रावधान रहेको तथा दफा ७ मा सूचना प्राप्त कार्यविधि अन्तर्गत सूचना अधिकारीको काम, कर्तव्यसमेत उल्लेख भएको छ । सूचना अधिकारीहरूसँग तथा विभिन्न जिल्लास्थित कार्यालयहरूसँग गरेको अन्तरक्रियाबाट प्राप्त सुझावहरूको आधारमा सूचना अधिकारीको काम कर्तव्य र अधिकार तथा जिम्मेबारीको स्पष्ट किटान हुनु पर्ने आवश्यकता देखिएको छ । कार्यालय प्रमुखले सूचना माग गर्ने निवेदनमा दर्ता गर्न तोक लगाउनु पर्ने, सूचना माथि पहुँच नहुने हुंदा विभिन्न शाखा, महाशाखामा व्यक्तिगत रूपमा सूचना सङ्कलन गर्नु पर्ने, संकलित सूचना दिने नदिने निर्णय कार्यालय प्रमुखबाट गराउनु पर्ने तथा नदिएमा सूचना अधिकारी जिम्मेवार हुनु पर्ने जस्ता पूरानो कार्यशैलीले आफ्नो पहुँचमा नभएको कार्यप्रति पनि जिम्मेवारी बहन गर्नु पर्ने तर अधिकार भने नहुने हुंदा सूचना प्रवाहमा जटिलता उत्पन्न भएको छ । अतः यस्ता समस्या समाधान गर्न कार्यालय प्रमुखले सूचना अधिकारीलाई सहज रूपमा सूचना उपलव्ध गराउने तथा ऐनले दिएको कर्तव्य पालन गर्न लगाउन आवश्यक देखिन्छ ।

**१२ कार्यालय प्रमुखलाई दिने अख्तियारी खुला गर्ने**

नेपाल सरकारवाट वजेट स्वीकृत भएपछि अर्थ मन्त्रालयका सचिवले सम्वन्धित मन्त्रालयका सचिवलाई र सचिवले महानिर्देशक एवं महानिर्देशकले कार्यालय प्रमुखलाई वजेट विनियोजन र खर्च गर्ने अख्तियारी तथा खर्च गर्दा पालना गर्नुपर्ने निर्देशनसमेत गोप्य भनी पठाउने गरिएको छ। यस्तो अख्तियारी एवं निर्देशन कार्यालय प्रमुख र लेखाप्रमुखले मात्र हेर्न पाउने हुँदा सो सम्वन्धी सूचना माग गरी परेका निवेदनमा सूचना अधिकारीको पहुँच नहुने गरेको पाईएको हुँदा यस्तो अख्तियारी एवं निर्देशन गोप्य भनी राखिराख्नु आवश्यक र उपयुक्त नभएकोले खुला रूपमा नै पठाउने गरिनु पर्दछ ।

**१३ पाठ्यक्रम बनाई लागू गर्ने**

सूचनाको हकको विषयमा जनचेतना अभिबृद्धि गर्न गराउन तथा कार्यान्वयनलाई प्रभावकारी बनाउन कक्षा ९–१२ सम्मको पाठ्यक्रममा यो विषयले

प्रवेश पाउनु अति जरूरी देखिएको छ । यसै गरी निजामती सेवा लगायतका विभिन्न सेवा समूहमा कर्मचारी सुरू प्रवेशदेखि विभिन्न तहमा हुने तालिम कार्यक्रमहरूमा पनि सूचनाको हकसम्बन्धी विषयलाई अनिवार्य गरिनु पर्दछ । यस कार्यबाट विद्यार्थी वर्गले सानै उमेर देखि सूचनाको हक बारेमा जानकारी राख्ने हुँदा खुला र पारदर्शी समाज तथा संस्कारको विकास हुन जाने, जिम्मेवार र प्रतिवद्ध नागरिक श्रृजना हुने तथा कर्मचारीहरूमा पनि विषय ज्ञान तथा जागरूकता बृद्धि भएर मनोवल बढ्ने तथा जिम्मेवारीप्रति सजग हुने परिपाटीको विकास हुन जाने अपेक्षा गर्न सकिन्छ ।

१४ **निरन्तर प्रशिक्षण**

सरकारी कर्मचारीहरूको प्रतिरोधको समाधान गर्ने सबैभन्दा व्यावहारिक उपाय तालिम कार्यक्रम सञ्चालन गर्नु हो । सबै कर्मचारीलाई नयाँ कानुन र उनीहरूको कर्तव्य बुझाउने र उनीहरूलाई खुलापन र पारदर्शीताप्रति प्रतिवद्ध गराउने उपाय तालिम नै हो । कानुनले के भन्छ भन्ने यान्त्रिक वा प्राविधिक ज्ञान, अभिलेख व्यवस्थापनको सीप तथा सूचना दिने तरिकाभन्दा पर गएर समग्र (Holistic) तालिमले जनसेवाको मुख्य मूल्य मान्यतामा खुलापनलाई लागू गर्न कर्मचारीहरूको भूमिकालाई जोड दिन्छ । तालिमको मुख्य उद्देश्य नै सरकारलाई आमजनताबाट टाढा राख्ने सोच/अवधारणालाई बदल्न लगाउनु हो । साथै संस्थाको काम गर्ने परम्परा/संस्कृतिमा परिवर्तन आउँदा त्यसले कर्मचारीहरूमा ल्याउने चिन्ता, बाधालाई घटाउनु तालिमको अर्को उद्देश्य हुनुपर्छ ।

१५ **सूचना प्रकाशन गर्नु पर्ने अवधि परिवर्तन गर्ने**

सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) को ऐ. ५(४) तथा नियमावलीको नियम ३ बमोजिम सार्वजनिक निकायले प्रत्येक ३/३ महिनामा कार्यालयमा भए गरेका कामकारवाही स्वयम् सकृय रूपमा (Pro-active disclosure) गर्नु पर्ने प्रावधान रहेको छ । तर बजेट खर्च, प्रगति विवरण राष्ट्रिय विकास समस्या समाधान समिति तथा सरकारका विभिन्न निकायहरूमा प्रत्येक चौमासिक रूपमा विवरण तयार गरी प्रगति समीक्षा गर्ने व्यवस्था छ । सूचनाको हकसम्बन्धी ऐन अनुसारको विवरण र चौमासिक प्रगति विवरणहरूमा धेरै समानता रहेकोले अवधि फरक पारी विवरण प्रस्तुत गर्नु पर्दा सार्वजनिक निकायमा समय र लागत बढी हुन गई विवरण तयार गर्दा कठिनाई तथा झन्झट व्यहोर्नु परेको अनुभूति हुन गएको छ । तसर्थ, सूचनाको हकसम्बन्धी ऐनको दफा ५ को उपदफा ४ मा संशोधन गरी प्रत्येक चौमासिक रूपमा विवरण प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । साथै यस्तो विवरण प्रकाशन गर्नका लागि सार्वजनिक निकायलाई वार्षिक रूपमा नियमित रकम बजेटमा नै व्यवस्था गरिनु पर्ने देखिन्छ ।

१६ **सूचनादाताको संरक्षण**

ऐनमा सूचनादाताको संरक्षणको व्यवस्था छ र आयोगमा यससम्बन्धमा हालसम्म एउटा मात्र पुनरावेदन परेको छ । तर त्यसमाथि आयोगले गरेको निर्णयको कार्यान्वयन वल्लवल्ल आंशिक मात्रै हुन सकेको छ । यसमा सरकारी निकायको सक्रियता आवश्यक छ । यसले सार्वजनिक निकायलाई भ्रष्टाचारमुक्त र जिम्मेवार बनाउन र जनतामा विश्वास जगाउन मद्दत गर्छ साथै आयोगले गरेको निर्णय कार्यान्यवन गर्ने तर्फ सार्वजानिक निकाय पनि सचेत हुनुपर्ने देखिन्छ ।

१७ **केन्द्रीय नोडल इकाई** (Central Nodel Agency) **गठन गर्ने**

सरकार सबै निकायमा सूचनाको हक प्रभावकारी रूपमा कार्यान्वयन गराउन दृढ र प्रतिवद्ध रहेको छ र सबै निकायले अनिवार्य रूपमा ऐन नियम पालना गर्नुपर्दछ भन्ने सिद्धान्तलाई अंगिकार गरी सुशासनसम्बन्धी तत्कालिन कार्ययोजना २०६९ मा महत्वपूर्ण व्यवस्था गरिएको छ । यसै सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मुख्य सचिवको संयोजकत्वमा उच्चस्तरीय समन्वय इकाईको व्यवस्था गरी मातहत निकायलाई जिम्मेवार र जवाफदेही बनाउन संयन्त्र स्थापना गर्ने गरी राष्ट्रिय सूचना आयोगले केन्द्रीय कार्यान्वयन (इकाई गठन) कार्यविधि "२०६९" मस्यौदा तयार गरी सरकार समक्ष प्रस्तुत गरिसकेको अवस्था रहेको छ । साथै सबै मन्त्रालय र मातहतका विभाग र कार्यालयहरूमा ऐन लागू गर्न गराउन मन्त्रालयमा इकाइ गठन गर्नु आवश्यक छ । इकाइले केन्द्रीय कार्यान्वयन इकाईसँग समन्वय गरेर ऐन कार्यान्वयनका लागि सूचना अधिकारीहरूको क्षमता वृद्धि, सूचना व्यवस्थापनको विकास र बजेटको समुचित व्यवस्था गर्न सघाउने छ । साथै मन्त्रालयहरूको कामको प्रकृति फरक हुने हुनाले सूचना प्रवाह गर्ने र संरक्षण गर्नुुपर्ने सूचना वर्गीकरण गरी राख्नका लागि बेग्लाबेग्लै निर्देशिका बनाई लागू गर्नुुपर्छ । जति चाँडो यस्तो संयन्त्र स्थापित भयो त्यति प्रभावकारी हुन सक्नेछ, अन्यथा राष्ट्रिय सूचना आयोगको मात्र कार्य हो भन्ने भावनाबाट अगाडि बढ्ने हो भने कार्यान्वयन फितलो हुने, नियमित नहुने र न्यायिक अधिकारको मात्र प्रयोग गरिरहनु पर्ने भएमा नागरिकले धेरै बोझ र झन्झट व्यहोर्नु पर्ने अवस्था आउन सक्दछ । यस तर्फ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय गंभीर हुनु पर्ने देखिन्छ ।

१८ **संवर्द्धन तथा प्रबर्द्धनात्मक कार्यमा बजेट बृद्धि हुन पर्ने**

सूचनाको हकसम्बन्धी ऐन बमोजिम सूचनाको संरक्षण, सम्बर्द्धन र प्रचलनको लागि आयोग गठन भए पनि विगत पाँच वर्षमा ज्यादै सीमित बजेट विनियोजन भएका कारण यो आयोगले उल्लेखनीय रूपमा आफ्नो दायित्व निर्वाह गर्न सकेको छैन । सूचनाको हकको सम्बन्धमा जनचेतना जागृत

गराउन, नागरिक समाज तथा गैरसरकारी संस्थाहरु सँग सहकार्य गरी एकिकृत रूपमा संम्बर्द्धन र प्रर्बद्धनका कार्य पनि गरिनु पर्ने, संचार माध्यम, प्रिन्ट मेडिया, रेडियो, टेलिभिजन, स्कुल इगत च्मबअज कार्यक्रम, गाउँ गाउँमा घुम्ती सेवा, प्रचार प्रसार गोष्ठी, अन्तरक्रिया, प्रशिक्षण, अनुगमन गर्ने कार्यका लागि उल्लेख्य बजेट विनियोजन हुनु पर्दछ । परम्परागत रूपमा सीमित बजेट लगानीबाट अपेक्षित प्रतिफल प्राप्त गर्न नसकिने भएकोले संबर्द्धन तथा प्रबर्द्धनका लागि बजेट विनियोजनमा उल्लेख्य बृद्धि हुनुपर्दछ ।

**१९ अनुगमन प्रभावकारी बनाउनु पर्ने**

सार्वजनिक निकायमा रहेका सूचना मागकर्ताले समयमै प्राप्त गर्न सकेको अथवा नसकेको, अभिलेख प्रणाली चुस्त दुरूस्त भए नभएको, सूचना अधिकारीको व्यवस्था भए नभएको तथा सूचना माथी पहुँच भए नभएको विषयमा सरकारको तालुक निकायबाट समय समयमा अनुगमन गरिनु पर्दछ । यसरी अनुगमन गरेको प्रतिवेदन राष्ट्रिय सूचना आयोगमा पनि पठाउने व्यवस्था लागू हुनु पर्दछ । सूचना मैत्री कार्यालय, पदाधिकारी र सूचना प्रवाह गर्न देखाएको तत्परताको कदर गरी पुरस्कृत गर्ने व्यवस्था पनि लागू हुनु पर्ने देखिन्छ । राष्ट्रिय सूचना आयोगबाट भएको अनुगमनबाट प्राप्त सुझावहरु कार्यान्वयन हुनु पर्ने व्यवस्था गरिनु पर्दछ ।

**२० छुट्टै अभिलेख राख्ने**

सूचना माग कर्ताले प्राप्त गरेको र प्राप्त गर्न नसकेको अर्थात् सूचना दिन इन्कार गरिएको विषयमा छुट्टाछुट्टै अभिलेख तयार गरी राख्नु पर्ने र त्यसको जानकारी तालुक निकाय र राष्ट्रिय सूचना आयोगमा दिने व्यवस्था हुनु जरूरी छ ।

**२१ सूचना दिनु पर्ने बाध्यात्मक व्यवस्था गर्नु पर्ने**

सूचना नदिएको र लुकाएको अवस्थामा सम्बन्धित सूचना अधिकारी वा कार्यालय प्रमुखलाई सजाय गरिएपश्चात् सूचना दिनु नपर्ने हो कि भन्ने संशय हटाउनका लागि सूचना दिनबाट उन्मूक्ति नपाउने व्यवस्था ऐनमा नै गर्नु पर्ने देखिन्छ ।

**२२ लेखा परीक्षणको विषय बनाइनु पर्ने**

सूचनाको हकसम्बन्धी ऐन, नियममा व्यवस्था भए बमोजिम सूचना अधिकारीको व्यवस्था भए नभएको अभिलेख व्यवस्था तथा वर्गिकरण र अद्यावधिक विवरण भए नभएको, ३/३ महिनामा प्रकाशन गर्नु पर्ने विवरणहरु यथा समयमै प्रकाशन भए नभएको लगायत पालना गर्नु पर्ने काम भए नभएको विषयमा आन्तरिक तथा अन्तिम लेखा परिक्षणको विषय बनाई लेखा परिक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**२३ आयोगको लागि जग्गा तथा सवारी साधनको व्यवस्था**

राष्ट्रिय सूचना आयोग स्थायी प्रकृतिको कार्यालय भएकोले र हालसम्म घरभाडामा कार्यालय सञ्चालन भएकोले कार्य सम्पादनमा सहजता प्राप्त गर्न नसकेको अनुभव भएको छ । अतः आयोगको लागि उपयुक्त ठाँउमा कार्यालय भवन निर्माण गर्न जग्गा खरिद गर्नु पर्ने वा नेपाल सरकारको मातहत रहेका कुनै ठाँउमा जग्गा वा कार्यालय भवन नै उपलब्ध गराउनु पर्ने देखिन्छ । पर्याप्त सवारी साधन नहुँदा कार्यालयको कार्य सम्पादनमा असर परिरहेकोले उपयुक्त सवारी साधन पनि उपलब्ध गराउनु पर्दछ ।

**२४ आयोगका कर्मचारीहरूको वृत्ति विकास, तालिम, विदेश भ्रमण तथा प्रोत्साहन भत्ता**

राष्ट्रिय सूचना आयोगमा खटिने कर्मचारीहरु काठमाडौ उपत्यकामा बस्नु पर्ने, काज मिलाउनु पर्ने, अवकाश हुन केही समय बाँकी भएकालाई खटाउने, सकभर दरवन्दी पूर्ति नै नहुने, अन्यत्रबाट हटाउनु पर्ने प्रकृतिका कर्मचारीलाई सरूवा गरी पठाउने गरिएको अनुभूति भएको छ । आयोगमा कार्यरत कर्मचारीहरूलाई स्वदेश तथा विदेश तालिम, छात्रबृत्तिमा पनि सरकारका अरू निकायका कर्मचारी सरह अवसर उपलब्ध नभएको देखिन्छ । अतः यसकारण आयोगमा कार्यरत कर्मचारीमा कार्य उत्साह नहुनु स्वाभाविक हो । सरकारका अन्य निकायका राष्ट्र सेवकहरूले पाए सरहको वृत्ति विकासको सुविधा एवं प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्ने देखिन्छ । आयोगका आयुक्त तथा कर्मचारीहरूलाई अरू देशका सूचना आयोगमा भएका असल अभ्यास तथा कार्य सम्पादन तरिकाको अवलोकन तथा प्रशिक्षणका लागि समय समयमा पठाउने व्यवस्था हुनु पर्दछ । यसको लागि बार्षिक रूपमा बजेटमा नै विनियोजन गरिनु पर्दछ ।

**२५ आयोगको कार्यालय विस्तार गर्ने**

सूचना पाउनका लागि उपत्यका बाहिरबाट आयोगमा सर्म्पक गर्नु पर्ने वर्तमान व्यवस्था खर्चिलो, कठिन र झन्झटपूर्ण भएको गुनासाहरु प्राप्त भइरहेको सम्बन्धमा उपत्यका बाहिरका क्षेत्रीय विकास केन्द्रहरूमा आयोगको सर्म्पक कार्यालय विस्तार हुनुपर्ने तथा घुम्ती बेन्चको व्यवस्था गरी स्थानीय गुनासाहरूलाई सम्बन्धित ठाँउबाट समाधान दिन सक्ने गरी आयोगलाई सक्षम निकायको रूपमा विकास गर्न आवश्यक बजेट, ऐन तथा नियमावलीमा पनि आवश्यक संशोधन हुनु पर्ने देखिन्छ ।

## २०६९/७० को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ सूचना अधिकारीको नियुक्तिको व्यबस्था तथा सूचनामा पहुाच बृद्धि गर्नुपर्ने**

सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्त गर्ने व्यबस्था गर्ने र निश्चित अवधि किटान गरी नियुक्त अधिकारीको विवरण आयोगमा पठाउने । सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीको पहुँचमा सूचना पुग्ने कार्यविधि पनि तर्जुमा गरी लागु गर्ने तथा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पुरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम कर्तव्य अधिकारको स्पष्ट व्यबस्था गर्नु पर्ने ।

**२ सार्वजनिक निकायले सूचना प्रवाह गर्नुपर्ने**

"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन" गराउने व्यबस्था भएकोले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरु ऐनको दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम नियमित रूपमा प्रवाह गर्नु पर्नेमा ऐन लागु भएको ७ वर्ष भइसक्दा पनि अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीरण हुन सकेको छैन । आमनागरिकसँग सरोकार राख्ने सूचनाहरु नियमित रूपमा सार्वजनिक नहुँदा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार हुने सम्भावना रहन्छ । सूचना सार्वजनिक भएमा खुला र पारदर्शीता बढ्न गै यस्तो गुन्जायस रहदैन । सार्वजनिक निकायउपर नागरिक सर्वोच्चता स्थापित हुन्छ र राज्यले गरेका वा गर्न लागेका क्रियाकलाप माथि जनताको खवरदारी रहन्छ र सार्वजनिक निकाय र पदाधिकारी पनि संसद र जनताप्रति उत्तरदायी र जवाफदेही हुन जानुका साथै निर्णय प्रक्रियामा जनताको स्वामित्व, सहभागिता र नियन्त्रण रहन जान्छ ।

सार्वजनिक निकायले सञ्चालन गरेका विकास कार्यक्रम, कार्य सञ्चालन प्रक्रिया, कार्य प्रगति, समस्या र समाधान गर्न गरिएका प्रयासहरूको बारेमा नागरिकलाई सुसूचित गराउने, नयाँ बन्न लागेको सार्वजनिक नीति तथा कार्यक्रमहरूको लागु हुन भन्दा पहिले नै सार्वजनिक बहस गर्ने र प्राप्त सुझावहरूलाई समेटेर मात्र लागु गर्ने प्रक्रियाको थालनी गर्न सकेमा जनसहभागिता जुटाउन पनि सहज हुन जान्छ । यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित स्वःफूर्त सूचना प्रवाह (Pro-active Disclosure) लाई कार्य सम्पादनको अनिवार्य र नियमित कार्य प्रणालीभित्र समेटनु अपरिहार्य आवश्यकता रहेको छ ।

**३ आयोगका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने**

आयोगले अध्ययन गरी तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएका देहायका प्रतिवेदनहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालयहरूमा निर्देशन भएको छ तापनि तिनको कार्यान्वयन अनुगमन गरी कार्यान्वयन गर्न गराउन आवश्यकता रहेको छ ।

क) कक्षा ८–१२ सम्मका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने गराउने ।

ख) नेपाल सरकारका १९ वटा तालिम/प्रशिक्षण केन्द्र प्रतिष्ठानहरूमा सेवा प्रवेश र सेवाकालीन प्रशिक्षण, अन्तरक्रिया, छलफल, गोष्ठी लगायतका कार्यक्रमहरूमा सूचनाको हकसम्बन्धी विषय पनि पाठ्यक्रममै समावेश गर्ने गराउने ।

ग) सूचनाको हकसम्बन्धी ऐनको दफा ३७ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा अझै पनि कतिपय ऐनहरूमा आफ्नो निकायसम्बन्धी ऐनको उल्लेख गर्दै सूचना दिन इन्कार गर्ने गरेको पाईएकोले यस्ता बाझिएका ऐनहरूमा सूचनाको हकसम्बन्धी ऐन अनुकुल हुने गरी संशोधन वा परिमार्जन हुनु आवश्यक रहेकोले यथाशिघ्र संशोधन गर्ने गराउने ।

**४ सूचनाको संरक्षण गर्ने**

नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ मा कुनै व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यबस्था रहेको छ । यसै गरी सूचनाको हकसम्बन्धी ऐनको दफा ३० ले पनि व्यक्तिगत सूचना सम्बन्धित सरोकारवाला व्यक्तिले मात्र पाउने व्यबस्था गरेको छ । अतः सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरु व्यक्तिको हित प्रतिकूल हुने गरी सार्वजनिकीकरण गर्न गराउन हुदैन । जुनसुकै निकायमा पनि व्यक्तिसँग सम्बन्धित सूचनाहरु रहेका हुन्छन्, अनाधिकृत तबरबाट संविधान र ऐन विपरित व्यक्तिगत चरित्र, मर्यादा, स्वास्थ्य र स्वतन्त्रता प्रतिकूल हुने गरी यस्ता सूचना प्रवाह गर्न नहुने र संरक्षण गर्ने गराउने व्यबस्था हुनुपर्दछ । यसै गरी ऐनको दफा ३(३) को क देखि ङ बमोजिमका सूचनाहरु पनि वर्गीकरण गरी सुरक्षित गर्नु गराउनु पर्दछ । ऐनको दफा २८ ले पनि व्यक्तिगत सूचनाको संरक्षण गर्नु पर्ने व्यबस्था गरेको छ । मुलुकी प्रशासन सञ्चालन गर्ने सम्बन्धमा राज्य र नागरिकसँग सम्बन्धित निषेधित सूचना संरक्षण गर्ने गराउने दायित्व सरकारको रहेकोले ऐनको मर्मबमोजिम अपवादका सिद्धान्तहरूको वर्गीकरण गरी संरक्षित राख्न निर्देशिका बनाई

सुरक्षित गर्नु पर्ने आवश्यकता रहेको छ भने सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरु अधिकतम रुपमा सरल र सहज ढंगबाट प्रवाहित हुनु पर्दछ र नागरिकको पहुँचमा सूचना पुऱ्याउन पनि झन बढी आवश्यकता रहेको छ ।

**५ अभिलेख व्यबस्थापन गर्न Format तर्जुमा गरी लागु गर्ने**

सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) बमोजिमका विवरणहरु नियमित रुपमा ३/३ महिनामा प्रकाशन गर्न गराउन ऐन र नियमावलीबमोजिम २० प्रकारका सूचनाहरुको एकै प्रकारको विवरण (Format) तयार गरि अभिलेख राख्न लगाउने, अद्यावधिक गर्ने र प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने आवश्यकता रहेको छ । सार्वजनिक निकायमा सूचनाको अभिलेख व्यबस्थित गर्न गराउन, सूचनाको संरक्षण गर्न र प्रकाशन गर्न सहज गराउन डिजिटाइजेशन (Digitalization) गर्ने र यान्त्रिक प्रणाली (Electronic Version) मा सूचना अभिलेख राख्ने व्यबस्था मिलाउने ।

**६ निर्देशिका बनाई लागु गर्ने**

सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि स्वःस्फूर्त प्रकाशन गर्ने विवरण (Pro-active Disclosure) तथा अपवादका विषय वर्गीकरण गर्ने तरिका र सूचना अधिकारीको काम, कर्तव्य र अधिकार र व्यवहार सम्बन्धमा उपयुक्त निर्देशिका बनाई लागु गर्नु पर्ने देखिन्छ । यस्ता निर्देशिकाको अभावमा सूचना प्रवाह गर्ने उत्सुकता र अभिरूची हुदाँ हुँदै पनि उपयुक्त वातावरण र निर्देशिकाको अभावमा सूचना प्रवाह हुन नसकेको पाइएको छ । नेपाल सरकारले आफ्नो निकायको कार्य प्रकृति अनुसार यस्तो निर्देशिका बनाई लागु गराउन र अनुगमन गर्न आवश्यक निर्देशन दिनु पर्दछ ।

**७ सूचना शुल्क घटाउनु पर्ने**

सूचना माग गर्ने नागरिकले प्रथमतः सूचना प्राप्त गर्न नै कठीन छ, त्यसमा पनि केही सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावना तथा सूचनाको हकको सिद्धान्त Maximum Disclosure With Minimum Cost भन्ने सिद्धान्त विपरित धेरै समयपछि आएर शुल्क निर्धारण गरेको पाईन्छ । उदाहरणको लागि एउटा उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सी. को उत्तरपुस्तिकाको लागि रू. ७००।– शुल्क निर्धारण गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयले रू. ५,०००।– तोकेको छ । यसै गरी त्रिभुवन विश्वविद्यालयको रू. ५,५००।– तोकेको छ । अतः यसरी लागत भन्दा अति बढी शुल्क तोकिनुको साथै विद्यार्थीहरूले सूचना प्राप्त गरी प्रयोग नै गर्न नसकिने किसिमबाट कबुलियतनामा गर्नु पर्ने लगायतका व्यवधान पनि गरेका छन् । सम्मानित सर्वोच्च अदालतबाटसमेत उत्तरपुस्तिका उपलब्ध गराउने फैसला भइसकेको परिप्रेक्ष्यमा धेरै बढी शुल्क निर्धारण हुँदा विद्यार्थीहरूलाई मर्का पर्न गएको छ । अतः यस्ता निकायहरुमा न्यूनतम लागत तोकिनका लागि सम्बन्धित सार्वजनिक निकायले पहल गर्नु पर्दछ र सूचना नदिने र हतोत्साहित गर्ने उद्देश्यले अत्यन्त बढी शुल्क तोकेकोमा शुल्क घटाई एक रूपता ल्याउन पर्दछ ।

**८ एकीकृत Portal बाट सूचना प्रवाह गर्ने**

नेपाल सरकारबाट सञ्चालन भएको www.nepal.gov.np मा एकिकृत Portal मा सूचनाको हकसम्बन्धी ऐन अनुसारका सूचनाको वर्गीकरण, सूचना माग गर्ने कार्यविधि तथा सूचना प्राप्त गर्ने कार्यविधि, जिम्मेवार निकाय तथा पदाधिकारी र तिनको विवरण तथा प्रकाशन गर्नु पर्ने र प्रकाशन भएका विवरणहरु सजिलै हेर्न, देख्न, प्रतिलिपि प्राप्त गर्न सक्ने गरी व्यबस्था मिलाउन आवश्यकता रहेको छ । नेपाल सरकारका सार्वजनिक निकायका website हरु समय/समयमा अद्यावधिक गर्ने र नागरिकले खोज्न सक्ने वा आवश्यक सूचना सजिलै, सरल र सहज ढंगबाट प्राप्त गर्न सक्ने व्यबस्था मिलाउन सकेमा कार्यालयहरुमा सूचना माग गर्ने, सूचना दिनु पर्ने तथा सूचना दिन इन्कार गर्नु पर्ने अवस्था आउदैन र आधिकारीक सूचना प्राप्त गर्न सकिने हुँदा सरकारप्रति नागरिकको विश्वास बढ्न जान्छ ।

**९ सूचनाको हकसम्बन्धी पुरस्कारको स्थापना गर्ने**

सूचनाको हकसम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्न गराउन अभिलेख प्रणाली व्यबस्थित गर्न, सहजता, उत्प्रेरक, नेतृत्वकर्ता र गतिशिलता प्रर्दशन गर्ने तथा सूचना प्रवाह गर्ने गराउने, सूचनामैत्री सार्वजनिक निकाय, सूचना अधिकारी, कार्यालय प्रमुख र गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई पारदर्शीता, खुलापन, जवाफदेही र उत्तरदायी गराउन गरेका कार्य र खेलेको भूमिकाका लागि र यसको प्रभाव अन्य निकाय वा पदाधिकारीमासमेत पार्न र प्रोत्साहन गर्न गराउन आवश्यक भएकोले यस्तो सूचनाको हकसम्बन्धी प्रोत्साहन पुरस्कारको स्थापना गरी प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा वितरण गर्ने गराउने व्यबस्था गरिनु आवश्यकता रहेको छ । यसको लागि आवश्यक रकम अक्षय कोषको स्थापना गरी वितरण गर्न बजेटबाट नै निश्चित रकम विनियोजन गरिनु पर्दछ ।

**१० सूचनाको हक सम्बन्धमा इर्न्टनसिप व्यबस्था गर्ने**

सूचनाको हकसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका तोकिएका निश्चित विद्यार्थीहरूलाई सहयोग गर्न र चेतनामा अभिबृद्धि गर्न गराउन शोधपत्र अध्ययन तथा लेखन र इर्न्टनसिपको व्यबस्था गरी प्रोत्साहन गर्न गराउन उपयुक्त हुने देखिन्छ । यसको

लागि निश्चित रकम बजेटमा व्यबस्था गरिनु पर्दछ ।

**११ आयोगको प्रतिरक्षा गर्ने**

राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरूद्धमा सम्माननीय सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा महान्यायधिवक्ताको कार्यालयबाट पहिला जुन निकायले यस्तो पुनरावेदन वा रिट निवेदन गरेको हो उसकै पक्षबाट प्रतिरक्षा गर्ने गरेको र आयोग प्रतिरक्षाविहिन भएको र निजी कानुन व्यबसायी मुकरर गर्न वाध्य भएकोले यस्तो अवस्था सिर्जना हुँदा के कस्तो कार्यविधि अपनाउने भन्ने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय वा प्रणाली व्यवस्थित गरिनु पर्ने आवश्यकता देखिएको छ ।

**१२ सूचना प्रकाशन गर्नु पर्छ भन्ने संस्कारको विकास गर्ने**

सूचना नमागे पनि नियमित रूपमा प्रवाह गर्नु पर्दछ र सूचना सरल र सहज ढंगबाट प्रवाहित भएमा मात्र सुशासन र सम्वृद्धि हासिल गर्न सकिन्छ भन्ने मानसिकता विकसित गरिनु पर्दछ । सूचना लुकाउने संस्कारबाट अनियमितता, ढिलासुस्ती र भ्रष्टाचारसमेत बढ्न जाने हुँदा सूचनाको अनिवार्य रूपमा प्रकाशन गर्ने तदारूकता भएमा र अनुगमन पनि प्रभावकारी भएमा सूचना प्रकाशन गर्ने कार्यले निरन्तरता पाउँछ । विश्वका धेरै देशहरूमा सूचनाको हकको प्रयोगबाट जिम्मेवार र उत्तरदायी प्रशासन सञ्चालन भएको र भ्रष्टाचार, अनियमितता उजागर भएर कानुनी कारवाहीसमेत भएको पाइन्छ । नेपालमा पनि कतिपय स्थानीय निकाय र केन्द्रीय स्तरका निकायमा सूचनाको हकको प्रयोगबाट विभिन्न अनियमितताका घटनाहरु सार्वजनिक भएर कानुन पालना गर्ने गराउने निकायबाट कारबाही भएका पनि छन् । अतः प्रशासन र राजनीतिको उच्च तहमा सूचना प्रवाह गर्नु पर्दछ भन्ने भावना तथा प्रतिवद्धता विकसित हुनु अत्यावश्यक रहेको छ ।

**१३ भौतिक पूर्वाधारको व्यबस्था गर्नु पर्ने**

आयोगको आफ्नो जग्गा र भवन नभएको र यो स्थायी प्रकृतिको कार्यालय भएको हुँदा आयोगको लागि उपयुक्त सरकारी भवनको व्यबस्था गरिनु पर्दछ । यसै गरी आयोगमा पर्याप्त सवारी साधन पनि नभएकोले विभिन्न जिल्लाहरूमा अन्तरक्रिया, छलफल, प्रशिक्षणमा आते जाते गर्न समस्या परिरहेकोले उपयुक्त सवारी साधनको व्यबस्था पनि गरिनु पर्दछ ।

**१४ आयोगको क्षेत्रीय कार्यालय सञ्चालनसम्बन्धी व्यबस्था गर्ने**

आयोगको क्षेत्रीय कार्यालयहरु छैनन् र केन्द्रमा मात्र कार्यालय रहेको छ । जति मात्रामा सूचना माग गर्नुपर्ने हो सो नभई सूचना मागको प्रबृत्ति कम भएको, सूचना लिने दिने संस्कृतिको अभाव रहेको, सूचना मागे पनि तुरून्त कार्यान्वयन गर्न तत्परता नहुने गरेको, नियमित प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन हुने नगरेको र केन्द्रबाट सधै अनुगमन गर्न पनि कठिन हुने हुँदा जिल्ला तथा क्षेत्रगत रूपमा कार्यालय संरचनाको पनि व्यबस्था गरिनु आवश्यक देखिएको छ । यस्तो अवस्थामा सीमित कामको लागि छुट्टै कार्यालय स्थापना गर्नु भन्दा पनि लागत र सुविधाका आधारमा सूचना तथा संचार मन्त्रालय अन्तर्गत रहेको जिल्लास्तरीय र क्षेत्रीयस्तरका हुलाक कार्यालयहरु जो त्यति धेरै कार्यबोझ पनि छैन ति कार्यालयहरूलाई केही प्रशासकीय नीतिगत निर्णयबाट परिक्षणको रूपमा जिल्ला र क्षेत्रस्तरमा सबै सार्वजनिक निकायको सूचना अधिकारीको नियुक्ति, सूचनामा पहुँच, सूचना प्रवाह गर्न गराउन र नियमित सूचना प्रकाशन तथा सार्वजनिकीकरण गर्ने गराउने कार्य गर्न लगाउने तथा अनुगमन गर्ने गराउने जिम्मेवारी दिने तर्फ सोचाई बनाउन आवश्यक देखिन्छ । यस्तो व्यबस्था गर्न आयोगले ति कार्यालयमा रहेको भौतिक सुविधाको प्रयोग र प्रशिक्षण दिई सूचनाको हकको कार्यान्वयनमा सघाउ पुऱ्याउन सक्ने छ । यसको लागि थप वित्तीय तथा प्रशासनिक सहयोग प्राप्त हुनु पर्ने देखिन्छ । यस्तो व्यबस्था केही कार्यालयमा नमूनाको रूपमा प्रयोग गरी सफल भएमा सबै कार्यालयमा विस्तार गर्ने नीति लिन उपयुक्त हुने देखिन्छ ।

**१५ आयोगको सुझाव कार्यान्वयन गर्ने**

आयोगले विगत वर्षहरु आ.व. २०६४/०६५ देखि नै विभिन्न सुझावहरु दिदैं आएको छ । यी सुझावहरु कार्यान्वयन गर्न गराउन आयोग पनि सक्रिय भएर प्रयास गरिरहेको छ तापनि कतिपय सुझावहरु कार्यान्वयन भएका छैनन् । आयोगका प्रतिवेदनहरु संविधानसभा व्यबस्थापिका संसदमा प्रस्तुत भई छलफल पनि भएको छैन । अतः विगतका यस्ता सुझावहरूसहित प्रतिवेदन व्यबस्थापिका संसदमा प्रस्तुत गरी छलफल भई कार्यान्वयन गर्न गराउन नेपाल सरकारको ध्यान जान आवश्यक रहेको छ ।

## २०७०/७१ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ सूचना अधिकारीको नियुक्तिको व्यबस्था तथा सूचनामा पहुच बृद्धि गर्नुपर्ने**

सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्त गर्ने व्यबस्था गर्ने र निश्चित अवधि किटान गरी नियुक्त अधिकारीको विवरण आयोगमा

पठाउने । सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीको पहुँचमा सूचना पुग्ने कार्यविधि पनि तर्जुमा गरी लागू गर्ने तथा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पुरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम कर्तव्य अधिकारको स्पष्ट व्यबस्था गर्नु पर्ने ।

**२ सार्वजनिक निकायले सूचना प्रवाह गर्नुपर्ने**

"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन " गराउने व्यबस्था भएकोले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरु ऐनको दफा ५(३) बमोजिम र नियमावलीको नियम ३ बमोजिम नियमितरूपमा प्रवाह गर्नु पर्नेमा ऐन लागू भएको ७ वर्ष भइसक्दा पनि अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीकरण हुन सकेको छैन । आमनागरिकसँग सरोकार राख्ने सूचनाहरु नियमित रूपमा सार्वजनिक नहुँदा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार हुने सम्भावना रहन्छ । सूचना सार्वजनिक भएमा खुला र पारदर्शीता वृद्धि हुन गई यस्तो अवस्थाको गुन्जायस रहदैन । सार्वजनिक निकायउपर नागरिक सर्वोच्चता स्थापित हुन्छ र राज्यले गरेका वा गर्न लागेका क्रियाकलाप माथि जनताको खवरदारी रहन्छ । यसबाट सार्वजनिक निकाय र पदाधिकारी पनि संसद र जनताप्रति उत्तरदायी र जवाफदेही हुन जानुका साथै निर्णय प्रक्रियामा जनताको स्वामित्व, सहभागिता र नियन्त्रण रहन जान्छ । सार्वजनिक निकायले सञ्चालन गरेका विकास कार्यक्रम, कार्य सञ्चालन प्रक्रिया, कार्य प्रगति, समस्या र समाधान गर्न गरिएका प्रयासहरूको बारेमा नागरिकलाई सुसूचित गराउने, नयाँ बन्न लागेको सार्वजनिक नीति तथा कार्यक्रमहरु लागू हुन भन्दा पहिले नै सार्वजनिक बहस गर्ने र प्राप्त सुझावहरूलाई समेटेर मात्र लागु गर्ने प्रक्रियाको थालनी गर्न सकेमा जनसहभागिता जुटाउन पनि सहज हुन जान्छ । यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित स्वःस्फूर्त सूचना प्रवाह (Pro-active Disclosure) लाई कार्य सम्पादनको अनिवार्य र नियमित कार्य प्रणालीभित्र समेटनु अपरिहार्य आवश्यकता रहेको छ ।

**३ आयोगका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्ने**

आयोगले अध्ययन गरी तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएका देहायका प्रतिवेदनहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालयहरूमा निर्देशन भएको छ तापनि तिनको कार्यान्वयन अनुगमन गरी कार्यान्वयन गर्न गराउन आवश्यकता रहेको छ ।

क) कक्षा ८-१२ सम्मका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने गराउने ।

ख) नेपाल सरकारका १९ वटा तालिम/प्रशिक्षण केन्द्र प्रतिष्ठानहरूमा सेवा प्रवेश र सेवाकालिन प्रशिक्षण, अन्तर्क्रिया, छलफल, गोष्ठि लगायतका कार्यक्रमहरूमा सूचनाको हकसम्बन्धी विषय पनि पाठ्यक्रममै समावेश गर्ने गराउने ।

ग) सूचनाको हकसम्बन्धी ऐनको दफा ३७ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानूनबमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा अझै पनि कतिपय ऐनहरूमा आफ्नो निकायसम्बन्धी ऐनको उल्लेख गर्दै सूचना दिन इन्कार गर्ने गरेको पाईएकोले यस्ता बाझिएका ऐनहरूमा सूचनाको हकसम्बन्धी ऐन अनुकुल हुने गरी संशोधन वा परिमार्जन हुनु आवश्यक रहेकोले यथाशिघ्र संशोधन गर्ने गराउने ।

**४ सूचनाको संरक्षण गर्ने**

नेपालको अन्तरिम संविधान २०६३ को धारा २८ मा कुनै व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यबस्था रहेको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐनको दफा ३० ले पनि व्यक्तिगत सूचना सम्बन्धित सरोकारवाला व्यक्तिले मात्र पाउने व्यबस्था गरेको छ । अतः सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरु व्यक्तिको हित प्रतिकूल हुने गरी सार्वजनिकीकरण गर्न गराउन हुँदैन । जुनसुकै निकायमा पनि व्यक्तिसँग सम्बन्धित सूचनाहरु रहेका हुन्छन्, अनधिकृत तबरबाट संविधान र ऐन विपरित व्यक्तिगत चरित्र, मर्यादा, स्वास्थ्य र स्वतन्त्रता प्रतिकूल हुने गरी यस्ता सूचना प्रवाह गर्न नहुने र संरक्षण गर्ने गराउने व्यबस्था हुनु पर्दछ । यसैगरी ऐनको दफा ३(३) को (क) देखि (ङ) बमोजिमका सूचनाहरु पनि वर्गीकरण गरी सुरक्षित गर्नु गराउनु पर्दछ । ऐनको दफा २८ ले पनि व्यक्तिगत सूचनाको संरक्षण गर्नु पर्ने व्यबस्था गरेको छ । मुलुकी प्रशासन सञ्चालन गर्ने सम्बन्धमा राज्य र नागरिकसँग सम्बन्धित निषेधित सूचना संरक्षण गर्ने गराउने दायित्व सरकारको रहेकोले ऐनको मर्मबमोजिम अपवादका सिद्धान्तहरूको वर्गीकरण गरी संरक्षित राख्न निर्देशिका बनाई सुरक्षित गर्नुपर्ने आवश्यकता रहेको छ ।

**५ अभिलेख व्यबस्थापन गर्न Format तर्जुमा गरी लागु गर्ने**

सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) बमोजिमका विवरणहरु नियमित रूपमा ३/३ महिनामा प्रकाशन गर्न गराउन ऐन र नियमावलीबमोजिम २० प्रकारका सूचनाहरूको एकै प्रकारको विवरण (Format) तयार गरी अभिलेख राख्न लगाउने, अद्यावधिक गर्ने र प्रकाशन तथा सार्वजनिकीकरण

गर्नुपर्ने आवश्यकता रहेको छ । सार्वजनिक निकायमा सूचनाको अभिलेख व्यबस्थित गर्न गराउन, सूचनाको संरक्षण गर्न र प्रकाशन गर्न सहज गराउन डिजिटाइजेशन (Digitization) गर्ने र यान्त्रिक प्रणाली (Electronic Version) मा सूचना अभिलेख राख्ने व्यबस्था मिलाउने ।

**६ निर्देशिका बनाई लागु गर्ने**

सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि स्वःस्फूर्त प्रकाशन गर्ने विवरण (Pro-active Disclosure) अपवादका विषय वर्गीकरण गर्ने तरिका र सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र व्यवहार सम्बन्धमा उपयुक्त निर्देशिका बनाई लागु गर्नुपर्ने देखिन्छ । यस्त निर्देशिकाको अभावमा सूचना प्रवाह गर्ने उत्सुकता र अभिरूची हुँदा हुँदै पनि उपयुक्त वातावरण र निर्देशिकाको अभावमा सूचना प्रवाह हुन नसकेको पाइएको छ । नेपाल सरकारले आफ्नो निकायको कार्य प्रकृति अनुसार यस्तो निर्देशिका बनाई लागु गराउन र अनुगमन गर्न आवश्यक निर्देशन दिन पर्दछ ।

**७ सूचना शुल्क घटाउनु पर्ने**

सूचना माग गर्ने नागरिकले प्रथमतः सूचना प्राप्त गर्न नै कठिन छ, त्यसमा पनि केही सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावना तथा सूचनाको हकको सिद्धान्त Maximum Disclosure With Minimum Cost भन्ने सिद्धान्त विपरित धेरै समयपछि आएर शुल्क निर्धारण गरेको पाईन्छ । उदाहरणको लागि एउटा उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सि. को उत्तरपुस्तिकाको लागि रू ७००।– शुल्क निर्धारण गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयले रू ५,५००।– तोकेको छ । यसरी लागत भन्दा अति बढि शुल्क तोकिनुको साथै विद्यार्थीहरूले सूचना प्राप्त गरी प्रयोग नै गर्न नसकिने किसिमबाट कबुलियतनामा गर्नुपर्ने लगायतका व्यवधान पनि गरेका छन् । सम्मानित सर्वोच्च अदालतबाटसमेत उत्तरपुस्तिका उपलब्ध गराउने फैसला भइसकेको परिप्रेक्ष्यमा धेरै बढि शुल्क निर्धारण हुँदा विद्यार्थीहरूलाई मर्का पर्न गएको छ । यसर्थ, यस्ता निकायहरूबाट न्युनतम लागत तोकिनका लागि सम्बन्धित सार्वजनिक निकायले पहल गर्नु पर्दछ र सूचना नदिने र हतोत्साहित गर्ने उद्देश्यले अत्यन्त बढि शुल्क तोकेकोमा शुल्क घटाई एकरूपता कायम गरिनु पर्दछ ।

**८ एकीकृत Portal बाट सूचना प्रवाह गर्ने**

नेपाल सरकारबाट सञ्चालन भएको www.nepal.gov.np मा एकीकृत एयचतबिमा सूचनाको हकसम्बन्धी ऐन अनुसारका सूचनाको वर्गीकरण, सूचना माग गर्ने कार्यविधि तथा सूचना प्राप्त गर्ने कार्यविधि, जिम्मेवार निकाय तथा पदाधिकारी र तिनको विवरण तथा प्रकाशन गर्नु पर्ने र प्रकाशन भएका विवरणहरु सजिलै हेर्न, देख्न, प्रतिलिपि प्राप्त गर्न सक्ने गरी व्यबस्था मिलाउन आवश्यकता रहेको छ । नेपाल सरकारका सार्वजनिक निकायका website हरु समय/समयमा अद्यावधिक गर्ने र नागरिकले खोज्न सक्ने वा आवश्यक सूचना सजिलै, सरल र सहज ढंगबाट प्राप्त गर्न सक्ने व्यबस्था मिलाउन सकेमा कार्यालयहरुमा सूचना माग गर्ने, सूचना दिनु पर्ने तथा सूचना दिन इन्कार गर्नु पर्ने अवस्था आउदैन र आधिकारीक सूचना प्राप्त गर्न सकिने हुँदा सरकारप्रति नागरिकको विश्वास बढ्न जान्छ ।

**९ सूचनाको हकसम्बन्धी पुरस्कारको स्थापना गर्ने**

सूचनाको हकसम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्न गराउन अभिलेख प्रणाली व्यबस्थित गर्न, सहजता, उत्प्रेरक नेतृत्वकर्ता र गतिशिलता प्रदर्शन गर्ने तथा सूचना प्रवाह गर्न गराउने, सूचनामैत्री सार्वजनिक निकाय, सूचना अधिकारी, कार्यालय प्रमुख र गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई पारदर्शीता, खुलापन, जवाफदेही र उत्तरदायी गराउन गरेका कार्य र निर्वाह गरेका भूमिकाका लागि र यसको प्रभाव अन्य निकाय वा पदाधिकारीमासमेत पार्न र प्रोत्साहन गर्न गराउन आवश्यक भएकोले यस्तो सूचनाको हकसम्बन्धी प्रोत्साहन पुरस्कारको स्थापना गरी प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा वितरण गर्ने गराउने व्यबस्था गरिनु आवश्यकता रहेको छ । यसको लागि आवश्यक रकम अक्षय कोषको स्थापना गरी वितरण गर्न बजेटबाट नै निश्चित रकम विनियोजन गरिनु पर्दछ ।

**१० सूचनाको हक सम्बन्धमा इर्न्टनसिपको व्यबस्था गर्ने**

सूचनाको हकसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका तोकिएका निश्चित विद्यार्थीहरूलाई सहयोग गर्न र चेतनामा अभिबृद्धि गर्न गराउन शोधपत्र अध्ययन तथा लेखन र इर्न्टनसिपको व्यबस्था गरी प्रोत्साहन गर्न गराउन उपयुक्त हुने देखिन्छ । यसको लागि निश्चित रकम बजेटमा व्यबस्था गरिनु पर्दछ ।

**११ आयोगको प्रतिरक्षा गर्ने**

राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरूद्धमा सम्मानित सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा महान्यायाधिवक्ताको कार्यालयबाट पहिला जुन निकायले यस्तो पुनरावेदन वा रिट निवेदन गरेको हो उसकै पक्षबाट प्रतिरक्षा गर्न गरेको र आयोग प्रतिरक्षाविहिन भएको र निजी कानुन व्यबसायी मुकरर गर्न वाध्य भएकोले यस्तो

अवस्था सिर्जना हुँदा के कस्तो कार्यविधि अपनाउने भन्ने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय वा प्रणाली व्यबस्थित गरिनु पर्ने आवश्यकता देखिएको छ ।

१२ **सूचना प्रकाशन गर्नु पर्छ भन्ने संस्कारको विकास गर्ने**

सूचना नमागे पनि नियमितरूपमा प्रवाह गर्नु पर्दछ र सूचना सरल र सहज ढंगबाट प्रवाहित भएमा मात्र सुशासन र सम्वृद्धि हासिल गर्न सकिन्छ भन्ने मानसिकता विकसित गरिनु पर्दछ । सूचना लुकाउने संस्कारबाट अनियमितता ढिलासुस्ती र भ्रष्टाचारसमेत बढ्न जाने हुँदा सूचनाको अनिवार्यरूपमा प्रकाशन गर्ने तदारूकता भएमा र अनुगमन पनि प्रभावकारी भएमा सूचना प्रकाशन गर्ने कार्यले निरन्तरता पाउँछ । विश्वका धेरै देशहरूमा सूचनाको हकको प्रयोगबाट जिम्मेवार र उत्तरदायी प्रशासन सञ्चालन भएको र भ्रष्टाचार अनियमितता उजागर भएर कानुनी कारवाहीसमेत भएको पाइन्छ । नेपालमा पनि कतिपय स्थानीय निकाय र केन्द्रीयस्तरका निकायमा सूचनाको हकको प्रयोगबाट विभिन्न अनियमितताका घटनाहरु सार्वजनिक भएर कानुन पालना गर्ने गराउने निकायबाट कारवाही भएका पनि छन् । अतः प्रशासन र राजनीतिको उच्च तहमा सूचना प्रवाह गर्नु पर्दछ भन्ने भावना तथा प्रतिवद्धता विकसित हुनु अत्यावश्यक रहेको छ ।

१३ **भौतिक पूर्वाधार तथा मानव संशाधनको व्यबस्था गर्नु पर्ने**

आयोगको आफ्नो जग्गा र भवन छैन । यसर्थ यो स्थायी प्रकृतिको आयोग भएकोले यस्का लागि उपयुक्त सरकारी भवनको व्यबस्था गरिनु पर्दछ । यसैगरी आयोगमा पर्याप्त सवारी साधन पनि नभएकोले विभिन्न जिल्लाहरूमा अर्न्तक्रिया, छलफल, प्रशिक्षणमा आते जाते गर्न समस्या परिरहेकोले उपयुक्त सवारी साधनको व्यबस्था पनि गरिनु पर्दछ ।

१४ **आयोगको क्षेत्रीय कार्यालय सञ्चालनसम्बन्धी व्यबस्था गर्ने**

आयोगको क्षेत्रीय कार्यालयहरु छैनन् र केन्द्रमा मात्र कार्यालय रहेको छ । जति मात्रामा सूचना माग गर्नुपर्ने हो सो नभई सूचना मागको प्रबृत्ति कम भएको, सूचना लिने दिने सँस्कृतिको अभाव रहेको, सूचना मागे पनि तुरून्त कार्यान्वयन गर्न तत्परता नहुने गरेको, नियमित प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन हुने नगरेको र केन्द्रबाट सधै अनुगमन गर्न पनि कठिन हुने हुँदा जिल्ला तथा क्षेत्रगत रूपमा कार्यालय संरचनाको पनि व्यबस्था गरिन आवश्यक देखिएको छ । यस्तो अवस्थामा सीमित कामको लागि छुट्टै कार्यालय स्थापना गर्नु भन्दा पनि लागत र सुविधाका आधारमा सूचना तथा संचार मन्त्रालय अन्तर्गत रहेको जिल्लास्तरीय र क्षेत्रीयस्तरका हुलाक कार्यालयहरूलाई अनुगमन कार्य दिनु उपयुक्त हुन सक्तछ । हाल नीतिगत निर्णयबाट परीक्षणको रूपमा केही जिल्ला र क्षेत्रस्तरमा सबै सार्वजनिक निकायकहरूमा सूचना अधिकारीको नियुक्ति, सूचनामा पहुँच, सूचना प्रवाह गर्न गराउन र नियमित सूचना प्रकाशन तथा सार्वजनिकीकरण गर्ने गराउने कार्य गर्न लगाउने तथा अनुगमन गर्ने/गराउने जिम्मेवारी ती निकायलाई दिइएको छ । यस्तो व्यबस्थालाई सुदृढ गर्न आयोगले ती कार्यालयमा रहेको भौतिक सुविधाको प्रयोग र प्रशिक्षण दिई सूचनाको हकको कार्यान्वयनमा सघाउ पुर्‍याउन सक्ने छ । यसको लागि थप वित्तीय तथा प्रशासनिक सहयोग प्राप्त हुनु पर्ने देखिन्छ । तथापी क्षेत्रीयस्तरमा भने आयोगकै कार्यालय खोल्नुपर्ने देखिन्छ ।

१५ **आयोगको सुझाव कार्यान्वयन गर्ने**

आयोगले विगत वर्षहरु आ.व. २०६४/०६५ देखि नै विभिन्न सुझावहरु दिदैं आएको छ । यी सुझावहरु कार्यान्वयन गर्न गराउन आयोग पनि सक्रिय भएर प्रयास गरिरहेको छ तापनि कतिपय सुझावहरु कार्यान्वयन भएका छैनन् । आयोगका प्रतिवेदनहरु संविधानसभा व्यबस्थापिका संसदमा प्रस्तुत भई छलफल पनि भएको छैन । अतः विगतमा यस्ता सुझावहरूसहित प्रतिवेदन व्यबस्थापिका संसदमा प्रस्तुत गरी छलफल भई कार्यान्वयन गर्न गराउन नेपाल सरकारको ध्यान जान आवश्यक रहेको छ ।

## २०७१/७२ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

१ **आयोगको कार्यक्षेत्र अनुसार यसको दायरालाई बृहत् बनाउने तथा क्षमता विकास गर्नेः–**

जनताको सूचनाको हक संरक्षण, संवर्द्धन र प्रचलन गर्ने कार्य लोकतन्त्रको केन्द्रीय विषयवस्तु हो भन्ने विषयमा अव विवाद रहेन । यसका लागि आयोगको क्षमता विकास अनिवार्य शर्त हो । केन्द्रमा मात्र सीमित आयोगलाई कम्तिमा क्षेत्र वा प्रदेशसम्म विस्तार गर्नु नितान्त आवश्यकता मात्र होइन सूचनाको हकको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्ने छुट्टै प्रभावकारी नियामक निकाय (आयोग) को सवै क्षेत्रका जनताको वीचमा उपस्थित रहनु सान्दर्भिकसमेत भएको छ । जति मात्रामा सूचना माग गर्नुपर्ने हो सो नभई सूचना मागको प्रबृत्ति कम भएको, सूचना लिने दिने सँस्कृतिको अभाव रहेको, सूचना मागे पनि तुरून्त कार्यान्वयन गर्न तत्परता नहुने गरेको, नियमित प्रकाशन गर्नु पर्ने सूचना प्रकाशन हुने नगरेको र केन्द्रबाट सधै अनुगमन गर्न पनि कठिन हुने हुँदा जिल्ला तथा क्षेत्रगत रूपमा कार्यालय संरचना र सो अनुसारको कर्मचारीको पनि व्यबस्था गरिन आवश्यक देखिएको छ । यस सन्दर्भमा रााष्ट्रिय सूचना आयोगको भौतिकरूपमा विस्तार र जनशक्तिमा आवश्यकतानुसारको बढोत्तरीसहित क्षमता विकास गरिनु पर्दछ । प्रचलित नियमानुसार O&M सर्भे गरी सो सर्वेक्षणको प्रतिवेदन अनुसार कार्यान्वयन गर्नुपर्दछ । साथै हाल आयोगको भवन भाडाको घरमा त्यो पनि सर्वसाधारणले सजिलै देख्न भेट्टाउन नसकिने अपायक स्थानमा

रहेको छ । यस किसिमका कार्यालयहरु जनताको नजरमा सहजै हुने सार्वजनिक स्थलमा रहनु आवश्यक हुन्छ । अतः सिंहदरवार वरपरका सार्वजनिक स्थानमा यसको केन्द्रिय कार्यालय रहनु नितान्त जरूरी देखिएको छ ।

२ **सूचनाको हकका सम्वन्धमा एकआपसमा बाझिएका कानुनहरू संशोधन गर्नेः–**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३७ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा अझै पनि कतिपय ऐनहरुमा आफ्नो निकायसम्बन्धी ऐनको उल्लेख गर्दै सूचना दिन इन्कार गर्ने गरेको पाईएकोले यस्ता बाझिएका ऐनहरुमा सूचनाको हकसम्बन्धी ऐन अनुकुल हुने गरी संशोधन वा परिमार्जन हुनु आवश्यक रहेकोले संशोधनको ब्अतष्यल एबिल बनाई यथाशिघ्र संशोधन गर्ने गराउने व्यवस्था गर्नुपर्ने हुन्छ ।

३ Privacy Act / Whistleblower Protection Act **बनाई तत्काल लागू गर्नेः–**

नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन र सूचनाको हक सम्वन्धी प्रावधानलाई व्यवहारिक र प्रभावकारी रूपमा लागू गर्न परिपूरक कानूनको रूपमा Privacy Act / Whistleblower Protection Act तत्काल जारी गर्ने प्रवन्ध गरिनुपर्छ । Internal Whistleblower / ExternalWhistleblower हरूको संरक्षण र उत्प्रेरणा गर्नका लागि ऋधबचम का एबअपबनभ लागू गरिनुपर्छ ।

४ **व्यक्तिगत सूचनाको संरक्षण गर्ने विषयलाई प्राथमिकता दिनेः–**

नेपालको संविधान, २०७२ को धारा २८ मा कुनै व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भन्ने व्यबस्था रहेको छ । यसैगरी सूचनाको हकसम्बन्धी ऐनको दफा ३० ले पनि व्यक्तिगत सूचना सम्बन्धित सरोकारवाला व्यक्तिले मात्र पाउने व्यबस्था गरेको छ । अतः सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरु व्यक्तिको हित प्रतिकूल हुने गरी सार्वजनिकीकरण गर्न गराउन हुँदैन । जुनसुकै निकायमा पनि व्यक्तिसँग सम्बन्धित सूचनाहरु रहेका हुन्छन् । अनधिकृत तबरबाट संविधान र ऐन विपरित व्यक्तिगत चरित्र, मर्यादा, स्वास्थ्य र स्वतन्त्रता प्रतिकूल हुने गरी यस्ता सूचना प्रवाह गर्न नहुने र संरक्षण गर्ने गराउने व्यबस्था हुनु पर्दछ । यसैगरी ऐनको दफा ३(३) को (क) देखि (ङ) बमोजिमका सूचनाहरु पनि वर्गीकरण गरी सुरक्षित गर्नु गराउनु पर्दछ । ऐनको दफा २८ ले पनि व्यक्तिगत सूचनाको संरक्षण गर्नु पर्ने व्यबस्था गरेको छ । मुलुकी प्रशासन सञ्चालन गर्ने सम्बन्धमा राज्य र नागरिकसँग सम्बन्धित निषेधित सूचना संरक्षण गर्ने गराउने दायित्व सरकारको रहेकोले ऐनको मर्म बमोजिम अपवादका सिद्धान्तहरूको वर्गीकरण गरी संरक्षित राख्न निर्देशिका बनाई सुरक्षित गर्नुपर्ने आवश्यकता रहेको छ ।

५ Principle of Maximum Disclosure **लाई सार्थक तुल्याउने⁄व्यवहारिक प्रयोग गर्नेः–**

यो सिद्धान्तका वहुआयामिक क्षेत्र भएतापनि मुख्यतया दुइवटा विषयसँग टड्कारो सम्बन्ध राख्दछ । पहिलो विषय हेर्ने हो भने नेपालको संविधान २०७२ को धारा १७ को उपधारा २(क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता उल्लेख गरिएको छ । सार्वजनिक निकायका सूचना प्राप्तिले मात्र नागरिकलाई विचार निर्माण गर्नमा सघाउछ जसले लोकतन्त्रको सार्थक अभ्यासमा टेवा पुग्दछ । दोश्रो विषय, आमनागरिकसँग सरोकार राख्ने सूचनाहरु नियमित रूपमा सार्वजनिक नहुँदा अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार हुने सम्भावना रहन्छ । तर त्यस प्रकारका सूचना सार्वजनिक भएमा खुला र पारदर्शीता वृद्धि हुन गई यस्तो अवस्थाको गुन्जायस रहदैन । सार्वजनिक निकायउपर नागरिक सर्वोच्चता स्थापित हुन्छ र राज्यले गरेका वा गर्न लागेका क्रियाकलाप माथि जनताको खवरदारी रहन्छ । यसबाट सार्वजनिक निकाय र पदाधिकारी पनि संसद र जनताप्रति उत्तरदायी र जवाफदेही हुनुका साथै निर्णय प्रक्रियामा जनताको स्वामित्व, सहभागिता र नियन्त्रण रहन जान्छ । सार्वजनिक निकायले सञ्चालन गरेका विकास कार्यक्रम, कार्य सञ्चालन प्रक्रिया, कार्य प्रगति, समस्या र समाधान गर्न गरिएका प्रयासहरूको बारेमा नागरिकलाई सुसूचित गराउने, नयाँ बन्न लागेको सार्वजनिक नीति तथा कार्यक्रमहरु लागू हुन भन्दा पहिले नै सार्वजनिक बहस गर्ने र प्राप्त सुझावहरूलाई समेटेर मात्र लागू गर्ने प्रक्रियाको थालनी गर्न सकेमा जनसहभागिता जुटाउन पनि सहज हुन जान्छ । यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित रूपमा अधिकतम सूचना प्रवाहको कार्यसंस्कृति बसाल्ने व्यवस्था गर्नु अपरिहार्य भइसकेको छ । अत सार्वजनिक निकायका प्रमुखहरूको कार्यसम्पादन मूल्यांकन तथा नेतृत्व मूल्यांकनसँग यस विषयको प्रगति विवरण Tieup गर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ ।

६ Principle of Simple Procedure of RTI **लाई सबै सार्वजनिक निकायमा एकरुपता साथ लागू गर्न आवश्यक निर्देशिका बनाई लागू गर्नेः–**

राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने व्यबस्थाबमोजिम सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनाहरु ऐनको दफा ५(३) बमोजिम र नियमावलीको नियम ३ बमोजिम नियमितरूपमा प्रवाह गर्नु पर्नेमा ऐन लागू भएको झण्डै ८ वर्ष

भइसक्दा पनि अद्यावधिक गरी प्रकाशन तथा सार्वजनिकीकरण हुन सकेको छैन । एकातिर सार्वजनिक महत्वका सूचनाहरु नियमितरूपमा स्वतस्फूर्त प्रवाह नहुनु र अर्कोतिर प्रवाह गरिने वा माग गरेका सूचना प्रवाहसमेतको प्रक्रिया लामो, झंझटिलो बनाउने प्रवृतिलाई निरूत्साहित गरिनुपर्दछ । सूचना प्रवाह प्रक्रिया सरल र एकरूपताका लागि निर्देशिका बनाइ लागू गरिनुपर्छ । साथै सूचनाको हकसम्बन्धी ऐनमा उल्लेखित सूचना प्राप्त गर्ने कार्यविधि नागरिकले सहजै बुझ्ने गरी सूचना पाटीमा टाँस गरी जानकारी दिने व्यवस्था गरिनुपर्छ ।

**७ स्वःस्फूर्त सूचना प्रवाह (Pro-active Disclosure) को कार्यसंस्कृतिका लागि निर्देशिका बनाई लागू गर्नेः–**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक सार्वजनिक निकायले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि प्रकाशन गर्नुपर्ने विवरण तोकिएको छ । ती सूचनाहरु प्रत्येक ३।३ महिनामा स्वःस्फूर्त प्रकाशन (Proactive Disclosure) गनुपर्ने व्यवस्था गरेको छ । जसलाई सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र व्यवहारसहितको स्वःस्फूर्त प्रकाशनसम्बन्धमा उपयुक्त निर्देशिका बनाई लागू गर्नुपर्ने देखिन्छ । हुनतः राष्ट्रिय सूचना आयोगले सरकारी निकायका लागि स्वतः प्रकाशन गर्ने निर्देशिका जारी गरेको छ । तथापी यसको व्यापक र प्रभावकारी प्रयोग हुन सकेको छैन । सवै सार्वजनिक निकायलाई समेटिने गरी निर्माण गर्नुपर्ने यस्ता निर्देशिका र उपयुक्त वातावरणको अभावमा सूचना प्रवाह गर्ने उत्सुकता र अभिरूची हुँदा हुँदै पनि सूचना प्रवाह हुन नसकेको पाइएको छ । नेपाल सरकारले आफ्नो निकायको कार्य प्रकृति अनुसार यस्तो निर्देशिका बनाई लागू गराउन र अनुगमन गर्न आवश्यक निर्देशन दिनु पर्दछ । यस्तो कार्यबाट सुशासनको आधार पनि मजबुत हुने हुँदा सार्वजनिक निकायले नियमित स्वःस्फूर्त सूचना प्रवाह (Pro-active Disclosure) लाई कार्य सम्पादनको अनिवार्य र नियमित कार्य प्रणालीभित्र समेटने कार्यसंस्कृतिको विकास गर्नु अनिवार्य भइसकेको छ । संक्षेपमा भन्दा यस विषयलाई सवै निकाय र ती निकायका प्रमुखको कार्यसम्पादन मुल्यांकनसँग Tieup गरिनु पर्दछ ।

**८ सार्वजनिक निकायका सूचनाहरू एउटा निश्चित Format मा एकीकृत ढाँचाबाट (Integreted Portal) प्रवाह गर्ने व्यवस्था गर्नेः–**

राज्यका हरेक क्रियाकलापहरु जनताको थैलीबाट तिरेको करबाट सञ्चालन भएको हुन्छ । यसर्थ जनताले आफ्नो थैलीको रकमको के कसरी प्रयोग भइरहेको छ ? स्वीकृत परिधिभित्र खर्च भइरहेको छ वा मनपरी भइरहेको छ ? राज्यका सवाल, जनताको जनजीवनको सवाल तथा लोकतन्त्रको सवाल लगायतका सार्वजनिक विषयमा के कस्ता नीति निर्णय भएका छन ? यावत विषयहरुको सूचना प्रत्येक नागरिकले स्वतस्फूर्तरूपमा नियममित रूपले प्राप्ति गर्ने अधिकार राख्दछन् । त्यस प्रकारका हरेक सूचनाहरु फरक फरक किसिमले प्रवाह गर्नु भन्दा पनि एउटा निश्चित Format मा प्रवाह गर्ने व्यवस्था गरिनुपर्छ । खासगरी सूचनाको हकसम्बन्धी ऐनको दफा ५(३) र नियमावलीको नियम ३ बमोजिमका विवरणहरु नियमित रूपमा ३/३ महिनामा प्रकाशन गर्न गराउन २० प्रकारका सूचनाहरुको एकै तरिकाले तोकिएको Format मा अभिलेख राख्न लगाउने, अद्यावधिक गर्ने र प्रकाशन तथा सार्वजनिकीकरण गर्नुपर्ने व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ । सार्वजनिक निकायमा सूचनाको अभिलेख व्यबस्थित गर्न गराउन, सूचनाको संरक्षण गर्न र प्रकाशन गर्न र सहज गराउन विद्युतिय माध्यमका विभिन्न विधि र तरिकामा सूचना अभिलेख राख्ने व्यबस्था मिलाउनु पर्दछ । यसरी तय भएको निश्चित Format मा सूचना प्रवाह गर्ने व्यवस्थालाई नेपाल सरकारबाट सञ्चालन भएको www.nepal.gov.np मा एकीकृत Portal df Linkup गरी सूचनाको हकसम्बन्धी ऐन अनुसारका सूचनाको वर्गीकरण, सूचना माग गर्ने कार्यविधि तथा सूचना प्राप्त गर्ने कार्यविधि, जिम्मेवार निकाय तथा पदाधिकारी र तिनको विवरण तथा प्रकाशन गर्नु पर्ने र प्रकाशन भएका विवरणहरु सजिलै हेर्न, देख्न, प्रतिलिपि प्राप्त गर्न सक्ने गरी व्यबस्था मिलाउन आवश्यकता रहेको छ । नेपाल सरकारका सार्वजनिक निकायका धभदकष्तभ हरु समय/समयमा अद्यावधिक गर्ने र नागरिकले खोज्न सक्ने वा आवश्यक सूचना सजिलै, सरल र सहज ढंगबाट प्राप्त गर्न सक्ने व्यबस्था मिलाउन सकेमा कार्यालयहरुमा सूचना माग गर्ने, सूचना दिनु पर्ने तथा सूचना दिन इन्कार गर्नु पर्ने अवस्था आउदैन र आधिकारिक सूचना प्राप्त गर्न सकिने हुँदा सरकारप्रति नागरिकको विश्वास बढ्न जान्छ । अतः यस व्यवस्थालाई आवश्यक भौतिक, वित्तिय र व्यवस्थापकीय चाजोपाजो मिलाई चुस्त बनाउन आवश्यक लगानी गर्नु नितान्त आवश्यकता परेको छ ।

**९ सूचना अधिकारीको नियुक्तिको व्यबस्थाको स्वचालित प्रणाली तथा सूचनामा पहुाच हुने कार्यविधि तय गर्नुपर्नेः–**

सूचनाको हकको प्रचलन, प्रवर्द्धन गर्ने प्रयोजनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ अनुसार तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४क. अनुसार सबै सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्ने व्यबस्था छ । तर कतिपय निकायहरूले यसलाई औपचारिकता मात्र दिने प्रयोजन गरेको पाइएको छ । सूचना अधिकारी मात्र नियुक्त भएर सूचना प्रवाह सरल र सहज नहुने हुँदा सूचना अधिकारीको पहुँचमा सूचना पुग्ने कार्यविधि पनि तर्जुमा गरी लागू गर्ने तथा सूचना अधिकारीलाई आफ्नो जिम्मेवारी पुरा गर्न न्यूनतम भौतिक पूर्वाधार, प्रोत्साहन भत्ता र काम, कर्तव्य एवं अधिकारको स्पष्ट व्यबस्था गर्नु पर्ने हुन्छ । यसका अतिरिक्त कुनैपनि सार्वजनिक निकायमा तोकिएको सूचना अधिकारी कुनैपनि कारणले रिक्त भएमा स्वतः अर्को व्यक्ति तोकिने स्वचालित प्रणाली कायम गरिनु पर्दछ ।

**१० आयोगको प्रतिरक्षा गर्ने प्रणाली व्यवस्थित गर्नेः–**

राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरूद्धमा सम्मानित सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा महान्यायाधिवक्ताको कार्यालयबाट पहिला जुन निकायले यस्तो पुनरावेदन वा रिट निवेदन गरेको हो उसकै पक्षबाट प्रतिरक्षा गर्ने गरेका कारण आयोग प्रतिरक्षाविहिन भएको र निजी कानुन व्यबसायी मुकरर गर्न वाध्य भएकोले यस्तो अवस्था सिर्जना हुँदा के कस्तो कार्यविधि अपनाउने भन्ने सम्बन्धमा उपयुक्त नीतिगत निर्णय वा प्रणाली व्यबस्थित गरिनु पर्ने आवश्यकता देखिएको छ ।

११ **सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक तथा प्रचार प्रसारका कार्यक्रमहरू सञ्चालनः –**

सूचनाको हकसम्बन्धी विषयलाई आमनागरिकका वीचमा फैलाई खुला र पारदर्शी शासन व्यवस्थाको प्रवर्द्धन गर्दै लोकतन्त्रका लाभहरूको वितरणमा कुनै व्यक्ति, वर्ग वा क्षेत्रको मात्र बर्चश्व कायमहुन नदिई आमनागरिकको स्वामित्व स्थापित गर्न, यस किसिमका कार्यमा संलग्न अभियन्ताहरूलाई प्रोत्साहित गर्न देहायका कार्यक्रमहरु संञ्चालन गर्नुपर्दछ ।

क) पुरस्कार कोषको स्थापना गर्नेः सूचनाको हकसम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन गर्न गराउन अभिलेख प्रणाली व्यबस्थित गर्न, सहजता, उत्प्रेरक नेतृत्वकर्ता र गतिशीलता प्रदर्शन गर्ने तथा सूचना प्रवाह गर्न गराउने, सूचनामैत्री सार्वजनिक निकाय, सूचना अधिकारी, कार्यालय प्रमुख र गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई पारदर्शीता, खुलापन, जवाफदेही र उत्तरदायी गराउन गरेका कार्य र निर्वाह गरेका भूमिकाका लागि र यसको प्रभाव अन्य निकाय वा पदाधिकारीमासमेत पार्न र प्रोत्साहन गर्न गराउन आवश्यक भएकोले यस्तो सूचनाको हकसम्बन्धी प्रोत्साहन पुरस्कारको स्थापना गरी प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा वितरण गर्ने गराउने व्यबस्था गरिनु आवश्यकता रहेको छ । यसको लागि आवश्यक रकम अक्षय कोषको स्थापना गरी वितरण गर्न बजेटबाट नै निश्चित रकम विनियोजन गरिनु पर्दछ ।

ख) सूचनाको हक सम्बन्धमा इर्न्टनसिपको व्यबस्था गर्नेः सूचनाको हकसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका तोकिएका निश्चित विद्यार्थीहरूलाई सहयोग गर्न र चेतनामा अभिबृद्धि गर्न गराउन शोधपत्र अध्ययन तथा लेखन र इर्न्टनसिपको व्यबस्था गरी प्रोत्साहन गर्न गराउन उपयुक्त हुने देखिन्छ । यसमा कर्मचारी कसैले आफ्नो अध्ययनका सिलसिलामा यस विषयमा अध्ययन अनुसन्धान वा यस्तै प्रकारका प्रतिवेदन लेखन, त्जभकष्क लेखन कार्य गर्न प्रोत्साहन गरी निजहरूलाई सो कार्यमा लाग्ने खर्च सरकारले व्यहोर्ने व्यवस्था गर्नुपर्ने ।

ग) विद्यालय शिक्षाको पाठ्यक्रम र विभिन्न तालिम कार्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्नेः विश्वमा सूचनाको हकसम्बन्धी विषय नयाँ नभएपनि हाम्रो देशको सन्दर्भमा यो नौलो विषय हो । सूचनाको हकसम्बन्धी विषयलाई कसैले पत्रकार वा Media को हकको रूपमा त कसैले जासुसी संस्थाको प्रयोजनकारूपमा बुझ्ने गरेको पाइन्छ । यथार्थमा यो त लोकतन्त्रको आधारस्तम्भ बलियो बनाउने नागरिकको हक हो । प्रत्येक नागरिकलाई सार्वजनिक निकायको सूचना पाउने हक हुने विषय विद्यालय तहदेखिका विद्यार्थीहरूलाईसमेत अभ्यस्त बनाउन कम्तिमा कक्षा ६–१२ सम्मका पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गर्ने गराउने व्यवस्था गरिनुपर्छ । त्यसैगरी नेपाल सरकारका १९ वटा तालिम/प्रशिक्षण केन्द्र प्रतिष्ठानहरूमा सेवा प्रवेश र सेवाकालीन प्रशिक्षण, अर्न्तक्रिया, छलफल, गोष्ठी लगायतका कार्यक्रमहरूमा सूचनाको हकसम्बन्धी विषय पनि पाठ्यक्रममै समावेश गर्ने गराउने व्यवस्था गर्नुपर्ने हुन्छ ।

१२ **सूचना शुल्क घटाउनु पर्नेः–**

सूचना माग गर्ने नागरिकले प्रथमतः सूचना प्राप्त गर्न नै कठिन छ, त्यसमा पनि केही सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐनको मर्म र भावना तथा सूचनाको हकको सिद्धान्त Maximum Disclosure With Minimum Cost भन्ने सिद्धान्त विपरित धेरै समयपछि आएर शुल्क निर्धारण गरेको पाईन्छ । उदाहरणको लागि एउटा उत्तरपुस्तिकाको प्रतिलिपि प्राप्त गर्न परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सि. को उत्तरपुस्तिकाको लागि रू ७००|– शुल्क निर्धारण गरेको छ भने पूर्वाञ्चल विश्वविद्यालयले रू ५,५००|– तोकेको छ । यसरी लागत भन्दा अति बढि शुल्क तोकिनुको साथै विद्यार्थीहरूले सूचना प्राप्त गरी प्रयोग नै गर्न नसकिने किसिमबाट कबुलियतनामा गर्नुपर्ने लगायतका व्यवधान पनि रहेका छन् । सम्मानित सर्वोच्च अदालतबाटसमेत उत्तरपुस्तिका उपलब्ध गराउने फैसला भइसकेको परिप्रेक्ष्यमा धेरै बढि शुल्क निर्धारण हुँदा विद्यार्थीहरूलाई मर्का पर्न गएको छ । यसर्थ, यस्ता निकायहरूबाट न्युनतम लागत तोकिनका लागि सम्बन्धित केन्द्रीय सार्वजनिक निकायले पहल गर्नु पर्दछ र सूचना नदिने र हतोत्साहित गर्ने उद्देश्यले अत्यन्त बढि शुल्क तोकेकोमा शुल्क घटाई एकरूपता कायम गरिनु पर्दछ ।

**१३ सूचनाको हक प्रचलनमा प्रमुख बाधक रहेको गोप्य संस्कृति विरुद्ध अभियान सञ्चालन गर्नेः–**

सार्वजनिक निकायका सूचना प्रकाशन गर्नु पर्छ भन्ने संस्कारको विकास गर्न एउटा सिंगो अभियान नै राज्यका निकायहरु, निजी क्षेत्र, नागरिक समाज, मिडिया तथा यसका अभियन्ताहरूको सामुहिक प्रयास आवश्यक देखिएको छ । सूचना नमागे पनि नियमितरुपमा प्रवाह गर्नु पर्दछ र सूचना सरल र सहज ढंगबाट प्रवाहित भएमा मात्र सुशासन र सम्वृद्धि हासिल गर्न सकिन्छ भन्ने मानसिकता विकसित गरिनु पर्दछ । सूचना लुकाउने संस्कारबाट अनियमितता, ढिलासुस्ती र भ्रष्टाचारसमेत बढ्न जाने र अपारदर्शी कार्यसंस्कृतिको विकास हुने हुँदा सूचनाको अनिवार्यरूपमा प्रकाशन गर्ने तदारूकता भएमा र अनुगमन पनि प्रभावकारी भएमा सूचना प्रकाशन गर्ने कार्यले निरन्तरता पाउँछ । विश्वका धेरै देशहरुमा सूचनाको हकको प्रयोगबाट जिम्मेवार र उत्तरदायी प्रशासन सञ्चालन भएको र भ्रष्टाचार अनियमितता उजागर भएर कानुनी कारवाहीसमेत भएको पाइन्छ । नेपालमा पनि कतिपय स्थानीय निकाय र केन्द्रीयस्तरका निकायमा सूचनाको हकको प्रयोगबाट विभिन्न अनियमितताका घटनाहरु सार्वजनिक भएर कानून पालना गर्ने गराउने निकायबाट कारवाही भएका पनि छन् । अतः प्रशासन र राजनीतिको उच्च तहमा सूचना प्रवाह गर्नु पर्दछ भन्ने भावना तथा प्रतिवद्धता विकसित हुनु अत्यावश्यक रहेको छ । यसका लागि सूचनाको हकसम्बन्धी अधिकारलाई अभियान कै रूपमा लैजानु पर्ने देखिन्छ । अन्ततः यसको नेतृत्व राजनीति र प्रशासन दुवैले एकैसाथ लिने प्रण हुनुपर्दछ ।

**१४ सूचनाको हकसम्बन्धी क्रियाकलापको अनुगमन मूल्यांकनलाई प्रत्येक सार्वजनिक निकायका नेतृत्वको कार्यविवरण तथा चेकलिष्टमा स्पष्ट तोक्नेः–**

सुशासन ऐन र नियमावलीबमोजिम कुनैपनि सार्वजनिक निकायका प्रमुखहरु मातहतका निकायको अनुगमन, मूल्यांकन, निरीक्षण तथा सुपरिवेक्षणमा जादा र प्रतिवेदन गर्दा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीले तोकेको कार्यसम्पादन गरे नगरेको सम्बन्धमासमेत अनुगमन मूल्यांकन गर्नुपर्ने र प्रतिवेदन गर्नुपर्ने व्यवस्था अनिवार्य गर्न आवश्यक देखिएको छ ।

**१५ आयोगको सुझाव कार्यान्वयन गर्नेः–**

आयोगले विगत वर्षहरु आ.व. २०६४/०६५ देखि नै विभिन्न सुझावहरु दिदैं आएको छ । यी सुझावहरु कार्यान्वयन गर्न गराउन आयोग पनि सक्रिय भएर प्रयास गरिरहेको छ तापनि कतिपय सुझावहरु कार्यान्वयन भएका छैनन् । आयोगका प्रतिवेदनहरु संविधानसभा व्यबस्थापिका संसदमा प्रस्तुत भई छलफल पनि भएको छैन । अतः विगतमा यस्ता सुझावहरूसहित प्रतिवेदन व्यबस्थापिका संसदमा प्रस्तुत गरी छलफल भई कार्यान्वयन गर्न गराउन नेपाल सरकारको ध्यान जान आवश्यक रहेको छ ।

१६ माथि उल्लेखित सुझावहरूको अतिरिक्त विगतका प्रतिवेदनमा समावेश भएका निम्न सुझावहरूको शीघ्र कार्यान्वयनको लागि ध्यानाकर्षण गरिन्छः

- क) कानूनले श्रृजना गरेको दायित्व पूरा गर्न सार्वजनिक निकायहरूलाई उत्प्रेरित र दवाव दिने दुवै नीति अख्तियार गर्ने ।
- ख) सार्वजनिक निकायका सूचना अद्यावधिक गर्ने विशेष कार्ययोजना तर्जुमा गरी लागू गर्ने ।
- ग) सूचनाको हकको क्षेत्रमा क्रियाशील अभियन्ता र गैरसरकारी संस्थाको क्रियाशीलतालाई अभिबृद्धि गर्ने ।
- घ) सूचना हासिल गर्ने प्रशासनिक प्रक्रियालाई सरल तुल्याउने ।
- ङ) सूचनाको हकसम्बन्धी ऐनमा समसामयिक संशोधन गर्नुपर्ने ।
- च) कर्मचारीको शपथबाट गोपनियता शब्द हटाउनु पर्ने ।
- छ) सूचनाको हकको प्रचलनका लागि व्यापकरूपमा प्रचार प्रसार गर्नुपर्ने ।
- ज) सार्वजनिक निकायका छलफल, बैठक खुला गर्नुपर्ने ।
- झ) RTIAudit / RTIBudget को अवधारणालाई कार्यान्वयनमा ल्याउनुपर्ने ।
- ञ) आयोगमा कार्यरत कर्मचारीलाई प्रोत्साहनमा आधारित भत्ता लागू गर्नुपर्ने ।

**संविधान संशोधन गरी सूचनाको हकलाई स्तरोन्नति गर्ने सुझावः–**

नेपालको संविधान, २०७२ निर्माणका वखत आयोगबाट केही सुझावहरु प्रस्तुत भएका थिए । ती सुझावहरु सबै लागू हुन सकेनन् । संविधान एउटा गतिशील दस्तावेज भएकाले भविष्यमा हुने संशोधनका बखत सूचनाको हकका क्षेत्रमा न्यूनतम पनि निम्न सुझाव समेटिनु पर्ने आयोगको सुझाव छः

- क) "नागरिकको सूचना माग्ने र पाउने हक" को स्थानमा "सूचना माग्ने, पाउने र प्रवाह गर्ने हक" हुनेछ भन्ने शव्द र "तर कानूनद्धारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन" को सट्टा "तर सूचनाको हकसम्बन्धी ऐनद्धारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन" भन्ने शव्द राख्नु पर्दछ ।
- ख) राष्ट्रिय सूचना आयोगलाई सम्बैधानिक हैसियत दिनुपर्दछ ।
- ग) सबै प्रान्तमा प्रान्तीय सूचना आयोग खडा गर्नुपर्दछ ।
- घ) एउटै सूचनाको हकसम्बन्धी छाता ऐनमा संघीय राष्ट्रिय सूचना आयोग र प्रान्तीय सूचना आयोगको व्यवस्था गर्नुपर्दछ ।

# २०७२/७३ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ संविधानको धारा २७ मा परिमार्जनः**

नेपालको संविधानको धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" भन्ने व्यवस्था छ । यसमा निम्नानुसारको संशोधन गरी परिमार्जन गर्नु पर्ने देखिन्छ ।

१.१ नागरिकको सट्टा व्यक्तिलाई अधिकार दिनू पर्नेः

हाल हामी बिश्वव्यापी सञ्जालमा आबद्ध छौं । नेपालले बिश्वका प्रायः सबै अन्तर्राष्ट्रिय संयन्त्र/सञ्जालको सदस्यता लिनुका साथै तिनीहरूको संरचनाप्रति प्रतिबद्धता जनाएको छ । हामीले प्रत्यक्ष बैदेशिक लगानी (FDI) को आव्हान गरेका छौं । गैह्र आवासिय नेपालले पनि नेपालमा लगानी बृद्धि गर्दैछन् । नेपालको प्राथमिकतामा पर्यटन व्यवसाय पर्दछ । यी सबै पक्षलाई मनन् गर्दा अब 'नेपाली नागरिक' लाई प्रदान गरिएको आफूसँग सम्बन्धित सूचना माग्ने हक 'व्यक्ति' लाई प्रदान गर्नु समय सापेक्ष हुनेछ ।

१.२ प्रबाहको हक थप गर्नेः

सन् १९४८ मा जारी गरिएको मानव अधिकारसम्बन्धी घोषणापत्रको दफा १९ मा र विश्वव्यापी प्रचलनलाई नियाल्दा प्रत्येक व्यक्तिमा सूचना माग्ने, पाउने र प्रबाह गर्ने हकको सुनिश्चिता देखिन्छ । यसर्थ संविधानको धारा २७ मा पनि 'प्रबाहको हक' थप गर्नु पर्छ ।

१.३ प्रादेशिक सूचना आयोगको स्थापना गर्नेः

नेपालको संविधानले नेपाललाई ७ वटा प्रदेशमा बिभाजन गरेको छ । संघीय शासन पद्धति अवलम्बन गरेका प्रायः सबै मुलुकमा संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोग स्थापना गर्ने प्रचलन छ । यसर्थ नेपालमा पनि प्रादेशिक सूचना आयोग स्थापनाको संबैधानिक प्रत्याभूति हुनु पर्दछ ।

१.४ छाता कानून निर्माण गर्नेः

नेपालमा सूचनाको हकको अभियानले औपचारिकता पाएको करिब २५ वर्ष पुग्यो । यसर्थ हालका लागि संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोगको गठन र कार्य क्षेत्रको बाँडफाँड एउटै छाता कानूनद्वारा गर्नु उपयुक्त हुनेछ ।

१.५ प्रतिबन्धात्मक वाक्यको भ्रम हटाउनेः

संविधानको धारा २७ मा रहेको प्रतिबन्धात्मक वाक्यमा रहेको तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचना दिन बाध्य गरिने छैन भन्ने कुरा सूचनाको हकसम्बन्धी ऐनले प्रबाह नगरिने सूचना दिन बाध्य गरिने छैन भन्ने भावनामा लेखिएको हो । तर, केही व्यक्तिहरूले क्षेत्रगत कानूनमा रहेको गोप्य प्राबधानसमेतलाई जोडेर यस विषयलाई बुझ्दा भ्रम श्रृजना भएको छ । यसर्थ संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यमा 'तर सूचनाको हकसम्बन्धी कानूनमा प्रबाह नगरिने भनिएका सूचना दिन कसैलाई पनि बाध्य गरिने छैन' भनी परिमार्जन गरिनु पर्छ ।

**२ सूचनाको हकसम्बन्धी ऐनमा संशोधनः**

ऐन जारी भएको दश वर्ष भयो । यस अबधिमा नयाँ संविधान नै जारी भएको र राजनैतिक क्षेत्रमा व्यापक परिबर्तन भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा केही विषय बस्तुमा आधारभूत रूपमै परिमार्जन गर्नु परेको छ । जो निम्नानुसार छन्ः

२.१ प्रादेशिक सूचना आयोगको व्यवस्थाः

संविधान संशोधनको विषय प्रक्रियागत रूपमा बढी समय लाग्ने र जटिल हुनु स्वभाविकै हो । यसर्थ संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोगको व्यवस्था गर्ने र अधिकार र कार्यक्षेत्र बाँडफाँड गर्ने गरी ऐनमा संशोधन गर्नु पर्छ ।

२.२ परिभाषाको दफालाई प्रष्ट पार्नेः

ऐनको परिभाषा खण्डमा सार्वजनिक निकाय भन्नाले सरकारी कार्यालय, राजनैतिक दल र सार्वजनिक संस्थानलाई बुझाएको कुरा प्रष्ट छ । तर, गैह्र सरकारी संस्था र निजी क्षेत्रका सन्दर्भमा प्रष्ट हुने गरी परिभाषा खण्डमा लेखिनु पर्दछ ।

२.३ सार्वजनिक निकायको दायित्व प्रष्ट पार्नेः

ऐनको दफा ४ मा सार्वजनिक निकायको दायित्व संक्षिप्तमा लेखिएको छ । तर, यी दायित्व अन्य दफाका अतिरिक्तका दायित्व हुन् । जुन कुरा यसै दफामा प्रष्ट गर्न नसक्दा कतै सार्वजनिक निकायले पूरा गर्नु पर्ने दायित्वहरु दफा ४ मा सीमित केही बुँदा मात्रै हुन कि भन्ने जस्तो देखिन्छ । जसलाई सुधार गर्न जरूरी छ ।

२.४ स्वतः प्रकाशन र दण्डको व्यवस्थाः

सूचनाको हकसम्बन्धी ऐनको मूल उद्देश्य भनेकै नागरिकले सूचना माग नगरे पनि सार्वजनिक निकायको तर्फबाट निरन्तर सूचना प्रबाह भइरहनु पर्ने हो । यसका लागि ऐनको दफा ५ मा प्रत्येक ३।३ महिनामा सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नु पर्ने व्यवस्था छ । तर यस्तो बिवरण सार्बजनिक नगरेमा दण्ड हुने वा बजेट रोक्का गरिने वा अन्य बिभागीय सजाय हुने गरी प्रष्ट व्यबस्था गर्न अति नै जरूरी छ ।

२.५ सूचना अधिकारीको योग्यता र सुबिधाः

सूचनाको हकसम्बन्धी कानूनबमोजिम नागरिकलाई सूचना प्रबाह गर्न सर्वाधिक महत्वपूर्ण भूमिका निर्बाह गर्ने पदाधिकारी नै सूचना अधिकारी हो । यसर्थ निज कार्यालय प्रमुख पछिको दोस्रो व्यक्ति तोकिनु पर्ने वा प्रचार विभागको प्रमुख वा निश्चित महाशाखाको प्रमुख तोकिनु पर्दछ । निजले सूचना प्रबाहको तालिम लिएको हुनु पर्छ । निज नागरिकको अधिकारको प्रचलनमा सकारात्मक सोच भएको हुन पर्छ । निजलाई सूचना अधिकारी भई काम गरे बापत केही सुबिधा दिने गरी प्याकेज घोषणा गर्नु पर्छ । बार्षिक रूपमा उत्कृष्टसूचना अधिकारीलाई पुरस्कृत गर्नु पर्छ । यी कुरा ऐन र नियमावलीमा प्रष्ट गर्न जरूरी छ ।

२.६ कार्यबिधि छोट्याउनेः

बर्तमान सूचनाको हकसम्बन्धी ऐनले सूचना माग गरेको १५ दिनभित्र सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा वा निजले सूचना दिन इन्कार गरेमा कार्यालय प्रमुखसमक्ष उजूरी गर्नुपर्ने, त्यसपछि प्रमुखले ७ दिनभित्र सूचना दिनु उपलब्ध गराउनु पर्ने, निजबाट पनि सूचना उपलब्ध नभए पुनरावेदनमार्फत् राष्ट्रिय सूचना आयोगले सूचना दिनू भन्ने आदेश जारी गर्नुपर्ने व्यवस्था छ । यो प्रक्रिया लामो र झण्झटपूर्ण भएको अनुभवले देखाएको छ । यसर्थ सामान्य, माध्यमस्तरीय र जटिल सूचना गरी क्रमशः ३ देखि ५ दिन, ५ देखि १० दिन र १० देखि १५ दिनभित्र सूचना उपलब्ध गराउने गरी कार्यदिन घटाउनु पर्छ । यसैगरी सूचना अधिकारी र कार्यालय प्रमुखको दुई तहको प्रणाली पनि साह्रै बैज्ञानिक देखिएको छैन । व्यवहारमा यी दुबैको निर्णय सर्वत्र एकै देखिएको छ । यसर्थ यसमा पनि सुधारको खाँचो देखिएको छ । साथै, मौखिक सूचना माग र प्रबाहको पनि अभिलेख राख्ने प्रणालीको विकास गरी बार्षिक रूपमा कति वटा सूचना प्रबाह भयो ? सोको दुरूस्त बिवरण सार्वजनिक गर्नु पर्दछ । यस विषयलाई ऐनद्वारा नै बाध्य नगरी लागू हुने देखिदैन ।

२.७ दस्तुरमा छुट दिनेः

नेपालको सूचनासम्बन्धी कानूनले विपन्न, प्राकृतिक विपत्तीमा परेका वा प्रत्यक्ष सरोकारवाला वा जनतामा सूचना पुऱ्याउने प्रयोजनका लागि सूचना माग गर्ने संचारकर्मी लगायत कसैलाई पनि निःशुल्क सूचना दिने व्यवस्था छैन । यो व्यवस्था गर्नु अन्तर्राष्ट्रिय प्रचलन अनुरूप हुने छ । सबै सूचना मागको निवेदनमा कुनै दस्तुर नलाग्ने, रू दशको हुलाक टिकट पनि टाँस गर्नु नपर्ने र पहिलो २५ पृष्ठसम्मको सूचना निःशुल्क हुने लगायतका प्रावधान ऐनमा समावेश गर्नु पर्दछ ।

२.८ आयोगका पदाधिकारीसम्बन्धी व्यवस्थाः

राष्ट्रिय सूचना आयोगका पदाधिकारीसम्बन्धी व्यवस्थामा पनि सिफारिस समिति, सुबिधा र पदावधिमा सुधारको आवश्यकता बोध भएको छ । विश्वव्यापी प्रचलनलाई हेर्दा प्रधानमन्त्रीको अध्यक्षतामा विपक्षी दलको नेतासमेत रहेको सिफारिस समितिको सिफारिसका आधारमा आयोगका पदाधिकारीहरु राष्ट्रपतिबाट नियुक्ति गर्नु पर्छ । साथै, सूचना आयुक्तहरु प्रमुख सूचना आयुक्तमा नियुक्ति हुन एक पदावधिले बाधा नपर्ने कुरा पनि प्रष्ट्याउनु जरूरी छ । साथै, आयोगको निरन्तरताका लागि दुई जना आयुक्तको हकमा चक्रीय प्रणालीद्वारा प्रत्येक साढे दुई वर्षमा एक जना नियुक्ति गर्ने प्रबन्ध गर्न सके राम्रो हुने अनुभवले देखाएको छ ।

२.९ सूचना वर्गीकरणको समयाबधि तोकिनु पर्नेः

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा सूचना वर्गीकरण गर्ने व्यवस्था छ । हाल सूचना वर्गीकरण नभएको स्थिति छ । यसमा अधिकतम् ३ महिनाभित्र सूचना वर्गीकरण गर्नु पर्ने गरी समय सिमा किटान गर्नु जरूरी देखिन्छ ।

२.१० सूचना दुरुपयोगको प्रावधान हटाउनेः

विश्वव्यापी अनुभवलाई नियाल्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३१ बमोजिम सूचना दुरूपयोग गर्न नहुने र दफा ३२ बमोजिम सूचना दुरुपयोग गरेकोमा दण्ड हुने व्यवस्था हटाउनु पर्ने देखिन्छ ।

**३ सूचनाको हकसम्बन्धी नियमावलीमा संशोधनः**

समय र परिस्थितिको गतिशीलतासँगै मौजूदा ऐन र नियमावलीमा संशोधनको आवश्यकता पर्दछ । हाल सूचनाको हकले नागरिकमा सचेतना बृद्धि गर्दै लगेको परिवेशमा सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा पनि समय सापेक्ष निम्नानुसारको परिमार्जन आवश्यक देखिएको छ ।

३.१ स्वतः प्रकाशनको प्रावधानमा संशोधनः

नियमावलीको नियम नं. ३ मा ३।३ महिने स्वतः प्रकाशनमा ऐनको प्रावधानमा अतिरिक्त ७ वटा बुँदा थप गरिएको छ । यी बुँदा प्रायः सरकारी कार्यालयको लागि मात्रै अनुकूल हुँदा बिशेषगरी राजनैतिक दल र निजी क्षेत्रका लागि आवश्यक नपर्ने गरी यस प्रावधानलाई परिमार्जजन गर्नु पर्दछ ।

३.२ मौखिक र विद्युतीय सूचनाको व्यवस्थाः

नेपालमा मौखिक सूचना माग गर्ने र दिने, तर अभिलेख नराख्ने प्रचलन छ । यसमा सुधार गर्न जरूरी छ । साथै, विद्युतीय सञ्जालबाट सूचना प्रवाह गर्ने प्रावधान नियमावलीमा समावेश गरी सोही अनुरूपको कार्य पद्धति अनुशरण गर्नु पर्दछ ।

३.३ पुनरावलोकन दर्ता प्रक्रिया सरल गर्नेः

नेपालमा अझै आमनागरिकले सूचनाको हकको व्यापक रूपमा प्रयोग गर्न नसकेको स्थितिलाई मध्यनजर गरी नियमावलीमा उल्लेखित पुनरावलोकनको प्रक्रियालाई सरल तुल्याउन जरूरी छ । साथै, पुनरावेदन प्रस्तुत गर्ने अनुसूचीको ढाँचालाई पनि सरल तुल्याउन आवश्यक छ ।

३.४ आयोगको कर्मचारीसम्बन्धी व्यवस्थाः

सम्भव भए आयोगको छुट्टै सेवा समूहको कर्मचारी र सो नहुँदासम्म सरकारले आयोगसँग समन्वय गरी कर्मचारी खटाउने र तिनको अधिकार र काम आयोगले तोक्ने प्रबन्ध गर्दा काममा चुस्तता आउने हुन्छ ।

३.५ आयोगको कामको कार्यबिधि निर्धारणः

आयोगबाट सम्पादन हुने प्रशासनिक काम, विनियोजन बजेटको खर्च, दाताको सहयोगको परिचालन लगायतका प्रशासनिक कार्यमा आयोगले निर्णय गरी कार्यान्वयन गर्ने व्यवस्थाले आयोगको काममा सरलता र सहजता पैदा हुनेछ । यसकालागि छुट्टै प्रशासनिक र आर्थिक कार्यबिधि स्वयम् आयोगले तर्जुमा गरी लागू गर्न सक्ने दिशा तर्फ जानुपर्छ ।

३.६ बिज्ञ र बिशेषज्ञको नियुक्तिः

आयोगले आफ्नो काममा सरलता र सहजताका लागि विज्ञ र बिशेषज्ञ नियुक्ति गर्न पाउने व्यवस्था गरिनु पर्दछ ।

३.७ आयोगलाई बिशेष अधिकारः

नियमावलीबाट सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा आवश्यक पर्ने सबै कार्य आयोगले स्वतन्त्र रूपमा गर्न सक्ने गरी कानूनी व्यवस्था गर्नुपर्छ ।

**४ आयोगको पचहत्तरै जिल्लामा सम्पर्क विन्दू खडा गर्नेः**

सूचनाको हकलाई लोकतन्त्रको प्राणवायूका रूपमा लिईन्छ । नागरिकका सबै मौलिक हक मध्ये यसलाई श्रेष्ठ अधिकार ठानिन्छ । नागरिकमा सूचनाको हकको प्रचलनको उत्प्रेरणाले अन्य अधिकारको प्रयोगमा सहजता आउनु स्वभाविकै हो । यस्तो महत्वपूर्ण सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन स्थापित राष्ट्रिय सूचना आयोगको काठमाडौं बाहेक नेपालभरी कार्यालय छैन । यस्को पचहत्तरै जिल्लामा निम्नानुसारको सम्पर्क बिन्दू (Focal Point) खडा गर्न सुझाव गरिन्छ ।

४.१ पचहत्तरै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा एउटा छुट्टै कोठा दिई साईनबोर्डसहित राष्ट्रिय सूचना आयोगको सम्पर्क बिन्दू खडा गर्ने ।

४.२ राष्ट्रिय सूचना आयोगको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्ने गरी प्रमुख जिल्ला अधिकारीको सुपरीवेक्षणमा सञ्चालन हुने गरी यस्तो सम्पर्क बिन्दू खडा गर्ने ।

४.३ प्रजिअ रा.प. प्रथम श्रेणी हुने जिल्लामा शाखा अधिकृत सरहको र प्रजिअ रा.प. द्वितीय श्रेणी हुने जिल्लामा नायब सुब्बा सरहको एक जना कर्मचारीलाई यस सम्पर्क बिन्दूमा खटाउने ।

४.४ यस सम्पर्क बिन्दूमा सामान्य प्रशासन मन्त्रालयले तत् जिल्ला कै कुनै कर्मचारी वा घर पायक पर्ने गरी कर्मचारीलाई काजमा खटाउने प्रबन्ध गर्ने । यसरी काज खटिने कर्मचारीलाई तालिमसमेत दिई काममा खटाइने हुँदा सामान्यतः एक वर्षसम्म काज फिर्ता नगर्ने ।

४.५ यसरी खटिइने कर्मचारीको लागि कम्प्यूटर, टेलिफोन लगायतको लजिष्टिक आयोगले उपलब्ध गराउने र आयोगले निजको तलब बराबरको रकम भत्ता स्वरूप उपलब्ध गराउने ।

४.६ यस सम्पर्क बिन्दूमार्फत् सूचनाको हकका क्षेत्रमा आयोगले विविध रचनात्मक कार्यक्रमहरु निरन्तर सञ्चालन गर्ने गराउने ।

५ RTI Audit / RTI Budget **को थालनी गर्ने:**

नेपालमा पहिलो पटक राष्ट्रिय सूचना आयोगले ३१ वटा मन्त्रालयको सूचनाको हकको प्रचलनको स्थितिको समीक्षा गर्न Right to Informaion Audit गरेको छ । यसलाई क्षेत्रगत र जिल्लागत रूपमा व्यापकता दिनसके सूचनाको हकको कार्यान्वयनमा देखिएका कमी कमजोरी निदान भई नागरिकको सूचनाको हकको प्रयोगमा बृद्धि हुने थियो । यसबाट मुलुकमा सुशासन कायम हुन मद्दत पुग्नेछ । यसैगरी सबै सार्वजनिक निकायले आफूले कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको जनतामा पुग्ने लाभको बारेमा प्रचार प्रसार गर्ने, सेवाग्राही जनतासँग अन्तरक्रिया गर्ने, कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेहरूको पनि सक्रियता र सहयोग विस्तार गर्न निर्देशक समिति गठन गर्ने र भए गरेका कामको सूचना प्रवाह गरी सरकार प्रतिको भरोसा र विश्वास बढाउने प्रयास गर्न Right to Informaion Budget को आरम्भ गर्नुपर्छ ।

६ **विश्व विद्यालय र स्कूलको पाठ्यक्रममा समावेश गर्ने:**

त्रिभुवन विश्व विद्यालय वा अन्य कुनै विश्व विद्यालयमा सूचनाको हकको छुट्टै विभाग स्थापना गर्नुपर्छ । यस विभागमा अन्य मिल्दो विषयहरु पनि समावेश गर्न सकिन्छ । यस विधाको अध्ययनले नेपालमा लोकतन्त्रको प्रबर्द्धन र स्थायित्वलाई बल पुऱ्याउने छ । यस विषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई छुट्टै सेवा समूह गठन गरी सूचना अधिकारीमा नियुक्ति गर्न पनि सकिन्छ । हुनतः हालका लागि पत्रकारिता वा कानून विषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई सूचना अधिकारीमा नियुक्ति गर्ने गरी निजामती सेवा ऐनमा आवश्यक संशोधन गर्नु उपयुक्त हुनेछ । यसैगरी स्कूलको कक्षा ६ देखि १२ कक्षासम्मको पाठ्यक्रममा सूचनाको हकलाई समावेश गर्दा विद्यार्थीहरूले पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र सुशासनको बोध गर्नेछन् । यसबाट भावि पुस्ताले सञ्चालन गर्ने राजनीति, प्रशासन, गैह्रसरकारी संस्था र निजी प्रतिष्ठान तुलनात्मक रूपमा पारदर्शी हुने कुरामा विश्वस्त हुन सकिन्छ । यस अतिरिक्त सबै सरकारी तालिम केन्द्र र उपभोक्ता समूह लगायत सबै संस्था र निकायका कार्यक्रममा सूचनाको हकलाई अनिवार्य रूपमा समावेश गर्ने प्रबन्ध गर्नुपर्छ । यसबाट अझ नागरिकमा सशक्तीकरणको माध्यमद्वारा राज्य प्रणालीको काम कारबाहीमा प्रत्यक्ष संलग्न हुने पद्धतिको विकास हुनेछ । जुन सहभागितामूलक लोकतन्त्रको ध्येय हो ।

७ **आयोगका बिगतमा सुझावहरूलाई आत्मसात् गर्ने:**

राष्ट्रिय सूचना आयोगले आ. ब. २०६५/६६ देखि २०७१/७२ सम्म सातवटा बार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेको छ । आयोगको यो आठौं प्रतिवेदन हो । आयोगले यस पूर्व प्रस्तुत गरेका निम्न लिखित सात वर्षका सुझावहरु आज पनि उत्तिकै सान्दर्भिक छन् । तिनको संक्षिप्तमा पुनराबृत्ति गर्ने प्रयास गरिएको छ । जो निम्नानुसार छन् ।

७.१ सूचनाको हकको दायरालाई फराकिलो पार्ने ।

७.२ सूचनाको हकको कानूनसँग बाझिएका कानूनहरूलाई यस ऐन अनुकूल तुल्याउन केही नेपाल ऐन संशोधनद्वारा मिलाउने ।

७.३ Whistle Blower Protecion Act / Privacy Act तर्जुमा गरी जारी गर्ने ।

७.४ स्वतः प्रकाशन हुने सामग्रीलाई एकीकृत गरी राख्ने छुट्टै पोर्टलको प्रबन्ध गर्ने ।

७.५ इलष्लिभ सूचना माग्ने पद्दति मुलुकभरी लागू गर्ने ।

७.६ पचहत्तरै जिल्ला र सबै गा. बि. स.मा नागरिकको सूचनाको हकको प्रचार-प्रसार गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ लागू गर्ने ।

७.७ पुरस्कार कोषको स्थापना गरी सूचनाको हकका क्षेत्रमा योगदान पुऱ्याउने कर्मचारी, सूचनाको हकको अभियन्ता वा संचारकर्मीलाई नियमित रूपमा पुरस्कृत गर्ने ।

७.८ गोप्य, अति गोप्य जस्ता प्रचलनमा रहेका छाप हटाउने । कर्मचारीको शपथ ग्रहणबाट गोपनीय शब्द हटाउने ।

७.९ सार्वजनिक निकायहरूले सूचनाको हकसम्बन्धी कानूनले सुम्पिएका दायित्व पूरा गर्ने गरी बार्षिक कार्य योजना बनाएर लागू गर्ने ।

७.१० सूचनाको हकको क्षेत्रमा क्रियाशील गैह्र सरकारी संस्था, सूचनाको हकको अभियन्ता वा पत्रकार वा नागरिक समाजको अगुवालाई उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

७.११ सार्वजनिक निकायका बैठक, छलफल, कार्य सञ्चालन प्रक्रियालाई पूर्णतः पारदर्शी तुल्याउने ।

७.१२ गोपनियता कायम गरे बापत होईन, खुल्लापना अपनाए बापत कर्मचारीहरु पुरस्कृत हुने गरी कार्य संस्कृतिमा परिवर्तन गर्ने ।

७.१३ राष्ट्रिय सूचना आयोगको छुट्टै जमिन र भवनको व्यवस्था गर्ने ।

७.१४ आयोगका पदाधिकारी र कर्मचारीको क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्नुका साथै प्रोत्साहनमा आधारित भत्ता प्रणाली लागू गर्ने ।

७.१५ सार्वजनिक निकायका सबै काम कारबाहीमा नागरिकको सूचनाको हकको सम्मान गर्ने कार्य संस्कृतिको विकासको लागि सरकार, राजनैतिक दल, गैह्र सरकारी संस्था, निजी क्षेत्र र समाजका अन्य सबै बर्ग र पक्षले यस विषयलाई सम्वेदनशील रूपमा ग्रहण गरी उच्च प्राथमिकतामा राख्ने ।

# २०७३/७४ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ आयोगको प्रादेशिक कार्यालय स्थापना गर्ने**

राष्ट्रिय सूचना आयोगले प्रादेशिक सूचना आयोग स्थापनाको पहल गरी रहेको छ । तर, यो विषय आयोग मात्रैको काबूभित्र छैन । यसर्थ मुलुकमा स्थापना भएका सात ओटा प्रदेशमा आयोगको कार्यालय स्थापना गर्न नितान्त जरूरी भएको कुरा सरकारले महशुस गर्नुपर्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २१ मा 'आयोगले आवश्यकतानुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ' भन्ने व्यवस्था छ । यस सम्बन्धमा नेपाल सरकारले आयोगमा ७ ओटा प्रदेश हेर्ने गरी ७ जना उपसचिवको दरबन्दी थप गरिदिएको पनि छ । अब यिनै ७ जना उपसचिवलाई एक एक जनाका दरले प्रदेशमा कार्यालय खोल्ने गरी उपयुक्त हुनेछ । साथै प्रत्येक प्रदेशमा हालका लागि सानो आकारको कार्यालय खोल्न निम्नानुसारको दरबन्दी प्रस्ताबित गरिन्छः

| | |
|---|---|
| क) उपसचिव, कार्यालय प्रमुख | - १ जना |
| ख) शाखा अधिकृत | - २ जना |
| ग) नायब सुब्बा | - २ जना |
| घ) लेखापाल/सहलेखापाल | - १ जना |
| ङ) कम्प्यूटर अपरेटर | - १ जना |
| च) ड्राईभर | - १ जना |
| छ) कार्यालय सहयोगी | - २ जना |
| जम्मा | १० जना |

यस प्रादेशिक कार्यालयलाई निम्न अधिकार प्रत्यायोजन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० अनुसार आयोग सक्षम रहेको छः

क) आफ्नो प्रदेशभित्रका कार्यालयमा ३।३ महिनामा स्वतः प्रकाशन गर्न आदेश जारी गर्ने ।

ख) सवै निकायमा सूचना अधिकारी नियुक्ति गर्न आदेश जारी गर्ने ।

ग) कति सूचना माग र प्रवाह भयो ? सोको छुट्टै अभिलेख राख्न आदेश जारी गर्ने ।

घ) तालिम, अन्तर्क्रिया, अभिमुखीकरण कार्यक्रम सञ्चालन र चेतनामूलक कार्यहरु गर्ने ।

ङ) सूचनाको हकको प्रचलनको निरीक्षण र अुनगमन गर्ने ।

च) कानूनबमोजिम निवेदन, उजुरी र पुनरावेदन स्वीकार गरी आयोगमा पठाउने ।

छ) आयोगको आदेशको कार्यान्वयन गर्ने गराउने ।

ज) अन्य उपयुक्त र रचनात्मक कार्यहरु गर्ने ।

**२ स्थानीय तहमा आरिटआई अम्बुड्स्म्यान गठन गर्ने**

हाल निर्वाचन भई कार्यरत रहेका ७५३ ओटा स्थानीय तहमा सूचनाको हकको प्रभावकारी प्रचलनका लागि निम्नानुसारको आरिटआई अम्बुड्स्यान गठन गर्नेः

| | |
|---|---|
| क) स्थानीय निकाय उपप्रमुख/उपाध्यक्ष | - संयोजक |
| ख) स्थानीय सूचनाको हकको अभियन्ता (एक जना) | - सदस्य |
| ग) स्थानीय सञ्चारकर्मी (एक जना) | - सदस्य |
| घ) स्थानीय नागरिक समाजका अगुवा (एक जना) | - सदस्य |
| ङ) वडाध्यक्ष (एक जना) | - सदस्य |
| च) वडा सदस्य (एक जना) | - सदस्य |
| छ) प्रमुख कार्यकारी अधिकृत | - सदस्य सचिव |

यस समितिको बैठक महिनामा कम्तिमा एक पटक बस्नु पर्नेछ । यसले नागरिकको सूचनाको हकको कार्यान्वयनका लागि कार्ययोजना बनाई लागू गराउने काम गर्ने छ ।

**३ विद्युतीय सञ्जालबाट सूचना पाउने व्यवस्था गर्ने**

राष्ट्रिय सूचना आयोगले ३।३ महिने स्वतः प्रकाशनको सहज निर्माण र सार्वजनिकीकरणका लागि Proactive Disclosure Management System (PDMS) विद्युतीय प्रणाली लागू गरेको छ । नेपाल सरकारका सबै निकायले यसको व्यापक प्रयोग गर्नुका साथै तीन महिने स्वतः प्रकाशन एउटै पोर्टलमा राख्नु पर्छ । यसबाट सरकार र जनता दुवैलाई लाभ प्राप्त हुनेछ । यसैगरी राष्ट्रिय सूचना आयोगले ईमेलबाट सूचना माग्ने र पाउने Management Information System (MIS) विद्युतीय प्रणाली तयार गरेको छ । यस्को पनि सरकारी निकायले व्यापक प्रयोग गरेमा आमजनताले घरमै बसी सूचना माग्न गर्न सक्नेछन् । सरकारी पदाधिकारीले पनि आफ्नो अनुकूल समय बिहान वा बेलुकी पनि सूचना प्रवाह गरी नागरिकमा आफ्नो कार्यालयको छबी बढाउन सक्ने छन् । यसर्थ PDMS/ MIS विद्युतीय प्रणालीलाई पूर्वरूपमा अनिवार्य प्रयोग गर्न नेपाल सरकार (मं. प.) ले निर्णय गरी सरकारी निकायमा तत्कालै निर्देश हुन सिफारिश गरिन्छ ।

**४ राणाकालीन र पञ्चायतकालीन अबशेष हटाउने**

नेपालमा अत्यन्त तिब्र गतिमा राजनैतिक परिवर्तन भएको छ । हाल हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक पद्दतिमा छौँ । तर, राणाकालीन र पञ्चायतकालीन क्रमशः जहानीय र एकतन्त्रीय शासन जोगाउन सरकारी कागजातमा गोप्य र अतिगोप्य छाप लगाउने पद्दतिलाई हामीले हटाउन सकिरहेका छैनौँ । सरकारी कागजातलाई सूचनाको हकसम्बन्धी ऐनको दफा २७ अनुसार वर्गीकरण गरी ३० वर्षसम्म गोप्य राख्न सकिन्छ । पत्र वा खाममा गोप्य/अतिगोप्य छाप लगाएर गोपनियता संरक्षण गर्ने होईन । स्वयम् राज्य प्रणाली नै बिधिको शासनमा विचरण गर्न उत्सुक नभएसम्म मुलुकका अन्य निकायलाई सदाचार, नैतिकता र सुशासनको पाठ पढाउन सकिँदैन भन्नेतर्फ विचार पुऱ्याउन आवश्यक छ । यसैगरी विगतकै सामन्ती शासन प्रणालीको झझल्को दिने गरी आज उप्रान्त नेपालको मुलुकी प्रशासनमा कर्मचारीको शपथ ग्रहणमा गोपनियताको कायम भइरहेको छ । एकातिर सूचनाको हकसम्बन्धी ऐन, सुशासन ऐनको माध्यमद्वारा सरकारी काम कारबाही पूर्णतः पारदर्शी र खुल्ला गर्न कानुनी व्यवस्था गर्ने अर्कोतिर कार्यालय सहयोगीदेखि मुख्य सचिवसम्म, सिपाहीदेखि प्रधानसेनापतिसम्म र प्रहरी जवानदेखि प्रहरी महानिरीक्षकसम्मका पदाधिकारीलाई गोपनियताको शपथ ग्रहण गर्न लगाई कुनै पनि सूचना सार्वजनिक गरे पदीय अनुशासन पालन नगरेको ठहराई विभागीय कारबाही हुन्छ भन्ने व्यवहारले कानुनको उल्लघन त हुन्छ नै, हामी लोकतन्त्रको सही गन्तव्यमासमेत पुग्न सक्दैनौँ । कम्तिमा वर्तमान राजनैतिक स्थितिमा राज्यबाट यस्तो दोहोरो र गैरलोकतान्त्रिक चरित्र अपनाउन उचित हुँदैन । यसर्थ तत्कालै कर्मचारीको शपथबाट गोपनीय शब्द हटाउने र सरकारी कागजातमा गोप्य/अतिगोप्य छाप लगाउने प्रणाली खारेज गर्नुपर्छ भन्ने आयोगको ठहर छ ।

**५ खुल्ला सरकारी तथ्याङ्कको राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने**

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ अनुसार वर्तमान विश्वपरिवेश सुहाउँदो खुल्ला सरकारी तथ्याङ्क (Open Govermnenbt Data-OGD)सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रस्तावित स्वरूप सुझावका रूपमा प्रस्तुत गरेको छ । यसलाई नेपाल सरकार (मं. प.) बाट निर्णय गरी तत्काल कार्यान्वयनमा ल्याउन आयोग पुनः नेपाल सरकार समक्ष सिफारिश गर्दछ ।

**६ RTI Audit को अवधारणा लागू गर्ने**

नेपाल सरकार (मं. प.) को निर्णयानुसार सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय अनुगमन इकाई र सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यान्वयन अनुगमन इकाईहरु गठन भएका छन् । यी संयन्त्रहरु सर्वप्रथम साधन, स्रोत र जनशक्तिद्वारा क्रियाशील हुनुपर्छ । साथै यसै संयन्त्रले नेपाल सरकारभित्रका विभिन्न निकायमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको स्थिति के छ भनी जान्न Right to Information Audit गर्न जरूरी छ । राष्ट्रिय सूचना आयोगबाट नेपाल सरकारका मन्त्रालय र केन्द्रीयस्तरका निकायहरूको आ. ब. २०७२/७३ र २०७३/७४ को RTI Audit भएको छ । आयोगले प्रयोगमा ल्याएको सूचकाङ्क मै आधारित भई यस्तो Audit गर्न सकिनेछ ।

**७ RTI Budget को अवधारणा लागू गर्ने**

नेपाल सरकारले अझै पनि यथेष्ट मात्रामा सेवाको बजारीकरण (Admistrative Marketing) गर्न सकेको छैन । सरकार जहिले पनि जनताले देखिरहने, जनताले अनुभूति गरिहने र जनतामा आशा र अपेक्षा जगाउने हुनुपर्छ । यसबाट सरकार र जनताबीच नजिकको सम्बन्ध निर्माण हुन पुग्छ । यस्का लागि सरकारले कुनै कार्यक्रम सञ्चालन गर्दा, कुनै विकास-निर्माणको काम गर्दा वा कुनै नीति निर्माण गर्दा सो काम गर्नुका साथै सो विषयलाई जनतामा पुऱ्याउन सूचना प्रवाह गर्ने ध्येय लिनु पर्दछ । यस्को लागि त्यस्तो कार्यक्रमको कूल बजेटको ०.२५% वा ०.५०% वा १% बजेट छुट्याउन नेपाल सरकार समक्ष आयोग सिफारिश गर्दछ ।

**८ पाँच वर्षे रणनीति कार्यान्वयन गर्ने**

राष्ट्रिय सूचना आयोगले सूचनाको हकको प्रभावकारी प्रचलनका लागि माग पक्षको सबलीकरण, आपूर्ति पक्षको उत्प्रेरणा र आयोगको क्षमता अभिबृद्धिका लागि सन् २०१६-२० का लागि पाँच वर्षे रणनीतिपत्र निर्माण गरी लागू गरेको छ । यस्तो पाँच वर्षे रणनीतिपत्र निर्माण र कार्यान्वयन गर्दा तथा सो अनुरूप स्रोत जुटाउन नेपाल सरकारले पनि सहकार्य र प्रतिबद्धता व्यक्त गरेको छ । यस स्थितिमा नेपाल सरकारले यसै कार्ययोजनालाई आधार मानी यस क्षेत्रमा व्यापकरूपमा सुधारात्मक कार्य सञ्चालन गर्न गराउन आयोग सिफारिश गर्दछ ।

**९ नमूना सूचना पुस्तिका प्रकाशित गर्ने**

नागरिकको सूचनाको हकको पहिलो र आधारभूत शर्त भनेको सरकारी निकायसँग भएका सम्पूर्ण सूचनालाई नागरिक मैत्री ढाँचामा सार्वजनिक गर्नु हो । सूचना शक्ति भएकाले सरकारी सूचनाको प्रयोगमार्फत् नागरिकले लाभ लिन सकुन भन्ने ध्येय राख्नु पर्छ । यस सन्दर्भमा आयोगले राज्यद्वारा महिलालाई प्रदान गरेको सेवा, सुविधा, सहुलियत र छुटहरु सङ्कलन गरी सोको छुट्टै पुस्तिका प्रकाशित गरेको छ । यो सूचनाको हकको नमूना पुस्तिका हो । यसैगरी नेपाल सरकारले स्वास्थ्य, शिक्षा, कृषि लगायतका क्षेत्रमा आमजनतालाई प्रदान गरेका छुट, सुविधा र राहतको प्रावधान सङ्कलन गरी एकीकृत पुस्तिका प्रकाशित गरी जनताले लाभ प्राप्त गर्ने अवस्था सिर्जना गर्न आयोग सिफारिश गर्दछ ।

**१० स्वतः प्रकाशन नगर्ने र सूचना अधिकारी नतोक्ने कार्यालयको बजेट रोक्का गर्ने**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले जनताको सूचनाको अधिकार प्रत्याभूत गर्न प्रत्येक सार्वजनिक निकायले अनिर्वाय रूपमा सूचना आधिकारी तोक्नुपर्ने र ३।३ महिनामा सूचना स्वतः खुलासा गर्नु (Proactive-Discloser) पर्ने व्यवस्था गरेको छ । कानुन कार्यान्वयनमा आएको दश वर्ष वितिसक्दा पनि अझै कतिपय कार्यालयहरूले कानूनको यो अनिवार्य व्यवस्थाको पालना गरेका छैनन् । कानूनको पालना गराउनु सरकारको दायित्व हो । त्यसैले कानुनको निर्दिष्ट गरेका यी दुई व्यवस्था कार्यान्वयन नगर्ने सार्वजनिक निकाय (सरकारी कार्यालय) लाई त्यो कार्यान्वयन नहुँदासम्म बजेट निकासामा रोक लगाउने जस्ता कारवाही प्रक्रियाको घोषणा गर्न आयोग सिफारिस गरिन्छ ।

## २०७४/७५ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ सूचनाको हकलाई कार्यसम्पादन मूल्याकंनको आधार बनाउनेः**

नागरिक सूचना माग्न आएपनि वा नआएपनि सार्वजनिक निकाय आफै खुला, पारदर्शी र जवाफदेही हुँदै सुशासन कायम गर्न सूचना प्रवाह गर्नु संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को मूल मर्म हो । संविधान र कानूनको यो मूल मर्म कार्यान्वयनमा ल्याउन सार्वजनिक निकायका पदाधिकारी/कर्मचारीलाई जनतामा सूचना प्रवाह गर्न उत्प्रेरित, जागरूक र सचेत गराउन अनिवार्य हुन्छ । यही कारण अहिलेलाई कम्तिमा सार्वजनिक निकायमध्ये जनताप्रति बढि जवाफदेही हुनुपर्ने सरकारी कार्यालयका कर्मचारीहरूलाई सूचना प्रवाह गरेर पारदर्शी र जवाफदेही बनाउन उनीहरूको कार्यसम्पादन र मूल्याकंनको आधारहरूमध्ये सूचनाको हक कार्यान्वयनलाई पनि समावेश गर्ने गरी सम्वन्धित कानूनमा व्यवस्था गर्ने ।

**२ सरकारी संयन्त्रको सक्रियताको अनिवार्य व्यवस्थाः**

सार्वजनिक निकायको पारदर्शिता, जवाफदेहीता र सुशासन, एवं नागरिक सशक्तीकरण तथा लोकतन्त्रको भविष्य सँग जोडिएको सूचनाको हकसम्बन्धी कानूनको जानकारी, यसको प्रयोगको प्रभावका बारेमा नागरिकमा चेतनाको अभिवृद्धि गर्दै यसको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्ने प्रमुख दायित्व सरकारको भए पनि यी सबै जिम्मेवारी नियामक निकाय राष्ट्रिय सूचना आयोगको मात्र हो भन्ने मनोवृत्ति बढ्दै गएको पाइन्छ । तसर्थ, सूचनाको हकसम्बन्धी कानून कार्यान्वयनको समन्वय र अनुगमन गर्न मन्त्रिपरिषद्द्वारा गठित प्रधानमन्त्री कार्यालयका सचिवको संयोजकत्वको समिति तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको नेतृत्वमा गठित कार्यान्वयन समितिको कार्य प्रगतिको बारे अनुगमन गर्न मुख्य सचिवको नेतृत्वमा अर्को सरकारी संयन्त्र गठन गर्ने जसबाट ती दुवै समितिको सक्रियता बढ्न गई सरकारी स्तरबाटै सूचनाको हकको कार्यान्वयनमा तिब्र दबाब सिर्जना हुन्छ ।

**३ कार्यालय प्रमुख र सूचना अधिकारी बाहेकका पदाधिकारीलाई पनि दायित्व तोक्नेः**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकमा सूचना प्रवाह गर्नुपर्ने गरी कार्यालय प्रमुख र सूचना अधिकारीको मात्र दायित्व स्पष्ट रूपमा किटान भएको अहिलेको अवस्थामा कतिपय कार्यालयहरूमा दायित्व स्पष्ट किटान नभएका अन्य शाखा सम्वद्ध कर्मचारीहरूबाटै सूचना अधिकारीको सूचनाको पहुँचमा अबरोध पुगिरहेको भन्ने ब्यापक गुनासो आईरहेको सन्दर्भमा सूचना प्रवाहमा विलम्व हुनु वा अवरोध पुऱ्याउन र कार्यालय प्रमुख वा

सूचना अधिकारीले अन्य कर्मचारी संलग्न भएको भन्ने उजुरी/निवेदन गरेमा त्यस्ता कर्मचारीलाई पनि सूचनाको हकसम्बन्धी कानूनबमोजिम आवश्यक कारवाहीको प्रक्रिया अघि बढाउन सक्ने गरी कानूनी व्यवस्था गर्ने ।

**४ मन्त्रिपरिषद्लाई पनि जवाफदेही बनाउनुपर्नेः**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उत्पादन गर्ने निकाय नै सूचना प्रवाहका लागि जिम्मेवार हुने व्यवस्था छ । तर मन्त्रिपरिषद्बाट हुने निर्णयहरु मन्त्रालयबाट प्रस्तावका रूपमा जाने र कतिपय अवस्थामा प्रधानमन्त्रीबाट सोझै ठाडो प्रस्ताव पनि आउने प्रचलन रहेकोमा सूचना माग्ने जनतालाई सूचना उत्पादन गर्ने निकायको किटानी गर्न झण्झट पर्ने र सूचना नदिने प्रवृत्ति देखिएको तथा मन्त्रिपरिषद्ले गरेका निर्णयहरु मध्ये अनुकूल हुने निर्णय तत्काल सार्वजनिक गर्ने र प्रतिकूल हुने जस्ता निर्णयहरु लुकाएर राख्ने प्रवृत्ति हावी हुँदै जाँदा मन्त्रिपरिषद्को निर्णयमा पारदर्शिताको अभाव भई कुशासन बढ्ने खतरा देखिएको भनी आलोचना भएको सन्दर्भमा सिङ्गो मन्त्रिपरिषद्लाई एउटा सार्वजनिक निकाय मानी मन्त्रिपरिषद्को निर्णयको सूचना अनिवार्य प्रवाह गर्ने सुप्रबन्धका लागि सूचना अधिकारी तोक्ने गरी कानूनी व्यवस्था मिलाउने ।

**५ सूचनादाताको संरक्षणसम्बन्धी नियमावली बनाउनेः**

सार्वजनिक निकायमा भएको वा हुने बेथिति, अनियमितता वा भ्रष्टाचार नियन्त्रण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा राखिएको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्थामा रहेका पाँच वटा उपदफा यो उद्देश्य प्राप्तिका लागि पर्याप्त नभएको महशुस गरी सूचनादाताको संरक्षणसम्बन्धी अलग्गै कानूनको आवश्यकता बोधसहित यस अघि सुझाव दिइसकेको सन्दर्भमा यो कानून निर्माणको गहनता, अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन, यसमाथिको ब्यापक छलफल र निष्कर्षसमेतलाई बिचार गर्दा यसको निर्माण गर्न केही लामो समय लाग्ने भएको हुँदा सार्वजनिक निकायमा हुने वा भएको बेथिति, अनिमियमितता र भ्रष्टाचार नियन्त्रणमा तत्काल तदारूकता आवश्यक भएकाले हाललाई सूचनाको हकसम्बन्धी ऐनको दफा-२९ को व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाउन सूचनादाताको संरक्षणसम्बन्धी नियमावली पारित गरी कार्यान्वयनमा ल्याउने ।

**६ मागपक्ष र आपूर्ति पक्षलाई प्रोत्साहन गर्नेः**

सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा माग पक्ष र आपूर्ति पक्ष दुवैलाई थप उत्प्रेरित गर्न सूचना प्रवाहमा उत्कृष्ट काम गर्ने सूचना अधिकारी एक जना तथा सूचना मागेर सार्वजनिक जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउन महत्वपूर्ण योगदान गर्ने उत्कृष्ट नागरिक एक जनालाई हरेक वर्ष एक/एक लाखको पुरस्कारसहित सम्मान गर्ने र त्यसको जिम्मेवार निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा रहेका दुई समितिको अनुगमन गर्ने मुख्य सचिवको संयोजकत्वको समिति बनाउने गरी आवश्यक व्यवस्था गर्ने ।

## २०७५/७६ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

**१ संविधानको धारा २७ परिमार्जन गर्ने**

नेपालको संविधानको धारा २७ मा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन" भन्ने व्यवस्था छ । यसमा निम्नानुसारको संशोधन गरी परिमार्जन गर्नु पर्ने देखिन्छः

१.१ प्रतिबन्धात्मक वाक्यको भ्रम हटाउनेः

संविधानको धारा २७ मा रहेको प्रतिबन्धात्मक वाक्यमा रहेको "तर कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचना दिन बाध्य गरिने छैन" भन्ने कुरा सूचनाको हकसम्बन्धी ऐनले प्रबाह नगरिने सूचना दिन बाध्य गरिने छैन भन्ने भावनामा लेखिएको हो । तर, केही व्यक्तिहरूले क्षेत्रगत कानूनमा रहेको गोप्य प्राबधानसमेतलाई जोडेर यस विषयलाई बुझ्दा भ्रम श्रृजना भएको छ । यसर्थ संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यमा "तर सूचनाको हकसम्बन्धी कानूनमा प्रबाह नगरिने भनिएका सूचना दिन कसैलाई पनि बाध्य गरिने छैन" भनी परिमार्जन गर्ने ।

१.२ प्रबाहको हक थप गर्नेः

सन् १९४८ मा जारी गरिएको मानव अधिकारसम्बन्धी घोषणापत्रको दफा १९ मा र विश्वव्यापी प्रचलनलाई नियाल्दा प्रत्येक व्यक्तिमा सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको सुनिश्चिता देखिन्छ । यसर्थ संविधानको धारा २७ मा पनि 'प्रवाहको हक' थप गर्ने ।

१.३ नागरिकको सट्टा व्यक्तिलाई अधिकारः

हाल हामी बिश्वव्यापी सञ्जालमा आबद्ध छौं । नेपालले बिश्वका प्रायः सबै अन्तर्राष्ट्रिय संयन्त्र/सञ्जालको सदस्यता लिनुका साथै तिनीहरूको संरचनाप्रति प्रतिबद्धता जनाएको छ । हामीले प्रत्यक्ष बैदेशिक लगानी (FDI) को आव्हान गरेका छौं । गैह्र आवासीय नेपालीले पनि नेपालमा

लगानी बृद्धि गर्दैछन् । नेपालको प्राथमिकतामा पर्यटन व्यवसाय पर्दछ । यी सबै पक्षलाई मनन् गर्दा अब 'नेपाली नागरिक' लाई प्रदान गरिएको आफूसँग सम्बन्धित सूचना माग्ने हक 'व्यक्ति' लाई प्रदान गर्ने गरी संविधान संशोधन गर्ने ।

१.४ प्रादेशिक सूचना आयोगको स्थापना गर्नेः

नेपालको संविधानले नेपाललाई ७ वटा प्रदेशमा बिभाजन गरेको छ । संघीय शासन पद्धति अवलम्बन गरेका प्रायः सबै मुलुकमा संघीय सूचना आयोग र प्रादेशिक सूचना आयोग स्थापना गर्ने प्रचलन छ । यसर्थ नेपालमा पनि प्रादेशिक सूचना आयोग स्थापनाको संबैधानिक प्रत्याभूति गर्ने ।

२ **सूचनाको हकसम्बन्धी ऐनमा संशोधन गर्नेः**

ऐन जारी भएको एघार वर्ष बितिसकेको छ । यस अबधिमा नयाँ संविधान नै जारी भएको र राजनैतिक क्षेत्रमा व्यापक परिबर्तन भएकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा केही विषय बस्तुमा आधारभूत रूपमै परिमार्जन गर्नुपर्ने महसुस गरिएको छ । जो निम्नानुसार छन्ः

२.१ परिभाषाको दफालाई प्रष्ट पार्नेः

ऐनको परिभाषा खण्डमा सार्वजनिक निकाय भन्नाले सरकारी कार्यालय, राजनैतिक दल र सार्वजनिक संस्थानलाई बुझाएको कुरा प्रष्ट छ । तर, गैह्र सरकारी संस्था र निजी क्षेत्रका सन्दर्भमा प्रष्ट हुने गरी परिभाषा खण्डमा लेखिनु आवश्यक छ ।

२.२ स्वतः प्रकाशन र दण्डको व्यवस्थाः

सूचनाको हकसम्बन्धी ऐनको मूल उद्देश्य भनेकै नागरिकले सूचना माग नगरे पनि लोकतन्त्रमा सार्वजनिक निकाय आफै खुल्ला, पारदर्शी, र जवाफदेही हुन ती निकायबाट निरन्तर सूचना प्रबाह भइरहनु पर्ने हो । यसका लागि ऐनको दफा ५ मा प्रत्येक ३।३ महिनामा सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नु पर्ने व्यवस्था भएपनि अधिकांश निकायले यो व्यवस्थाको पालना गरेको पाईदैन । कानूनी रूपमा दण्डित हुने प्रष्ट व्यवस्था नभएकाले यस्तो हेलचेक्र्याई भएको महसुस गरिएको छ । त्यसैले यस्तो बिवरण सार्बजनिक नगरेमा दण्ड हुने वा बजेट रोक्का गरिने वा अन्य बिभागीय सजाय हुने गरी प्रष्ट व्यबस्था गर्न अति नै जरूरी छ ।

२.३ सूचना अधिकारीको योग्यता र सुबिधाः

सूचनाको हकसम्बन्धी कानूनबमोजिम नागरिकलाई सूचना प्रबाह गर्न सर्वाधिक महत्वपूर्ण भूमिका निर्बाह गर्ने पदाधिकारी नै सूचना अधिकारी हो । यसर्थ निज कार्यालय प्रमुख पछिको दोस्रो व्यक्ति तोकिनु पर्ने वा प्रचार विभागको प्रमुख वा निश्चित महाशाखाको प्रमुख तोकिनु पर्दछ । निजले सूचना प्रबाहको तालिम लिएको हुनु पर्छ । निज नागरिकको अधिकारको प्रचलनमा सकारात्मक सोच भएको हुन पर्छ । निजलाई सूचना अधिकारी भई काम गरे बापत केही सुबिधा दिने गरी प्याकेज घोषणा गर्नु पर्छ । बार्षिक रूपमा उत्कृष्ट सूचना अधिकारीलाई पुरस्कृत गर्नु पर्छ । यी विषयलाई सम्बोधन हुने गरी ऐन र नियमावलीमा प्रष्ट व्यवस्था गर्ने ।

२.४ कार्यबिधि छोट्याउनेः

बर्तमान सूचनाको हकसम्बन्धी ऐनले सूचना माग गरेको १५ दिनभित्र सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा वा निजले सूचना दिन इन्कार गरेमा कार्यालय प्रमुखसमक्ष उजूरी गर्नुपर्ने, त्यसपछि प्रमुखले ७ दिनभित्र सूचना दिनु उपलब्ध गराउनु पर्ने, निजबाट पनि सूचना उपलब्ध नभए पुनरावेदनमार्फत राष्ट्रिय सूचना आयोगले सूचना दिनू भन्ने आदेश जारी गर्नुपर्ने व्यवस्था छ । यो प्रक्रिया लामो र झण्झटपूर्ण भएको आमनागरिकको गुनासो छ । यसर्थ सामान्य, माध्यमस्तरीय र जटिल सूचना गरी क्रमशः ३ देखि ५ दिन, ५ देखि १० दिन र १० देखि १५ दिनभित्र सूचना उपलब्ध गराउने गरी कार्यदिन वर्गीकरण गर्नु उपयुक्त हुन्छ । यसैगरी सूचना अधिकारी र कार्यालय प्रमुखको दुई तहको प्रणाली पनि साह्रै बैज्ञानिक देखिएको छैन । व्यवहारमा यी दुबैको निर्णय सर्वत्र एकै देखिएको छ । यसर्थ यसमा पनि सुधारको खाँचो देखिएको छ । साथै, मौखिक सूचना माग र प्रबाहको पनि अभिलेख राख्ने प्रणालीको विकास गरी बार्षिक रूपमा कति वटा सूचना प्रबाह भयो ? सोको दुरूस्त बिवरण सार्वजनिक गर्नु पर्दछ । यस विषयलाई बाध्य हुने गरी ऐन संशोधन गर्ने ।

२.५ आयोगका पदाधिकारीसम्बन्धी व्यवस्थाः

राष्ट्रिय सूचना आयोगका पदाधिकारीसम्बन्धी व्यवस्थामा पनि सिफारिस समिति र पदावधिमा सुधारको आवश्यकता बोध भएको छ । विश्वव्यापी प्रचलनलाई हेर्दा प्रधानमन्त्रीको अध्यक्षतामा विपक्षी दलको नेतासमेत रहेको सिफारिस समितिको सिफारिसका आधारमा आयोगका पदाधिकारीहरु राष्ट्रपतिबाट नियुक्ति गर्नु पर्छ । साथै, सूचना आयुक्तहरु प्रमुख सूचना आयुक्तमा नियुक्ति हुन एक पदावधिले बाधा नपर्ने कुरा पनि प्रष्ट्याउनु जरूरी छ । साथै, आयोगको निरन्तरताका लागि दुई जना आयुक्तको हकमा चक्रीय प्रणालीद्वारा प्रत्येक साढे दुई वर्षमा एक जना नियुक्ति गर्ने प्रबन्ध गर्न सके राम्रो हुने अनुभवले देखाएकोले सोबमोजिम कानून संशोधन गर्ने ।

२.६ सूचना वर्गीकरणको समयाबधि तोक्नेः

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ मा सूचना वर्गीकरण गर्ने व्यवस्था छ । हाल सूचना वर्गीकरण नभएको स्थिति छ । यसमा अधिकतम् ३ महिनाभित्र सूचना वर्गीकरण गर्नु पर्ने गरी समय सिमा किटान गर्ने ।

२.७ कार्यालय प्रमुख र सूचना अधिकारी बाहेकका पदाधिकारीलाई पनि दायित्व तोक्नेः

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नागरिकमा सूचना प्रवाह गर्नुपर्ने गरी कार्यालय प्रमुख र सूचना अधिकारीको मात्र दायित्व स्पष्ट रूपमा किटान भएको अहिलेको अवस्थामा कतिपय कार्यालयहरूमा दायित्व स्पष्ट किटान नभएका अन्य शाखा सम्वद्ध कर्मचारीहरूबाटै सूचना अधिकारीको सूचनाको पहुँचमा अबरोध पुगिरहेको भन्ने ब्यापक गुनासो आईरहेको सन्दर्भमा सूचना प्रवाहमा विलम्व हुनु वा अवरोध पुऱ्याउन र कार्यालय प्रमुख वा सूचना अधिकारीले अन्य कर्मचारी संलग्न भएको भन्ने उजुरी/निवेदन गरेमा त्यस्ता कर्मचारीलाई पनि सूचनाको हकसम्बन्धी कानूनबमोजिम आवश्यक कारवाहीको प्रक्रिया अघि बढाउन सक्ने गरी कानूनी व्यवस्था गर्ने ।

२.८ मन्त्रिपरिषद्लाई पनि जवाफदेही बनाउनेः

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उत्पादन गर्ने निकाय नै सूचना प्रवाहका लागि जिम्मेवार हुने व्यवस्था छ । तर मन्त्रिपरिषद् बाट हुने निर्णयहरु मन्त्रालयबाट प्रस्तावका रूपमा जाने र कतिपय अवस्थामा प्रधानमन्त्रीबाट सोभैm ठाडो प्रस्ताव पनि आउने प्रचलन रहेकोमा सूचना माग्ने जनतालाई सूचना उत्पादन गर्ने निकायको किटानी गर्न झण्झट पर्न सक्ने हुँदा सिङ्गो मन्त्रिपरिषद्लाई एउटा सार्वजनिक निकाय मानी मन्त्रिपरिषद्को निर्णयको सूचना अनिवार्य प्रवाह गर्ने सुप्रबन्धका लागि सूचना अधिकारी तोक्ने गरी कानूनी व्यवस्था मिलाउने ।

**३ सूचनाको हकसम्बन्धी नियमावलीमा संशोधनः**

समय र परिस्थितिको गतिशीलतासँगै मौजूदा ऐन र नियमावलीमा संशोधनको आवश्यकता पर्दछ । हाल सूचनाको हकले नागरिकमा सचेतना बृद्धि गर्दै लगेको परिवेशमा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा पनि समय सापेक्ष निम्नानुसारको परिमार्जन आवश्यक देखिएको छः

३.१ स्वतः प्रकाशनको प्रावधानमा संशोधनः

नियमावलीको नियम नं. ३ मा ३।३ महिने स्वतः प्रकाशनमा ऐनको प्रावधानमा अतिरिक्त ७ वटा बुँदा थप गरिएको छ । यी बुँदा प्रायः सरकारी कार्यालयको लागि मात्रै अनुकूल हुँदा बिशेषगरी राजनैतिक दल र निजी क्षेत्रका लागि आवश्यक नपर्ने गरी यस प्रावधानलाई परिमार्जन गर्ने ।

३.२ मौखिक र विद्युतीय सूचनाको व्यवस्थाः

नेपालमा मौखिक सूचना माग गर्ने र दिने, तर अभिलेख नराख्ने प्रचलन छ । यसमा सुधार गर्न जरूरी छ । साथै, विद्युतीय सञ्जालबाट सूचना प्रवाह गर्ने प्रावधान गर्नु तथा विद्युतीय सञ्जालबाटै सूचना माग्ने, पाउने र नपाए पुनरावेदन गर्ने कुरालाई वैधानिकता दिने गरी नियमावलीमा थप गर्ने ।

**४ विश्व विद्यालय र स्कूलको पाठ्यक्रममा समावेश गर्नेः**

त्रिभुवन विश्व विद्यालय वा अन्य कुनै विश्व विद्यालयमा सूचनाको हकको छुट्टै विभाग स्थापना गर्नुपर्छ । यस विभागमा अन्य मिल्दो विषयहरु पनि समावेश गर्न सकिन्छ । यस विधाको अध्ययनले नेपालमा लोकतन्त्रको प्रबर्द्धन र स्थायित्वलाई बल पुऱ्याउने छ । यस विषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई छुट्टै सेवा समूह गठन गरी सूचना अधिकारीमा नियुक्ति गर्न पनि सकिन्छ । हुनतः हालका लागि पत्रकारिता वा कानून विषयमा स्नातक वा स्नातकोत्तर गरेकालाई सूचना अधिकारीमा नियुक्ति गर्ने गरी निजामती सेवा ऐनमा आवश्यक संशोधन गर्नु उपयुक्त हुनेछ ।

यसैगरी स्कूलको कक्षा ६ देखि १२ कक्षासम्मको पाठ्यक्रममा सूचनाको हकलाई समावेश गर्दा विद्यार्थीहरूले पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र सुशासनको बोध गर्नेछन् । यसबाट भावि पुस्ताले सञ्चालन गर्ने राजनीति, प्रशासन, गैह्रसरकारी संस्था र निजी प्रतिष्ठान तुलनात्मक रूपमा पारदर्शि हुने कुरामा विश्वस्त हुन सकिन्छ । हाल कक्षा ६, ७, ९ र ११ मा समावेश भइसकेपनि कक्षा ८ र १२ को पाठ्यक्रममासमेत समावेश गर्ने । यस अतिरिक्त सबै सरकारी तालिम केन्द्र र उपभोक्ता समूह लगायत सबै संस्था र निकायका कार्यक्रममा सूचनाको हकलाई अनिवार्य रूपमा समावेश गर्ने प्रबन्ध गर्ने ।

**५ सूचनाको हकलाई कार्यसम्पादन मूल्याकंनको आधार बनाउनेः**

नागरिक सूचना माग्न आएपनि वा नआएपनि सार्वजनिक निकाय आफै खुला, पारदर्शी र जवाफदेही हुँदै सुशासन कायम गर्न सूचना प्रवाह गर्नु संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को मूल मर्म हो । संविधान र कानूनको यो मूल मर्म कार्यान्वयनमा ल्याउन सार्वजनिक निकायका पदाधिकारी/कर्मचारीलाई जनतामा सूचना प्रवाह गर्न उत्प्रेरित, जागरूक र सचेत गराउन अनिवार्य हुन्छ । यही कारण अहिलेलाई कम्तिमा सार्वजनिक निकायमध्ये जनताप्रति बढि जवाफदेही हुनुपर्ने सरकारी कार्यालयका कर्मचारीहरूलाई सूचना प्रवाह गरेर पारदर्शी र जवाफदेही बनाउन

उनीहरूको कार्यसम्पादन र मूल्याकंनको आधारहरूमध्ये सूचनाको हक कार्यान्वयनलाई पनि समावेश गर्ने गरी सम्वन्धित कानूनमा व्यवस्था गर्ने ।

**६ सूचनादाताको संरक्षणसम्बन्धी नियमावली बनाउनेः**

सार्वजनिक निकायमा भएको वा हुने बेथिति, अनियमितता वा भ्रष्टाचार नियन्त्रण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ मा राखिएको सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्थामा रहेका पाँच वटा उपदफा यो उद्देश्य प्राप्तिका लागि पर्याप्त नभएको महशुस गरी सूचनादाताको संरक्षणसम्बन्धी अलग्गै कानूनको आवश्यकता बोधसहित यस अघि सुझाव दिइसकेको सन्दर्भमा यो कानून निर्माणको गहनता, अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन, यसमाथिको ब्यापक छलफल र निष्कर्षसमेतलाई बिचार गर्दा यसको निर्माण गर्न केही लामो समय लाग्ने भएको हुँदा सार्वजनिक निकायमा हुने वा भएको बेथिति, अनिमियमितता र भ्रष्टाचार नियन्त्रणमा तत्काल तदारूकता आवश्यक भएकाले हाललाई सूचनाको हकसम्बन्धी ऐनको दफा-२९ को व्यवस्थालाई थप स्पष्ट र प्रभावकारी बनाउन सूचनादाताको संरक्षणसम्बन्धी नियमावली पारित गरी कार्यान्वयनमा ल्याउने ।

**७ सरकारी कर्मचारीहरूलाई गोपनियताको सट्टा पारदर्शीताको शपथ दिने व्यवस्था गर्नेः**

हाल सरकारी कर्मचारीलाई पद तथा गोपनियताको शपथ गराउने गरिएको छ । एकातिर यस प्रकारको शपथ गराउने र अर्कोतिर सूचना प्रबाह गर, पारदर्शी हुनुपर्छ भन्दा नमिलेको जस्तो महशुस भएको छ । यसर्थ सम्भव भए गोपनियताको शपथ नै हटाउनु पर्छ, हाल सो सम्भव नदेखिए सूचनाको कानून अनुसार सूचना प्रबााह गर्न भने यो गोपनियताको शपथले बाधा नपर्ने कुरा प्रष्ट पार्न जरूरी छ ।

**८ ७५३ वटा स्थानीय तहहरूमा आरिटआई अम्बुड्सम्यान गठन गर्नेः**

नेपालका ७ ओटा प्रदेशमा सातओटा सूचना आयोग गठन गर्नु पर्छ । यसैगरी ७५३ ओटा स्थानीय तहमा सूचना प्रबाहको प्रबन्ध गर्नका लागि उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा कम्तिमा स्थानीय संचारकर्मी, सूचनाको हकका अभियन्ता र नागरिक समाजका प्रतिनिधिसमेत रहने गरी एउटा सूचना प्रबाहको जिम्मेबार सञ्जाल गठन गर्नुपर्छ ।

**९ आयोगको प्रतिरक्षा गर्ने प्रणाली व्यवस्थित गर्नेः**

राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीलाई सूचना प्रवाह गर्न दिएको आदेशका विरूद्धमा सम्मानित सर्वोच्च अदालत वा पुनरावेदन अदालतमा पुनरावेदन वा रिट निवेदन दिएको अवस्थामा आयोगको तर्फबाट महान्यायाधिवक्ताको कार्यालले अनिवार्यरूपमा बहस पैरबी गर्नुपर्ने कानूनी व्यबस्था गर्नुपर्छ ।

**१० बाझिएका कानून संशोधन गर्नेः**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ सँग बाझिएका कानूनहरूका प्राबधानहरूलाई केही नेपाल ऐन संशोधन गरी परिमार्जन/संशोधन/खारेज गर्ने ।

११ खुल्ला सरकारी तथ्यांकसम्बन्धी प्रस्तावित कार्ययोजना लागू गर्नेः

संविधानको धारा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचनामा जनताको पहुँच स्थापित गर्न सूचनाको अधिकार प्रदान गरेको सन्दर्भमा तथ्य/तथ्याङ्क विनाको सूचना कोरा भुत्ते हुने भएकाले संविधान र कानूनको भावना र मर्मअनुसार नागरिकलाई सुसूचित गरेर साँचो अर्थमा सशक्तीकरण गर्न सबै सार्वजनिक निकायमा रहेका तथ्य/तथ्याङ्कलाई नागरिकले निर्वाध उपयोग गर्ने गरी पुर्नयोग/वितरण गर्न सक्ने गरी मेशीन रिडेबल फरमेँटमा सार्वजनिक गर्न जरूरी छ । यस्का लागि सार्वजनिक निकायलाई पारदर्शी र जवाफदेही बनाउन राष्ट्रिय सूचना आयोगले सरकारलाई बुझाएको खुला सरकारी तथ्याङ्कसम्बन्धी प्रस्तावित कार्ययोजना लागू गर्ने ।

## २०७६/७७ को वार्षिक प्रतिवेदनमा दिइएका सुझाव

१ सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्था तथा कानूनको कार्यान्वयन गर्ने गराउने प्राथमिक दायित्व सार्वजनिक निकायको हो भन्नेमा कुनै दुविधा हुनसक्दैन । तर पुनरावेदन तथा उजुरी सुनुवाई गर्ने निकायका रूपमा स्थापित आयोगले सूचनाको हक प्रचलनमा ल्याउन निरन्तर रूपमा अभियान चलाईरहेको अवस्था छ । यसबाट सूचनाको हक कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायहरूको बढ्दो उदासिनता चिन्ताजनक देखिन्छ । सूचनाको हकको कार्यान्वयनको प्रथम स्तम्भका रूपमा रहेको सूचना अधिकारी तोक्ने र स्वतः प्रकाशन गर्ने सम्वन्धमा हालै आयोगबाट गरिएको अध्ययनबाट सूचनाको हकको कार्यान्वयन कमजोर रहेको स्पष्ट हुन्छ । तसर्थ यसको प्रभावकारी कार्यान्वयनको उच्चतहबाट नै जिम्मेवारी लिने, समन्वय गर्ने व्यवस्था गर्न केन्द्रमा सम्माननीय प्रधानमन्त्री वा सम्माननीय प्रधानमन्त्रीले तोकेको वरिष्ठ उपप्रधानमन्त्रीको संयोजकत्वमा समन्वय समिति र प्रदेश र स्थानिय तहका सार्वजनिक निकायहरूका हकमा प्रदेशका मुख्यमन्त्रीको संयोजकत्वमा समन्वय समिति गठन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन उपयुक्त हुने ।

२ सूचनाको हकको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सूचना अधिकारीलाई सक्षम सवल अधिकारसम्पन्न तथा प्रोत्साहित बनाई राख्न आवश्यक छ । यसका लागि सूचना अधिकारीलाई नियमित रूपमा प्रशिक्षण दिने व्यवस्था तथा श्रोत साधनले युक्त बनाउन जरूरी हुन्छ । साथै सूचना मागकर्ताले सजिलै सम्पर्क गर्ने सहजताका लागि सूचना अधिकारीलाई स्थायी प्रकारको मोवाइल सेट, सीम कार्ड, तथा इन्टरनेट सुविधा उपलब्ध गराईनुको साथै देहायबमोजिम गर्न आवश्यक देखिन्छ ।

- ५० जना भन्दा बढी कर्मचारी रहने वा रू २० करोड भन्दा बढी बार्षिक बजेट हुने सार्वजनिक निकायहरूले छुट्टै सूचना शाखा नै स्थापना गर्नु पर्ने ।
- सूचना अधिकारीबाट सूचना उपलब्ध गराउन, अभिलेख राख्न, स्वतः प्रकाशन गर्न, सूचना नियमित रूपमा प्रवाह गरिरहन र भौतिक सुविधा व्यवस्थापन गर्न प्रत्येक सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी कार्यक्रमका लागि प्रत्येक वर्ष छुट्टै बजेट शीर्षकबाट बजेट विनियोजन गर्ने व्यवस्था गर्न पर्ने ।
- सूचनाको हकको महत्वलाई ध्यानमा राखी प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी तोक्दा प्रमुख भन्दा एक तह मुनिको पदाधिकारीलाई तोक्ने व्यवस्था गर्न पर्ने ।

३ सिंहदरवारको परिसरभित्र अवस्थित मन्त्रालय तथा कार्यालयहरूको हकमा सुरक्षाका कारण सर्वसाधारणलाई परिसरभित्र प्रवेश गर्न सहज गर्न सहज वातावरण नभएको अवस्थामा सूचना माग गर्ने नागरिकलाई सूचना माग गर्न सहजताका लागि सिंहदरवार प्रवेश द्वारमा सूचनाको हकसम्बन्धी डेस्क राखी प्राप्त सूचनाको हकसम्बन्धी आवेदन दर्ता गरी निस्सा प्रदान गर्ने, प्राप्त आवेदन सम्वन्धित निकायमा पुऱ्याउने र सार्वजनिक निकायबाट प्राप्त सूचना सूचना मागकर्तालाई उपलव्ध गराउने व्यवस्था मिलाउनु पर्ने ।

४ सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २७ ले सूचनाको वर्गीकरण गर्ने व्यवस्था गरेको छ तर हालसम्म यस व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन । वर्गीकरणका लागि आयोगले पटक पटक निर्देशन तथा अनुरोध गरेको छ । वर्गीकरण गर्दा सार्वजनिक निकायहरूलाई सूचना उपलव्ध गर्न गराउन सहज हुने अवस्था भएको हुँदा अविलम्व यो कार्य सम्पन्न गर्न पर्ने ।

५ सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २९ ले सूचनादाताको संरक्षणसम्बन्धी महत्वपूर्ण व्यवस्था गरेको छ । सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानूनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ भनी गरिएको व्यवस्था र यसरी सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्ने र संरक्षण गर्न भएको व्यवस्थाको कार्यान्वयन हुन सकेको अवस्था छैन । यसको कार्यान्वयन हुँदा सार्वजनिक निकायहरूमा हुन सक्ने अनियमितता नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह हुन सक्ने हुँदा यसको कार्यान्वयनका लागि सूचनादाताको संरक्षणसम्बन्धी नियमावली ल्याउनु पर्ने ।

६ नेपालको संविधानले नेपाली भाषाका साथ साथै राष्ट्रभाषालाई मान्यता दिन सकिने व्यवस्था गरेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (३) मा "सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको अवस्थामा सार्वजनिक निकायले प्रकाशन वा प्रकाशन गर्ने गराउने सूचना स्वाभाविक रूपमा सवै नागरिकको पहुँचमा पुगोस भन्ने उद्देश्य रहेको हुन्छ । तसर्थ सार्वजनिक निकायहरूले सूचना प्रवाह वा प्रकाशन तथा प्रसारण गर्दा नेपाली भाषाका साथ साथै स्थानीय राष्ट्रभाषामासमेत प्रवाह गर्दा सर्वसाधारण नागरिकलाई बुझ्न बुझाउन सहज हुने हुँदा सार्वजनिक निकायहरूले नेपाली भाषाका साथ साथै स्थानीय राष्ट्रभाषामा पनि सूचना प्रवाह, प्रकाशन वा प्रसारण गर्ने व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूले मिलाउने ।

७ सार्वजनिक निकायको नेतृत्व वा उच्च पदमा पुग्ने व्यक्तिमा सदाचार, सुशासन, जवाफदेहिता, पारदर्शिता प्रतिको प्रतिवद्धताले महत्वपूर्ण भुमिका खेल्छ भन्ने कुरामा कुनै दुई मत हुन सक्दैन । यसलाई मापन गर्ने थुप्रै मापदण्डहरु मध्ये सूचनाको हकको पालना एउटा महत्वपूर्ण मापदण्ड हो । जसले सूचना प्रवाह गर्न, उपलब्ध गराउन र स्वतः प्रकाशनका माध्यमबाट उल्लेखित कार्यहरु गर्न तत्पर रहन्छ त्यस्तो व्यक्तिलाई उच्च तहको पदमा पुऱ्याउँदा सार्वजनिक निकाय, सरकार र देशको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । तसर्थ सूचनाको हकको कार्यान्वयनलाई सार्वजनिक निकायको उच्च पदमा पुग्ने मूल्याङ्कनको आधार बनाउन आवश्यक र उपयुक्त रहेको हुँदा राजनैतिक नियुक्ति वा बढुवा गर्दा यस आयोगबाट सजाय भए नभएको बुझि सजाय नभएको व्यक्तिलाई मात्र नियुक्तिको व्यवस्था गर्ने ।

८ सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा २५ मा भएको व्यवस्थाबमोजिम आयोगले आफ्नो वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री समक्ष पेश गर्ने गरेको छ तर यस प्रतिवेदनउपर व्यवस्थापिका संसद वा संसदीय समितिमा छलफल हुने गरेको छैन । यस वर्षको वार्षिक प्रतिवेदन प्रदेश सरकारमार्फत् प्रदेश सभा र स्थानीय तहमा पनि आयोगले उपलब्ध गराउने छ । वार्षिक प्रतिवेदनउपर व्यवस्थापिका संसद वा सम्वन्धित संसदीय समिति, प्रदेश सभा

वा विषयगत समिति र स्थानीय तह वा विषयगत समितिमा छलफल हुँदा जनप्रतिनिधिहरूमार्फत् नागरिकको मौलिक हकको रूपमा रहेको सूचनाको हकका क्षेत्रमा भएका काम कारवाहीका वारेमा बहस हुँदा यस क्षेत्रमा गरिन पर्ने सुधारका क्षेत्रहरूको पहिचान हुनुका साथै आयोगलाई र सार्वजनिक निकायहरूलाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनमा थप जिम्मेवारीका साथ कर्तव्य निर्वाह गराउन सकिने विश्वास आयोगको रहेको छ ।

९ लोकतान्त्रिक पद्धतीमा जनताका लागि जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूबाट सृजित सार्वजनिक निकायहरूले गर्ने क्रियाकलापहरु निर्णयहरु नीतिहरु गोप्य रहनु हुंदैन भन्ने मान्यता अनुरूप संवैधानिक रूपमा सूचना माग्न पाउने र सूचना प्राप्त गर्ने हक नागरिकमा रहेकोले सीमित विषयहरूमा मात्र सूचना प्रवाह गरिने छैन भनिएको छ । यसैको आधारमा आयोगको मिति २०७६ चैत २० गतेको बैठकबाट निर्णय गरी कानून निर्माण वा संशोधन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले व्यवस्था गरेका बाहेकका विषयमा कुनै पनि कुरा गोप्य रहने वा हुने गरी कानून निर्माण वा संशोधन नगर्न नगराउन व्यवस्थापिका संसदका विषयगत समितिहरु, प्रदेश सभा र विषयगत समितिहरु र स्थानीय तहहरूलाई अनुरोध गरिएको छ । यसै क्रममा सामान्यतया कानूनको मस्यौदा गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थाीनय तहबाट नै हुने हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बाहेकका विषयमा गोप्य रहने गरी कानूनको निर्माण नगर्ने र गोप्य रहने गरी रहेका प्रचलित कानूनहरु संशोधन गरी त्यस्तो व्यवस्था हटाउने तर्फ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट पहल हुन पर्ने ।

१० सूचनाको माग गरेको र प्राप्त गरेको विवरण सार्वजनिक निकायमा रहन्छ । सूचनाको हक प्रचलन गर्न गराउन यस्तो विवरण सहयोगी हुन्छ । साथै सूचनाको माग गर्ने प्रवृत्ति, नागरिकको समूह तथा मागको प्रकार जस्ता तथ्याङ्कले सूचनाको हक सम्बन्धमा आयोग र सार्वजनिक निकायहरूले आगामी दिनमा लिनु पर्ने रणनैतिक क्रियाकलापमा सहयोग गर्दछ । तसर्थ यस प्रकारको अभिलेख अनिवार्य रूपमा राख्न र आयोगमा उपलब्ध गराउनका साथै स्वतः प्रकाशन गर्न गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सार्वजनिक निकायहरूलाई निर्देशन हुनुपर्ने ।

११ एउटा निश्चित प्रकारको कानूनी प्रक्रिया पुरा गरी संवैधानिक दायित्व निर्वाह गर्न गठन गरिएको आयोगलाई विश्वास गर्न र जिम्मेवार बनाउन आवश्यक छ । सूचनाको हकको कार्यान्वयन गर्न गठित आयोगलाई स्वतन्त्र आयोग कानूनले नै मानेको छ । आयोग कति स्वतन्त्र छ वा छैन भन्ने विषयमा छलफल वा चर्चा हुंदै गर्दा प्राय सोधिने प्रश्न भनेको नै वित्तीय स्वतन्त्रता छ कि छैन, यदि उत्तर छ भनियो भने मात्र आयोग स्वतन्त्र छ भन्ने हुन्छ भन्ने भनाई छ । यस क्रममा नेपाल सरकारले आयोगको दायित्व निर्वाह गर्न आवश्यक (सीमित) वजेट उपलब्ध गराउने गरेकै छ, यसका लागि नेपाल सरकार र विशेष गरी अर्थ मन्त्रालयप्रति आयोग आभार व्यक्त गर्दछ । तर आयोगले लामो छलफल र यथेष्ट मात्रामा आवश्यकताको तथ्यगत मूल्याङ्कन गरी कार्यक्रम र यसका लागि आवश्यक वजेटको प्रस्ताव तयार गरेको हुन्छ । यसरी प्रस्ताव गरिएको कार्यक्रम तथा वजेटलाई मन्त्रालयमार्फत् प्राप्त हुने वजेट सीलिङ् र बजेट छलफलका क्रममा फरक प्रकारबाट स्वीकृत गरिने प्रणालीका कारण कतिपय कार्यक्रम नै काटिने वा स्वीकृत भए पनि अपर्याप्त वजेट उपलब्ध हुने कारणबाट कार्यक्रम सञ्चालन गर्न नै वाधा पुग्ने गरेको अवस्था छ । यसका कारण आयोग आफ्नो उद्येश्य अनुरूप कार्य सम्पादन गर्न समस्यामा पर्ने गरेको छ । आयोगको स्वतन्त्रताको परिक्षणमा उत्तिर्ण हुन अहिले भइरहेको व्यवस्थामा केहि परिवर्तन गर्न सकियो भने स्वाभाविक रूपमा सूचनाको हकप्रति रहेको नेपाल सरकारको प्रतिवद्धता र अग्रसरतामा थप समृद्ध हुने विश्वास आयोगको रहेको छ । यसका लागि नेपाल सरकारले आयोगसँग छलफल गरी आयोगलाई एकमुष्ट वजेट उपलब्ध गराउने र आयोगले प्रचलित कानूनको परिधिभित्र रही स्वीकृत गरेको कार्यक्रमहरूमा खर्च गर्न पाउने व्यवस्था हुनुपर्ने । यो प्रचलन नेपालका केहि निकायहरु र विभिन्न देशहरूमा अपनाइने प्रणाली नै भएकोले यस्तो प्रणाली अपनाउन उपयुक्त हुने देखिन्छ ।

